“मेलम्ची नगर समृद्धिको आधारः कृषि,पर्यटन,उद्योग र जलाधार”

# प्रथम आवधिक योजना

आ.व २०७९/८० देखि २०८३/८४ सम्म



मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# शुभकामना मन्तव्य

नेपालको संविधान, २०७२ मा भएको संवैधानिक व्यवस्था बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने परिकल्पना अनुरुप संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार क्रियाशिल भई समग्र नगरको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक लगायत विभिन्न क्षेत्रको दीगो विकास निर्माण तर्फ अग्रसर भइरहेको परिप्रेक्षमा राज्यको पुनर्संरचना सँगै यस मेलम्ची नगरपालिकाको सीप, पूँजी र प्रविधिलाई उच्चतम सदुपयोग गरी नगरलाई समृद्ध बनाउनु हामी सबैको जिम्मेवारी रहेको छ ।

सामाजिक एवं आर्थिक रुपमा पछाडि परेका समुदायलाई विकासको मूल प्रवाहमा समावेश गर्ने नीति अनुरुप यस नगरपालिकाले योजनावद्ध विकासको शुरुवात गरेको छ । दिगो र वातावरणमैत्री पूर्वाधार विकासका योजनाहरु, नगरवासीका आवश्यकता, गरिब एवं पछाडि परेका समुदायले प्रत्यक्ष अनुभूति गर्ने र ती समुदायको आर्थिक एवं सामाजिक समृद्धि हासिल हुने योजनाहरु छनौट गरी कार्यान्वयन गर्नु आजको आवश्यकता हो ।नगरलाई समृद्ध र आर्थिक रुपमा सम्पन्न बनाउने उद्देश्य र आगामी पाँच वर्ष भित्र सम्पन्न गरिने योजना कार्यक्रमको खाका सहित यो आवधिक योजना निर्माण गरिएको छ ।

समृद्ध नेपाल सुखी नेपालीको परिकल्पनालाई पूरा गर्न र नगरवासीहरुको दक्षता र क्षमता अभिवृद्धि गर्नुका साथै विकासका नयाँ अवसरहरु सिर्जना गरेर जनसहभागीतामा आधारित दीगो विकास गर्न नगरपालिका लागि परेको छ । "मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार" भन्ने मुल नाराका साथ सबै नगरवासीको राय, सुझाव, सल्लाह र सहभागितात्मक प्रक्रियाबाट यो आवधिक योजना निर्माण गरिएको छ । यो आवधिक योजना नगरको आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक विकासमा कोशेढुङ्गा सावित हुनेछ । यस आवधिक योजना निर्माणका लागि सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी, विभिन्न सरोकारवाला निकाय र सम्पूर्ण मेलम्ची नगरवासीमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद !

.............................

(आइतमान तामाङ)

नगर प्रमुख

# शुभकामना मन्तव्य

नेपाली जनातको लामो समयसम्मको त्याग, बलिदानी र विभिन्न आन्दोलनहरुबाट नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था कायम गरिएको छ । यसै व्यवस्थाको जगबाट नेपालको संविधान, २०७२ जारी भई संविधानले परिकल्पना गरेका संवैधानिक व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेका काम, कर्तव्य र अधिकारको अधिनमा रही यस मेलम्ची नगरपालिकाले आफ्ना विकास पूर्वाधार निर्माणका कार्य अगाडि बढाइरहेको छ । यो महत्वपूर्ण र ऐतिहासिक अवसरलाई सदुपयोग गर्दै नगरको योजनाबद्ध विकासको माध्यमबाट आम नगरवासीहरुमा सकारात्मक सोचमा परिवर्तन गरी समुन्नत र सुशासन युक्त नगरपालिका निर्माण गर्नु हाम्रो प्रमुख जिम्मेवारी रहेको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार क्षेत्र भित्र रही आम नगरवासीहरुमा प्रभावकारी, सुशानमैत्री, वातावरणमैत्री र दीगो विकासका आधारस्तम्भहरुलाई अनुशरण गरी योजनाबद्ध विकासको शुरुवात गरिएको छ । विकासमा गरिब एवं पछाडि परेका समुदायको पहुँच वृद्धि गर्ने उद्देश्यले यो आवधिक योजना निर्माण गरिएको छ । "मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार" भन्ने मुल नारालाई मूल केन्द्र बिन्दुमा राखी मेलम्ची नगरपालिकाको आवधिक योजना निर्माण गरिएको छ । यस आवधिक योजनाले निर्दिष्ट गरेका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति पूरा गर्नको लागि सबै नगरवासी र सरोकारवाला सबै निकायको अहमं भूमिका रहेको हुन्छ । यस आवधिक योजनामा सवावेश गरिएका योजनाहरुले नगरको आर्थिक वृद्धि हाँसिल गर्नुको साथै दीगो पूर्वाधार निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्त्यमा, आवधिक योजनाको यो महत्वपूर्ण दस्तावेज निर्माण गर्न सहयोग गर्नुहुने परामर्शदाता, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी, सरोकारवाला निकाय र सम्पूर्ण मेलम्ची नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

..............................

(उमा प्रधान)

उपप्रमुख

# शुभकामना मन्तव्य

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट सुशासन, दीगो विकास र समृद्धि हासिल गरी स्वाधिन, समुन्नत र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्दै "समृद्ध नेपाल सुखी नेपाली" को परिकल्पना गरेको छ । संविधानले परिकल्पना गरेका उद्देश्यहरु प्राप्त गर्नको लागि नेपालमा संघीयताको मोडल कार्यान्वयन गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीनै तहका सरकारहरुले निर्दिष्ट ऐन कानूनका अधिनमा रही संविधानप्रदत्त आफ्ना कार्यहरु गरिरहेका छन् । यसै क्रममा मेलम्ची नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० देखि आ.व. २०८३/०८४ सम्म सम्पादन गर्ने विकासका कार्यक्रमहरुलाई समावेश गरी नगरको पहिलो पञ्चवर्षिय आवधिक योजना तयार गर्ने अवसर प्राप्त गरेकोमा गौरवान्वित महशुस भएको छ ।

नगरको दीगो विकास र समृद्धि हासिल गर्नको लागि विकासको मार्गदर्शक योजना तयार गर्नुपर्ने हुन्छ र सोही योजना अनुरुप मेलम्ची नगरपालिकाले आवधिक योजनाको तर्जुमा गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको स्थानीय तहको काम, कर्तव्य र अधिकारको परिधिभित्र रही दीगो र वातावरणमैत्री विकास योजना निर्माण गरी नगर र समग्र नगर वासीहरुको आर्थिक समृद्धि प्राप्त गर्नका लागि यो आवधिक योजना कोशेढुङगा सावित हुनेछ । यस योजनाले तय गरेका दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरु पूरा गर्न हामी सबैको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

नगरपालिकाबाट भएका विभिन्न विकास प्रयासहरुको उपलब्धीलाई संस्थागत गर्नुका साथै विकासमा गरिएको लगानीबाट दीर्घकालीन प्रतिफल हासिल गरी नगरको समृद्धिको लागि आगामी वर्षहरुमा सम्पादन हुने योजना तथा कार्यक्रमहरुमा समान्जस्यता कायम गरी एकिकृत र व्यवस्थित विकास प्रयासहरु मार्फत राष्ट्रिय लक्ष्य हासिल गर्ने कार्यमा यस आवधिक योजनाले महत्वपूर्ण सहयोग पुर्याउने अपेक्षा गरिएको छ । यस योजनाले तय गरेका स्थानीय लक्ष्यहरु पूरा गर्नको लागि सबै तहका सरकारहरुको समन्वायत्मक भूमिका र सहकार्यका साथै स्थानीय सरोकारवाला निकाय, विकास साझेदार संस्थाहरु, सरकारी तथा गैरसरकारी संस्थाहरुको समेत सहकार्यको आवश्यकता पर्दछ ।

अन्त्यमा, यस आवधिक योजनाको दस्तावेज निर्माण गर्नको लागि योजना तर्जुमाको प्रक्रियामा संलग्न सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, विषयगत शाखा प्रुमख एवं कर्मचारीहरु, राजनैतिक दल, सम्पूर्ण, सरोकारवाला निकाय र सम्पूर्ण नगरवासीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

.............................

(अमृत कुमार धिताल)

प्रमुख प्रशासकीय अधिकृत

## कार्यकारी सारांश

नेपालको संविधानले सहकारिता, समन्वय र सह-अस्तित्वमा आधारित संघीय शासन व्यवस्था अवलम्बन गरेको छ। यसको सफल कार्यन्वयनका लागि तीनै तहका सरकारहरुको साझा तथा एकल अधिकारहरु संविधानमा सूचिकृत गरीएको छ। त्यस्तै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरीएको छ।

वि.सं. २०८७ भित्र दिगो विकासका लक्ष्य पूरा गर्ने तथा उच्च मध्यम आयस्तर भएको मुलुकमा नेपालको स्तरोन्नति गर्ने लक्ष्य "नेपालको दीर्घकालिन सोच, २१००" र त्यस तहमा बनेका पञ्चवर्षीय आवधिक योजनाहरुले लिएका छन्। त्यस अन्तर्गत वि.सं.२१०० सम्म प्रति व्यक्ति आय १२,१०० अमेरिकी डलर पुर्याउने लक्ष्य लिईएको छ।

माथि उल्लिखित लक्ष्य पूरा गर्न तीनै तहका सरकारले आफ्नो आवधिक योजना तर्जुमा गरी त्यसलाई प्रभावकारी ढङ्गले कार्यन्वयन गर्नुका साथै तीनै तहको एकल तथा साझा अधिकार अनुरुप संघ, प्रदेश र स्थानीय तहका नीति, योजना, बजेट र कार्यक्रमबीच सामन्जस्यता हुन अत्यावश्यक रहेको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनैतिक, र विषयगत क्षेत्रमा मध्यमकालिन र दीर्घकालिन योजनाहरु निर्माण गर्नुपर्ने नियम लागु गरेको छ। यस्तै अन्तर-सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको सार्वजनिक खर्चको अनुमान तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने र आय-व्ययको प्रक्षेपण गर्नुपर्ने व्यवस्था गरेको छ।

आर्थिक, सामाजिक र भौगोलिक स्थितिको भिन्नताका कारण प्रत्येक स्थानीय तहको आफ्नै प्राथमिकता र आवश्यकता हुने गर्दछ। मध्य-पहाडका स्थानीय तहको समस्या तराईको समस्या भन्दा फरक हुन्छ। तसर्थ हरेक स्थानीय तहले आफ्नो वर्तमान आर्थिक, सामाजिक स्थितिको मूल्यांकन, प्राथमिकिकरण, श्रोतसाधनको विश्लेषण गरी दीर्घकालिन लक्ष्य अनुरुपको आवधिक योजना निर्माण गर्नुपर्दछ।

आवधिक योजनाले लिएका लक्ष्य तथा उपलब्धी हासिल गर्न मध्यमकालीन खर्च संरचनाले प्राथमिकताका क्षेत्रमा श्रोत, साधनको प्रभावकारी विनियोजन, परिचालन र वित्तिय अनुशासन कायम गरी वार्षिक बजेट तथा कार्यक्रम तय गर्न पनि मद्धत गर्दछ। यिनै तथ्यहरुलाई आत्मसात गर्दै मेलम्ची नगरपालिकाले आफ्नो प्रथम आवधिक योजना निर्माण गरेको छ।

प्राकृतिक विपद्, भौगोलिक जटिलता, दुर्गम वस्ती, सिंचित कृषि योग्य जमिनको अभाव, वन्यजन्तुको कारणबाट बालीनालीमा हुने नोक्शानी, अवसर र विपद्को कारणबाट हुने उल्लेख्य बसाई-सराई, औद्योगिक पूर्वाधारको अप्रयाप्तता आदि यस नगरपालिकाको मुख्य समस्याको रूपमा पहिचान गरिएको छ ।

समस्या र चुनौती मात्र नभएर सम्भावना र अवसरको पाटोमा पनि मेलम्ची नगरपालिकाले प्रचुरता बोकेको छ। यहाँका धार्मिक र पर्यटकीय स्थलहरुको अन्वेषण र बजारीकरण हुन बाँकी छ । चिया, कफी, अलैंची, अदुवा, हलेदो, सुन्तला, लप्सी लगायत नगदे बाली सहित खाद्यबाली, छाला, बाँस, निगालो लगायत वन तथा वनजन्य सामग्रीबाट उद्योग स्थापनाको सम्भावना लगायत थुप्रै सम्भावना र अवसर यस नगरपालिकाले बोकेको छ।

आवधिक योजना निर्माण गर्ने क्रममा नगर र वडास्तरमा समेत सर्वपक्षीय छलफल गरिएको थियो। छलफलका क्रममा धेरै योजना तथा कार्यक्रमहरु आएका छन् तर श्रोतको सिमितताका कारण सबै योजना तथा कार्यक्रमहरु पाँच वर्षभित्र सम्पन्न गर्न सक्ने स्थिति देखिंदैन। वर्तमान स्थितिको विश्लेषण गर्दै नगरपालिकाबाट सम्पादन हुने केहि कामहरुलाई प्राथमिकताका साथ गर्नुपर्ने भनि प्राथमिकिकरण गरीएको छ ।

# विषयसुची


परिच्छेद-१ ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजनाका उद्देश्यहरु ........ ३

१.३ आवधिक योजना निर्माणका आधारहरु ........ ३

परिच्छेद-२ ........ २८

२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ २८

२.२ स्थानिक विश्लेषण (Spatial Analysis) ........ २९

२.२.१ पहुँच (Accesibility) ........ ३०

२.२.२ भू–उपयोगका क्षेत्रहरु ........ ३१

२.२.३ जनसांख्यिक विश्लेषण ........ ४६

२.२.४ सेवा प्रवाह र सेवा क्षेत्रको वितरण ........ ४९

परिच्छेद-३ ........ ५१

३. समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ ५१

३.१ नगरपालिकाको समृद्धिका मुख्य संवाहकहरु ........ ५२

३.२ विकासका मुख्य सहयोगी क्षेत्रहरु ........ ५४

३.२.१ मेलम्ची खानेपानी आयोजना ........ ५४

३.२.२ मध्यपहाडी लोकमार्ग ........ ५४

३.२.३ जनसांख्यिक लाभांश ........ ५४

३.२.४ प्राकृतिक सम्पदा एवं धार्मिक ऐतिहासिक सम्पदाहरु ........ ५५

३.३ दीर्घकालिन सोच, निर्देशक सिद्धान्त र समष्टिगत लक्ष्य ........ ५५

३.४ पालिकाको वित्तिय श्रोत र आय अनुमान ........ ५८

३.५ क्षेत्रगत योजना प्राथमिकीरण र बजेट अनुमान ........ ५८

३.५.१ योजना प्राथमिकीकरण ........ ५८

३.५.२ बजेट अनुमान ........ ५९

३.६ रुपान्तरणकारी योजना ........ ६०

परिच्छेद-४ ........ ६३

आर्थिक क्षेत्र ............................................................................................... ६३
४.१ कृषि........................................................................................................ ६३
४.२ पशुपन्छी तथा मत्स्य.................................................................................. ६५
४.३ बैंक, वित्तिय संस्था र सहकारी........................................................................ ७९
४.४ पर्यटन....................................................................................................... ८४
४.५ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति..................................................... ८८
४.६ गरिबी निवारण.......................................................................................... ९६
४.७ भु-उपयोग तथा भुमि व्यवस्थापन .................................................................. १००
परिच्छेद-५.................................................................................................. १११
सामाजिक क्षेत्र ........................................................................................... १११
५.१ शिक्षा, विज्ञान तथा प्रविधि .......................................................................... १११
५.२ स्वास्थ्य .................................................................................................... ११८
५.३ संस्कृति, भाषा,कला तथा साहित्य ................................................................... १३२
५.४ लैङ्गिक समानता तथा जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशिकरण........................ १३८
५.५ बालबालिका.............................................................................................. १५०
५.६ युवा, रोजगार तथा उद्यम ............................................................................ १५७
५.७ खेलकुद तथा मनोरन्जन .............................................................................. १६३
५.८ सामाजिक सूरक्षा तथा संरक्षण....................................................................... १६७
५.९ शान्ति सुरक्षा.............................................................................................. १७१
५.१० न्याय तथा कानून........................................................................................ १७४
परिच्छेद-६.................................................................................................. १८७
भौतिक पुर्वाधार तथा वातावरण क्षेत्र................................................................... १८७
६.१ सडक तथा यातायात.................................................................................... १८७
६.२ सिंचाई...................................................................................................... १९३
६.३ खानेपानी तथा सरसफाई.............................................................................. १९६
६.४ उर्जा......................................................................................................... २०१
६.५ आवास, भवन तथा बस्ती विकास................................................................... २०४
६.६ सूचना प्रविधि तथा तथ्याङ्क व्यवस्थापन ....................................................... २०९

परिच्छेद — ७ ........................................................................................ २१६
वन, वातावरण तथा विपद् व्यवस्थापन .................................................................... २१६
७.१ वन, वातावरण, जलाधार संरक्षण तथा विपद् व्यवस्थापन ............................................ २१६
परिच्छेद — ८ ........................................................................................ २३०
संस्थागत विकास,सेवा प्रवाह तथा सुशासन ................................................................ २३०
८.१ सुशासन तथा सेवा प्रवाह ......................................................................... २३०
८.२ राजश्व परिचालन, वित्तिय अनुशासन तथा लेखा व्यवस्थापन ........................................... २३७
परिच्छेद — ९ ........................................................................................ २४२
अनुगमन तथा मुल्याङ्कन ............................................................................ २४२
९.१ योजना प्राथमिकिकरण तथा कार्यान्वयन ........................................................... २४२
अनुसुचीहरु ......................................................................................... २४७
अनुसुची १ : आवधिक योजना तर्जुमा निर्देशन समिति ..................................................... २४७
अनुसुची २ : आवधिक योजना तर्जुमा विषय क्षेत्रगत समिति ............................................... २४८
अनुसुची ३ : आवधिक योजना तर्जुमा संयोजन तथा सहजिकरण समिति ...................................... २४९
अनुसुची-४: राजश्व तथा अनुदान प्राप्तिको अनुमान (आ.व. २०७९/०८० देखि २०८३/०८४ सम्म) . २५०
अनुसुची-५: बजेट अनुमान (आ.व.२०७९/०८० देखि २०८३/०८४ सम्म) ......................... २५४
अनुसुची-६: नगरस्तरीय योजनाहरु ..................................................................... २५६
अनुसुची-७: वडास्तरीय योजनाहरु ..................................................................... २६१

# परिच्छेद-१

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई आत्मसाथ गरेको छ। लामो समय एकात्मक राज्य प्रणाली हुँदा विकास निर्माण केन्द्रिकृत तवरबाट संचालन हुँदा समानुपातिक र समावेशी विकास निर्माणको सिद्धान्त अवलम्बन गर्न शासन प्रणालीमा केन्द्रिय, प्रादेशिक र स्थानीय तह गरी तीन तहको सरकार संचालनको व्यवस्था गरीएको हो। समग्र देशको समृद्धिको लागि तीनै तहबीच सहकारिता, समन्वय र सह-अस्तित्वको परिकल्पना गरीएको छ। क्षेत्राधिकार पनि संविधानको अनुसूचीबाट निर्दिष्ट गरीएको छ।

संघ, प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, बार्षिक बजेट निर्माण गर्ने, नीति तथा योजना निर्माण गर्ने र त्यसको कार्यन्वयन गर्ने अधिकार पनि संविधानले दिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रही स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक तथा विषयगत क्षेत्रमा मध्यमकालीन तथा दीर्घकालिन योजना बनाई कार्यन्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। यसका लागि सार्वजनिक खर्चको अनुमान तयार गर्नुपर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र आय-व्ययको प्रक्षेपण तयार गर्नुपर्ने पनि उक्त कानूनमा उल्लेखित गरीएको छ।

पन्ध्रौं राष्ट्रिय योजनाले लिएको लक्ष्य पूरा गर्न, नेपाल सरकारले लिएको दिगो विकासको लक्ष्य हासिल गर्न तथा सार्वजनिक वित्तिय व्यवस्थापन चुस्त बनाउन तीनै तहबिचको समन्वय र तीनै तहले अख्तियार गर्ने नीति तथा कार्यक्रम बिच तादम्यता स्थापित गर्न अत्यावश्यक हुन्छ।

यसका साथै नेपाल सरकारले २५ बर्षको लागि दीर्घकालिन सोँच, २१०० को प्रारूप पनि तयार गरीसकेको छ जसअन्तर्गत वि.सं २१०० भित्र नेपालको प्रतिव्यक्ति आय १२,१०० अमेरिकी डलर पुर्याउने लक्ष्य लिईएको छ। तसर्थ, माथि उल्लेखित लक्ष्य पूरा गर्न तीनै तहका सरकारले आफ्नो आवधिक योजना तर्जुमा गरी त्यसलाई प्रभावकारी ढङ्गले कार्यन्वयन गरी संविधानले निर्दिष्ट गरेको एकल तथा साझा अधिकार अनुरुप संघ, प्रदेश र स्थानीय सरकारका नीति, योजना तथा कार्यक्रम बीच सामन्जस्यता कायम हुनु पनि आवश्यक छ।

विकास निर्माणको त्यहि समन्वयात्मक अवधारणालाई समानुपातिक ढङ्गले कार्यन्वयनमा लिएर जान तथा सहभागितामुलक bottom-up approach को अभ्यास गर्ने सोंच अनुरुप स्थानीय तहको आवधिक योजना निर्माणको अभ्यास सुरु गरीएको हो। प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले आम्दानीको श्रोतहरुको अधिकतम उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने, खर्च गर्ने क्षमतामा बढोत्तरी गर्ने र समग्र विकास प्रक्रियाको व्यवस्थापन गर्ने भएकाले नै यो अभ्यास निकै महत्वपुर्ण मानिएको छ।




योजनावद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले स्थानीय तहको विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्दछ । स्थानीय आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेशबीचमा अन्तरसम्बन्ध कायम गरी नागरीकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्दछ । यस्तो योजना स्थानीय तहको विकास र समृद्धिको रूपरेखा मात्र नभएर उक्त क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृतिबीचको तालमेलको रूपरेखा पनि हो । राष्ट्रिय एवम् प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा स्थानीय विकासका सरोकारवालाहरूको साझा प्रतिवद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्वपूर्ण हुन्छ ।

स्थानीय आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै श्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। स्थानीय आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी गर्नुपर्दछ । स्थानीय तहको भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्यमान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषण गरेर यो आवधिक योजना तयार गरिएको छ ।

### १.२ आवधिक योजनाका उद्देश्यहरु

यस आवधिक योजनाको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- ✓ सिमित श्रोत साधनलाई प्राथमिकताका आधारमा उपयोग गर्नु
- ✓ विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादम्यता राख्नु
- ✓ दिगो विकासको अवाधारणालाई आत्मसाथ गर्दै योजनावद्ध विकास रणनीति अख्तियार गर्नु
- ✓ नतिजामुखी विकास पद्धतिको अवलम्बन र प्रवर्द्धन गर्नु
- ✓ विकास प्रकृयामा सबै सरोकारवालाहरुको संलग्नता र जवाफदेहिता अभिवृद्धि गर्नु
- ✓ आवधिक योजनालाई आधार मानि मध्यकालीन खर्च संरचना र बार्षिक बजेटका कार्यक्रम तय गर्नु
- ✓ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्ययोजना तयार गर्नु
- ✓ सेवा प्रवाह तथा संस्थागत विकासको योजना तयार गर्नु

### १.३ आवधिक योजना निर्माणका आधारहरु

विकास निर्माणको प्रक्रियालाई दीर्घकालिन सोंच अनुरुप निर्माण गर्न, स्थानीय श्रोत साधनको अधिकतम उपयोग गर्न, व्यवस्थित विकासलाई आत्मसाथ गर्न र दिगो विकास सम्पन्न गर्नका लागि भुत, वर्तमान तथा भविष्यको समुचित समिक्षा नै योजना निर्माणको आधार हो। कुनै स्थान विशेषको योजना निर्माण गर्दा वैधानिक र नीतिगत आधारहरु स्पष्ट हुनु आवश्यक छ ।नेपालको संघिय गणतन्त्रामक शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानिय तहहरु मध्ये जनतासंग प्रयत्क्ष सरोकार राख्ने आधारभुत तह नगरपालिका हो ।नेपालको संविधानले नगरपालिकालाई पुर्ण स्थानिय सरकारको रुपमा स्थापित गरी स्थानियस्तरका विकास योजनाहरु तर्जुमा गर्ने, ति योजनाहरु कार्यान्वयन, अनुगमन र मुल्याङ्कन समेत गर्ने सम्पुर्ण अधिकार दिएको छ । यसै वैधानिक आधारको पृष्ठभूमिमा यो आवधिक योजना तयार गरिएको हो ।

#### १.३.१ विद्यमान ऐन तथा वैधानिक रुपमा प्राप्त आधारहरु

**(क) स्थानीय सरकार संचालन ऐन, २०७४**

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ बमोजिम नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भएपश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार सङ्घीय तथा प्रादेशिक कानून तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकोले सो वैधानिक व्यवस्था बमोजिम यो आवधिक योजना निर्माण गरिएको छ । साथै संविधानको मर्मअनुरूप सङ्घीय, प्रादेशिक तथा स्थानीयस्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधान अनुरूप आवधिक योजनालाई अन्तिम रूप दिइएको छ ।

### (ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

नेपालको संविधानको धारा ५९ बमोजिम विभिन्न तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व स्रोतको बाँडफाँट गर्न बनेको यस ऐनले आकर्षित गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू गरेकोले यी पक्षहरूलाई यो योजना निर्माण गर्दा आधार बनाइएको छ ।

### (ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

नेपालको संविधानको धारा ६० को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय स्रोत र धारा २५१ अन्तर्गत देशभर छरिएर रहेका प्राकृतिक स्रोतहरूको परिचालनबाट प्राप्त राजश्व वा स्रोतको प्रयोग गर्दा अपनाउनु पर्ने प्रावधानहरू रहेको यस ऐनलाई यस आवधिक योजना निर्माणमा एक आधारको रूपमा लिएको छ ।

### १.३.२. विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

सबैभन्दा महत्वपूर्ण राष्ट्रिय नीतिहरू मध्ये संविधानको धारा ५१ मा रहेका नीतिहरूलाई मूल आधार मानेर योजना निर्माण गर्नु उपयुक्त हुन्छ । यी मध्ये पनि स्थानीय तहहरूले निम्न नीतिहरूलाई प्रमुख आधार मान्नु उपयुक्त रहेकोले सोही आधारमा यो योजना निर्माण गरिएको छ ।

| राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति | विकास सम्बन्धी नीति |
|---|---|
| सामाजिक र साँस्कृतिक रूपान्तरण सम्बन्धी नीति | सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति |
| अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति | नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति |
| कृषि र भूमि सुधारसम्बन्धी नीति | श्रम र रोजगारसम्बन्धी नीति |
| प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति | |
| राष्ट्रिय भू–उपयोग नीति, २०६८ | पर्यटन नीति, २०६५ |
| वन नीति, २०७१/तथा वातावरण संरक्षण,२०७६ | राष्ट्रिय युवा नीति,२०७२/ राष्ट्रिय खेलकुद नीति, २०६७ |
| राष्ट्रिय कृषि नीति,२०६१ | लैङ्गिक समानता तथा सामाजिक समोवेशीकरण नीति, २०६३ |
| औद्योगिक नीति, २०६७ | सिंचाई नीति, २०७० |
| जलाधार नीति | राष्ट्रिय शिक्षा नीति |
| जलवायु परिवर्तन नीति, २०६७ | जैविक विविधता संरक्षण नीति,२०६३ |

| | |
|---|---|
| राष्ट्रिय सहकारी नीति, २०६९ | स्वास्थ्य नीति, २०४८ |
| वाणिज्य नीति, २०६५ | स्थानीय पूर्वाधार विकास नीति, २०६१ |
| श्रम तथा राष्ट्रिय रोजगार नीति,२०७१ | सूचना प्रविधि नीति, २०६७ |
| आपूर्ति नीति, २०६९ | कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ |
| जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ | विकास सहायता परिचालन नीति |
| सार्वजनिक—निजी साझेदारी नीति, २०७२ | बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ |
| अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति,२०७३ | राष्ट्रिय रोजगार नीति, २०७१ |
| नवीकरणीय उर्जा अनुदान नीति, २०६९/राष्ट्रिय यातायात नीति, २०५८ | राष्ट्रिय जनसंख्या नीति, २०७१ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम नीति | राष्ट्रिय बीउ विजन नीति,२०५६ |
| कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१ | संस्कृति नीति, २०६८ |
| राष्ट्रिय शहरी नीति, २०६४ | जलविद्युत विकास नीति, २०५८ |

लगायत प्रादेशिक तथा स्थानीय सरकारका सान्दर्भिक नीतिहरूलाई योजना निर्माणको आधार बनाइएको छ ।

### १.३.३. सङ्घीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

कुनै पनि स्थानीय तहले योजनाको दीर्घकालीन, सोच, लक्ष्य र उद्देश्य तय गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग सामञ्जस्यता कायम गरी गर्नुपर्ने भएकोले यस योजनाले निम्न सोचहरूलाई आधार बनाएको छ ।

#### (क) दीर्घकालीन सोच वि.सं. २१००

लामो राजनैतिक संक्रमण पश्चात राजनैतिक स्थायित्वको जगमा उभिएर तीव्र आर्थिक विकास र समृद्धिको लागि आयमा वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण तथा आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दे वि सं. २०८७ सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्दै उच्च मध्यम आयस्थर भएको मुलुकमा रूपान्तरण हुने गरी नेपाल सरकारले दीर्घकालीन सोच तयार पारेको छ ।

यस सोचको मूल लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने हो । यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधन लगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालन मार्फत् रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो । यसर्थ नारामा दीर्घकालीन सोचलाई “समृद्ध नेपाल

सुखी नेपाली" तय गरिएको छ । यस सोचको अपेक्षित उपलब्धीमा "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितका समान अवसार प्राप्त, स्वस्थ, शिक्षित मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक" मा नेपाललाई रूपान्तरण गर्ने रहको छ ।

## दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीति

- ✓ तीव्र दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
- ✓ सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
- ✓ आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
- ✓ उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- ✓ पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने र
- ✓ सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

## रूपान्तरणका प्रमुख संवाहक

दीर्घकालीन सोचका रणनीति कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हासिल गर्न देहायबमोजिम सामाजिक-आर्थिक रूपान्तरणका संवाहक अवलम्बन गरिएको छ । यी संवाहकलाई दीर्घकालीन सोचको प्राथमिकताका क्षेत्रका रूपमा समेत लिई तदनुरूप साधन-स्रोतको व्यवस्था गर्ने तथा आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा राष्ट्रिय आवश्यकताअनुसार प्राथमिकताहरूमा समयानुकूल परिमार्जन गरिने तथ्य दीर्घकालीन सोचमा उल्लेख गरीएका छन् ।

१. गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत् सञ्जालीकरण,

२. गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग,

३. जल विद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन,

४. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,

५. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,

६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र वस्ती विकास,

७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार,

८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र

९. शासकीय सुधार र सुशासन अभिवृद्धि ।

## सहयोगी क्षेत्र

दीर्घकालीन सोचका लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका सम्भाव्य क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छ ।

१. संविधान लोकतन्त्र र विकासप्रतिको राजनीतिक प्रतिबद्धता,

२. जनसांख्यिक लाभ र नागरिक सचेतना,

३. भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,

४. सामाजिक-साँस्कृतिक विविधता तथा मौलिक पहिचान,

५. सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय,

६. स्वच्छ र नवीकरणीय ऊर्जा,

७. मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्भाव र

८. सङ्घीय शासन प्रणाली र वित्तीय सङ्घीयता ।

## दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरू

दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्यहरू प्राप्तिकोलागि उच्च आर्थिक वृद्धिदर आवश्यक हुन्छ। यस अवधिमा वार्षिक औसत १०.५ प्रतिशत आर्थिक वृद्धिदरको प्रारम्भिक लक्ष्य अनुमान गरिएको छ। यसमध्ये कृषिक्षेत्रमा औसत ५.५ प्रतिशत, उद्योग क्षेत्रमा औसत १३ प्रतिशत र सेवा क्षेत्रमा वार्षिक औसत १०.९ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ ।

दीर्घकालीन सोचको अवधिको आर्थिक वृद्धिदरको लक्ष्यअनुरूप यस सोच अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हालको २७ प्रतिशतबाट घटेर ९ प्रतिशत, उद्योग क्षेत्रका अंश हालको १५.२ प्रतिशतबाट वृद्धि भई ३० प्रतिशत र सेवा क्षेत्रको अंश हालको ५७.८ प्रतिशतबाट ६१ प्रतिशत पुग्ने अनुमान छ । यसबाट कृषि क्षेत्रमा रहेको ठूलो जनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुने छ । आगामी २५ वर्षमा उद्योग र सेवाको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवम् गुणात्मक परिवर्तन हुने अनुमान छ ।

दीर्घकालीन सोचको आधार वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति आय भएको मुलुकमा १ हजार ४७ अमेरिकी डलर रहको छ । वि.सं. २०७९ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने र वि.सं. २०८७ मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय स्तरोन्नति हुने लक्ष्य निर्धारण गरीएको छ ।वि.सं. २१०० मा १२ हजार १ सय अमेरिकी डलर प्रतिव्यक्ति आयसहित नेपाल उच्च आयस्तर भएको मुलुकमा स्थापित हुने छ ।

माथि उल्लेखित लक्ष्यहरू हासिल गर्न माथि उल्लेखित रूपान्तरणका संवाहक तथा सहयोगी क्षेत्रका अतिरिक्त देहायका तत्वलाई प्रमुख आधार लिइएको छ ।

१. संविधानका राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धि आवश्यक रहेको।

२. राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धितर्फ उन्मुख अवस्था सिर्जना भएको।

३. समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण निर्माण भएको ।

४. जनसांख्यिक लाभ र प्राकृतिक स्रोत-साधनको महत्तम उपयोग गरिने ।

५. ज्ञान, सीप, पूँजी र प्रविधि तथा पूर्वाधार र ऊर्जा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

६. वि.सं. २०८७ सम्म दिगोविकास लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता रहेको।

७. विकास कार्यक्रमको कार्यान्वयनमा तीव्रता प्रदान गर्न आयोजना बैंक , आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ बनाइने ।

८. अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक र उत्पादनशील बनाइने ।

९. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अपनाइने ।

१०. ज्ञानमा आधारित अर्थतन्त्र विकास गरी समृद्धि हासिल गर्ने ।

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | १०.५ |
| २ | कूल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान | प्रतिशत | २७.० | ९ |
| ३ | कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | ३० |
| ४ | कूल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६१ |
| ५ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १०४७ | १२१०० |
| ६ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ० |

| | | | | |
|---|---|---|---|---|
| ७ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ३ |
| ८ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात | अनुपात | १.३ | १.१ |
| ९ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.३१ | ०.२५ |
| १० | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ |
| ११ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ३ |
| १२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ७० |
| १३ | जलविद्युत तथा नवीकरणीय ऊर्जाउत्पादन (जडित क्षमता) | मेगावाट | १०७४ | ४०००० |
| १४ | विद्यतु मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | १०० |
| १५ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | १९७ | ३५०० |
| १६ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९९ |
| १७ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मि. | ६९७९ | ३३००० |
| १८ | द्रुत मार्ग (भूमिगत मार्गसमेत) | कि.मि. | ० | २००० |
| १९ | रेलमार्ग | कि.मि. | ४२ | २२०० |
| २० | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | ५५.४ | १०० |
| २१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ८० |
| २२ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | २० |
| २३ | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३९ | ८ |
| २४ | ४ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | २७ | २ |
| २५ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९८ |
| २६ | माध्यमिक तह (९—१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ९५ |
| २७ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | ४० |
| २८ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २० | ९५ |
| २९ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | १०० |
| ३० | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९२५ | १ |
| ३१ | मानव विकास सूचकांक | सूचकांक | ०.५७४ | ०.७६० |

*स्रोतः १. राष्ट्रिय लेखा, आ.व. २०७५/७६, २. बहुआयामिक गरिबीको प्रतिवेदन २०१८,३. नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण -२०१६, ४. राष्ट्रिय जनगणना, २०६८,५. मानव विकास प्रतिवेदन २०१८*

*नोटः*

- *दीर्घकालीन सोचको मार्गचित्र र रणनीति, २५ वर्षमा नेपाल उच्च आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य र अन्य देशहरूको विकासको अनुभवका आधारमा प्रारम्भिक अनुमान गरिएको छ ।*
- *शून्य प्रतिशत गरिबीले १ प्रतिशत भन्दा कम गरिबी रहेको अवस्थामा बुझाउँछ ।*
- *आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा माथि उल्लेखित लक्ष्यहरू समयानुकूल पुनरावलोकन गरिने छन् ।*

## (ख) दिगो विकास लक्ष्य

सन् २०१५ मा संयुक्त राष्ट्र संघमा आवद्ध सम्पूर्ण राष्ट्रहरूद्वारा अनुमोदन गरी समग्र विश्व र मानवजातिको दीर्घकालीन सुरक्षा, सुख र समृद्धिका लागि तय गरिएका साझा वैश्विक लक्ष्यरूलाई दिगो विकास लक्ष्य भनिन्छ । संसारभरका सबै मुलुकले सन् २०३० सम्म यी लक्ष्यहरू हासिल गर्नु पर्नेछ । नेपालले समेत अनुमोदन गरेका यी लक्ष्यहरू नेपालका योजना तथा विकासका उद्देश्यहरू हासिल गर्न अति सान्दर्भिक छन् । तसर्थ तल उल्लेखित यी लक्ष्यहरूलाई यो योजना तर्जुमाको आधार बनाइएको छ । कुल सत्रवटा लक्ष्यहरूमध्ये भू—परिवेष्ठित मुलुक भएकोले लक्ष्य १४ नेपालसँग प्रत्यक्ष सम्बन्धित छैन । यी लक्ष्यहरूका १६९ परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू थपेर कुल ४७९ सूचकहरू निर्धारण गरेकोले यस नगरपालिकासँग सम्बन्धित लक्ष्य र सूचकहरूलाई समेत यो योजनाले समेट्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ ।

१. सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।
२. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।
३. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै सम्वृद्ध जीवन प्रवर्द्धन गर्ने ।
४. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने ।
५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।
६. सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।
७. सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।
८. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।
९. उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।
१०. मुलुकभित्र तथा मुलुकहरूबीच असमानता घटाउने ।
११. शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने ।
१२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।
१३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने ।

१४. दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने ।

१५.स्थानीय पर्यावरणीयको संरक्षण, पुनस्र्थापना र दिगो उपयोगको प्रवर्द्धनगर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।

१६. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धनगर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने ।

१७.दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

## (ग) पन्ध्रौं आवधिक योजना (२०७६/७७– २०८०/८१)

"समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा पन्ध्रौं योजनालाई लिइएको छ । तसर्थ यो योजनाको राष्ट्रिय लक्ष्य समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवाद उन्मुख लोक कल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्ने आधार निर्माण गर्ने हो ।

### राष्ट्रिय लक्ष्य

पन्ध्रौ योजना "समृद्ब नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रुपमा रहनेछ ।सो बमोजिम समृद्ब अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख कल्याणकारी राज्यको रुपमा रुपान्तर गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरवन्नति हुने आधार निर्माण गर्ने यस योजनाको राष्ट्रिय लक्ष्य रहेको छ ।

**प्रमुख परिणात्मक लक्ष्यहरु**

समृद्धि र सुखका परिमाणात्मक राष्ट्रिय लक्ष्य र गन्तव्य तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| **१** | **उच्च र समानतामूलक राष्ट्रिय आय** | | | |
| **१.१** | **औद्योगिक राष्ट्रको स्तरको उच्च आय** | | | |
| १.१.१ | आर्थिक वृद्धिदर (आधारभुत मूल्यमा) | प्रतिशत | ६.८ | १०.३ |
| १.१.२ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १,०४७ | १,५९५ |
| **१.२** | **गरिबीको अन्त्य** | | | |
| १.२.१ | गरिबीको रेखामुनि रहेका जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ९.५ |
| **१.३** | **राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा** | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात | अनुपात | १.३ | १.२५ |
| १.३.२ | सम्पत्तीमा आधारित जिनी गुणक | गुणक | ०.३१ | ०.२९ |
| **२** | **मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग** | | | |
| **२.१** | **स्वस्थ्य र लामो आयु भएका नेपाली** | | | |
| २.१.१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७२ |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | २३९ | ९९ |
| २.१.३ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ३९ | २४ |
| २.१.४ | किशोरी अवस्थाको प्रजनन् (१९ वर्ष मुनि) | प्रतिशत | १३ | ६ |
| **२.२** | **गुणस्तरीय, रोजगारमूलक तथा जीवनपयोगी शिक्षा प्राप्त नागरिक** | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९५ |
| २.२.२ | युवा साक्षरता (१५-२४ वर्ष) | प्रतिशत | ९२ | ९९ |
| २.२.३ | आधारभुत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९३ | ९९ |
| २.२.४ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४६ | ६५ |
| २.२.५ | उच्च शिक्षामा कूल भर्नादर | प्रतिशत | १२ | २२ |

| | | | | |
|---|---|---|---|---|
| २.२.६ | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या | प्रतिशत | ३१ | ५० |
| **२.३** | **उत्पादनशीलता र मर्यादित रोजगारी** | | | |
| २.३.१ | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ४९ |
| २.३.२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० |
| **३** | **सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता** | | | |
| **३.१** | **सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात** | | | |
| ३.१.१ | सडक घनत्व | कि.मि. प्रति वर्ग कि.मि | ०.५५ | ०.७४ |
| ३.१.२ | राष्ट्रिय तथा प्रादेशिक लोकमार्ग (२ लेनसम्म) | कि.मि. | ७,७९४ | २०,२०० |
| ३.१.३ | राष्ट्रिय लोकमार्ग (२ लेन माथि, द्रुतमार्ग समेत) | कि.मि. | ९६ | १,१७४ |
| ३.१.४ | रेलमार्ग | कि.मि. | ४२ | ३४८ |
| **३.२** | **पूर्वाधारमा पहुँच तथा आबद्धता** | | | |
| ३.२.१ | ३० मिनेट सम्मको दूरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८२ | ९५ |
| ३.२.२ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | १०० |
| ३.२.३ | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ६५.९ | ८० |
| **४** | **उच्च र दिगो उत्पादन तथा उत्पादकत्व** | | | |
| **४.१** | **अर्थतन्त्रमा क्षेत्रगत योगदान** | | | |
| ४.१.१ | प्राथमिक क्षेत्र (कृषि, वन र खानी) | प्रतिशत | २७.६ | २३. |
| ४.१.२ | द्वितिय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत, ग्यास र पानी तथा निर्माण) | प्रतिशत | १४.६ | १८.१ |
| ४.१.३ | तृतिय क्षेत्र (सेवा) | प्रतिशत | ५७.८ | ५८.९ |
| **४.२** | **स्वच्छ उर्जाको उत्पादन तथा उपभोग** | | | |
| ४.२.१ | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | १,२५० | ५,८२० |
| ४.२.२ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | २४५ | ७०० |
| **४.३** | **व्यापार सन्तुलन** | | | |
| ४.३.१ | वस्तु तथा सेवाको निर्यात (कुल ग्राहस्थ उत्पादनको अनुपातमा) | अनुपात | ९. | १५.७ |
| ४.३.२ | वस्तु तथा सेवाको आयात (कुल ग्राहस्थ उत्पादनको अनुपातमा) | प्रतिशत | ५०.८ | ५१ |

| | | | | |
|---|---|---|---|---|
| **४.४** | **राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व** | | | |
| ४.४.१ | श्रम उत्पादकत्व | रू. हजारमा | १८४.६ | २७६ |
| ४.४.२ | कृषि उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हजारमा | ३.१ | ४ |
| ४.४.३ | सिंचाईयोग्य भूमिमध्ये वर्षैभर सिँचाई सुविधा पुगेको भूमि | प्रतिशत | ३३ | ५० |
| ४.४.४ | प्रति पर्यटक खर्च (प्रति दिन) | अमेरिकी डलर | ४८ | १०० |
| **५** | **परिष्कृत तथा मर्यादित जीवन** | | | |
| **५.१** | **नागरिक स्वस्थता तथा सन्तुष्टि** | | | |
| ५.१.१ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | ०.६२४ |
| ५.१.२ | नागरिकको सन्तुष्टिको अनुभूति सूचकाङ्क | सूचकाङ्क | ४.७ | ५.१ |
| ५.१.३ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | २८.६ | ११.५ |
| ५.१.४ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ |
| ५.१.५ | ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घर-परिवार | प्रतिशत | ४९ | ८० |
| **५.२** | **सुरक्षित तथा सुविधासम्पन्न आवास** | | | |
| ५.२.१ | सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ४० | ६० |
| ५.२.२ | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ८९ | ९९ |
| ५.२.३ | उच्च मध्यमस्तरको खानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | २१ | ४० |
| **५.३** | **भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व** | | | |
| ५.३.१ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ |
| ५.३.२ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसङ्ख्या | प्रतिशत | ४.४ | २० |
| **६** | **सुरक्षित, सभ्य र न्यायपूर्ण समाज** | | | |
| **६.१** | **विभेद, हिंसा र अपराधमुक्त समाज** | | | |
| ६.१.१ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८९७ | ०.९६३ |
| ६.१.२ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४७६ | ०.३९ |
| ६.१.३ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २४.४ | १३ |
| ६.१.४ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८८.९ | १०० |
| **६.२** | **सामाजिक-सांस्कृतिक विविधता** | | | |

| | | | | |
|---|---|---|---|---|
| ६.२.१ | मातृभाषा पठनपाठन हुने विद्यालय | सङ्ख्या | २७० | ३२४ |
| ६.२.२ | विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदा | सङ्ख्या | १० | १२ |
| **६.३** | **सामाजिक सुरक्षा तथा संरक्षण** | | | |
| ६.३.१ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | १७ | ६० |
| ६.३.२ | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ११.७ | १३.७ |
| **७** | **स्वस्थ र सन्तुलित पर्यावरण** | | | |
| **७.१** | **प्रदुषणमुक्त र स्वच्छ वातावरण** | | | |
| ७.१.१ | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | प्रतिशत | ७ | १२ |
| ७.१.२ | वायु प्रदुषणको औषत मात्रा (पि.पि.एम २.5) | माइक्रोग्राम प्रति घनमिटर | ५० | ४० |
| **७.२** | **पर्यावरणीय सन्तुलन र दिगो उपयोग** | | | |
| ७.२.१ | वनजंगल घनत्व | रूख प्रति हेक्टर | ४३० | ४५० |
| ७.२.२ | काठ उत्पादन | घनफिट (लाख) | १९४ | ३०० |
| **७.३** | **जलवायु परिवर्तन अनुकूलनशीलता** | | | |
| ७.३.१ | अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानिय तह | सङ्ख्या | २१७ | ४६० |
| **८** | **सुशासन** | | | |
| **८.१** | **विधिको शासन** | | | |
| ८.१.१ | विधिको शासनको सूचकाङ्क | सूचकाङ्क | ०.५४ | ०.५८ |
| ८.१.२ | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५१.६ | ६० |
| ८.१.३ | व्यवसाय सहजीकरण सूचकाङ्क | सूचकाङ्क | ६३.२ | ६८ |
| ८.१.४ | भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ३.३ | ३.८ |
| **८.२** | **सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिता** | | | |
| ८.२.१ | भ्रष्टाचार न्यूनीकरण अनुभुति सूचकाङ्क | सूचकाङ्क | ३४ | ४१ |
| ८.२.२ | हेलो सरकारमा प्राप्त उजुरीको फछ्र्यौट | प्रतिशत | ४८.९ | ९८ |
| ८.२.३ | कुल आर्थिक प्रतिष्ठान मध्ये दर्ता नभएका (अनौपचारिक) प्रतिष्ठानको अनुपात | प्रतिशत | ४९.९ | १० |
| ८.२.४ | दर्ता भएका मध्ये लेखा राख्ने आर्थिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५२ | ७० |
| **९** | **सबल लोकतन्त्र** | | | |

| | | | | |
|---|---|---|---|---|
| 9.1.१ | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६८.६७ | ७२ |
| ९.१.२ | मुद्दा फैसला | प्रतिशत | ५६.५ | ६० |
| ९.१.३ | फैसला कार्यान्वयन | प्रतिशत | ३९ | ६० |
| **१०** | **राष्ट्रिय एकता, सुरक्षा र सम्मान** | | | |
| **१०.१** | **नेपालीत्वको उच्च भावना** | | | |
| १०.१.१ | राष्ट्रिय परिचय-पत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | | १०० |
| १०.१.२ | नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक | सङ्ख्या | ३५ | ६० |
| **१०.२** | **मानव तथा अन्य सुरक्षा** | | | |
| १०.२.१ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६३ | १०० |
| १०.२.२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४८.२ | ८० |
| १०.२.३ | आत्महत्या दर (प्रति लाख जनसङख्यामा) | सङ्ख्या | १० | ५ |
| **१०.३** | **विपद् उत्थानशील समाज र अर्थतन्त्र** | | | |
| १०.३.१ | विपद्का घटनाबाट प्रभावित जनसङ्ख्या | प्रति हजार | १७.१ | ९.८ |
| १०.३.२ | विपद्का घटनाबाट मृत्यु हुने जनसङ्ख्या | प्रति लाख | १.६ | १ |
| **१०.४** | **अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता** | | | |
| १०.४.१ | कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश | प्रतिशत | १४.७ | ५ |

## राष्ट्रिय उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय, आधुनिक पूर्वाधार निर्माण, उत्पादनशिल र मर्यादित रोजगारि अभिवृद्धि उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबि निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।

२.गुणस्तरीय स्वास्थ्य तथा शीक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढिकरण गर्दै नागरिकलाई परिष्कृत र मर्यादित जिवयापनको अनुभूति गराउनु ।

३.सामाजिक — आर्थिक रुपान्तरण तथा स्वाधिन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्टिय हित संरक्षण गर्नु ।

## राष्ट्रिय रणनीति

१. तिव्र र रोजगारमुलक आर्थिक वृद्धि गर्ने ।

२.सुलभ तथा गुणस्तरीय स्वास्थ सेवा सेवा र शिक्षाको सुनिश्चितता गर्ने।

३.आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्वता एवम् दिगो एवम दिगो शहर/बस्ति विकास गर्ने ।

४.उत्पादन र उत्पाकत्व अभिवृद्वि गर्ने ।

५.पूर्ण, दिगो, र उत्पादनशिल सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

६. गरिबि निवारण र आर्थिक सामाजिक समानत सहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।

७.प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशिलताको विकास गर्ने ।

८. सार्वजनिक सेवाको सुदृढिकरण, प्रादेशिकरण सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्वन गर्ने ।

## (घ) बागमती प्रदेशको आवधिक योजना (२०७६/७७— २०८०/८१)

***प्रादेशिक दीर्घकालीन सोच***

"सुसंस्कृत र सुखि जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"

***सोच***

"संस्कृति, कृषि, उद्योग, पर्यटन, मानव पुँजी र पुर्वाधार; सुसंस्कृत, सुखि र समृद्ध प्रदेशको आधार "

***लक्ष्य***

सामाजिक न्याय सहितको उच्च, दीगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने ।

***उद्देश्य***

दक्ष मानव पुँजीको विकास गरी प्राकृतिक र सांस्कृतिक सम्पदाको दिगो उपयोगबाट रोजगारी सिर्जना, व्यवस्थित शहरीकरण र भौतिक पुर्वाधार विकास, पर्यावरणीय सन्तुलन, लैङ्गिक समानता र सामाजिक समावेशिकरणको माध्यमबाट सामाजिक न्यायसहितको उच्च, दीगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने सबल आधार तयार गर्नु ।

***परिणात्मक लक्ष्यहरु***

१. **सुसंस्कारका लक्ष्य, गन्तव्य र सूचकहरु**

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| १ | **सम्पदाहरुको संरक्षण र विकास** | | | |
| १.१ | संरक्षण र विकास गरिएका एतिहासिक, धार्मिक र पुरातात्विक सम्पदाहरू | सङ्ख्या | | |

| | | | | |
|---|---|---|---|---|
| २ | **भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र विकास** | | | |
| २.१ | **भाषाको संरक्षण र विकास** | | | |
| २.१.१ | आधारभुत तहको पाठ्यक्रम तयार भएका मातृभाषाहरु | सङ्ख्या | | |
| २.१.२ | मातृभाषामा आधारभूत शिक्षा लिइरहेका बालबालिकाको हिस्सा (अध्ययनरत कुल बालबालिकामा) | प्रतिशत | | |
| २.१.३ | नेपाली बाहेकका राष्ट्रभाषामा प्रकाशित पत्रपत्रिका | सङ्ख्या | | |
| २.१.४ | नेपाली बाहेकका राष्ट्रभाषामा प्रकाशित पुस्तकहरु | सङ्ख्या | | |
| २.१.५ | संरक्षित लिपीहरु | सङ्ख्या | | |
| २.२ | **लोक कलाको संरक्षण र विकास** | | | |
| २.२.२ | संरक्षित परम्परागत लोकनृत्यहरु | | | |
| २.२.३ | संरक्षित परम्परागत लोकगीतहरु | | | |
| २.२.४ | संरक्षित लोकबाजाहरु | | | |
| २.२.५ | जातिय शैली झल्कने भवनहरु | | | |
| २.२.६ | नेपाली शैली झल्कने भवनहरु | | | |
| २.३ | **लोक संस्कृतिको संरक्षण र विकास** | | | |
| २.३.१ | संरक्षित परम्परागत जात्रा तथा मेलाहरु | सङ्ख्या | | |
| २.३.२ | जातिय र सांस्कृतिक संग्राहलय | सङ्ख्या | | ५ |
| २.४ | **लोक साहित्यको संरक्षण र विकास** | | | |
| २.४.१ | भाषा तथा साहित्य सङ्ग्राहलय | | | १ |
| ३ | **परिष्कृत तथा मर्यादित जीवन** | | | |
| ३.१ | **नागरिक स्वस्थता तथा सन्तुष्टि** | | | |
| ३.१.१ | ५ वर्ष मुनिको कम तौल भएका बालबालिका | प्रतिशत | १३.३ | ७ |
| ३.१.२ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६४१ | ०.६७१ |
| ३.१.३ | नागरिक सन्तुष्टिको अनुभुति सूचकाङ्क | सूचकाङ्क | | ५.७ |
| ३.१.४ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | १२.२ | ९ |
| ३.२ | **सुरक्षित तथा सुविधा सम्पन्न आवास** | | | |
| ३.२.१ | सुरक्षित (भवन आचारसंहिताको मापदण्ड बमोजिम निर्मित) आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ३७.८ | ७० |

| | | | | |
|---|---|---|---|---|
| ३.२.२ | फ्लस भएको शौचालय सुविधा भएको परिवार | प्रतिशत | ६६.९९ | ८० |
| ३.२.३ | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | | ६५ |
| **३.३** | **भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व** | | | |
| ३.३.१ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ६७.८ | ७० |
| ३.३.२ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसङ्ख्या | प्रतिशत | | २५ |
| ३.३.३ | लैङ्गिक विकास सूचकाङ्क | प्रतिशत | ०.९३१ | ०.९६९ |
| ४ | **सुरक्षित, सभ्य र न्यायपूर्ण समाज** | | | |
| ४.१ | **विभेद, हिंसा र अपराधमुक्त समाज** | | | |
| ४.१.१ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २५.९ | १२.८ |
| ४.१.२ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ८७.२ | १०० |
| ४.२ | **सामाजिक सांस्कृतिक विविधता** | | | |
| ४.२.१ | मातृभाषामा पठनपाठन हुने विद्यालय | सङ्ख्या | ५ | ८ |
| ४.३ | **सामाजिक सुरक्षा तथा संरक्षण** | | | |
| ४.३.१ | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | | |
| ४.३.२ | प्रदेशको बजेटमा सामाजिक सुरक्षा खर्च (सुरक्षित आवास, वृद्धाश्रम, बालगृह, सुधार गृह आदिमा भएको खर्च) | प्रतिशत | | |
| ४.३.३ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ४१ | ७५ |
| ४.३.४ | स्वास्थ्य विमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ४.८ | ६२ |
| ४.३.५ | उद्धार गर्नुपर्ने अवस्थामा रहेका सहयोगापेक्षी सडक मानव | सङ्ख्या | ३५० | ५० |
| ४.३.६ | उद्धार गरिएका सहयोगापेक्षी सडक मानव | सङ्ख्या | | थप ३५० |

## २. सुखका लक्ष्य, गन्तव्य र सूचकहरु

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| १ | **स्वस्थ र सन्तुलित पर्यावरण** | | | |
| १.१ | **प्रदुषणमुक्त र स्वच्छ वातावरण** | | | |
| १.१.१ | वायु प्रदुषणको औषत मात्रा (पि.पि.एम २.५) | माइक्रोग्राम प्रति घनमिटर | | ४५ |
| १.२ | **जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन** | | | |
| १.२.१ | लोपोन्मुख, सङ्कटापन्न र जोखिममा रहेका प्रजाति/वनस्पति संरक्षण | सङ्ख्या | | |
| १.३ | **जलवायु परिवर्तन अनुकुलनशिलता** | | | |
| १.३.१ | अनुकुलन योजना तयार भई कार्यान्वयन भएका स्थानिय तह | सङ्ख्या | | ११९ |
| १.४ | **विपद् उत्थानशील समाजर अर्थतन्त्र** | | | |
| १.४.१ | विपद्का घटनाबाट प्रभावित जनसङ्ख्या | प्रति हजार | | ४ |
| १.४.२ | विपद्का घटनाबाट मृत्यु हुने जनसङ्ख्या | प्रति लाख | | १ |
| २ | **सुशासन** | | | |
| २.१ | **कानुनी शासन** | | | |
| २.१.१ | कानुनी शासन सूचकाङ्क | सूचकाङ्क | | ०.६ |
| २.२ | **सामाजिक सदाचार, पारदर्शिता र जवाफदेहिता** | | | |
| २.२.१ | भ्रष्टाचार अनुभुति सूचकाङ्क | सूचकाङ्क | | ४५ |
| २.२.२ | हेलो सरकारमा प्राप्त उजुरीको फछ्यौंट | प्रतिशत | | |
| २.२.३ | मुख्यमन्त्री कार्यालयमा प्राप्त उजुरी फछ्यौंट | प्रतिशत | | ९० |
| ३ | **सबल लोकतन्त्र** | | | |
| ३.१ | **लैङ्गिक सहभागिता** | | | |
| ३.१.१ | प्रदेश सभामा महिला प्रतिनिधिको सहभागिता | प्रतिशत | ३४ | ३८ |
| ३.१.२ | प्रदेश कार्यपालिकामा महिला प्रतिनिधिको सहभागिता | प्रतिशत | ० | ३३ |
| ३.१.३ | स्थानिय तहमा महिला प्रतिनिधिको सहभागिता | प्रतिशत | ४४.५२ | ४६ |

| | | | | |
|---|---|---|---|---|
| ३.१.४ | स्थानिय तहको कार्यपालिकामा महिला प्रतिनिधिको सहभागिता | प्रतिशत | ८.८४ | १० |
| ३.१.५ | प्रादेशिक आयोगहरुमा महिलाको सहभागिता | प्रतिशत | २५ | ३३ |
| ३.१.६ | प्रदेश मातहतका राष्ट्रसेवकहरुमा महिलाको हिस्सा | प्रतिशत | | |
| **३.२** | **समावेशिता** | | | |
| ३.२.१ | प्रदेश सभामा दलित समुदायको सहभागिता | प्रतिशत | ०.९१ | २ |
| ३.२.२ | प्रदेश सभामा आदिवासी जनजाति लगायतका समुदायको सहभागिता | प्रतिशत | ५०.९१ | ५२ |
| ३.२.३ | प्रदेश कार्यपालिकामा महिला, दलित, आदिवासी जनजाति लगायतका समुदायको सहभागिता | प्रतिशत | | |
| ३.२.४ | स्थानिय तहमा दलित समुदायको सहभागिता | प्रतिशत | | |
| ३.२.५ | स्थानिय तहको कार्यपालिकामा महिलाको सहभागिता | प्रतिशत | | |
| ३.२.६ | स्थानिय तहका राष्ट्रसेवकहरुमा दलित, आदिवासी जनजाति लगायतका समुदायको हिस्सा | प्रतिशत | | |
| ४ | **राष्ट्रिय एकता, सुरक्षा र सम्मान** | | | |
| ४.१ | **नेपालित्वको उच्च भावना** | | | |
| ४.१.१ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | १०० | १०० |
| ४.२ | **मानव तथा अन्य सुरक्षा** | | | |
| ४.२.१ | ५ वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६३.७ | १०० |
| ४.२.२ | आधारभूत खाद्य सुरक्षाको स्थितीमा रहेका परिवार | प्रतिशत | ५५ | ८५ |
| ४.३ | **अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता** | | | |
| ४.३.१ | कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश | प्रतिशत | | ७ |

**<u>३.समृद्धिका लक्ष्य, गन्तव्य र सूचकहरु</u>**

| **क्र.सं.** | **लक्ष्य, गन्तव्य र सूचक** | **एकाइ** | **आ.व. २०७५/७६ को स्थिति** | **आ.व. २०८०/८१ को लक्ष्य** |
|---|---|---|---|---|
| **१** | **उच्च र समतामुलक राष्ट्रिय आय** | | | |
| **१.१** | **औद्योगिक राष्ट्रको स्तरको उच्च आय** | | | |
| १.१.१ | आर्थिक वृद्धिदर | प्रतिशत | ७.५ | १०.६ |

| | | | | |
|---|---|---|---|---|
| १.१.२ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय/प्रतिव्यक्ति आय | अ. डलर | १९१७ | ३०८७ |
| **१.२** | **गरिबीको अन्त्य** | | | |
| १.२.१ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | १५.३ | ८ |
| **१.३** | **राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा** | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा (Palma Ratio) | प्रतिशत | १.४५ | १.३७ |
| १.३.२ | सम्पत्तिमा आधारित जिनी गुणक (GinniCoefficient) | गुणक | ०.३५ | ०.२३ |
| **२** | **मानव पूँजी निर्माण र सम्भावनाको पूर्ण उपयोग** | | | |
| **२.१** | **स्वस्थ र लामो आयु भएका नेपाली** | | | |
| २.१.१ | अपेक्षित आय (जन्म हुँदाको) | वर्ष | ७२ | ७४.४ |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | | ७० |
| २.१.३ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | सङ्ख्या | ३६ | १८ |
| **२.२** | **गुणस्तरीय, रोजगारमूलक तथा जीवनपयोगी शिक्षा प्राप्त नागरिक** | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ६९ | ९५ |
| २.२.२ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९३ | १०० |
| २.२.३ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९४.८ | १०० |
| २.२.४ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४८.२ | ७५ |
| २.२.५ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | २२.७ | ३२ |
| २.२.६ | काम गर्ने उमेर समुहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिमप्राप्त जनसङ्ख्या | प्रतिशत | | ६५ |
| **२.३** | **उत्पादनशिल र मर्यादित रोजगारी** | | | |
| २.३.१ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ४७.१ | ५८ |
| २.३.२ | बेरोजगारी दर | प्रतिशत | ७ | ४ |
| २.३.३ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४७.१ | ६० |
| **३.** | **सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन आबद्धता** | | | |
| **३.१** | **सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात** | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.१.१ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (स्तरोन्नति/कालोपत्रे) | कि.मी. | ५५६२ | ८६६२ |
| ३.१.२ | द्रुत लोकमार्ग (भूमिगत मार्गसमेत) | कि.मी. | | १३० |
| ३.१.३ | रेलमार्ग | कि.मी. | ० | ५० |
| **३.२** | **पूर्वाधार पहुँच तथा आवद्धता** | | | |
| ३.२.१ | ३० मिनेट सम्मको यातायात पहुँच भएको परिवार | प्रतिशत | | ९७ |
| ३.२.२ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९८.२ | १०० |
| ३.२.३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ९४.१ | १०० |
| ३.२.४ | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | | ६५ |
| ३.२.५ | इन्टरनेटको प्रयोगकर्ता (कुल जनसङ्ख्या) | प्रतिशत | ७१.२ | ९० |
| **४** | **उच्च र दिगो उत्पादन र उत्पादकत्व** | | | |
| **४.१** | **अर्थतन्त्रमा क्षेत्रगत योगदान** | | | |
| ४.१.१ | प्राथमिक क्षेत्र (कृषि, वन र खानी) | प्रतिशत | १३ | १०.३ |
| ४.१.२ | द्वितिय क्षेत्र (उत्पादनमुलक उद्योग, विद्युत, ग्यास र पानी तथा निर्माण) | प्रतिशत | १२.६ | १५.४ |
| ४.१.३ | तृतिय क्षेत्र (सेवा) | | ७४.४ | ७४.३ |
| **४.२** | **स्वच्छ उर्जाको उत्पादन तथा उपभोग** | | | |
| ४.२.१ | जलविद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | ४८१.२ | २००० |
| ४.२.२ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट/घण्टा | | ९०० |
| ४.२.३ | उर्जा उपभोगमा नविकरणीय उर्जाको हिस्सा | प्रतिशत | | १५ |
| **४.३** | **व्यापार सन्तुलन** | | | |
| ४.३.१ | वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | अनुपात | | |
| ४.३.२ | वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | प्रतिशत | | |
| **४.४** | **राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व** | | | |
| ४.४.१ | श्रम उत्पादकत्व | रू. हजारमा | २०५.९ | ३२९ |
| ४.४.२ | कृषि उत्पादकत्व | मेट्रिक टन प्रति हेक्टरमा | | ५ |

## राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू

यस नगरपालिकाको योजना निर्माणका दौरान नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्थाका साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ ।

## अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखिएको छ । जसको उदाहरणका लागि मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकारसम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति आदि ।

## स्थानीय तहमा सहभागी राजनैतिक दलहरूको घोषणापत्रहरू

यो आवधिक योजना निर्माणको दौरान यस नगरपालिकामा रहेका राजनैतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा नगरपालिकावासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

## नगरपालिकाको विद्यमान वस्तुगत अवस्था

नगरपालिकाको वस्तुगत अवस्था, स्थानीय आवश्यकता, समस्या र संभावनाहरुको खोजी गर्नका लागि वडा भेला, स्थलगत अध्ययन तथा नगरपालिका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालारूबाट प्राप्त सुझावका आधारमा नगरपालिकाको प्रमुख समस्या चुनैती, सम्भावना र आवश्यकता पहिचान गरी सो को SWOT विश्लेषण गरे पश्चात आवश्यक योजनाहरू निर्माण गरिएको छ।

## योजना तर्जुमाका सीमाहरू

सङ्घीय शासन प्रणालीअन्तर्गत स्थापना भएको स्थानीय सरकारको रूपमा रहेको यो नगरपालिका देशका अन्य स्थानीय तहहरू जस्तै नयाँ अभ्यास र सङ्घीय शासन प्रणाली कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेकोले योजना निर्माणका लागि आवश्यक पूर्ण आधारभूत सूचनाको कमी रहेको छ । कतिपय सूचनाहरू संकलन र प्रशोधन गर्न पर्याप्त बजेट, प्राविधिक तयारी र दक्ष जनशक्तिको आवश्यकता पर्ने र सोको तत्काल व्यवस्था गर्न सहज नभएको परिस्थितमा उपलब्ध सूचना, समय र बजेटका केही सीमाहरू भित्र रहेर यो योजना तयार पारिएको हो । तसर्थः

- दिगो विकासलगायत नगरपालिकाले तय गरेका अन्य विकासका क्षेत्रहरूसँग सम्बन्धित परिमाणात्मक लक्ष्यहरूको आधार वर्षका तथ्याङ्कहरूको उपलब्धता तत्काल हुन नसकेको र सोको व्यवस्था भविष्यमा गर्न सके ती लक्ष्य पुनः निर्धारण गर्न सक्ने ।
- नगरपालिकाद्वारा गर्नु पर्ने अत्यन्त आधारभूत सेवा प्रवाह जस्तै, पिउने पानी, खाद्यान्न, शिक्षा, स्वास्थ्य, रोजगार, सडक, सामाजिक सुरक्षा आदिका लागि तय गरिएका कार्यक्रमहरूमा तत्काल बजेटको अभाव हुनेहुँदा वित्तीय सन्तुलनका हिसाबले कतिपय कार्यक्रमका लागि तत्काल बजेट अभाव भए तापनि भविष्यमा बजेटको स्रोत पहिचान र व्यवस्था गर्ने हेतुले आयोजना बैंकमा अभिलेख रहने गरी भएपनि त्यस्ता कार्यक्रमहरूलाई अनिवार्यताका आधारमा प्रस्ताव गरिएको छ।

## योजना तर्जुमा विधि र प्रक्रिया

यो योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित " स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ " र शहरी विकास विभागद्वारा प्रकाशित Planning Norms and Standards 2015 लाई आधार मानिएको छ । दुवैका मार्गदर्शनका अलावा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा योजना निर्माण गर्दा अबलम्बन गरिएका असल अभ्यासहरूसमेत अनुशरण गरिएको छ । ***तयारी*** (अभिमुखीकरण तथा तयारी कार्यशाला र विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा गरिएको), विश्लेषण (तथ्याङ संकलन, प्रशोधन र विश्लेषण, आधार नक्शा तयारी, वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरण), ***योजना तर्जुमा*** (सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण, परिमाणात्मक लक्ष्य निर्धारण, श्रोत अनुमान प्रक्षेपण तथा क्षेत्रगत बाँडफाँड, विषय क्षेत्रगत योजना तर्जुमा, आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी, मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन र अन्तिम स्वरुप प्रदान) र **स्वीकृती** (योजना स्वीकृति, योजना दस्तावेज छपाइ र प्रकाशन, योजना कार्यान्वयन अनुगमन तथा मुल्याङ्कन) चरण गरी विभिन्न चार चरणमा यो योजना तयार गरिएको छ । यि विभिन्न चरणहरुका गर्नुपर्ने कार्यहरु संपादन गर्नका लागि तीन प्रकारका समितिहरुको गठन समेत गरिएको थियो ।

सवैभन्दा माथिल्लो निकायका रुपमा नगरपालिकाका प्रमुखको संयोजकत्वमा ***आवधिक योजना तर्जुमा निर्देशक समिति*** गठन गरिएको थियो । यो समितिको उपसंयोजकमा नगर उपप्रमुख, सदस्य सचिवमा प्रमुख प्रशासकीय अधिकृत, सदस्यहरुमा विषयगत समितिका संयोजकहरु कार्यपालिकाका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु रहनु भएको थियो ।

त्यसैगरि ***विषयगत क्षेत्रगत समिति***मा वार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमाको निमित्त नगरपालिकामा पुर्व गठित विभिन्न ५ वटा विषयगत समितिहरुले नै आवधिक योजना तर्जुमा कार्यका लागि विषयगत समितिको रुपमा कार्य संपादन गर्नु भएको थियो । विषयगत समितिको संयोजकमा कार्यपालिकाका सदस्य संयोजक एंव कार्यपालिकाले तोकेको नगर सभाका महिला, दलित वा अल्पसङ्ख्यक सदस्य समेत ३

जना, सम्वन्धित क्षेत्रको विषयगत शाखा प्रमुख, कार्यपालिकाले तोकेको सम्वन्धित विषय क्षेत्रको शाखा प्रमुख सदस्य सचिव रहनु भएको थियो ।

आवधिक योजना तर्जुमा सम्वन्धी कार्यशाला व्यवस्थापन संचालन र सहजीकरण तथा योजना तर्जुमा कार्यशालाको छलफल तथा निष्कर्ष तथा उपलब्धिहरुलाई अभिलेखीकरण गरी आवधिक योजनाको दस्तावेज लिपिवद्ध गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ***संयोजन तथा सहजीरकण समिति*** गठन गरिएको थियो । माथि उल्लेखित तीन वटै समितिमा संलग्न हुनु भएका महानुभावहरुको नामावली अनुसुची १, २ र ३ मा प्रस्तुत गरिएको छ ।

माथि उल्लेख गरिएका समिति तथा चरणहरुका अलावा स्थानीय आवश्यकताका आधारमा निम्न योजना निर्माणका क्रममा निम्न क्रियाकलापहरु समेत गरी  यो योजना तयार गरिएको छ ।

### १. योजना तर्जुमा तयारी प्रारम्भिक छलफल

नगर कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, विषयगत शाखाका प्रमुखहरू, स्थानीय राजनीतिक दलका अगुवाहरू, बुद्धिजीवी तथा सरोकारवालाहरूको सहभागितामा विज्ञहरूको समेत उपस्थितिमा समग्र आवधिक योजना तयारीका प्राविधिक पक्षहरूको बारेमा बृहत् छलफल र जिम्मेवारी बाँडफाँट गर्ने कार्य सम्पन्न गरिएको थियो ।

### २. स्थानीयस्तरमा नगरपालिकाको समग्र वस्तुस्थिति अध्ययन तथा द्वितीय स्रोतका सूचना संकलन

यसअन्तर्गत विज्ञ समूह तथा अध्ययनकर्ताको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति, मुख्य संभावना, अवसर र चुनौती पहिचान गर्ने हेतुले वडाध्यक्षको संयोजकत्वमा वडाका सम्पूर्ण सरोकारवाला सम्मिलित वडाभेला, छलफल र अन्तरक्रियामार्फत प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना संकलन गरियो ।

### ३. नगरपालिकाको आधार नक्सासम्बन्धी सूचना संकलन

विषय विज्ञद्वारा प्रत्येक वडाबाट भू—सूचना प्रणालीको प्रयोग गरी आधार नक्सा तयार गर्न आवश्यक भौतिक, आर्थिक, सामाजिक, वातावरणलगायत सम्पूर्ण भू—संकेत र सूचना संकलन गरियो ।

### ४. वडा भेलामार्फत प्राप्त सूचनाहरूको विश्लेषण

वडा भेला र अन्तरक्रियाबाट प्राप्त सूचनाहरूको तालिकीकरण, प्रशोधन पश्चात् समग्र वस्तुस्थितिको SWOT विश्लेषण गरी नगरपालिकाका सबल पक्ष, दुर्बल पक्ष, सम्भावना र अवसरहरू पहिचान गर्ने कार्य सम्पन्न गरियो ।

### ५. सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको मस्यौदा तयारी

समग्र वस्तुस्थिति विश्लेषण पश्चात् राष्ट्रिय र प्रादेशिक लक्ष्य, योजना र उद्देश्यसँग तादातम्यता हुनेगरी स्थानीय आवश्यकता सम्बोधन हुने गरी नगरपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरू सहितको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो ।

## ६. मस्यौदा योजना उपर सरोकारवालासँग अन्तरक्रिया छलफल

सम्पूर्ण सरोकारवाला तथा नगर कार्यपालिकाको सम्पूर्ण पदाधिकारीहरूको उपस्थितिमा योजना मस्यौदा उपर छलफल तथा अन्तरक्रिया गरेपश्चात् थप सल्लाह र सुझावसहित परिमार्जनका लागि मस्यौदा पेश गरी वितरण गरियो ।

## ७. एकीकृत दस्तावेज तयारी संशोधन, परिमार्जन पश्चात अन्तिम योजना तयारी तथा स्वीकृति र प्रकाशन

मस्यौदा उपर छलफल तथा सुझाव संकलन पश्चात् योजनालाई विषय क्षेत्रगत हिसाबले एकीकृत गरी अन्तिम रूप दिएर नगर कार्यपालिकाको निर्णयानुसार अनुमोदन गरी सर्वसाधारणका लागि प्रकाशन गर्ने निर्णय गरियो ।

# परिच्छेद-२

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

वि.सं. २०७१ साल मंसिर १६ गते नेपाल सरकारको निर्णय बमोजिम साविकका ७ वटा गाविसहरु (मेलम्ची, ज्यामिरे, शिखरपुर, तालामाराङ, सिन्धुकोट, बाँसवारी र फटकशिला) समावेश गरेर मेलम्ची नगरपालिका गठन गरिएकोमा राज्यको पुर्नसंरचना पछि वि.स. २०७३ साल फाल्गुण २६ गते साविकका ४ वटा गाविसहरु (भोटेचौर, हैबुङ, थकनी र दुवाचौर) समेत थप गरी मेलम्ची नगरपालिकाको पुर्नगठन गरिएको छ । राज्यको पुनर्संरचना पछि यस नगरपालिकामा हाल १३ वटा वडाहरु रहेका छन् ।

नेपालको राजधानी काठमाडौंबाट उत्तर–पूर्वमा पर्ने बागमती प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्लाका १२ वटा स्थानीय तहहरुमध्ये मेलम्ची नगरपालिका एक हो । यस नगरपालिकाको पूर्वमा ईन्द्रावती गाउँपालिका, पश्चिममा काठमाडौं जिल्लाको शंखरापुर नगरपालिका र नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका, उत्तरमा हेलम्बु र पाँचपोखरी थाङपाल गाउँपालिका तथा दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको मण्डन देउपुर नगरपालिका रहेको छ ।

१६०.६३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा २०७८ को राष्ट्रिय जनगणना अनुसार कूल जनसंख्या ४१,०६३ रहेको छ । पुरुषको जनसंख्या १९,९६३ र महिलाको जनसंख्या २१,१०० रहेको छ भने जम्मा ११,१८० घरधुरीहरु रहेका छन् । यस नगरपालिकाको जनघनत्व २६० प्रति वर्ग कि.मि., साक्षरता दर ६९.९ प्रतिशत (पुरुष साक्षरता दर ७७.८ र महिला साक्षरता ६२.५), लैङ्गिक अनुपात ९४.६१ पुरुष प्रति सय महिला, अपाङ्गता भएका जम्मा जनसंख्या २.४ प्रतिशत (पुरुष २.६ र महिला २.२ प्रतिशत) रहेको छ ।

मेलम्ची नगरपालिका भित्र हिन्दु, बौद्ध, क्रिश्चियन लगायतका धर्मावलम्बीहरुको बसोबास रहेको पाइन्छ । यस क्षेत्रमा बोलिने मातृ भाषामा नेपाली, नेवारी, तामाङ, दनुवार, माझी, मगर आदि रहेका छन ।

यस नगरपालिकामा ग्रिष्म र वर्षा ऋतुमा मनसुनी बर्षा बढी हुने गर्दछ । मेलम्ची नगरपालिका दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असार देखि भाद्रसम्ममा प्रशस्त पानी पर्दछ । नगरका मुख्य जलाधार क्षेत्रहरू न्यून चापीय वायु हुँदै जाने हुनाले यस क्षेत्रमा बढी वर्षा हुने गर्दछ । समग्र नगरमा बार्षिक सरदर १६१५ मि. लि. सम्म बर्षा हुने गर्दछ ।

महाभारत क्षेत्र अन्तर्गत पर्ने मेलम्ची नगरपालिका जैविक विविधताले महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा लोठसल्ला, सुगन्धवाल, चिराईतो, जटामसी, धसिंगरे, कुटकी, पाखनवेद, कुरिलो, सतिवयर, नूनढिकी, झ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल, चुत्रो, दामपाते, घ्युकुमारी, काँचोपात, दतिवन आदि हुन् । यस क्षेत्रमा जडिबुटीको प्रचुर संभावना रहेकोले केही स्थानीय व्यक्तिहरुले व्यवसायिक रुपमा जडिबुटी खेती गर्न सक्ने संभावना रहेको छ भने केही किसानहरूले जडिबुटी खेतीको शुरूवात गरेका छन् । यस क्षेत्रमा पाइने रुख विरुवाहरुमा साल, अस्ना, खयर, कटुस, चिलाउने, उत्तिस, सल्ला, मौवा,

लाँकुरी, गुराँस मूख्य रुपमा रहेका छन्  । त्यस्तै डाले घाँसमा चिउरी, बडहर, कुटमिरो, किम्बु, खनिउँ, इपिल आदि पाइन्छ ।

यस नगरपालिका क्षेत्रमा पाइने मुख्य जनावरहरूमा सालक, चितुवा, बाघ, भालु, बँदेल, दुम्सी, खरायो, स्याल, रतुवा मृग, बाँदर आदि छन् भने चराचुरूङ्गीमा काग, परेवा, चिवे, कालिज, हुचिल, लाटोकोसेरा, भंगेरा, मैना, सुगा, बाज, ठेउवा, जुरेली, फिस्टा, तित्रा, बकुल्ला, चिल, गिद्ध, ढुकुर जस्ता पंक्षीहरु रहेका छन् । विभिन्न किसिमका माछाहरु, गोहोरो, सर्प, छेपारो, माउसुली, भ्यागुतो, विच्छी, फट्यांग्रा, मौरी, अरिङ्गाल, बारूलो लगायतका विभिन्न जिवजन्तु तथा किराहरू पाइन्छ  ।




## २.२ स्थानिक विश्लेषण (Spatial Analysis)

भौगोलिक विविधताको कारण नगरपालिकाको विभिन्न क्षेत्रमा पाइने हावापानी फरक फरक प्रकारको रहेको छ । यस नगरपालिकाको वडा नं. १३ को ईन्द्रावती नदी किनार समुद्र सतहबाट ७०२.५३ मि. उचाई सहित होचो स्थानमा रहेको छ भने यस नगरपालिकाको सबैभन्दा उच्च स्थानमा रहेको गुफाडाँडा र चिप्लिङको उचाई करिब २२०० मिटर रहेको छ ।उचाईको वृद्धि सँगसँगै चिसोको मात्रामा वृद्धि हुँदै जाने हुँदा यहाँ तातो हावा बहने मेलम्ची नदी र ईन्द्रावती नदी किनारको क्षेत्र देखि बाह्रै महिना

चिसो हुने भोटेचौर, हैबुङ्ग चिसापानी, गुफाडाँडा, ओखेनीचौर जस्ता स्थानहरु रहेका छन् । यस नगरपालिकामा चैत्र महिना देखि असोजको प्रारम्भसम्म गर्मी र असोज देखि फागुन महिनासम्म जाडो हुने भएकोले यहाँको हावापानीमा मौसम अनुसार विविधता रहेको पाइन्छ ।यस नगरपालिका क्षेत्र भित्रको नदी तटीय क्षेत्रहरुमा धान, मकै, गहुँ, आलु लगायतका मुख्य बालीहरुको उत्पादन हुन्छ भने यस पालिकाको उच्च भूभागमा किबी, चिया, सुन्तला लगायतका नगदे बालीहरुको प्रशस्त उत्पादन हुने गर्दछ ।

## २.२.१ पहुँच (Accesibility)

बागमती प्रदेशमा पर्ने सिन्धुपाल्चोक जिल्लाको यो नगरपालिका पहाडी भूभागमा पर्ने भएता पनि बाह्रै महिना यातायात संचालन हुने सडक तथा यातायात पूर्वाधार विकासको हिसाबले बहुसंख्यक बस्ती तथा वडाहरुमा सडक सञ्जालको विस्तार भएको छ । मेलम्ची नगरपालिका नेपालको राजधानी काठमाडौंसंग जोडिनुको साथै काठमाडौं जिल्लाको शंखरापुर नगरपालिकाको साँखुबाट यस नगरपालिका कार्यालयसम्मको सडक दुरी करिव २७ कि.मि. रहेको छ भने यस नगरपालिकाको केन्द्र देखि काठमाडौंसम्म हेलम्बु राजमार्गको रुपमा पक्की कालोपत्रे सडक निर्माण भई सहज रुपमा यातायात संचालन भैरहेको छ ।



### २.२.२ भू-उपयोगका क्षेत्रहरु

(क) भू-उपयोगको वितरण

भूमि महत्वपूर्ण प्राकृतिक साधन हो । आर्थिक विकासको लागि यसको समुचित उपयोग गर्नुपर्दछ । कृषि, आवास, सडक, खानेपानी, सिंचाई, विद्युत तथा उर्जा, सूचना तथा संचार लगायतका सम्पूर्ण पूर्वाधार निर्माण गर्नका लागि भूमिको व्यवस्थापन अनिवार्य छ । भूमि विकास निर्माणका लागि स्थिर साधन हो । भूमिको सही सदुपयोगबाट विकासमा अग्रगामी छलाङ्ग मार्न सकिन्छ । स्थानीय सरकारले आफ्नो भौगोलिक क्षेत्र भित्र रहेको प्रयोग योग्य भूमिलाई उपयोगिताको आधारमा देहाय बमोजिम वर्गीकरण गर्न सकिन्छ ।

कुनै पनि ठाउँको विकास योजना कार्यान्वयन गर्नको लागि भू-उपयोग योजना निकै महत्वपूर्ण हुने गर्दछ । नगरपालिकामा कुन कुन ठाउँमा के कस्ता गतिविधिहरु भै रहेका छन् र भविष्यमा के कस्ता गतिविधिहरुको संभावना हुन्छ भन्ने कुरा भू-उपयोग योजनाबाट प्रष्ट हुने गर्दछ । भविष्यको भू-उपयोगबारे थाहा पाउन जरुरी हुन्छ ।

मेलम्ची नगरपालिकाको सबैभन्दा बढी भू—भाग (६५.४४% अर्थात १०५.११ वर्ग कि.मी.) खेतीयोग्य जमीनले ढाकेको हुनाले यो क्षेत्र कृषि योग्य छ भन्ने बुझ्न सकिन्छ । घडेरीले जम्मा २.५८% अर्थात ४.१५ वर्ग कि.मी. जमीन ढाकेको देखिन्छ । यसैगरी झाडीजन्य क्षेत्रले १६.८३% ढाकेको छ।




*चित्र : मेलम्ची नगरपालिकाको भूउपयोगको राष्ट्रिय तथा जिल्लास्तरसंग तुलतात्मक विवरण*




**भु-उपयोग नक्सा**

मेलम्ची नगरपालिकाको भू—उपयोग राष्ट्रिय तथा जिल्लाको तथ्यांक) प्रत्येकको सम्बन्धित प्रतिशत ( सँग तुलना गरी हेर्दा राष्ट्रियस्तरमा बढी प्रतिशत भू—भाग वनजंगलले ढाकेको छ भने मेलम्ची नगरपालिकाको राष्ट्रिय तथा जिल्लास्तरमा भन्दा कम देखिन्छ । यस्तै किसिमको प्रवृत्ति चरन क्षेत्रमा पनि देखियो । मेलम्ची नगरपालिकामा कृषि योग्य जीमन, झाडी जन्य क्षेत्र तथा बस्ती क्षेत्र राष्ट्रियस्तर र जिल्लास्तर भन्दा पनि बढी छ । पानीले ढाकेको क्षेत्रको हकमा भने मेलम्ची नगरपालिका जिल्लास्तर भन्दा बढी तर राष्ट्रिय स्तरभन्दा अलि कम रहेको देखिन्छ । मेलम्ची नगरपालिकामा राष्ट्रिय तथा जिल्लास्तर भन्दा निकै न्यून जमीन बाँझो बसेको देखिन्छ ।

## (१) कृषि क्षेत्र

आधार नक्शाको विश्लेषणको आधारमा यस नगरपालिकामा कृषि क्षेत्र भन्नाले प्रत्येक वडामा रहको उर्वर खेतीयोग्य भू—भागलाई जनाउँछ ।प्राकृतिक सम्पदाको हिसाबले यो नगरपालिका कृषिको लागि उपयुक्त उर्वर भूमि हो ।यस नगरपालिकाको प्रमुख नगदे बालीहरुमा चिया, किबी, आलु आदि हुन् भने अन्न बालीहरुमा धान, मकै, गहुँ कोदो रहेका छन् । यी क्षेत्रहरूमा विविध प्रकृतिको भू—बनोट भएकाले एकीकृतरूपमा जलवायु अनुकूलन र माटोको प्रकृतिअनुसार बालीनाली तथा फलफूल र

तरकारीको खेती सघन रुपमा गर्नु उपयुक्त देखिन्छ । यस्ता क्षेत्रहरूलाई उपयुक्तताको आधारमा फलफुल पकेट क्षेत्र, किबी पकेट क्षेत्र, तरकारी पकेट क्षेत्र, आलु पकेट क्षेत्र, बाख्रा पकेट क्षेत्र, दुग्ध पकेट क्षेत्र लगायतका पकेट क्षेत्र घोषणा गरी कृषि उत्पादकत्वमा वृद्धि गर्न सकिन्छ ।

मेलम्ची नगरपालिकाको कूल क्षेत्रफलको ६५.४४% खेती योग्य जमीन रहेको छ तर सो मध्ये ४२% मात्र खेतीपाती हुने गरेको छ (स्रोत: जिल्ला पाश्र्वचित्र, सिन्धुपाल्चोक, २०७१ ) यो सन्दर्भमा मेलम्ची नगरपालिका कृषिको क्षेत्रमा अगाडि रहेको देखिन्छ र यस क्षेत्रको थप आर्थिक विकासको लागि कृषि विकासमा बढी ध्यान दिनु पर्ने देखिन्छ ।

खेती योग्य जमिन र खेती गरिएको क्षेत्रफलको तथ्याङ्क विश्लेषण गर्दा नगरपालिकाको कूल क्षेत्रफलको ४२% जमीनमा हाल खेती गरिएको छ भने नगरपालिकाको २०% खेती योग्य जमीन बाँझो नै रहेको अवस्था छ । कूल भू—भागको १८% र कूल खेती गरिएको जमिनको जम्मा ४३% जमिन सिंचित रहेको छ । यो समस्यालाई न्यूनीकरण गर्न, खेतीयोग्य जमीनको अधिकतम लाभ लिन, उचित योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ । यस नगरपालिका क्षेत्र भित्र उत्पादन हुने कृषि उत्पादनलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| वडा नं. | उत्पादन हुने कृषि उपजको प्राथमिकता |
|---|---|
| १ | दुग्ध उत्पादन, किबी, आलु, चिया, धान, मकै तरकारी |
| २ | दुग्ध उत्पादन, आलु, चिया, धान, मकै तरकारी |
| ३ | किबी, आलु, फलफुल |
| ४ | आलु, मकै, कोदो, फलफुल |
| ५ | धान, दुग्ध उत्पादन, फलफुल, आलु, मकै, तरकारी |
| ६ | धान, दुग्ध उत्पादन, मकै, तरकारी |
| ७ | धान, मकै, कोदो, दुग्ध उत्पादन, फलफुल, तरकारी |
| ८ | धान, दुग्ध उत्पादन, मकै, फलफुल, कोदो, तरकारी |
| ९ | धान, दुग्ध उत्पादन, फलफुल, मकै, कोदो र तरकारी |
| १० | धान, दुग्ध उत्पादन, तरकारी |
| ११ | धान, दुग्ध उत्पादन, तरकारी |
| १२ | धान, दुग्ध उत्पादन, तरकारी |
| १३ | धान, दुग्ध उत्पादन, तरकारी |

### (२) भू-क्षेत्र (टोपोग्राफी र भिरालोपन)

कुनै पनि क्षेत्रको टोपोग्राफीले त्यस क्षेत्रको भू—उपयोग कुन कार्यको लागि गर्न उपयुक्त हुन्छ भन्ने विश्लेषण गर्न मद्दत गर्दछ । जस्तैः १५ डिग्री भन्दा कम भिरालो जमिनमा बस्ती विकास तथा कृषि

गर्न उपयुक्त हुन्छ भने ३० डिग्री भन्दा बढी भिरालो भू–भागमा पहिरो जान सक्ने सम्भावना बढी हुने हुनाले यस्ता क्षेत्रको पहिचान गरी भविष्यमा विपद् निम्त्याउन अगावै भू–संरक्षणका विधिहरु अपनाई विपद्का जोखिम कम गर्न सकिन्छ ।






मेलम्ची नगरपालिकाका कूल क्षेत्रफलको १६.९८ %क्षेत्रफल १५ डिग्रीसम्म भिरालो जमीन भएकोले सो क्षेत्रमा बस्ती विकास तथा कृषि गर्न सहज हुने र बाँकी ८३.०२ %जमिनमा गरा प्रणाली अपनाएर यसको उपयोग गरी भू—संरक्षण र मैत्रीपूर्ण वातावरण श्रृजना गर्न सकिन्छ।

## (३) जलस्रोत तथा जलाधारको अवस्था

जलस्रोतमा प्रख्यात मेलम्ची नगरपालिकामा धेरै नदीनालाहरु छन् । ५,८७५ मिटर उचाइमा रहेको जुगल हिमालबाट उत्पन्न भएको मेलम्ची नदी सिन्धुपाल्चोक जिल्लाकै प्रमुख नदीहरु मध्ये एक हो । ५० वटा भन्दा बढी नदीनाला तथा खोल्साहरु मिश्रित यस मेलम्ची नदी ठूलो पनि छ । साथै काठमाडौं उपत्यकाको १७ करोड लिटर पानीको दैनिक मागलाई पुरा गर्न मेलम्ची नदीको बहाव मोड्न डिजाइन गरिएको महत्वकांक्षी परियोजना) मेलम्ची खानेपानी आपूर्ति परियोजना (ले गर्दा मेलम्ची नदी धेरै नै प्रख्यात भएको हो ।

मेलम्ची नदी, इन्द्रावती नदी, तालामाराङ खोला, सिन्धु खोला, सहरे बाघमारा खोला, जर्के खोला, काफ्ले खोला, घाटे खोला र पङ्सीङ खोला मेलम्ची नगरपालिकामा बग्ने प्रमुख नदी तथा खोलाहरु हुन् जुन नदीहरुको आधारमा यस नगरपालिकाकाका क्षेत्रलाई विभिन्न जलाधारमा विभाजन गरिएका छन् ।



## (४) सडक तथा यातायात

सडकहरुको स्वरुपले कसरी नगरको कुनै बस्ती वा बजारको धरातलीय स्वरुपलाई समयक्रमसँगै परिवर्तन अथवा निर्धारण गर्दछ भन्ने कुरा निर्देशित गर्दछ । सडकको विकाससँगै बस्ती विकास हुने गरेकोले सडकको गुणस्तरले बस्ती विकासको तीब्रता निधारण गरेको हुन्छ ।

मेलम्ची नगरपालिकामा ४६४ कि .मी .कच्ची सडक, ६० कि.मी .ग्राभेल सडक, १३ कि .मी .कालो पत्रे सडक र ०.६ कि.मी . ढलान सडक रहेका छन् । हाल ५ कि.मी .सडक खनिंदै गरेको अवस्था छ । सबैभन्दा कम सडकको घनत्व वडा नं .७ मा र सबैभन्दा बढी सडको घनत्व वडा नं .२ मा रहेको देखियो । समग्र नगरपालिकामा सडकको घनत्व ३ कि.मी.÷वर्ग कि.मी .रहेको छ भने नेपालको सडकको धनत्व जम्मा ०.३४ कि.मी./वर्ग कि.मी .रहेको छ । मेलम्ची नगरपालिकाको सडकको घनत्व राष्ट्रिय स्तरको भन्दा बढी नै रहेको देखिएता पनि सडकको चौडाई र गुणस्तर नगर स्तर लागि पर्याप्त नभएका देखिन्छन् ।

मेलम्ची नगरपालिकामा ३ देखि १० मिटर चौडा सडक जम्मा ५४४ कि. मी .छन् । ४ मिटर चौडा सडकको परिमाण बढी र ५ मिटर वा सो भन्दा बढी चौडा सडकको परिमाण निकै न्यून रहेको छ । ०.५ मिटर भन्दा कम स—साना गोरेटो बाटाहरु भने २५३ कि.मी .देखियो । भविष्यको सडक सुविधाको मागलाई ध्यनमा राखे हो भने यस नगरमा सडक विस्तार भन्दा सुधार र मर्मतमा ध्यान दिनु पर्ने देखिन्छ ।

काभ्रेपलाञ्चोक जिल्लाबाट मेलम्ची—हेलम्बुको सडक हुँदै मेलम्ची पुग्न सकिन्छ । यो बाटो कालोपत्रे गरिएता पनि समयमा मर्मत हुन नभएकाले सडकको स्तर हाल अत्यन्त दयनिय स्थितिमा पुगिसकेको छ । यसै गरि साँखु—नाङ्ले—जर्के—बाहुनेपाटी—मेलम्ची सडक र साँखु—भोटेचौर—काउले देभान—बाहुनेपाटी—मेलम्ची कालो पत्रे सडक पनि समयमा मर्मत हुन नसकेकोले जटिल अवस्थामा पुगिसकेको छ । नगरपालिकामा दैनिक ३० देखि ३५ सार्वजनिक बसहरु चल्छन् तर अधिकांश सडकहरु अस्थायी, धुले, कच्ची र १२ महिना नचल्ने अवस्थाका भएकोले कतिपय बस्ती तथा फाँटहरुमा मोटरबाटो पुग्न नसक्ने अवस्था छ ।

नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको व्यावसायिक योजना २०७१ ले नगर क्षेत्रमा ९० %भन्दा बढी घरहरु मोटर बाटो देखि १ कि .मि . दुरी भित्र हुनुपर्ने प्रस्ताव गरेकोले सोही स्तरको सुविधा प्राप्त गर्ने लक्ष्य लिई मेलम्ची नगरपालिकाले एकीकृत नगर विकास योजनामा सडक सम्बन्धी उचित योजनाहरु समावेश गर्नु पर्ने देखिन्छ । साथै व्यवसायिक योजना २०७१ ले प्रस्ताव गरेको अनुसार यस नगरपालिकामा आन्तरिक र अन्तर शहर बस टर्मिनल समेतको सुविधा उपलब्ध गराउन नगरपालिकाले पहल गर्नु पर्ने देखिन्छ।

## (५) खानेपानी

खानेपानी डिभिजन कार्यालयको२०७३ को प्रतिवेदन अनुसार मेलम्ची नगरपालिकाको १३ वटा खानेपानी आयोजनहरुले सो नगरपालिकाका ३० %अर्थात १७८६४ जनसंख्या लाभान्वित भएका छन् ।यसैगरी यसनगरपालिकामा जम्मा ९० वटा मुख्य खानेपानीको मुहान तथा स्रोतहरु रहेता पनि ती स्रोतहरुको सदुपयोग र संरक्षण गर्न सकिएको अवस्था भने छैन ।

मेलम्ची पाश्र्वचित्र २०७४ अनुसार यस नगरपालिकामा पाइप तथा धारा खानेपानी स्रोतबाट पनि भर्ने ९७.७७ %अर्थात ११५६८ घरधुरी छन् तर ती धाराहरु अधिकांश सामुदायिक धाराहरु हुन् र हाल सम्म पनि नगरपालिका भित्र धारामा मिटर जडान गर्ने प्रणाली आइसकेको छैन । नदीनाला धेरै भएको नगर भनेर चिनिने मेलम्ची नगरपालिकामा खानेपानीको उचित स्रोत वितरणको अभावले गर्दा यहाँको ०.१७ %घरधुरीले हालसम्म पनि नदीनालाको पानी, असुरक्षित भएता पनि पिउन बाध्य भएका देखियो । यसैगरी ७२ %घरधुरीमा खानेपानीको अत्याधिक समस्या रहेको छ र विशेषगरी वडा नं .१३ )नगरपालिकाले वडा नं १३ लाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेका (बासीले अत्याधिक खानेपानीको समस्या भोगी रहेका छन् ।




*चित्र ९ खानेपानी समस्याको अवस्था*

## (६) फोहरमैला व्यवस्थापन

अधिकांश घरधुरी) ६३.४४ %अर्थात ७५०६ (ले मल बनाएर फोहरमैला व्यवस्थापन गर्ने गरेको देखिन्छ ग्रामिण भेगतिर भने जहाँ पायो त्यही फोहर फाल्ने घरधुरी न्यून रहेका छन् । शहरीकरणसँगै यो समस्या बढ्दै जाने सम्भावना हुन्छ तसर्थ उचित विकल्पको खोजी गरिनु पर्दछ ।

मेलम्ची नगरपालिका कार्यालयले हाल मेलम्चीको बजार क्षेत्रमा हप्तामा २ पटक फोहर उठाउने गरेको छ र फोहरमैला व्यवस्थापनका लागि १ जना चालक र १ जना सहयोगी गरी जम्मा २ जना

कर्मचारीहरु परिचालन गरिएको छ । मेलम्ची बजारबाट मात्रै हाल महिनामा ४० टन फोहर निस्किने गरेको र सो फोहरलाई धिताल बेंशी स्थित बगर क्षेत्रमा पुरेर किटनाशक औषधी माथिबाट छर्ने गरिएको छ ।

मेलम्ची नगरपालिका वडा नं .११ स्थित बोकेरुम्टी भन्ने स्थान नजिक र संभाव्य स्थानको पहिचान भएता पनि उक्त स्थानमा केही विवाद सिर्जना भएको कारण हाल मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची बजार क्षेत्रबाट संकलन भएका फोहरमैलाको व्यवस्थापन नगरपालिकाको धिताल बेंशी स्थित बगर क्षेत्रमा अस्थायी व्यवस्थापन गरिदै आएको छ । नगरपालिकाको कार्यालयले हाल सम्म फोहर उठाउन कुनै शुल्क लिने गरेको छैन ।

नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको व्यावसायिक योजना २०७१ ले नगर क्षेत्रलाई फोहरमैला व्यवस्थापनमा ७० प्रतिशत घरधुरीलाई फोहरमैला व्यवस्थापन सेवा उपलब्ध गराइनुपर्ने र ल्यान्डफिल साइटलाई जग्गा उपलब्ध हुनुपर्ने र अधिग्रहण तथा विकास हुनुपर्ने कुराहरु प्रस्ताव गरिएको छ ।

### (७) विद्युत

मेलम्ची नगरपालिकाका ९०% घरधुरीमा विद्युत सेवाको पहुँच पुगिसकेको छ। ज्यामिरे स्थित इन्द्रावती नदीमा नेसनल हाइड्रोपावर कम्पनीद्वारा स्थापित ७.५ मेगावाट क्षमता भएको इन्द्रावती तेस्रो विद्युत परियोजना हाल संचालनमा छ। यस नगरपालिकामा जलविद्युतको सम्भावना पनि छ । वडा नं ११ मा इन्द्रावती क्ष्ख् को सुरुङ खन्दै गर्दा काम रोकिएको छ भने नयाँ माइक्रो हाइड्रोको सम्भावना नुवार खोलाको टार धितालवेशीदेखि डुडेवेशीसम्म छ । यसैगरी, माइक्रो हाइड्रोको सम्भावना वडा नं ३ को दुईवटा स्थानमा पनि छ । इन्द्रवतीमा एउटा सब—स्टेशन र बाहुनेपाटी र मेलम्चीको बीचमा एउटा सब—स्टेशन गरी जम्मा २ वटा सब—स्टेशनहरुले ६६ के .भि .को पावर यस नगरपालिकामा वितरण गरि रहेका छन् भने यस नगरपालिका भरी ३००० जति बिजुलीका पोलहरु मध्ये ३० %जति काठका पोलहरु छन् । यस नगरपालिकामा लगभग २०० वटा ट्रान्सफर्मरहरु रहेका छन् र यहाँ Single Circuit Feeder द्वारा बिजुली वितरण भैरहेको छ जसका कारण अगाडिका लाइनमा समस्या आएमा पछाडिका सबै लाइनहरुमा विजुली नआउने समस्या हुने गर्दछ । २०७१ को विनाशकारी भूकम्प पश्चात यस क्षेत्रम ३० देखि ३५% विजुली चोरी हुने समस्या रहेको छ ।

### (८) सूचना तथा संचार प्रणाली

नेपाल टेलिकम तथा एनसेल प्रा .लि .का दुरसंचारका सेवाहरु यस नगरपालिका भरी उपलब्ध छ । PSTN Line सेवा भने मेलम्ची बजारमा मात्र सिमित रहेको देखिन्छ। अन्य सेवाहरु जस्तै निजी कुरियर,

फ्याक्स तथा इन्टरनेट पनि यस नगरपालिकामा रहेका छन् । यस नगरपालिकाको कुनै पनि स्थानीय पत्रिका प्रकाशन नभएता पनि धेरै जसो राष्ट्रिय पत्रपत्रिका भने यस क्षेत्रमा पुग्ने गरेका छन् ।

बाँसबारी र दुबाचौरमा ईलाका हुलाक सेवा, हैबुङ, भोटेचौर, सिन्धुकोट, मेलम्ची, थकनी, ज्यामिरे, फटाकशीला र शिखरपुरमा अतिरिक्त हुलाक सेवा तथा तालामाराङमा स्थानीय हुलाक सेवा उपलब्ध छ । दुवाचौरमा १०७.२ मेगाहर्ज फ्रिक्वेन्सीको रेडियो मेलम्चीको रेडियो स्टेशन छ भने सिन्धुकोटमा १०२.८ मेगाहर्ज फ्रिक्वेन्सीको रेडयो सिन्धुको प्रसारण सिन्धु एफ .एम .को स्टेशन रहेको छ । साथै वडा नं .११ मा पाँचपोखरी केबल नेटवर्क तथा वडा नं .६ मा तालामाराङ केवल टेलिभिजन नेटवर्कले केबल नेटवर्कका सेवाहरु संचालनमा ल्याइरहेका छन् ।

## (९) ढल निकास

मेलम्ची नगरपालिकामा व्यवस्थित ढल निकासको सुविधा उपलब्भ छैन । नगरबासीहरुले आ—आफ्नो घरमा सेप्टिक टेङ्की जडान गरी ढलको व्यवस्थापन गर्दै आएका छन् । यो प्रणाली भने वातावरणीय दृष्टिकोणबाट राम्रो भएतापनि दीर्धकालीन समाधान भने होइन । शहरीकरको वृद्धिसँगै ढल प्रणालीको अपरिहार्यता बढ्ने हुदा नयाँ नगरहरुमा ढल प्रषोधन प्रणालीको समेत परिकल्पना शुरुवाती चरणबाटै गरिनु पर्दछ । ढल निकाससँगै वर्षाको पनिको उचित व्यवस्थापन गर्नु जरुरी हुन्छ । यसका लागि सडक किनार तथा बस्तीका बाटोहरुमा नालाको आवश्यकता हुन्छ । हालसम्म नगर क्षेत्रमा, मेलम्ची बजार क्षेत्रमा ५०० मी .जती, बाहुनेपाटी बजार क्षेत्रमा २०० मी .र तारामाराङ बजारमा ५० मी जति सडकको २ किनारमा नाला निर्माण गरिएको छ । तथापि ती नालाहरुमा मर्मतको आवश्यकता देखिन्छ ।

मेलम्ची नगरपालिकाका ९२% अर्थात १०,८८५ घरधुरीमा सामान्य किसिमको शौचालय रहेको छ । १५९ घरधुरी (अर्थात १.३४%) भने हाल सम्म पनि चर्पी विहीन अवस्थामा रहेको देखियो । राष्ट्रिय स्तरमा भने ३८ (एक तिहाई भन्दा बढी) घरधुरीमा हालसम्म पनि चर्पी बनिसकेको छैन । यो सन्दर्भमा मेलम्ची नगरपालिका राष्ट्र भन्दा अघि रहेको देखिन्छ । यद्यपी चर्पी निर्माण गर्न बाँकी रहेका १.३४% घरधुरीमा पनि शौचालय निर्माण गरी तथा खाल्डे शौचालयलाई पनि प्यान सहितको शौचालयमा परिणत गर्न सकिन्छ ।

## (१०) शहरीकरण तथा बस्ती विकास

शहरीकरणको अर्थ ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा मानिसहरुको बसाइ सराइले शहरी क्षेत्रको जनसंख्या क्रमश वृद्धि हुँदै जाने प्रकृयालाई बुझ्न सकिन्छ । शहरीकरणले आधुनिकीकरण, औधोगिकीकरण र सामाजिक प्रकृयासँग प्रत्यक्ष सम्बन्ध राख्दछ ।

भोटेचौर, हैबुङ, थकनी, सिन्धुकोट, तालामाराङ, दुबाचौर, ज्यामिरे, शिखरपुर, मेलम्ची, बाँसबारी र फटकशीला गा.वि.स.हरु गाभेर वि.सं. २०७१ सालमा मेलम्ची नगरपालिका घोषणा गरिएको थियो । यी साविकका गा.वि.स.हरु नगरपालिकामा परिणत भएको धेरै समय नभएकोले हाल सम्म पनि उक्त बस्तीहरु ग्रामीण अवस्थामा नै रहेका छन् । केही पुराना बस्तीहरु जस्तै : मेलम्ची बजार, बाहुनेपाटी बजार, भोटेचौर बजार, तालामाराङ बजार जस्ता बस्तीहरु बजार केन्द्रको रुपमा विकसित भए भने अधिकांश बस्तीहरु ग्रामीण स्वरुपमा नै रहेका छन् ।

मेलम्ची नगरपालिकाका बजारहरु तथा पसलहरुको संख्याको व्यापकता तथा विविधताको आधारमा निम्न बमोजिमका प्रमुख बस्तीहरु र व्यापारिक बजारहरु निर्धारण गरिएको छ । तर यी बजारहरुमा नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको व्यावसायक योजना २०७१ ले प्रस्ताव गरेको न्यूनतम स्तरका खानेपानी, सरसफाई सुविधा तथा आधारभूत शिक्षा र स्वास्थ्यमा पहुंच तथा विद्युतीकरण जस्ता न्यूनतम परिमाण, व्यापकता कायम गर्न प्रस्तावित गरिएको सुविधाहरु परिपूर्ण भैसकेको अवस्था नभएकोले आगामीका योजनाहरुमा यी मुद्दालाई पनि समावेश गरिनु पर्ने देखिन्छ ।

| वडा नं. | बजार केन्द्र | प्रमुख बस्तीहरु |
|---|---|---|
| १ | भोटेचौर | भोटेचौर, भञ्याङ, डाँडागाउँ, चाँपाबोट, चिसापानी, मानेडाँडा, खाल्डे |
| २ | निभुगाउँ, माथिल्लो जैसीगाउँ, भोटेचौर | निभुगाउँ, सुँयलछाप, माथिल्लो गैरीगाउँ, तल्लो गैरीगाउँ |
| ३ | डाँडाथोक | बिन्दुटोल, मजुवा, बोब्राङ, डाँडाथोक, गुरुङ्गगाउँ |
| ४ | पाटी भञ्याङ, थानकुने, पिप्ले, ओखेनीचौर | थालाखर्क, चिप्लिङ्ग, थानकुने भञ्याङ, डिही, उर्लेनी, ठूलो भञ्याङ्ग, पाटी भञ्याङ्ग, बसेरी, चिलाउने, पाल्छें, काप्रे,साल्मे, डाँडाकटेरी, छापेली, अमले, सानोमुसुरे, थकनी |
| ५ | भदौरे | मुसुरे, भदौरे, देउराली, ढुंगेछाप, कथर बगर, गैरीगाउँ, सिन्धुकोट, थरीगाउँ, तारेभीर, भीमलडाँडा, कत्तिकेछाप |
| ६ | तालामाराङ बजार | तालामाराङ बजार, माने भञ्याङ्ग, उपल्लो गाउँ, बतासे, पञ्चकन्या, नेपाने, कोलेचौर, ढुंगानाबेसी |
| ७ | पोखरे भञ्याङ्ग, दुबाचौर बजार | गैराथोक, चाँप, सुंगुरेफाँट, पोखरटोले, सुनखानी, सल्ले, काफलगैरी, बालुवा, बाहुनटोल, भट्टार |
| ८ | लाभगाउँ, गोरखनाथ टोल | क्यौरेनी, लाभगाउँ, खैरे, घट्टेखोला |

| | | |
|---|---|---|
| ९ | ज्यामिरे, गोल्मास्थान, खड्काटोल, सुनखानी, रातामाटा | पिप्लाटार, रातामाटा, सुनखानी, डब्ल्याङ्ग, धुलेगैरी, गुफा, ज्यामिरे, गोल्मास्थान, खड्काथोक, मुलखर्क |
| १० | रोटेपिङ्गडाँडा | फलामे, रामपुर, पैरावारी, रोटेपिङ्गडाँडा, कोटाचौर, आचार्यटोल, अम्बोटे, वनगाउँ, बडहरे, थरिटोल, रातमाटे वडा कार्यालय, शिखरपुर, साँधखोला, माझीगाउँ |
| ११ | मेलम्ची | कत्तिके, धुसेनी, कटुन्जे, बाहुनटोल, दमाइटोल, डढुवा, सिरिकोट, गैरीडाँडा, टार, गुरुङगाउँ, दनुवारबस्ती, आरुखर्क, खानीगाउँ, नुहारखोला, सिमखेत |
| १२ | बाहुनेपाटी | गिराञ्चौर, ढकालखहरे गाउँ, ढकालथोक, च्यानडाँडा, थाक्ले, पिपलचौर, बाँसबारी, नेपालथोक, आँपचौर, बाहुनेपाटी |
| १३ | फट्केश्वर, ढाडबेसी बजार | ठाँटी, नेपालथोक, डुम्रीचौर, ढकालथोक, बरेटार, सिम्ले |



## (११) पर्यटकीय तथा धार्मिक स्थलहरु

मेलम्ची नगरपालिकाले तय गरेको नारामा नै "मेलम्ची नगर समृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जालाधार" उल्लेख गरिएकोले मेलम्ची नगरपालिकाको समुन्नत भविष्यको लागि पर्यटनको मुख्य भूमिका रहेको स्पष्ट छ । अन्तराष्ट्रिय जलवायु सम्मेलन गरिएको करिब २२०० मिटर उचाईमा रहेको गुफाडाँडा, प्राकृतिक सौन्दर्यताले भरिएको हेबुङ स्थित चिसापानी क्षेत्र, भौटेचौरको चियाबगान, तपचुली, धौले जस्ता प्रचुर संभावना बोकेका पर्यटकीय क्षेत्रहरुले भरिएको यस नगरपालिकालाई योजनाबद्ध तरिकाले पर्यटन क्षेत्रमा लगानी गर्न सके यस क्षेत्रका नागरिकहरुको आर्थिक तथा सामाजिक उत्थान सूनिश्चित गर्न सकिन्छ । नेपालको प्रशासनीक केन्द्र रहेको काठमाडौंबाट १.५ घण्टाको दुरीमा रहेको यस नगरपालिका पदयात्रा तथा धार्मिक पर्यटनको समेत निकै राम्रो सम्भावना रहेको छ । नेपाल पर्यटन बोर्ड अनुसार, औसतमा बर्षेनी ७,६०० देखि ९,६०० ट्रेकिङ्ग पर्मिट लिई पर्यटकहरु मेलम्ची हुँदै लाङटाङ प्रवेश गर्ने गरेको देखिन्छ । यसकारण यस रुटलाई पूनर्जागरण गर्न सक्यो भने यहाँको पर्यटन विकासको लागि यसले ठूलो भूमिका खेल्ने छ । यस्ता पैदल मार्गहरु तथा धार्मिक महत्व बोकेका ऐतिहासिक संरचनाहरुलाई व्यवस्थित गरी व्यापक प्रचार प्रशार गर्न सके नगरपालिकाले तय गरेको लक्ष्य सजिलै हाँसिल गर्न सकिन्छ ।यस नगरपालिकामा रहेका पर्यटकीय पदमार्गहरु निम्नानुसार रहेका छन् ।

- सुन्दरीजल—चिसापानी—कुटुमसांग—ठाडेपाटी—मेलम्चीगाउँ—तार्केघ्याङ—घाङ्गह्युल—सेर्माथाङ्ग—मेलम्ची बजार ।(काठमाडौंको सुन्दरीजलबाट शुरु गरी हेलम्बु क्षेत्र हुँदै मेलम्ची बजार पुग्ने) ।
- गोसाँईकुण्ड (रसुवा)—घोप्टे —ठाडेपाटी—मेलम्ची—तार्केध्याङ—घाङ्गह्युल—सेर्माथाङ्ग—मेलम्ची बजार (गोसाँईकुण्ड पुगेका पर्यटकहरु फर्कने पदयात्रा मार्गको रुपमा) ।
- मेलम्चीबजार—तपेनी—मानेखर्क—भोताङ,हबेली—तापखर्क—नोस्याङ्गपाटी—पाँचपोखरी—तेम्बाथाङ्ग—क्यागसिँगगुम्बा—पाङ्गताङ्ग—जलबिरे—बलेफी (मेलम्ची बजारबाट शुरु गरी पाँचपोखरी पुगी अरनिको राजमार्गको बलेफी फर्कने) ।
- मेलम्ची बजार—पाल्चोक—ककनी—शेर्माथाङ्ग—घाङ्गह्युल—तार्केध्याङ—मेलम्ची गाउँ—डुक्खाङ्ग—तिम्बु—मेलम्ची बजार (मेलम्ची बजारबाट हेलम्बु क्षेत्रको पदयात्रा गरी फर्कने) ।

यस क्षेत्रमा रहेका संभावित अन्य पर्यटकीय क्षेत्रहरु देहाय अनुसार रहेका छन् :

| वडा नं | पर्यटकीय क्षेत्रहरु |
|---|---|
| १ | पताल गुफा, मौरी गुफा, धौनी छांगो (बन्जी जम्प गर्ने सम्भावना भएको) भूमेस्थान जात्रा, त्रिवेणी घाट जात्रा |
| २ | चमेरो गुफा बसहाचौर, आकाशे झरना, भन्ज्यांग थुम्कामा भ्यू टावर, तपचुली, त्रिवेणी घाट, अर्चलेदेवी मन्दिर, जालपादेवी मन्दिर, चिया बगान, किवी खेती, पौडेल सुवारा |

| वडा नं | पर्यटकीय क्षेत्रहरु |
|---|---|
| ३ | छेराहिटी डाँडा, धाप पोखरी, शिवपुरी भन्ज्यांग, पाटी भन्ज्यांग, प्रकृति रिर्सोट डाँडा (अर्गानिक खेती), कार्जे डाँडा, माछा फार्म, टर्की फार्म (खेती+ रिर्सोट), चिसापानी, किवी फार्म (४०० रोपनी) |
| ४ | धौले मन्दिर, थाना भञ्ज्याङ गढी (पृथ्वी नारायण शाहले नुवाकोट आक्रमण गर्न बनाएको गढी), सिन्धु सुरुङ (विद्यार्थीलाई शैक्षिक अवलोकन), पुरानो धौले गुम्बा |
| ५ | कोटदेवी मन्दिर, त्रिवेणी घाट, सिद्धेश्वर मन्दिर, धौले भूमेस्थान, धौले भ्यू टावर, धौलदेखि त्रिवेणी घाटसम्म केबलकार, सुलिकोट गुम्बा |
| ६ | धौले (पिकनिक स्पट, भ्यू टावर, पार्क), धुसेनी चौर मानेभञ्ज्याङ—बतासे डाँडा |
| ७ | पाल्चोक तथा हेलम्बु ट्रेकिङ्ग रुट |
| ८ | ककनी (ट्रेकिङ रुट, भ्यू प्वाइन्ट), ककनी पोखरी, |
| ९ | गुफाडाँडा, भष्मे सातधारा, लालिगुराँस क्षेत्र |
| १० | सिम्ले बगर पार्क, शितलादेवी मन्दिर |
| ११ | धौले, धुसेनी घ्यांग (तामाङहरुको ऐतिहासिक ठाउँ), |
| १२ | माझीटार बिरौटामा पिकनिक स्पट र पार्क |
| १३ | फट्केश्वरी महादेव, चण्डेश्वरी डाँडा |

यस नगरपालिका भित्र प्रशस्त धार्मिकस्थलहरु रहेका छन् । वडा नं ५ को कोटदेवी मन्दिर पृथ्वी नारायण शाहले नेपाल एकीकरण गरेको समयको हो भने वडा नं १ मा रहेको त्रिवेणी सिद्धेश्वर मन्दिर ११ औं सताब्दी निर्माण भएको मानिन्छ । क्षेत्रपाल भूमेस्थान १० औं शताब्दीमा निर्माण भएको किंवदन्ती रहेको छ । यस्ता महत्वपूर्ण स्थलहरुको पहिचान र प्रचारप्रसार भने हुन जरुरी छ ।

| वडा नं | मन्दिरको नाम |
|---|---|
| १ | केदारेश्वर मन्दिर, जल्केश्वर मन्दिर, निलकण्ठेश्वर मन्दिर, सेतिकादेवी मन्दिर, शिव मन्दिर, सिद्धेश्वर त्रिवेणी मन्दिर |
| २ | जालपादेवी मन्दिर, शिव मन्दिर |
| ३ | कालिका मन्दिर, भूमेथान मन्दिर, जाल्वीदेवी मन्दिर, सेल्बोन भूमेथान मन्दिर, बर्गाइ मन्दिर, देवीथान मन्दिर, लोकेश्वरी मन्दिर |
| ४ | कृष्ण मन्दिर, कुलायन मन्दिर, वत्शलादेवी मन्दिर, चण्डेश्वरी महादेव मन्दिर, धौलेश्वरी मन्दिर, काली सेतीदेवी मन्दिर, रिङ्गादेवी मन्दिर, शिव मन्दिर, गणेश पाल्चोक मन्दिर, पाञ्चायन मन्दिर |
| ५ | कोटदेवी मन्दिर, सिद्धेश्वर मन्दिर, धौलेभूमेस्थान, धौलेश्वरी मन्दिर, सुलिकोट घ्याङ (किलगुङ्ग गुम्बा) |

| | |
|---|---|
| ६ | धौलेश्वर महादेव मन्दिर, भूमेश्वरी मन्दिर, गौखुरेश्वर मन्दिर, कृष्ण मन्दिर |
| ७ | सुन्दरीदेवी मन्दिर, भीमसेन मन्दिर, कालिकादेवी मन्दिर, जालेवादेवी मन्दिर, गोल्मेश्वर महादेव, भीमसेन मन्दिर, भूमेश्वर महादेव मन्दिर, कृष्ण मन्दिर, भैरवी मन्दिर |
| ८ | कृष्ण मन्दिर, भीमसेनथान मन्दिर, उर्गेन दोङ छ्योलिङ गुम्बा, उर्गेन क्षखोर्लिङ गुम्बा, विन्दवासिनी मन्दिर |
| ९ | पञ्चकन्या मन्दिर, गोल्मास्थान मन्दिर, रक्तकालीदेवी मन्दिर, सातधारा मन्दिर, क्यौलेठाना मन्दिर, सातकन्या मन्दिर, नौलिङ्गेश्वर मन्दिर, महादेवी बुद्धि मन्दिर, काँडादेवी मन्दिर, मुलखर्क गुम्बा |
| १० | खाडिकादेवी मन्दिर, शितलादेवी मन्दिर, सेतीदेवी मन्दिर, शिकारी डाँडा मन्दिर, भूमेश्वरी मन्दिर, देवी मन्दिर, माझिगाउँको खड्कदेवी मन्दिर, आचार्य टोलको खडिका देवी मन्दिर, पञ्चकन्या देवी मन्दिर, ब्रह्मायणी देवी मन्दिर । |
| ११ | शिवालय र महाकाली देवी मन्दिर, गोरेश्वर मन्दिर, कृष्ण मन्दिर, शिव मन्दिर, पञ्चकन्यादेवी मन्दिर, इन्द्रेश्वर महादेवथान मन्दिर, भूमेथान मन्दिर, सातकन्या देवीथान मन्दिर, सुन्दरीदेवी कालिकाथान मन्दिर, सेतीदेवी मन्दिर, खानीगाउँको मन्दिर, ङग्युर छेकथोक हेसाल किल्गुङ लिङ्ग जमदार गुम्बा, |
| १२ | तिवारी कुलायन मन्दिर, भट्टराई कूलायन मन्दिर, महाकालीथान मन्दिर, माझी पित्रे डाँडा मन्दिर, जाल्पा मन्दिर, कालिका मन्दिर, शिव मन्दिर, कुलायनथान मन्दिर, कृष्ण मन्दिर, देवीथान मन्दिर, समसरीदेवी मन्दिर, जर्के खोला किनारको कुण्डेश्वरी मन्दिर, नाम्डोलोलिङ साङ्ग गुम्बा, |
| १३ | फट्केश्वरी मन्दिर, गोल्मेश्वरी मन्दिर, भीमसेनस्थान मन्दिर, चण्डेश्वरी मन्दिर, कोटदेवी मन्दिर, नेपालथोक सेतीदेवी मन्दिर |

## (११) विपद् व्यवस्थापन

मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची र ईन्द्रावती नदीमा आएको भिषण बाढीबाट मेलम्ची र ईन्द्रावती नदी तटीय क्षेत्रका भौतिक संरचनाहरु र जग्गा जमिनहरु अत्याधिक मात्रामा क्षति भएका छन् भने यस नगरपालिका क्षेत्र भित्रका अन्य स्थानहरुमा बाढी तथा पहिरोको कारण केही बस्तीहरु नै जोखिमयुक्त अवस्थामा रहेको छन् । मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट क्षति भएका भौतिक संरचनाहरुको पुनर्निर्माण र प्राकृतिक रुपमा जोखिमयुक्त पहिरो तथा बस्तीहरुको अध्ययन गरी जोखिमयुक्त बस्ती स्थानान्तरण गर्नुपर्ने देखिन्छ । मेलम्ची र ईन्द्रावती नदीका तटीय क्षेत्रहरु बाढीको उच्च जोखिममा रहेका छन् । यस नगरपालिका भित्रका जोखिमयुक्त बस्तीहरुलाई देहाय अनुसार उल्लेख गरिएको छ ।

| वडा नं | पहिरोको कारणबाट भएका जोखिमयुक्त स्थानहरु |
|---|---|
| १ | प्रधी टोल + मोक्तान टोल (४० घर), नेपाली टोल, भीमाल टोल, थापा टोल, पौडेलथोक, पुछार टोल, धापा चौर |
| २ | डाँडाघरे टोल, पुछार टोल, खर्काधारा टोल, ओपीको पहिरो सुयलछाप, खाँद सुँयलछाप |
| ३ | दहपोखरी, बोव्राङ, द्धारेटोल, फागुडाँडा, मझुवा, घ्लान टोल |
| ४ | पाटी भञ्यांग (३०— ३५ घर र एउटा स्कुल), थकनी पहिरो (१५० घर), वत्सला मन्दिर, चण्डेश्वरी मन्दिर |
| ५ | ढुंगेछाप सार्कीगाउँ (६० घर), गोलखाल्डा देउराली (५० घर र एउटा स्कुल) |
| ६ | कामीटोल, मगरटोल, दमाइटोल (साविका वडा नं. ५), नेपालगाउँ, निग्लिनी टोल, माझी टोल, दमाइ टोल (साविक वडा नं. ६), सिग्देल टोल, चाल्से टोल, कार्की टोल, घट्टेपाखा (भारती टोल), घट्टेपाखा, कामी टोल, रामदती टोल, देवीथान टोल, फलामी, जरायोटार, थकनीको पहिरोले गर्दा तालामाराङ बजार जोखिममा । |
| ७ | जुडी (आगलागी), गैराबारी, जुकेधारा, तालामाराङ खोला धार्नामुनि भीर (आगलागी) |
| ८ | खैरे (४६ घर), घट्टे खोला गैराघर, माझघर कल्चौर, छायाली टोल, तेर्से खोरिया, भीरकुना, रामदल टोल, ज्योति टोल |
| ९ | बस्नेत टोल, खानीपैरा, दुवारे टोल, स्यांबो टोल |
| १० | काफ्ले खोला, फलामे डाँडा, फलामे वेशी फाँट, सहरे तल्लो फाँट, जुडी फाँट, साँधखोला बस्ती, सहरे खोला घट्टे फाँट, चप्लेटी फाँट, ठूलोसिम खड्का टोल, खडिकादेवी, शिखरपुर खनालटोल, पहिरावारी पहिरापारी, राक्से टोल (भूकम्प), पहिरे खोला, सानासिम पहिरे टोल, वेशी टोल, सिम्बारी खोल्सा, सिम्बारीदेखि गैरी टोल, सानासिम पहिरे खोला । |
| ११ | दनुवार बस्ती, कठेरीदेखि स्कुल चोकसम्म, शिव मन्दिर— जागेश्वरी खोल्सा, कृष्ण मन्दिर— सार्के खोला, पुरानागाउँ बस्ती, कटुञ्जे चापागाई बस्ती, सार्की टोल, पाख्रिन टोल |
| १२ | गिरान्चौर— एकीकृत बस्तीको ब्लक बी, थाक्ले थामडाडा, बलेटार थाक्ले, गिरान्चौर नया बस्ती, खत्रीटोल बाँसबारी, माथिल्लो बाहृबिसे, देउराली टोल, चिलाउने वेशी, डाडाथोक माझीगाउँ । |
| १३ | चण्डेश्वरी प्रा. वि. माथिका र तलको भाग बाटो छेउमा, फटकशीला मा. वि., छाप भञ्याङ— ठाँटी हुँदै फटकेश्वरी सम्मको बाटो । |




## २.२.३ जनसांख्यिक विश्लेषण

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषका अनुसार सन् १९९५ देखि नेपालको जनसाङ्ख्यिक प्रवृत्तिमा सारभूत भिन्नताहरू देखापरेका छन् । यस प्रकारको भिन्नता देखापर्नुका पछाडि घट्दो जन्मदर र मृत्युदर, बढ्दो औसत आयु, पहिलो विवाह गर्दाको बढ्दो उमेर र शहर केन्द्रित तथा सुविधाहरू केन्द्रित बसाइसराइहरू मुख्य कारणहरू रहेको विश्लेषण छ । कम विकसित राष्ट्रको तहबाट मध्यम आय भएका मुलुकहरूको स्तरमा पुग्न राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यअनुरूप राखेको परिमाणात्मक लक्ष्य हासिल गर्न जनसाङ्ख्यिक चरहरूमा सकारात्मक सङ्केतहरू देखा पर्नु आवश्यक रहेको परिप्रेक्ष्यमा माथिको जनसाङ्ख्यिक विश्लेषण सकारात्मक दिशातर्फ नै उन्मुख देखिन्छ ।

केन्द्रिय तथ्याङ्क विभागले सन् २०१४ मा प्रकाशन अनुसार सन् १९९१—२००१ को औसत जनसङ्ख्या वृद्धिदर २.२५% प्रतिशतबाट घटेर सन् २००१—२०११ मा १.३५ प्रतिशत र २०११—२०२१मा ०.९३ प्रतिशत कायम हुनुका पछाडि जनसाङ्ख्यिक चरहरू जस्तैः ठूलो सङ्ख्यामा युवाहरू विदेशिनु, जनचेतनामा भएको सकारात्मक परिवर्तन, एकात्मक परिवारको सङ्ख्यामा वृद्धि आदिलाई ठानेको छ । अर्कोतर्फ आन्तरिक बसाइ सराइको प्रवृत्तिलाई हेर्दा हिमाल र पहाडबाट तराईतर्फ र ग्रामीण भेगहरूबाट शहरी केन्द्रहरूतर्फ बसाइसराइ गर्ने र एकात्मक परिवारको सङ्ख्या बढ्दै गएको देखिन्छ । यस प्रकारको बसाइसराइको प्रवृत्तिले गर्दा काठमाडौं उपत्यका, तराई तथा देशका अन्य शहरी केन्द्रहरूमा

जनसङ्ख्या वृद्धिको अत्यधिक चाप हुने र हिमाली तथा पहाडी जिल्लाहरू र विकट ग्रामीण क्षेत्रहरूमा जनसङ्ख्या वृद्धिदर ऋणात्मक समेत देखिन थालेको छ । यो प्रवृत्तिले निम्त्याएको अर्को पक्ष हो अनुपस्थित जनसङ्ख्या अर्थात् काम वा रोजगारीको सिलसिलामा ६ महिना वा सो भन्दा बढी समय आफ्नो मूल थलो छोडेर बाहिरिने जनसङ्ख्या सन् २००१ मा कुल ७,६२,१८१ हुँदा सन् २०११ को तथ्याङ्कमा १९,२१,४९४ देखिन्छ र २०२१ मा यो तथ्याङ्क २१,९०,५९२ देखिन्छ। यो क्रम पछिल्ला वर्षहरूमा थप वृद्धि हुने सम्भावना रहेको छ । साथै नेपालमा पछिल्ला वर्षहरुमा ग्रामिण क्षेत्रको तुलनामा शहरमा बस्ने जनसंख्यामा उल्लेख्य बृद्धि भएको छ राष्ट्रिय जनगणना २०७८ का अनुसार हाल कुल जनसंख्याको ६६.०८% जनसंख्या शहरी केन्द्रमा बसोबास गर्दछ । नेपालमा जनसङ्ख्या वृद्धिदरको प्रवृति विश्लेषण गर्दा विगतका वर्षहरूमा उच्च वृद्धिदर हालका वर्षहरूमा केही घटिरहेको अवस्थामा छ ।

२०७८ को जनगणना अनुसार मेलम्ची नगरपालिकाको कुल जनसंख्या ४१,०६३ छ जसमा ५१.४ % महिला र ४८.६% पुरुष रहेका छन्। यहाँ साक्षरता दर ६९.९% रहेको छ जसमा ७७.८ % पुरुष र ६२.५% महिला साक्षर रहेका छन्। मेलम्ची नगरपालिकामा कुल ११,१८० घरधुरी रहेको छ।




मेलम्ची नगरपालिकाको २०५८, २०६८ र २०७८ को तथ्यांकको तुलना गर्दा मेलम्चीको जनसंख्या घट्दै गईरहेको देख्न सकिन्छ। घट्दो जन्मदर, बैदेशिक रोजगारमा जाने क्रम साथै शहरतर्फ बढ्दो बसाईसराई प्रमुख कारणहरु हुन सक्छन।

## मेलम्ची नगरपालिकाको उमेर समूह तथा लिङ्ग अनुसारको जनसांख्यिक वितरण




## वडागत रुपमा जनसंख्याको वितरण

| वडा नं | पुरुष | महिला | वडागत जम्मा |
|---|---|---|---|
| १ | १२७७ | १३१३ | २५९० |
| २ | ५८२ | ६२१ | १२०३ |
| ३ | ९७१ | १०६३ | २०३४ |
| ४ | १३४६ | १४९३ | २८३९ |
| ५ | ११७४ | ११४४ | २३१८ |
| ६ | १२६० | १३६७ | २६२७ |
| ७ | १८९२ | २००० | ३८९२ |
| ८ | ८५८ | ९४५ | १८०३ |
| ९ | २०७५ | २२१८ | ४२९३ |
| १० | १५२१ | १६०६ | ३१२७ |
| ११ | २८९८ | ३००० | ५८९८ |
| १२ | २३३८ | २४९२ | ४८३० |
| १३ | १७७१ | १८३८ | ३६०९ |
| कुल जम्मा | १९९६३ | २११०० | ४१०६३ |




## २.२.४ सेवा प्रवाह र सेवा क्षेत्रको वितरण

संघीयताको मर्म र भावना अनुरुप गाँउ गाँउमा सिंहदरबार भन्ने नारालाई मुर्त रुप दिनका लागि नगरपालिकाले नगरपालिका केन्द्रको प्रशासनिक भवन तथा १३ वटा वडा कार्यालयहरुबाट विभिन्न प्रकारका सेवा प्रदान गरिएको छ । नगरपालिका भित्रका १३ वटा वडा कार्यालयहरु मध्ये ९ वटा वडा कार्यालयको प्रशासनिक भवन निर्माण सम्पन्न भएको छ भने बाँकी ४ वटा वडा कार्यालयका प्रशासनिक भवनहरु निर्माणाधिन अवस्थामा रहेका छन् । त्यसैगरी, सबै वडामा स्वास्थ्य चौकी भवनहरु निर्माण गरी स्वास्थ्य सेवा प्रदान गरिएको छ । नगरपालिका र अन्तर्गतका निकायहरुबाट नगर भित्रका नागरिकहरुलाई विभिन्न प्रकारका सेवाहरु उपलब्ध गराउनुको साथै नगरपालिका अन्तर्गत रहेका शैक्षिक संस्था, स्वास्थ्य संस्था लगाएतका संस्थाहरुबाट समेत प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री सेवा प्रदान गरिएको छ ।

यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयको रुपमा २१ वटा माध्यमिक विद्यालय, ४१ वटा आधारभुत विद्यालय,६९ वटा बालविकास केन्द्र संचालन भएका छन् भने संस्थागत रुपमा २ वटा माध्यमिक विद्यालय र ४ वटा आधारभुत विद्यालयहरुबाट गरी करिब दश हजार विद्यार्थीहरु लाभान्वित भएका छन् । उच्च शिक्षाका लागि २ वटा क्याम्पसहरु संचालनमा रहेका छन् भने प्राविधिक शिक्षा तर्फ डिप्लोमा तर्फको इन्जिनियरिङ र कृषि शिक्षा प्रदान गरिएको छ । नगरपालिका र नगरपालिकासंग

सिमाना जोडिएका छिमेकी पालिकाका नागरिकहरुलाई समेत स्वास्थ्य सेवा प्रदान गर्नको लागि मेलम्ची नगर अस्पताल,स्वास्थ्य चौकी, आयुर्वेद औषधालय,शहरी स्वास्थ्य केन्द्र,एकिकृत सेवा केन्द्र लगायतका स्वास्थ्य संस्थाहरु संचालनमा रहेका छन् ।

सेवा प्रवाहलाई सरल,मितव्ययी,पारदर्शी र प्रभावकारी बनाउनको लागि नगरपालिकाले कर संकलन प्रणाली, दर्ता सिफारिस एवं प्रमाणपत्र व्यवस्थापन प्रणाली, ईहाजिरी, पूर्वाधार व्यवस्थापन प्रणाली, न्यायीक मामिला व्यवस्थापन प्रणाली लगायतका विद्युतीय प्रणालीको प्रयोग गरिएको छ ।

## परिच्छेद-३

## ३. समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

मुलुक संघीय संरचनामा प्रवेश गरिसकेपछि तिनै तहको सरकारबीच योजनाको तादम्यता स्थापित गर्नु र साझा सोंच निर्माण गरी सम्पूर्ण श्रोत साधन दीर्घकालीन तथा दिगो विकास उन्मुखभई परिचालन गर्नु यस आवधिक योजनाको मुख्य उद्धेश्य रहेको छ । सो कार्यका लागि आवश्यक रणनीति तथा कार्यनीति हुँदै कार्यक्रम अख्तियार गरी नगर विकासको स्पष्ट मार्गचित्र तयार गर्नु यस आवधिक योजनाको मुलभूत अवाधरणा हो ।

सहभागितामुलक तथा समावेशी विकास सिद्धान्तको जगमा आवधिक योजना निर्माणको अवधारणा विकशित गरिएको हुन्छ । स्थानीय श्रोत साधनको सघन अध्ययन र सम्भावनाहरुको पहिचान गरि सो बिचको तादम्यता र अन्तरसम्बन्धमा आधारित भइ यो योजना बनाईएको छ ।

योजना निर्माणको वैज्ञानिक चरणहरु पार गर्दै बनाइएको यस आवधिक योजनाको पहिलो चरण भनेको स्थानीय अवस्था र इतिहासको अध्ययन तथा विश्लेषण गर्नु रहेको छ । उक्त चरण पार गरिसकेपछि नगरपालिकाको अवस्थाको विश्लेषण गरि सम्भावना चुनौती र अवसरहरुको किटान गरिन्छ र त्यसपछि निर्देशक सिद्धान्त हुँदै दीर्घकालीन सोंच र उद्धेश्य सहित समग्र कार्यक्रमसम्मको स्पष्ट खाका यस आवधिक योजनामा उल्लेख गरिएको छ ।

| सबल पक्षः मुख्य संभावना र अवसरहरू |
|---|
| • समुद्री सतहबाट करिव २२०० मिटर उचाइको हिउँ पर्ने क्षेत्र देखि ७०६ मिटर कम उचाईको समथर क्षेत्र भएको । |
| • नेपालकै पहिलो जलवायु सम्मेलन गरिएको गुफाडाँडा, धौलेश्वरी मन्दिर, भोटेचौर क्षेत्र, चिसापानी क्षेत्र, फट्केश्वर महादेवस्थान, तपचुली, थानाभञ्याङ्गगढी लगायत धार्मिक, पर्यटकीय क्षेत्रहरु भएको । |
| • मेलम्ची नदी तथा ईन्द्रावती नदी लगायतको जलाधार क्षेत्रहरु प्रशस्त भएको । |
| • कृषि उत्पादनको लागि मकै, धान, गहुँ, आलु, सुन्तला किबी फलफुल, तरकारी लगायतका कृषि उत्पादनका पकेट क्षेत्रहरु विकास हुँदै गएको । |
| • शहरीकरण बढ्दै गएको, बजारको पहुँच नजिक रहेको र काठमाडौं, बनेपा र भक्तपुरसम्मको दुरी नजिक रहेको । |
| • राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको मध्यपहाडी लोकमार्ग यसै पालिका हुँदै अगाडि बढ्नु । |

| |
|---|
| • स्थानीय सरकारको गठन पश्चात आफ्नो आवश्यकता र विशिष्ठताको आधारमा योजना निर्माण तथा कार्यान्वयन गर्ने/गराउँने अधिकार स्थानीय सरकारलाई भएको । |
| • भौगोलिक, जैविक विविधता र पर्यावरणीय विविधता रहेको छ । |

| दुर्बल पक्षः प्रमुख समस्याहरु र चुनौतीहरु |
|---|
| • नगरपालिकाको भौगोलिक बनावट बिकट तथा फराकिलो भएकोले पूर्वाधार निर्माणमा कठिनाई हुने गरेको । |
| • सम्पूर्ण खेतीयोग्य जग्गा जमिनमा सिंचाई पुर्याउँन नसकिएको । |
| • भकम्प, आगलागी, बाढी पहिरो, अतिवृष्टि, अनावृष्टि, चट्टयाङ, हिमपात, जंगली जनावरको आतङ्क जस्ता विपद्हरु बारम्बार दोहोरिने गरेको । |
| • कृषि तथा पशुपालन व्यवसाय निर्वाहमुखी भएको । |
| • युवा जनशक्तिहरु विदेश पलायन तथा शहरी क्षेत्रमा बसाई बढ्दै गएको । |
| • पर्यटकीय पूर्वाधार विकासको लागि श्रोतको अभाव रहेको । |
| • स्वास्थ्य तथा शिक्षामा गुणस्तरीय सेवा प्रदान गर्न दक्ष जनशक्तिको अभाव रहेको । |
| • फोहरमैलाको उचित व्यवस्थापन हुन नसकेको |
| • पर्यटकीय सम्भावनाहरुको विस्तारीकरण र व्यवसायीकरण हुन नसक्नु । |
| • उद्योगको प्रवर्द्धन र विकासमा आवश्यक नीति निर्माणको कमी रहनु । |

## ३.१ नगरपालिकाको समृद्धिका मुख्य संवाहकहरु

### ३.१.१ कृषि तथा पशुपालन

भौगोलिक तथा हावापानीको विविधताको कारण यस नगरपालिका भित्र विभिन्न प्रजातीका कृषि फलफुल, नगदे बाली तथा पशुपालनको अधिक संभावना रहेको छ । कृषि तथा पशुपालन व्यवसायलाई आधुनिक तथा व्यवसायीकरण गरी उक्त उत्पादनहरुलाई उद्योगसंग जोडी नगरवासीहरुको आर्थिक समृद्धिको प्रमुख श्रोतको रुपमा विकास गर्न सकिन्छ ।

### ३.१.२ पर्यटन

प्राकृतिक रुपमा सुन्दर तथा विविधतायुक्त यस नगरपालिकामा रहेका ऐतिहासिक, पुरातात्विक सम्पदाहरु, धार्मिक, पर्यटकीय पूर्वाधारहरुमा लगानी गरी आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षित गराउन सक्ने संभावना बोकेको यस नगरपालिकामा कृषि पर्यटनको संभावनालाई पनि उतिकै जोड दिनुपर्ने आवश्यकता देखिन्छ ।प्राकृतिक सुन्दरता, हिमाल, पहाड, वनजंगल, खोला, पोखरी आदि, महत्वपपूर्ण धार्मिक तथा तिर्थस्थल भएको, विभिन्न जातजातिको विशेष पहिचान सहितको संस्कृति भएको र काठमाण्डौ उपत्यकाबाट भौगोलिक रुपमा नजिकै रहनुका साथै होमस्टे, ग्रामीण पर्यटन, भिलेज वाक, ट्रेकिङको संभावना भएको हुँदा मेलम्ची नगरपालिकाले पर्यटन क्षेत्रबाट उल्लेखनिय लाभ लिन सक्ने देखिन्छ। यसका लागि चाहिने पर्यटन पूर्वाधार र एकीकृत पर्यटन योजनाहरुलाई रणनैतिक ढंगबाट कार्यन्वयन गर्न सके पर्यटन क्षेत्रबाट आम्दानी हुने देखिन्छ । यति मात्र नभएर यहाँको संस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, रिसोर्ट, होमस्टे जस्ता ठाँउहरु विद्यमान रहनुका साथै कृषि ग्रामको रुपमा विकास गर्न सके कृषि पर्यटनको समेत व्यापक संभावना रहेकोले यस नगरलाई सम्पदा पर्यटकीय नगरका रुपमा विकास गर्न सकिने प्रशस्त आधारहरु रहेका छन ।

### ३.१.३ स्थानीय कच्चा पर्दाथमा आधारित उद्योगहरु

यहाँको मुख्य उत्पादनहरु धान, किबी र दुग्धलाई प्रशोधन गरी सोसंग सम्बन्धित उद्योगहरुको स्थापना गर्न सकेमा कृषकहरुले उचित मूल्य पाउने, रोजगारीको सिर्जना हुने र स्थानीय उत्पादनको पहिचान समेत हुन सक्ने देखिन्छ ।

यस नगरपालिकाको प्रमुख विकास संवाहकको रुपमा रहेको कृषि क्षेत्रको समुचित विकास पश्चात कृषि उपजमा आधारित प्याकेजिङ, प्रशोधन र गुणस्तर कायम गरी त्यस्ता बस्तुहरूको ब्रान्डिङ गर्न, उद्योगहरु खोल्न सकिने ठूलो संभावना रहेको छ। यस क्षेत्रमा नदीजन्य पदार्थको प्रशोधन गर्नको लागि क्रसर उद्योग संचालनको प्रभावकारी प्रयोग भएको देखिन्छ। नदीजन्य पदार्थको बिक्री वितरण यस नगरपालिकाको आम्दानी महत्वपूर्ण हिस्सा रहेको छ । त्यसैगरी, सिन्धुकोटमा रहेको छाला उद्योगलाई अभिवृद्धि गरी बजारीकरण गर्न सकेमा रोजगारीको सिर्जना हुनुको साथै आर्थिक वृद्धि समेत हुन सक्ने देखिन्छ ।

### ३.१.३ खानी तथा निर्माण जन्य साम्रागीहरु

खनिज सम्पदा प्राकृतिक श्रोतहरु मध्ये एउटा महत्वपुर्ण श्रोत हो ।नेपाल प्राकृतिक श्रोत र साधनले भरिपुर्ण मुलुक हो । मेलम्ची नगरक्षेत्रभित्र पनि विभिन्न प्रकारका खनिज तत्वहरु रहेको अनुमान गरिएको छ ।नगर क्षेत्रको पश्चिम कुना देखि पुर्वसम्म बग्ने मेलम्ची र मेलम्ची नगरपालिकाको वडा नं ११ मा उत्तर तर्फबाट आएर मिसिने ईन्द्रावती खोलाले हरेक वर्ष सयौं मेट्रिक टन निर्माण जन्य प्रदार्थ ल्याउने गर्दछ ।यि दुवै खोलाको तटिय क्षेत्रमा पर्ने हुनाले यस मेलम्ची नगरपालिका बालुवा, गिटि, ढुङ्गा जस्ता नदिजन्य खनिज पदार्थहरुको उत्खनन् र

बिक्रि वितरणबाट आर्थिक रुपमा सम्पन्न हुन सक्ने प्रयाप्त संभावना रहेको छ ।राजधानीबाट नजिकै हुनु र पर्याप्त मात्रामा निर्माणजन्य सामाग्रीहरुको उपलब्ध हुनु मेलम्ची नगरपालिकाको सबल पक्ष हो ।आफ्नै श्रोत वा अन्य निकायहरुको समन्वयमा त्यस्ता खानीजन्य श्रोत र साधनको सदुप्रयोग गर्न सके समुन्नत मेलम्चीको लक्ष्य हासिल गर्न सकिन्छ ।

### ३.१.३ प्राकृतिक स्रोत तथा जलाधार

मेलम्ची नगरक्षेत्रको भौगोलिक अवस्थिति तथा बाह्रै महिना हिँउले ढाकिएका हिमालको नजिक रहेको हुनाले यस क्षेत्रमा प्रशस्तै जलाधार रहेका छन् ।हिमालबाट शुरु भई मेलम्ची नगरक्षेत्रको मध्य भाग हुदै अगाडि बग्ने मेलम्ची र ईन्द्रावती नदि जलस्रोतका मुख्य आधारहरु हुन । यसका अतिरिक्त यस नगरको भुभाग हुदै बग्ने खाल्डे खोला, काफ्ले खोला, सहरे खोला, ढाँड खोला, जर्के खोला, सिन्धु खोला, तालामाराङ खोला लगाएतका सहायक खोलाहरुले यस भेगको कृषि योग्य क्षेत्रलाई सिंचित गर्न पर्याप्त पानीको श्रोत उपलब्ध गराएको छ ।यस नगरपालिका भित्र खानेपानीको लागि समेत पर्याप्त मुहानहरु रहेका छन्।

यस नगरपालिका भित्र रहेका वनजंगल, भिरपाखा, खोलानाला लगायतका प्राकृतिक श्रोतहरुको उच्चतम र दिगो विकास तथा उपयोग गर्न सकेमा यस भेगको सम्रग विकासमा महत्वपुर्ण टेवा पुग्न सक्ने देखिन्छ ।

## ३.२ विकासका मुख्य सहयोगी क्षेत्रहरु

### ३.२.१ मेलम्ची खानेपानी आयोजना

नेपालको राजधानी काठमाडौंमा मेलम्ची तथा याङ्री लार्के खोलाबाट खानेपानीको आपूर्ति गर्ने सरकारको राष्ट्रिय गौरवको आयोजना भएकोले उक्त आयोजनाले यस क्षेत्रको बाटोघाटो लगायतका क्षेत्रमा सरकारको ध्यानाकर्षण भएको देखिन्छ ।

### ३.२.२ मध्यपहाडी लोकमार्ग

सरकारको Game Changer आयोजनाको रुपमा रहेको मध्यपहाडी लोकमार्गको रुपमा रहेको पाटीभञ्ज्याङ बाहुनेपाटी खण्ड यसै नगरपालिका क्षेत्र भित्र पर्ने भएकोले नेपालको पूर्व पश्चिमको यातायात पहुँचलाई सहज बनाएको छ भने पिप्ले भदौरे, बाहुनेपाटी क्षेत्रहरुमा नयाँ शहरको संभावनाको ढोका समेत खुलाएको छ ।

### ३.२.३ जनसांख्यिक लाभांश

राष्ट्रिय जनगणना २०७८ बमोजिम मेलम्ची नगरपालिकाको १५ वर्ष देखि ५९ वर्ष उमेर समूहका जनसंख्या ६२.३ प्रतिशत रहेकाले यसले पनि नगरको समग्र विकासमा सकरात्मक परिवर्तनको संभावना बोकेको छ ।

### ३.२.४ प्राकृतिक सम्पदा एवं धार्मिक ऐतिहासिक सम्पदाहरु

खोलानाला, पहाड, खेतीयोग्य भूमि, वनजंगल लगायतका प्राकृतिक सम्पदा नै नगरको प्रमुख सम्पत्ति रहेको छ । साथै, यहाँका धार्मिक पर्यटकीय सम्पदाहरुले यस क्षेत्रको विकासका संभावनाहरुलाई उजागर गरेको पाइन्छ ।

## ३.३ दीर्घकालिन सोच, निर्देशक सिद्धान्त र समष्टिगत लक्ष्य

| दीर्घकालीन सोंच |
|---|
| "सुन्दर, आत्मनिर्भर र समृद्धशाली मेलम्ची नगर "<br><br>(क) सुन्दर नगर : प्राकृतिक विविधताको उपयोग गरी धार्मिक, सांस्कृतिक, ऐतिहाँसिक, पर्यटकीय क्षेत्रहरुको विकास गरी सुन्दर नगरीको निर्माण गर्ने परिकल्पना गरिएको छ ।<br>(ख) आत्मनिर्भर नगर : कृषि, पशुपालन, उद्योग र पर्यटन क्षेत्रको विकास गरी आर्थिक रुपमा आत्मनिर्भर नगर बनाउने परिकल्पना गरिएको छ ।<br><br>(ग) समृद्धशाली नगर : नगरको आर्थिक, सामाजिक, वातावरणीय, पूर्वाधार तथा सेवा प्रवाहलाई दीगो, उत्थानशील, प्रविधिमैत्री तथा स्थानीय आवश्यकताको आधारमा सबैको सहज पहुँचमा पुर्याउँदै नगरलाई समृद्धशाली बनाउने परिकल्पना गरिएको छ । |
| निर्देशक सिद्धान्त |
| ✓ व्यवसायिक कृषिको विस्तारीकरण र विविधिकरण<br>✓ उद्यम प्रवर्धन र रोजगारी सिर्जना<br>✓ सिपमुलक शिक्षाको विस्तार<br>✓ सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा<br>✓ दिगो पूर्वाधार निर्माण<br>✓ समानता, सामाजिक समावेशिता तथा कानूनी राज्यको प्रत्याभूति<br>✓ समावेशी तथा सहभागितामुलक विकास निर्माण तथा योजना निर्माण<br>✓ वनको समुचित उपयोग तथा पर्यावरण प्रवर्धन<br>✓ व्यवस्थित सहरीकरण तथा योजनावद्ध विकास<br>✓ सूचना प्रविधिमा आधारित, पारदर्शी तथा जनमुखी सरकारी सेवा |

| समष्टिगत लक्ष्य |
|---|
| ✓ सामाजिक, आर्थिक, वातावरणीय तथा विपद् व्यवस्थापन पूर्वाधार विकास, संस्थागत विकास र सेवा प्रवाहलाई स्थानीय आवश्यकताको आधारमा सबैको पहुँचमा सहज, सर्वशुलभ र दीगो तथा उत्थानशिल बनाउँदै लैजाने । <br>✓ जनमुखी असल शासन प्रवाह गर्न अन्य संघ, प्रदेश र स्थानीय तहहरुले अवलम्बन गरेका असल अभ्यासहरुलाई हाम्रो परिस्थिति तथा वातावरण सुहाउँदो तरिकाले अवलम्बन गर्ने । <br>✓ कानूनी राज्यको सिद्धान्त अनुरुप संघ, प्रदेश र स्थानीय तहको सहअस्तित्व , सहकार्य र समन्वयको सिद्धान्तलाई अवलम्वन गर्न आवश्यक ऐन, नियम र नीति बनाई कार्यान्वयन गर्ने । <br>✓ यो योजना अवधिसम्ममा मेलम्ची नगरपालिका भित्र साना तथा मझौला उद्योगहरुका लागि औद्योगिक केन्द्रको रूपमा विस्तार गरी स्थानीय रोजगारीमा ३ गुणाले वृद्धि गर्ने । <br>✓ खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै व्यवसायिक कृषि प्रवर्धनका लागि दुध र मासुजन्य क्षेत्रका पकेट क्षेत्र निर्धारण गरी कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने । <br>✓ विद्यालय भर्नादरमा उल्लेख्य वृद्धिभई माध्यमिक तहसम्मका विद्यार्थी अन्यत्र पढ्न जानुपर्ने अवस्थाको अन्त्य गर्ने । <br>✓ नगरभित्र एउटा विशिस्तिकृत नगर अस्पतालको निर्माण भई आधारभूत स्वास्थ्य सेवाको लागि काठमाडौं जानुपर्ने परिपाटीको अन्त्य गर्ने । <br>✓ नगर लगानी सम्मेलनको दोश्रो संस्करण सम्पन्न गर्ने । <br>✓ समयानुकुल सूचना प्रविधिको अधिकतम प्रयोगमा सर्वसाधारणको पहुँच विस्तार गरी सरकारी सेवाहरु लिन कार्यालयसम्म धाउनु पर्ने अवस्थाको न्युनिकरण गर्ने । |

## समष्टिगत परिणात्मक लक्ष्य

| क्र.स | सुचक | आधार वर्ष | अन्तिम वर्ष | स्रोत |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर | ६.८ | ७.५ | |
| २ | प्रतिव्यक्ति कूल राष्ट्रिय आय अमेरिकी डलर | १००४ | १२०० | |
| ३ | गरिबीको रेखामुनी रहेको परिवार संख्या | २२७६ | ११०० | |
| ४ | बहुआयामिक गरिबीको रेखामुनी रहेको परिवार संख्या | ६४९ | ३०० | |
| ५ | पुर्ण बेरोजगारी प्रतिशत | २.५ % | १% | |
| ६ | ३० मिनेटको दुरीमा यातायात पहुँच | ५०% | ९०% | |
| ७ | ३० मिनेटको दुरीमा स्वास्थ्य सेवाको पहुँच | ७२% | ९०% | |
| ८ | इन्टरनेट प्रयोगकर्ता परिवारको प्रतिशत | ३० % | ७०% | |
| ९ | अपेक्षित सरदर आयु | ६८ | ७३ | |

| | | | | |
|---|---|---|---|---|
| १० | मातृ मृत्युदर (प्रति लाख जिवित जन्ममा ) | ०.१५% | ०.०५% | |
| ११ | पाँच वर्ष मुनको बालमृत्युदर (प्रति हजार जन्ममा) | ३.३% | १.५ % | |
| १२ | शिशु मृत्युदर एक वर्ष मुनी (प्रति हजार जन्ममा) | २.८ % | १% | |
| १४ | साक्षरता दर प्रतिशत | ७१.१५% | ७५% | |
| १५ | विद्यालय भर्ना दर | ८५% | ९५% | |
| १६ | ३० मिनेटको दुरीमा शिशु कक्षासम्मको पहुँच रहेको दर | ९५% | १००% | |
| १७ | आधारभूत तहमा विद्यार्थी भर्नादर | ८१% | ९०% | |
| १८ | आधारभूत तहमा विद्यालय छाड्ने दर | ३.६% | ३% | |
| १९ | माध्यमिक तहमा भर्ना दर | ८५.८३% | ९०% | |
| २० | उच्च शिक्षामा भर्ना दर | ६२% | ७०% | |
| २१ | आधारभूत खानेपानीको सुविधा प्राप्त जनसंख्या | ७०% | १००% | |
| २२ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या प्रतिशत | १३% | १५% | |
| २३ | निकृष्ट प्रकारको बालश्रम प्रतिशत | १५.३% | १०% | |
| २४ | घरेलु तथा लैङ्गिक हिंसाको दर | ६५% | ५०% | |
| २५ | कृषियोग्य भूमि मध्ये सिंचित क्षेत्रको प्रतिशत | २८% | ३०% | |
| २६ | सम्पूर्ण नगरपालिका भित्रको कालोपत्रे सडक कि.मि. | | | |
| २७ | सबै वडा कार्यालयसम्म बाह्रै महिना यातायातको पहुँच पुगेको | | | |
| २८ | आफ्नै स्वामित्वमा आवास भएको परिवारको प्रतिशत | ८५% | ९०% | |
| २९ | व्यवसायिक पशुपालन तथा कृषि व्यवसायको संख्या | | | |

## प्रमुख रणनीतिहरु

- आर्थिक क्षेत्रका मूल स्तम्भहरु जस्तै कृषि, उद्योग र पर्यटन क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरुलाई वैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धि तुल्याउने ।
- हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रुपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिंचाई, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने ।
- सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धान तर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने ।

- सामाजिक न्याय स्थापित गरी समावेशिकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने ।
- विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवद्र्धन हुने क्रियाकलाप समेत गर्न सोको सुनिश्चितता गर्ने ।
- जनमुखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरुमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरुप अनुशरण गर्ने ।

## ३.४ पालिकाको वित्तिय श्रोत र आय अनुमान

यो आवधिक योजना मेलम्ची नगरपालिकाको नेतृत्वमा संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र गैरसरकारी तथा जनसमुदायको सक्रिय सहभागिता तथा अन्य विकास साझेदार समेतको समन्वय सहभागिता र सहकार्यमा कार्यान्वयन गरिनेछ । यस योजनाले निर्दिष्ट गरेका लक्ष्य उद्देश्य अनुसार वार्षिक रुपमा कार्यक्रम बजेट तर्जुमा नियमित रुपमा समीक्षा र पृष्ठपोषणअनुरुपको सुधार सहित कार्यान्वयन हुने अपेक्षा गरिएकोछ । यो योजना कार्यान्वयनको अवधिमा नगरपालिकाको विकासका लागि आन्तरिक, वाह्यय श्रोत र अन्य श्रोतबाट करीव जम्मा रु ७ अरव ६९ करोड ७८ लाख श्रोत उपलब्ध हुन सक्ने प्रक्षेपण गरिएको छ । श्रोत अनुसारको आय प्रक्षेपण तालिका अनुसुची ४ मा प्रस्तुत गरिएको छ ।

## ३.५ क्षेत्रगत योजना प्राथमिकीरण र बजेट अनुमान

### ३.५.१ योजना प्राथमिकीकरण

यस आवधिक योजना तर्जुमाका क्रममा पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरुको आधारमा सहभागितामूलक छलफलबाट तल उल्लेख गरिए अनुसारका विषय क्षेत्रहरुको प्राथमिकता क्रम निर्धारण गरिएको छ । आवधिक योजनाको बजेट प्रक्षेपण गर्दा अनिवार्य दायित्वहरुका लागि नै कुल बजेटको करीव ४०.६ प्रतिशत रकम खर्च हुने देखिन्छ । बजेटको बाँकी ५९.४ प्रतिशत रकम मात्र विभिन्न विषयगत कार्यक्रमहरुका लागि उपलब्ध हुनसक्ने अवस्था रहेको छ । यी प्राथमिकताका आधारमा नगरपालिकाले योजना छनौट, लगानी बृद्धि तथा उचित कार्यान्वयन गर्दा सन्तुलित, समावेशी तथा दिगो विकास हुने देखिन्छ ।

१. सडक तथा यातायात
२. शिक्षा (कार्यक्रम)
३. स्वास्थ्य (कार्यक्रम)

४. वन, वातावरण, जलाधार संरक्षण तथा विपद् व्यवस्थापन

५. आवास, भवन तथा बस्ती विकास, संपदा पुर्वाधार

६. कृषि तथा पशुपन्छी

७. सिंचाई

८. खानेपानी तथा सरसफाई

९. पर्यटन

१०. खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति

११. लैङ्गिक समानता तथा जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशिकरण

१२. फोहोरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रण

१३. बालबालिका

१४. खेलकुद तथा मनोरन्जन

१५. सुशासन तथा सेवा प्रवाह

१६. उर्जा

१७. संस्कृति, भाषा, कला तथा साहित्य

१८. सामाजिक सूरक्षा तथा संरक्षण

१९. भु-उपयोग तथा भुमि व्यवस्थापन

२०. युवा, रोजगार तथा उद्यम

### ३.५.२ बजेट अनुमान

गत आर्थिक वर्षहरुमा नगरपालिकामा भएका खर्चहरुको प्रकृति, क्षेत्रगत प्राथमिकीकरण तथा आवधिक योजना निर्माण गर्ने क्रममा प्राप्त सुझावहरुलाई आधार मानि यस आवधिक योजनाका लागि बजेट अनुमान तयार गरिएको छ । यस अवधिमा कुल रु ८ अर्ब ४० करोड ४४ लाख ४९ हजार खर्च हुने अनुमान गरिएको छ जसमा रु ७ अर्ब ६९ करोड ७८ लाख ४० हजार आन्तरिक आय विभिन्न शिर्षकमा प्राप्त हुने संघीय प्रदेश अनुदानबाट व्यहोरिने छ भने योजना अवधिका लागि अपुग हुने ७० करोड ६६ लाख ९ हजार श्रोत व्यवस्थापन गर्नुपर्ने देखिन्छ । वार्षिक रुपमा योजना अवधिमा उपलब्ध हुन सक्ने राजस्व तथा अनुदान प्राप्ती, बजेट अनुमान र अपुग हुने रकमको प्रक्षेपण तालिका देहाय अनुसार रहेको छ ।

**तालीकाः नगरपालिकाको पहिलो आवधिक योजनाको लागि आय, व्यय तथा अपुग हुने रकमको प्रक्षेपण (अंक रु हजारमा)**

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| अनुमानित प्राप्ती | **१६८१९२९** | **१६२१८३०** | **१६६२५८१** | **१६८४८४२** | **१७५३२६७** | **८४०४४४९** |
| बजेट अनुमान | **१६८१९२९** | **१४७५५३९** | **१४७८३४७** | **१५२२८७७** | **१५७१८१९** | **७६९७८४०** |
| अपुग हुने रकम | **०** | **०** | **१८४२३४** | **१६१९६५** | **१८१४४८** | **७०६६०९** |

क्षेत्रगत तथा उप क्षेत्रगत रुपमा तयार गरिएको बजेट प्रक्षेपण अनुसूची ५ मा रहेको छ ।

## ३.६ रुपान्तरणकारी योजना

मेलम्ची नगरपालिकाको विकास प्रक्रियालाई बहुआमायिक प्रभाव पार्ने कार्यक्रम/योजनालाई नगरपालिकाको रुपान्तरकारी योजनाको रुपमा प्रस्ताव गरिएको छ । यसरी प्रस्ताव गरिएका योजनाहरु देहाय अनुसार रहेका छन् ।

(क) भोटेचौर तपचुलि क्षेत्र, घौले तथा गुफाडाँडा क्षेत्रलाई एक आपसमा अन्तरआवद्धता गर्दैं साहसिक तथा मनोरम पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।

(ख) पालिकाको सम्भाव्य उच्च स्थानमा नमुना आवाशिय माध्यमिक विद्यालयको स्थापना गर्ने

(ग) मेलम्ची बजारमा स्थानीय संस्कृति भाषा खानाको प्रवर्द्धन गर्दे होमस्टे संचालन गरी यहाँबाट शुरुहुने विभिन्न पदमार्गहरुको प्रवेश विन्दुका रुपमा विकास गर्ने ।

(घ) सिन्धु खोलामा जलाशय निर्माण गरी एकिकृत पर्यापर्यटन, खानेपानी, सिचाई विद्युत उत्पादनमा उपयोग गर्ने ।

(ङ) नगर चक्रपथ

**<u>रुपान्तरणकारी योजनाहरुको परिचय :</u>**

### १. भोटेचौर तपचुली क्षेत्र, धौले, गुफाडाँडा क्षेत्र

समुद्री सतहबाट करिव २२०० मि. उचाइमा रहका भोटेचौर, तपचुली, धौले र गुफाडाँडा पर्यटकीय क्षेत्र मेलम्ची नगरपालिका वडा नं. १, २, ४, ६ र ९ मा पर्दछन् । यस क्षेत्रमा शितोष्ण हावापानी पाइनुको साथै यी क्षेत्रहरु नगरपालिकाको महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको छ । नेपालको राजधारी काठमाडौंबाट निजक रहेको र मेलम्ची नगरपालिका वडा नं. ९ को गुफाडाँडामा प्रथम जलवायु सम्मेलन आयोजना गरिएको तथा भोटेचौर तपचुली क्षेत्रमा पर्यटन पूर्वाधारको निर्माण एवं प्रवर्द्धन गर्नको लागि काठमाडौं

महानगरपालिका र मेलम्ची नगरपालिका बीच सम्झौता भई पर्यटन पूर्वाधार निर्माणको साझेदारी कार्यक्रम संचालन गरिएको छ । यो क्षेत्र काठमाडौंसंग सिमाना जोडिएको र अत्यन्त नजिक भएकोले पर्यटन पूर्वाधारको निर्माण गर्न सके यो स्थान पर्यटकहरुको नजिकको गन्तव्य समेत हुन जाने देखिन्छ ।मेलम्ची नगरपालिका वडा नं.१ र २ स्थित भोटेचौर तपचुली क्षेत्र प्यारागलाइडिङ उडानको लागि समेत संभावित क्षेत्र भित्र पर्दछ । त्यसैगरी, मेलम्ची नगरपालिका वडा नं. ४ र ६ को संगममा रहेको धौले क्षेत्रमा धार्मिक एवं पर्यटकीय हिसाबले समेत महत्वपूर्ण रहेको छ । यस क्षेत्रमा हाल पुरातात्विक मठ मन्दिर, तालिम हल र फुट ट्रेल निर्माण भएको छ । नगरपालिका भित्रका यी क्षेत्रहरुलाई एकआपसमा पर्यटकीय गन्तव्यको रुपमा जोड्न सके नगरपालिका र नगरवासीको आर्थिक वृद्धि हुनुको साथै मनोरम र साहसिक पर्यटकीय गन्तव्यको रुपमा विकास हुनेछ ।

**२. पालिकाको सम्भाव्य उच्च स्थानमा नमूना आवासीय मा.वि. स्थापना गर्ने :**

मेलम्ची नगरपालिका क्षेत्र भित्र हाल २१ वटा माध्यमिक विद्यालय र ४१ वटा आधारभूत विद्यालय गरी जम्मा ६२ वटा सामुदायिक विद्यालयहरु संचालनमा रहेका छन् ।यी विद्यालयहरुमा गुणस्तरयुक्त र प्राविधिक शिक्षा प्रदान गरी नगर भित्र दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न आजको आवश्यकता रहेको छ । गुणस्तरीय शिक्षा प्रदान गरी दक्ष जनशक्तिहरुको उत्पादनका लागि नगरपालिका भित्रको गुफाडाँडा र धौले क्षेत्रमा नमूना आवासीय विद्यालयको निर्माण गर्न सके यस क्षेत्रको शैक्षिक गतिविधिमा नयाँ कोशे ढुङ्गा सावित हुनेछ । यी क्षेत्रहरु पर्यटकीय र मनोरम क्षेत्रको रुपमा रहेको र काठमाडौंबाट नजिक रहेकोले समेत नगरपालिका तथा देश भित्रका अन्य विद्यार्थीहरु पठन पाठन गर्ने उपयुक्त स्थानको रुपमा विकास गर्न सकिन्छ ।

**३. मेलम्ची बजारमा स्थानीय संस्कृति भाषा खानाको प्रवर्द्धन गरी होमस्टे संचालन गरी विभिन्न पदमार्गको प्रवेश विन्दुको रुपमा विकास गर्ने :**

मेलम्ची नगरपालिका वडा नं. ११ को मेलम्ची बजार हेलम्बु गाउँपलिका, पाँचपोखरी थाङपाल गाउँपालिका र ईन्द्रावती गाउँपालिकाको प्रवेश विन्दुको रपमा रहेको बजार क्षेत्र हो भने मेलम्ची बजार माथि उल्लिखित विभिन्न पालिकाहरको समेत केन्द्र बजारको रुपा रहेको छ ।यस बजारमा स्थानीय खाना, कला संस्कृति, भेष भुषा सहितको होमस्टे संचालन गर्नको लागि प्रवल संभावना रहेको छ । अन्य पालिका प्रवेश गर्ने पर्यटक एवं नागरिकहरु मेलम्ची बजार हुँदै प्रवेश गर्ने भएकोले यो बजारलाई पर्यटहरुको ट्रान्जिट प्वाइन्टको रुपमा विकास गर्न सकिन्छ । यसै बजारबाट हेलम्बुको शेर्माथाङ, पाँचपोखरी थाङपाल गाउँपालिकाको प्रसिद्ध

तिर्थस्थल पाँचपोखरी र हेलम्बुबाट रसुवा जिल्लाको गोसाइकुण्ड तिर्थस्थल समेत मेलम्ची बजार हुँदै जान सकिने भएकोले यो क्षेत्र होमस्टे संचालनको लागि उपयुक्त स्थानको रुपमा रहेको छ । स्थानीय उत्पादनको बिक्री वितरण र प्रवर्द्धन, स्थानीय भाषा, कला कौशल र संस्कृतिको जगेर्ना गरी पर्यटन प्रवर्द्धनसंग आवद्ध गर्न सकेमा मेलम्ची बजारमा होमस्टे संचालनको प्रचुर संभावना रहेको छ र यस कार्यले मेलम्ची नगरवासीको आर्थिक समृद्धि समेत हाँसिल हुनेछ ।

## ४. सिन्धुखोलामा जलाशय निर्माण गरी एकिकृत पर्या पर्यटन, खानेपानी, सिंचाई, विद्युत उत्पादनमा उपयोग गर्ने ।

मेलम्ची नगरपालिका वडा नं. १२ को सिन्धुखोला काठमाडौंबाट करिव ३१ कि.मि.को दुरीमा रहेको छ । सिन्धुखोला क्षेत्रलाई हाल निर्माणाधिन मध्यपहाडी लोकमार्गले समेत जोडेको छ । नेपाल सरकारको गौरवको आयोजनाको रुपमा रहेको मध्यपहाडी लोकमार्ग सिन्धुखोला बाहुनेपाटी हुँदै जाने भएकोले सिन्धुखोला नदीमा जलाशय निर्माण गर्न सकेमा एकिकृत पर्यापर्यटन, खानेपानी, सिंचाई, विद्युत उत्पादन लगायतका क्षेत्रको विकास गर्न सकिन्छ ।सिन्धु जलाशयको निर्माण गर्न सकेमा काठमाडौ, बनेपा भक्तपुर क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरु समेत मनोरञ्जन, पौडी तथा जल क्रिडाको लागि यस क्षेत्रमा आउन सक्दछन । यस क्षेत्रमा जलाशय निर्माण गर्न सकेमा यहाँका नागरिकहरुको आर्थिक वृद्धि समेत हुन सक्दछ ।

## ५. नगर चक्रपथ निर्माण

वैकल्पिक सडकको रुपमा प्रयोग गर्न सकिने र नगरपालिका भित्रका सबै वडालाई सडक सञ्जलमा आवद्ध गर्ने उद्देश्यले मेलम्ची नगरपालिकाले नगर चक्रपथ निर्माणको थालनी गरेको हो । करिव ९२ कि.मि. लम्बाई रहेको नगर चक्रपथको सडक ट्रयाक निर्मण गर्ने कार्य सम्पन्न गरिएको छ भने नगरपालिकाले नगर चक्रपथ निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । नगर चक्रपथ सडक खण्ड अन्तर्गका केही सडकहरुको स्तरोन्नती गर्ने कार्य समेत सम्पन्न गरिएको छ । नगर चक्रपथ सडकको निर्माण र स्तरोन्नती गरी बाह्रै महिना यातायात संचालन गर्न सक्ने सडकको रुपमा विकास गर्नु नगरपालिकाको प्रमुख जिम्मेवारी रहेको छ। नगर चक्रपथ सडकलाई बाह्रै महिना यातायात संचालन हुने सडकको रुपमा स्तरोन्नती गर्न सके मेलम्ची नगरपालिका भित्र र अन्य पालिकाका नागरिकहरुलाई समेत छोटो सडकको रुपमा प्रयोग गर्न सहज हुनेछ भने नगरवासीहरुको आर्थिक वृद्धि भई वस्तु तथा उत्पादनको बजारीकरणमा समेत सहयोग पुग्दछ ।

# परिच्छेद-४

# आर्थिक क्षेत्र

यस आवधिक योजनाको प्रयोजनका लागि कृषि,पशुपन्छी तथा मत्स्य,सहकारी,उद्यम विकास,भुमि व्यवस्था,पर्यटन,खानी खनिज,उद्योग,बैक तथा वित्तिय क्षेत्र र गरिबि निवारण उप-क्षेत्रहरु आर्थिक क्षेत्रमा समावेश गरिएको छ । यि उप-क्षेत्रहरुको दीर्घकालीन सोच,लक्ष्य, उद्देश्य,रणनिति,कार्यनीति तथा कार्यक्रमहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

मेलम्ची नगरपालिकाको हालसम्मको अनुभव र सिकाईको आधारमा उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरी नगरबासीको जीवनस्तर उकास्ने, सन्तुलित विकासको अवधारणा अवलम्बन गर्ने र जनसहभागितमा आधारित समानुपातिक विकास प्रकृया कार्यन्वयन गर्ने उद्धेश्यले यो आवधिक योजना निर्माण गरिएको छ। योजनाबद्ध विकास नीति अनुरुप परिणात्मक लक्ष्य राखी निर्माण गरिएको यो आवधिक योजना निर्माण गर्दा नगरपालिकाको वर्तमान स्थितिको मुल्यांकन, कार्यसम्पादन र प्रगति विवरणको अध्ययन र नगरपालिकाले लिएको मध्यमकालीन तथा दीर्घकालीन सोचलाई आधार मानिएको छ ।

यस नगरपालिकाको सवल पक्षहरुको रुपमा पहिचान गरिएका कृषि, पर्यटन, उद्योग र जलाधार क्षेत्रलाई स्थानीय आर्थिक विकासको मुल आधारका रुपमा लिइएको छ भने स्थानीय तहमा आर्थिक नीति तथा योजना, आर्थिक विकास पूर्वाधार, आर्थिक सशक्तिकरण र उद्यमशिलता तथा औद्योगिक विकासलाई नगरको समग्र समृद्धिको आधारका रुपमा आत्मसात गर्दै यो आवधिक योजना तर्जुमा गरिएको छ ।यस योजनामा स्थानीय आर्थिक विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान पुर्याउन सक्ने योजना तथा कार्यक्रमहरु समेत समावेश गरिएको छ ।

## ४.१ कृषि

नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । यसै सन्दर्भमा, विभिन्न कारणले उत्पन्न हुनसक्ने खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी, दुग्धजन्य र माछा-मासु उत्पादनमा आत्मनिर्भर्ताका लागि कृषि तथा पशुविकासमामा नीतिगत, संरचनात्मक र संस्थागत सुधारको आवश्यकता रहेको छ ।

देशलाई खाद्य सम्प्रभु तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन आवश्यक छ ।संविधानप्रदत्त अधिकारका सूची, कृषि क्षेत्रको समग्र विकासका लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ ।साथै, कृषि विकास रणनीति (सन् २०१५-२०३५) र दिगो विकास लक्ष्यलाई समेत मार्गदर्शनको रुपमा लिइएको छ । उक्त रणनीतिले कृषि तथा पशुपंक्षीजन्य उत्पादनको व्यावसायीकरण, यान्त्रीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ ।

यसैगरी दिगो विकास लक्ष्यले लिएको भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण सुनिश्चितता गर्ने तथा दिगो कृषिको प्रवर्द्धन गर्ने लक्ष्य हासिल गर्ने गरी यस क्षेत्रमा स्रोत र साधनको परिचालन गरिने छ । विशेषतः कृषि क्षेत्रको औद्योगीकरणका माध्यमबाट थप रोजगारी सिर्जना गरी आय-आर्जन, गरिबी निवारण तथा आयात व्यवस्थापनलाई समेत सम्बोधन गरिने छ । संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा परिचालन गरिने छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
| --- |
| • मेलम्ची नगरपालिकाका अधिकांश मानिसहरुको आफ्नै खेतीयोग्य जग्गा जमिन हुनु। |
| • प्रशस्त मात्रामा जलाधारको क्षेत्र भएको हुँदा सिंचाईको लागि सुविधा हुनु। |
| • हावापानी र भौगोलिक विविधताको कारण विभिन्न प्रकारका बालीनालीको उत्पादन हुनु । |
| • बजारको सुलभ पहुँच हुनु । |
| • वैदेशिक रोजगारीबाट फर्किएका युवा जनशक्तिहरुमा कृषि तर्फको आकर्षण बढ्नु । |
| • कृषिमा आधारित सहकारीहरु क्रियाशिल रहनु । |
| • नगरको उच्च भागमा चिया, किवी, फलफुल, जडिबुटी लगायतका कृषिजन्य वस्तहरु उत्पादनको प्रशस्त संभावना रहनु । |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
| --- |
| • नदीमा आउने बाढी तथा कटानका कारण कृषि योग्य जमिनमा क्षयिकरण हुँदै जानु । |
| • अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारीमा पलायन हुनुको कारणबाट जग्गा जमिनहरु बाँझो बसी उत्पादकत्व घट्दै जानु । |
| • रासायनिक कृषि मल समयमा उपलब्ध नहुनु । |
| • वन्यजन्तुको कारणबाट बालीनालीको नोक्सानी हुनु । |
| • केही खेतीयोग्य जमिनमा सिंचाईको अभाव हुनु । |
| • परामपरागत खेती प्रणाली कायम रहनु । |

| दीर्घकालीन सोच |
| --- |
| वैज्ञानिक, व्यवसायिक, उच्च प्रतिफलयुक्त, आत्मनिर्भर तथा निर्यातमुखी कृषि |
| लक्ष्य |
| नगरपालिकाको आर्थिक समृद्धिको मुल संवाहकको रुपमा कृषिको विकास गर्ने |
| उद्देश्यहरु |

१. व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित गर्ने ।
२. एक गाँउ एक कृषि उत्पादनलाई विस्तार गर्ने ।
३. कृषि उत्पादनलाई उद्योगसंग आवद्ध गराउन साझेदार सरोकारवालाहरुसंग समन्वय गर्ने ।

| उद्देश्य १:व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ निर्वाहमुखि कृषि प्रणालिलाई व्यवसायीकरण गर्ने । | १.१.१ नगरपालिका भर कृषक परिचयपत्र वितरण गर्न कृषकहरुको वर्गिकरण गर्ने नीति निर्माण गरी परिचयपत्र वितरण गरिनेछ। |
| | १.१.२ वडास्तरीय कृषकहरुको ज्ञान, सीप, प्रोत्साहन र क्षमताको विकास गर्ने । |
| १.२ परम्परागत कृषि प्रणालीलाई यन्त्रिकरण तथा आधुनिकिकरण गर्ने । | १.२.१ आधुनिक कृषि औजार तथा उपकरणको प्रयोग गरी कृषि कार्य गर्ने । |
| | १.२.२ उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । |
| १.३ कृषिलाई आधुनिकिकरणसंगै रैथाने बालीहरुको प्रवर्द्धन गर्ने । | १.३.१ रैथाने बालीहरुको संरक्षण तथा प्रवर्द्धनको लागि कृषकहरुलाई प्रोत्साहन गर्ने । |
| **उद्देश्य २: एक गाँउ एक कृषि उत्पादनलाई विस्तार गर्ने** | |
| २.१ हावापानी सुहाउदो कृषि उत्पादनको पकेट क्षेत्र निर्धारण गरी उत्पादन वृद्धि गर्ने । | २.१.१ एक गाँउ एक कृषि उत्पादनको लागि नीति तर्जुमा गर्ने । |
| | २.१.२ नगरपालिका भित्रको कृषि योग्य भुमिमा त्यँहाको माटो, हावापानी सुहाउदो कृषि उत्पादनको पहिचान गर्ने । |
| | २.१.३ एक गाँउ एक कृषि उत्पादनलाई प्रेरित गर्न कृषकहरुलाई अभिमुखिकरण तथा अनुदान प्रदान गर्ने । |
| **उद्देश्य ३:कृषि उत्पादनलाई उद्योगसंग आवद्ध गराउन साझेदार सरोकारवालाहरुसंग समन्वय गर्ने** | |
| ३.१ कृषि उत्पादनलाई उद्योगसंग आवद्ध गरी कृषि उत्पादनको मुल्य अभिवृद्धि गर्ने । | ३.१.१ स्थानीय कृषि उत्पादनसंग सम्बन्धित उद्योगहरुको सम्भाव्यता अध्ययन गर्ने । |
| | ३.१.२ स्थानीय कृषि उत्पादनसंग सम्बन्धित उद्योग स्थापना तथा संचालनको लागि सरोकारवाला निकायहरुलाई विशेष सहुलियतको व्यवस्था गर्ने । |
| **३.२** कृषिसंग सम्बन्धित उद्योगहरुको कच्चा पदार्थ उत्पादन गरी निर्यात गर्ने । | ३.२.१ कृषिसंग सम्बन्धित उत्पादनहरुको बजार अध्ययन गरी सोही बमोजिमको कृषि उपजहरुको उत्पादन र बजारीकरणमा जोड दिने । |

## ४.२ पशुपन्छी तथा मत्स्य

नेपालका अन्य स्थानहरुमा जस्तै यस नगरपालिकाका अधिकांश घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । यस क्षेत्रमा उपयूक्त हुने जातका गाई, भैसीँ, बाखा, बगुंर, कुखुरा, हाँस, बट्टाई,कालिज लगायतका पशुपन्छीहरुको

व्यवसायीक उत्पादनको राम्रो संभावना रहेको छ । पशुपन्छी पालनमा आधुनिकिकरण र व्यवसायीकरण हुन नसकेकोले यिनीहरुको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ । यस नगरपालिकामा गाई,भैसीको प्रवर्द्धन गरी दुग्ध उत्पादनको माध्यमबाट प्रशस्त आम्दानी गर्न सकिन्छ भने टाउट्र तथा मिश्रित माछा पालनको माध्यमबाट आम्दानी वृद्धि गर्ने प्रबल संभावना छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • गाई, भैंसी, बगुर,बाखा, मत्स्य, पंछी प्रजाति र घाँस खेतीको लागि उपयुक्त भुगोल र हावापानी |
| • पशुपालन प्रति कृषकहरुको बढ्दो आर्कषण |
| • दुध,मासु तथा अण्डा ब्रिकिको लागि बजारको सहज पहुँच |
| • दुग्ध बजारीकरणमा कृषि सहकारीहरुको सक्रिय उपस्थिति |
| • बढ्दो व्यवसायिक पशुपन्छी पालन |
| • नगर भित्र दुग्ध र दग्धजन्य उत्पादनमा वृद्धि भई सोको निर्यात हुनु |
| • पशु बिमा प्रति कृषकहरुको आकर्षण बढ्नु। |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • दुग्धजन्य प्रदार्थको विविधिकरण हुन नसकेको |
| • सबै कृषकहरुलाई पशु बिमामा आवद्ध गराउन नसक्नु |
| • नँया प्रकारको पशु रोगहरु देखिदैं जानु र सोको पहिचान तथा उपचारको लागि दक्ष जनशक्तिको अभाव हुनु |
| • उन्नत जातको घाँस उत्पादन कम हुनु । |
| • सवै क्षेत्रमा नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा प्रदान गर्न नसक्नु । |

| दीर्घकालीन सोच |
|---|
| व्यवसायिक पशु पन्छी पालन मार्फत आर्थिक समृद्धि हाँसिल गर्ने |
| लक्ष्य |
| आधुनिक, वैज्ञानिक र व्यवसायिक रुपमा पशु पन्छी पालन गरी पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात गर्ने |
| उद्देश्यहरु |
| १. कृषकहरुको क्षमता विकास गरि पशुपन्छी तथा मत्स्य उत्पादनको वृद्धि मार्फत आत्मनिर्भर भई निर्यात गर्ने।<br>२. पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई व्यवसायिकरण र आधुनिकिकरण गर्ने । |

| उद्देश्य १: कृषकहरुको क्षमता विकास गरि पशुपन्छी तथा मत्स्य उत्पादनको वृद्धि मार्फत आत्मनिर्भर भई निर्यात गर्ने। | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन तथा विश्लेषण प्रणालीलाई प्रभावकारी बनाउँने । | १.१.१ नगरपालिका भित्र पालिने पशुपन्छीहरुको विवरण र व्यवसायिक पशु उत्पादन गर्न ईच्छुक कृषकहरुको पहिचान गरि सूचना प्रणालीमा अध्यावधिक गर्ने । |
| | १.१.२ नगरपालिकामा हरेक वर्ष पशुपन्छीजन्य उत्पादनको माग र आपूर्तिको वस्तुपरक सूचना प्राप्त गरी उत्पादनलाई निर्यातमुखी बनाउने। |
| १.२ पशुपन्छीपालनमा व्यवसायिकताको अभिवृद्धि गर्न कृषकहरुको क्षमता अभिवृद्धि तथा सेवा विस्तार गर्ने । | १.२.१ कृषकहरुको ज्ञान, सिप र क्षमताको विकास गरिनेछ । |
| | १.२.२ खेर गइरहेको जमिनमा व्यवसायिक घाँस खेती गर्न तालिम संचालन गरिनेछ । |
| | १.२.३ प्रविधि प्रसारका लागि विद्युतीय सामग्रीहरु मार्फत परामर्श सेवा प्रदान गरिनेछ । |
| | १.२.४ पशु विमा कार्यक्रमलाई कृषिमैत्री र प्रभावकारी बनाउँन बिमा कम्पनीहरुसंग समन्वय गरिनेछ । |
| १.३ स्थानीय जातका पशुपन्छीहरुको संरक्षण गर्ने । | १.३.१ स्थानीय जातका पशुपन्छीहरुको संरक्षण तथा प्रवर्द्धनको लागि कृषकहरुलाई प्रोत्साहन गर्ने । |
| **उद्देश्य २: पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई व्यवसायिकरण र आधुनिकिकरण गर्ने ।** | |
| २.१ पशपन्छी उत्पादनलाई आवश्यक कृषि सामग्री तथा प्रविधिको उपलब्धता गराउने । | २.१.१ पशु रोग नियन्त्रणका लागि भ्याक्सिनेशन र पशु स्वास्थ्य शिविरहरुको व्यवस्था गरिनेछ । |
| | २.१.२ प्राकृतिक गर्भाधान लाई व्यवस्थित गर्दै कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिनेछ । |
| | २.१.३ पशुपालनका लागि आवश्यक उन्नत जातका घाँसका बीउ तथा बेर्नाहरु वितरण गरिनेछ । |
| | २.१.४ कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिनेछ । |
| | २.१.५ पशुपन्छी तथा मत्स्यपालनको प्रवर्द्धन गर्नको लागि यान्त्रिक उपकरण तथा नयाँ प्रविधिहरु प्रदान गरिनेछ । |
| २.२ पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने । | २.२.१ पशुजन्य उत्पादनहरुको ब्राण्डिङ, लेभलिङ, प्याकेजिङ्ग तथा गुणस्तर जाँच गरिनेछ । |
| | २.२.२ पशुजन्य उत्पादनको संकलन तथा चिस्यान केन्द्रहरु स्थापना गर्ने । |

| | |
|---|---|
| २.३ असल पशुपालन अभ्यास सिद्धान्तलाई अवलम्वन गर्ने । | २.३.१ असल पशुपालन अभ्यासको अवधारणालाई आत्मसाथ गरि पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादन गर्ने । |
| | २.३.२ जैविक सुरक्षा निति अवलम्वन गर्ने । |
| | २.३.३ AMR बारेमा सचेतना गराइनेछ । |



## कृषि , पशुपन्छी तथा मत्स्य क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| कृषि | | | | | | | | |
| १ | १.१ | १.१.१ | तथ्याङ्क संकलन, प्रशोधन तथा कृषक परिचयपत्र वितरण | — | ७०० | २०० | २०० | ५०० |
| | | | कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन तथा विश्लेषण प्रणाली विस्तार र मोइबाइल एप निर्माण | ५०० | ५०० | | | |
| | | १.१.२ | अगुवा कृषक/रासायनिक मल बिक्रेताहरुसंग गोष्ठी | ७०० | ३०० | ३०० | ३०० | ३०० |
| | | | तालिम संचालन (स्थलगत घुम्ती, कृषि उपकरण मर्मत संभार, प्रविधि विस्तार लगायत ) | — | १००० | १२०० | १२०० | १२०० |
| | | | कृषक भ्रमण | — | — | १२०० | — | १२०० |
| | | | कृषि मेला प्रदर्शनी | ४०० | ४०० | | ४०० | |
| | | | कृषक समुह गठन, परिचालन र सुदृढिकरण | — | ३०० | ४०० | ३०० | ३०० |
| | | | नगर प्रमुख उत्कृष्ट कृषक सम्मान | २०० | २०० | २०० | २०० | २०० |
| | | | प्रविधि परामर्श सेवा केन्द्र स्थापना | — | ५०० | १०० | १०० | १०० |
| | | | माटो परिक्षण तथा वाली संरक्षण प्रयोगशाला | ५०० | ३०० | २०० | २०० | २०० |
| | | | स्कुल अफ हर्टिकल्चर | ९०० | ९०० | ९०० | ९०० | ९०० |
| | | | उत्पादन/नतिजा प्रदर्शन | — | १५० | १५० | १५० | १५० |
| | १.२ | १.२.१ | कृषि यन्त्रिकरण | ११०० | १२०० | १२०० | १२०० | १२०० |

## कृषि , पशुपन्छी तथा मत्स्य क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| | | १.२.२ | बाली विकास कार्यक्रम (खाद्यान्न बालीहरुको उन्नत/मुल/श्रोत बीउ वितरण तथा बीउ उत्पादन र बाली संरक्षणका सामग्रीहरुको वितरण ) | १००० | १२०० | १२०० | १२०० | १२०० |
| | | | फलफुल विकास कार्यक्रम (फलफूलको नर्सरी स्थापना/फलफुलको विरुवा वितरण/ सुक्ष्म खाद्यतत्व/बाली संरक्षणका सामाग्रीहरु वितरण आदि) | ६०० | ७०० | ७०० | ७०० | ७०० |
| | | | बगैंचा सुदृढिकरण कार्यक्रम (फलफुलको विरुवा काँटछाँट गर्ने उपकरणहरु, प्रोटीन बेट, निलोतुथो,खनिज तेल, थाक्रा निर्माण तथा घेराबार आदिमा सहयोग ) | — | ७०० | ७०० | ७०० | ७०० |
| | | | बाली संरक्षण कार्यक्रम (रोग किराको व्यवस्थापनको लागि जैविक, फेरोमेनट्र्याप, रसायनिक विषादी वितरण ) | ८०० | १००० | ११०० | १२०० | १२०० |
| | | | भकारो सुधार कार्यक्रम | — | २००० | २००० | २००० | २००० |
| | | | च्याउ प्रवर्द्धन कार्यक्रम (च्याउको बीउ, उत्पादन सामग्री, डुम घर निर्माण) | ४०० | ५०० | ५०० | ५०० | ५०० |

## कृषि , पशुपन्छी तथा मत्स्य क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| | | | माहुरी विकास कार्यक्रम (महुरी गोला सहितको घार, खाली घार तथा महुरीपालन सम्बन्धी उपकरण वितरण ) | ४०० | ५०० | ५०० | ५०० | ५०० |
| | | | माटो सुधार कार्यक्रम (माटो परीक्षण शिविर, कृषि चुन, सुक्ष्म खाद्यतत्व वितरण) | ९०० | १००० | १२०० | १५०० | १५०० |
| | | | मसला तथा नगदे बालि प्रवर्धन कार्यक्रम | ८०० | ८०० | ८०० | ८०० | ८०० |
| | | | तरकारी खेती प्रवर्द्धन कार्यक्रम (फलामको फ्रेम सहितको टनेल निर्माण, तरकारी नर्सरी स्थापना, थोपा सिंचाई सेट जडान, तरकारीका उन्नत तथा हाइब्रिड विउ वितरण, प्लाष्टिक टनेल, मल्चिङ आदि वितरण ) | १००० | १२०० | १२०० | १२०० | १२०० |
| | | | पुष्प खेती प्रवर्द्धन (फूल नर्सरी स्थापना, फूलका विरुवाहरु वितरण ) | — | — | — | १०० | १०० |
| | | | साना सिंचाई मर्मत, प्लाष्टिक पोखरी/सिमेन्ट पोखरी/स्वायल सिमेन्ट ट्याङ्की निर्माण | १००० | १००० | १००० | १००० | १००० |
| | | | वन्यजन्तुबाट हुने क्षति न्यूनिकरण (सामुदायिक वनमा झाडी सुधार, फलफुलका विरुवा रोपण तथा व्यवस्थापन) | ४०० | ४०० | ४०० | ४०० | ४०० |

## कृषि , पशुपन्छी तथा मत्स्य क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| | | | बाली उपरान्नत क्षती न्युनिकरण (प्लाष्टिक क्रेट, फल टिप्ने उपकरण, प्याकेजिङ सामाग्री आदी) मा सहयोग | — | ५०० | ५०० | ५०० | ५०० |
| | | | कृषि ऋणमा ब्याजमा अनुदान | — | १५०० | १५०० | १५०० | १५०० |
| | | | कृषि तथ्याङ्क संकलन तथा विश्लेषण (बाली कटानी, खुद्रा बजार मुल्य संकलन आदी) | १०० | १०० | १०० | १०० | १०० |
| | | | कृषि विकास कोषबाट संचालन हुने कार्यक्रम | ६००० | ६००० | ६००० | ६००० | ६००० |
| | १.३ | १.३.१ | रैथाने बाली प्रवर्द्धन (बीउ भण्डारण, उत्पादन, प्रशोधन र बजारीकरणमा सहयोग ) | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| २ | २.१ | २.१.१ | ऐन कानून तथा कार्यविधि निर्माण | — | — | — | — | — |
| | | २.१.२ | एक गाउँ एक कृषि उत्पादनको लागि संभाव्यता अध्ययन | — | — | — | — | — |
| | | २.१.३ | एक गाउँ एक कृषि उत्पादन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन | — | २०० | २०० | २०० | २०० |
| | | | एक गाउँ एक कृषि उत्पादन कार्यक्रम ( उत्पादन, प्रशोधन, बजारीकरणमा सहयोग र उत्पादनका आधारमा नगद अनुदान ) | — | — | ५०० | ५०० | ५०० |
| ३ | ३.१ | ३.१.१ | कृषि उत्पादनसंग सम्बन्धित उद्योगहरुको सम्भावता अध्ययन | — | — | — | — | — |

**कृषि , पशुपन्छी तथा मत्स्य क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| | | ३.१.२ | कृषिजन्य उद्योग स्थापनामा सहयोग | — | १००० | — | — | — |
| | ३.२ | ३.२.१ | कृषि उपज उत्पादनको बजार सम्बन्धि सम्भावता अध्ययन | — | — | — | — | — |
| | | | बजार मागको आधारमा कृषि उत्पादन कार्यक्रम (उत्पादन,प्रशोधन र बजारीकरणमा सहयोग) | — | १००० | १००० | १००० | १००० |
| | | | कृषि उपज संकलन केन्द्र, शित भण्डारण केन्द्र निर्माण | — | — | — | — | — |
| | | | कृषि एम्बुलेस सेवा संचालन | — | — | — | — | — |
| **पशुपन्छी तथा मत्स्य** | | | | | | | | |
| १ | १.१ | १.१.१ | तथ्याङ्क संकलन, प्रशोधन तथा कृषक परिचयपत्र वितरण | २०० | १५० | — | — | — |
| | | | कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन तथा विश्लेषण प्रणाली विस्तार | — | २०० | — | — | — |
| | | १.१.२ | पशुपन्छी तथा मत्स्य तथ्याङ्क संकलन (बजार मुल्य संकलन) | — | २५ | २५ | २५ | २५ |
| | १.२ | १.२.१, १.२.२ | तालिम संचालन (स्थलगत,समुहगत र प्रविधि विस्तार र सचेतना ) | २०० | २०० | २०० | २०० | २०० |
| | | | कृषक भम्रण | — | — | — | — | ५०० |
| | | | कृषि मेला प्रदर्शनी | — | — | २०० | — | — |

## कृषि , पशुपन्छी तथा मत्स्य क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| | | | नगर प्रमुख उत्कृष्ट कृषक सम्मान | — | ५० | ५० | ५० | ५० |
| | | | कृषक समुह गठन, परिचालन र सुदृढिकरण | — | ५० | ५० | ५० | ५० |
| | | १.२.३ | प्रविधि परामर्श सेवा केन्द्र स्थापना | — | — | १०० | — | — |
| | | | आधारभुत पशुपन्छी प्रयोगशाला संचालन | — | — | २०० | २०० | — |
| | | | वडागत सेवा केन्द्र विस्तार | — | — | ३०० | ३०० | ३०० |
| | | १.२.४ | पशु बिमा अभिमुखिकरण गोष्ठी | — | ५० | ५० | ५० | ५० |
| | | | पशु बिमा प्रिमियम रकममा अनुदान | २००० | १५०० | १५०० | १५०० | १५०० |
| | १.३ | १.३.१ | स्थानिय जातको पशुपन्छी प्रवर्द्धन (स्थानिय जातको पशुपन्छीको उत्पादनमा प्रोत्साहन, प्रविधि) | — | — | — | — | ४०० |
| २ | २.१ | २.१.१ | पशु सेवा केन्द्रहरुबाट नियमित उपचार सेवा (औषधी वितरण) | १८०० | १८०० | १८०० | १८०० | १८०० |
| | | | पशुपन्छी खोप कार्यक्रम संचालन | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| | | | रेबिज विरुद्धको खोप कार्यक्रम | — | ५० | ५० | ५० | ५० |
| | | | सामुदायिक तथा छाडा कुकुर बन्ध्याकरण शिविर | ८०० | ३०० | २०० | १५० | १०० |
| | | २.१.२ | प्राकृतिक गर्भाधान (उन्नत जातका बिउको बोका/राँगा सहयोग) | — | — | ३०० | ३०० | — |
| | | २.१.३ | उन्नत जातका घाँसका विउ/विरुवा वितरण (हिउदे/वर्षे/बहुवर्षिय) | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| | | | घाँस नर्सरी स्थापना सहयोग | — | — | — | — | — |

## कृषि , पशुपन्छी तथा मत्स्य क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| | | | बाँझो जग्गामा उन्नत घाँस खेति प्रोत्साहन | — | — | १०० | १०० | १०० |
| | | २.१.४ | कृत्रिम गर्भाधान कार्यक्रम | — | — | — | — | — |
| | | | निजी क्षेत्रको सहकार्यमा कृत्रिम गर्भाधान (इन्सिमिनेटरहरुलाई तालिम तथा कृ.ग. औजार व्यवस्थापन) | — | २५० | — | — | — |
| | | २.१.५ | पशुपन्छी तथा मत्स्य औजार/उपकरण वितरण | — | — | — | — | ५०० |
| | | | कृषि ऋणमा ब्याज अनुदान | — | १००० | १००० | १००० | १००० |
| | | | पशुपन्छी तथा मत्स्य जन्य उपज उत्पादक कृषक समुह/फार्महरुका लागि ३ वर्षका लागि विउपुँजीका लागि घुम्ती कोष संचालन | — | १००० | १००० | १००० | १००० |
| | | | व्यवसायिक पशुपन्छी फर्महरुमा जैविक सुरक्षा व्यवस्थापन | — | — | २०० | २०० | २०० |
| | | | एक वडा एक पकेट प्याकेज कार्यक्रम | — | — | — | — | — |
| | | | गोठ/खोर सुधार कार्यक्रम | — | — | — | — | — |
| | | | पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम | — | १५०० | १५०० | १५०० | १५०० |
| | | | मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम | — | ४०० | ४०० | ४०० | ४०० |
| | | | दुध तथा मासुमा उत्पादनका आधारमा प्रोत्साहन कार्यक्रम | — | — | — | — | — |
| | | | पशु सुत्केरी प्रोत्साहन कार्यक्रम | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० |

## कृषि , पशुपन्छी तथा मत्स्य क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| | २.२ | २.२.१ | दुग्ध प्रशोधन केन्द्र स्थापनाका लागि सहयोग (ब्रान्डिङ, प्याकेजिङ र लेभलिङ सहित) | — | — | — | — | — |
| | | | दुध परिक्षण तथा थुनेलो परिक्षण घुम्ती शिविर | १५० | १५० | १५० | १५० | १५० |
| | | २.२.२ | पशुपन्छी वजारिकरणका लागि संकलन केन्द्र स्थापना सहयोग | — | — | — | — | — |
| | | | दुग्ध चिस्याउने केन्द्र स्थापना सहयोग | — | — | — | — | — |
| | | | व्यवस्थित बधशाला निर्माणमा सहयोग | — | — | — | — | — |
| | | | पशु एम्बुलेन्स सेवा संचालन | — | — | — | — | — |
| | | | कृषि विकास कोष कार्यक्रम (पशु सेवा) | ६००० | ६००० | ६००० | ६००० | ६००० |
| | २.३ | २.३.१ | असल पशुपालन अभ्यास वारे तालिम तथा अभिमुखिकरण संचालन | — | ५० | ५० | ५० | ५० |
| | | २.३.२ | जैविक सुरक्षायुक्त फार्महरुलाई प्रोत्साहन | — | — | — | ४०० | ४०० |
| | | | जैविक सुरक्षा बारे अभिमुखिकरण | — | ५० | ५० | ५० | ५० |
| | | २.३.३ | जनस्वास्थ्य, पशु स्वास्थ्य, वातावरण, उपभोक्ता हित संरक्षण मंच लगायत सरोकारवालाहरु सँग Anti Microbial Resistance बारेमा सचेतना गोष्ठी | — | ५० | ५० | ५० | ५० |
| | | २.३.४ | नगरक्षेत्र भित्रका मासु पसल, दाना पसल, दुध डेरी, दुग्ध चिस्याउने केन्द्रहरुको त्रैमासिक अनुगमन तथा निरिक्षण | — | — | — | — | — |

**अपेक्षित उपलब्धीहरू**

- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ
- कृषि क्षेत्र व्यवसायिक र वैज्ञानिक भएको हुनेछ
- खाद्यान्न, मासु, अण्डा, दुधमा आत्मनिर्भर भई निर्यात प्रवद्धन हुनेछ
- कृषिमा युवा कृषकहरूको आर्कषण बढेको हुनेछ
- कृषि ग्रामकालागि आवश्यक पूर्वाधारहरूको विकास भएको हुनेछ
- व्यवसायीक जडीबुटी उत्पादनको सुरुवात भएको हुनेछ ।

## ४.३ बैंक, वित्तिय संस्था र सहकारी

राष्ट्रिय स्तरका वाणिज्य बैंक, विकास बैंक र वित्तिय संस्थाहरुको संचालन अनुमति, नियमन, अनुगमन र मूल्याङ्कन नेपाल राष्ट्र बैंक मार्फत हुने भएतापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सहकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन; नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन; सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन; सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र जिल्ला संघसंग समन्वय र सहकार्य; सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान; स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि; स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास गर्न सक्ने अधिकार प्रदान गरेको छ । स्थानीय स्तरको व्यापार व्यवसाय र आर्थिक बृद्धिमा बैंक, वित्तिय संस्था, सहकारीहरुको महत्वपूर्ण योगदान रहदै आएको छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • सहकारी क्षेत्र स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्नु |
| • सहकारी क्षेत्रमा उद्यमशीलता विकासका लागि संघ र प्रदेश स्तरका निकायहरूबाट सहयोग उपलब्ध हुनु |
| • नगरपालिकाले सहकारी क्षेत्रलाई प्राथमिकता दिनु |
| • समुदायमा ऋण तथा कर्जा सेवा प्रवाह गर्न विभिन्न कृषि तथा महिला समुहहरू सक्रिय रहनु |
| • बैक तथा वित्तिय संस्थाहरुको उपस्थिति रहनु । |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • स्थानीयवासीको न्यून वित्तिय साक्षरता रहेको। |
| • सहकारी संस्थाहरुमा वित्तिय सुशासन कायम नहुनु । |
| • उत्पादक सहकारी संस्थाले परिचालित पुँजिलाई उत्पादन मुलक क्षेत्रमा परिचालन गर्न नसक्नु । |
| • बैंक तथा वित्तिय संस्थाको झन्झटिलो ऋण लगानी प्रकृयाले गर्दा स्थानीय कृषक ,सिमान्तकृत र पिछडिएका वर्गहरुको पहुँचमा लैजान चुनौती रहेको। |
| • सहकारीहरुको उच्च व्यादजर रहेको। |
| • औद्योगिक पूर्वाधार, उद्योग, व्यापारिक केन्द्र र स्थानीय पूँजीको विकास गर्नुपर्ने चुनौती रहेको। |

| दीर्घकालीन सोच |
|---|
| वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता |
| लक्ष्य |

| प्रत्येक घरधुरीमा बैक तथा वित्तीय संस्था र सहकारीहरूको सहज पहुँच स्थापित गर्ने |
|---|
| उद्देश्यहरु |
| १. बैंकतथा वित्तीय संस्था तर्फ आम सर्वसाधारणलाई आकर्षित गर्ने । |
| २. सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उद्योग, कृषि पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्ने । |
| ३. सहकारीहरुको अनुगमन, नियमनलाई प्रभावकारी बनाई वित्तिय सुशासन कायम गर्दै पँहुचमा अभिवृद्धि गर्ने । |

| **उद्देश्य १: बैंकतथा वित्तीय संस्था तर्फ आम सर्वसाधारणलाई आर्कषण गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैंकतथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने | १.१.१ आफ्नो नाममा बैंकखाता नभएका घरधुरीको पूर्ण विवरण संकलन गरिने छ । |
| | १.१.२ निजी क्षेत्रमा बैंकहरूसँग सहकार्य गरी इच्छुक घरधनीको घरमा घुम्ती बैंकखाता खोल्ने अभियान सञ्चालन गरिने छ । |
| | १.१.३ बैंकसँगको सहकार्यमा स्थानीय सञ्चार माध्यमबाट जनचेतनामूलक कार्यक्रम प्रशारण गरिने छ । |
| **उद्देश्य २: सहज कर्जा प्रवाह र बचत परिचालन मार्फत उद्योग, कृषि पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्ने ।** | |
| २.१ व्यवसायिक, उत्पादनमूलक साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने | २.१.१ स्थानीय उद्यमी तथा बैंकहरू बीच ऋण प्रवाहमा सहजीकरण गर्न नगरपालिकाद्वारा अन्तक्रिया गरिने छ । |
| | २.१.२ कृषकहरुलाई बैक मार्फत सरल कर्जा उपलब्ध गराउन नगरपालिकाबाट नि:शुल्क रुपमा व्यवसायिक कार्ययोजना तयार गरिनेछ । |
| **उद्देश्य ३: सहकारीहरुको अनुगमन, नियमनलाई प्रभावकारी बनाई वित्तिय सुशासन कायम गर्दै पँहुचमा अभिवृद्धि गर्ने ।** | |
| ३.१ सहकारीमा सबै नागरिकहरुको सहज पहुँच पुऱ्याउने । | ३.१.१ एक वडा एक सहकारीको अवधारणलाई कार्यान्वयन गराउने। |
| | ३.१.२ नगरबासिहरुलाई एक घर एक सहकारी सदस्यमा आबद्ध गराउने । |
| ३.२ सहकारीहरुको क्षमता अभिवृद्धि गर्दै प्रभावकारी रुपमा परिचालन गरी सुशासन कायम गर्ने । | ३.२.१ सबै सहकारीहरुलाई प्रविधि मैत्रि बनाउने । |
| | ३.२.२ सहकारीका सदस्यहरुले गर्ने बचतको सुरक्षाको प्रत्याभुति गराउने । |

**बैंक, वित्तीय र सहकारी क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | बैंकखाता नभएका घरधुरीको लगत संकलन | - | १०० | - | - | - |
| | | १.१.२ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | - | - | - | - | - |
| | | | विभिन्न बैंक तथा वित्तिय सँस्था संग समन्वय गरि extension counterको व्यवस्था गराउने | - | - | - | - | - |
| | | १.१.३ | लक्षित तथा सिमान्तकृत वर्गहरुलाई बैङ्किङ जनचेतनामूलक कार्यक्रम सन्चालन र प्रशारण | - | १३० | - | - | - |
| २ | २.१ | २.१.१ | उद्यमी तथा बैंकहरू बीच अन्तरक्रिया कार्यक्रम | - | ५० | - | - | - |
| | | | नगरपालिकाले कृषि वा बहुउद्धेशिय सहकारी संस्थाको गुणात्मक विकास गर्ने | - | १५० | १५० | १५० | १५० |
| | | २.१.२ | बिउ पुजी कार्यविधि बनाउने | - | ५० | - | - | - |
| | | | बैंक मार्फत सरल कर्जा लिन इच्छुक व्यवसायिकहरुको लगत संकलन | - | - | - | - | - |
| | | | नि:शुल्क व्यवसायिक योजना तयार गर्ने | - | २० | २० | २० | २० |
| ३ | ३.१ | ३.१.१ | वडा भित्र दर्ता भएका सहकारीहरुको अभिलेख अध्यावधिक गर्ने | - | २०० | २०० | २०० | २०० |
| | | | निष्कृय सहकारीहरुलाई सक्रिय गराउने वा दर्ता खारेजी प्रकियामा लैजाने । | - | १३० | १३० | १३० | १३० |
| | | | एकै प्रकृतिका सहकारीहरुलाई एकिकरण गर्नको लागि प्रोत्साहित गर्ने | - | १०० | १०० | १०० | १०० |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| | | ३.१.२ | सहकारी साक्षरता कार्यक्रम | २०० | ३०० | ३०० | ३०० | ३०० |
| | ३.२ | ३.२.१ | COPOMIS प्रणालीमा आबद्ध गराउने | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| | | | सहकारी प्रविधि सम्बन्धी तालिम | - | १५० | १५० | १५० | १५० |
| | | ३.२.२ | नियमित समिक्षा बैठक तथा रिपोर्टिङ | - | १५० | १५० | १५० | १५० |
| | | | नियमित अनुगमन तथा सुपरिवेक्षण | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| | | | जोखिम व्यवस्थापन कोषको व्यवस्था | - | - | - | - | - |
| | | | पुरस्कार तथा दण्डको व्यवस्था | - | ५० | ५० | ५० | ५० |
| | | | सहकारीको खराव ऋणीहरुको सूची प्रकाशन गरी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा रोक्का गर्ने | - | ५० | ५० | ५० | ५० |
| | | ३.२.३ | सहकारी ऐन, नियम, कानुनलाई पुर्ण रुपमा कार्यान्वयन गराउने | - | १०० | १०० | १०० | १०० |

**अपेक्षित उपलब्धी**

- आगामी ५ वर्षमा नगरपालिकाका ९० प्रतिशत भन्दा बढी घरपरिवारका सदस्यहरूको आफ्नो नाममा बैंक खाता हुनेछ ।
- व्यक्तिगत ऋण लिने प्रवृत्तिमा उल्लेख्य कमी आएको हुनेछ ।
- उत्पादनशील क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको ऋण प्रवाह वृद्धि भएको हुनेछ ।
- एक वडा एक सहकारी अवधारणा कार्यान्वयन भएको हुनेछ।
- एक घर एक सहकारी सदस्य आवद्वता ९० प्रतिशत पुगेको हुनेछ ।
- सबै सहकारीहरु COPOMIS प्रणालीमा आवद्व भएका हुनेछन् ।
- सहकारी ऐन,नियम कानुनको पुर्ण रुपमा कार्यान्वयन भएको हुनेछ ।
- सहकारीहरुको खराब कर्जा असुलीमा उल्लेख्य सुधार भएको हुनेछ ।

## ४.४ पर्यटन

नेपालको आर्थिक विकासमा तुलनात्मक लाभको क्षेत्र मानिएको पर्यटन क्षेत्र पनि मेलम्ची नगरपालिकाको समृद्धिको आधार हो। प्राकृतिक र साँस्कृतिक सम्पदा, प्राकृतिक सुन्दरता, धार्मिक पर्यटकीय गन्तव्य स्थल तथा मौलिक साँस्कृतिक र पुरातात्विक सम्पदा नै मेलम्चीमा पर्यटन आगमनका कारक हुन्। यी स्थल र सम्पदाको संरक्षण सम्वर्द्धन र विविधीकरण गर्दै पर्यटकीय स्थलको रुपमा विकास गरी अर्थतन्त्रमा योगदान दिने नीति अवलम्वन गर्नुपर्छ।हालसम्म पर्यटन पूर्वाधारको विकास थोरै भएता पनि नगरपालिका पर्यटनको सम्भावना रहेको क्षेत्र हो।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरु |
|---|
| • भौगोलिक विविधतामा अवस्थिती रहनु ( करिव ७५२.०३ मि.देखि २२०० मि.) |
| • धार्मिक,साँस्कृतिक एवं जातीय विविधता कायम रहनु । |
| • पाँचपोखरी, हेलम्बुका पर्यटकीय क्षेत्र भित्रिने प्रमुख मार्ग मेलम्ची नगरपालिका भित्र पर्नु । |
| • विविध जातजातिको महोत्सव र पर्वमा झाँकी भेषभुषाको महोत्सव गर्न सकिने सम्भावना रहेको। |
| • कृषि पर्यटनलाई प्रवर्द्धन गर्न सकिने अवस्था रहेको । |
| • विभिन्न पर्यटकीय पदमार्गको पहिचान गरिएको । |
| • साहसिक खेलकुदको आयोजना गर्न सकिने । |
| • नँया गन्तब्य स्थलहरुको पहिचान र विविधिकरण भएको । |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • नगरपालिकाको सीमित श्रोतसाधनको कारण पर्यटकीय पूर्वाधार निर्माण गर्न नसकिएको। |
| • पर्यटक पथ प्रदर्शक र व्यवसायिक ट्राभल एजेन्सीहरु नभएको । |
| • एकिकृत पर्यटन सुचना केन्द्रको व्यवस्था नभएको । |
| • पर्यटन व्यवसायमा निजी क्षेत्रलाई आकर्षित गर्न नसकिएको। |
| • पर्यटकीय गतिविधीहरुलाई प्रविधीमैत्री बनाउन नसकिएको । |
| • नगरपालिकाको धार्मिक, ऐतिहासिक, पुरातात्विक र प्राकृतिक स्थानहरुको प्रचार प्रसार गर्न नसकिएको। |
| • पर्यटकीय गन्तब्य स्थलहरुमा आधारभुत संरचना सहितको होटल,रेष्टुरेन्ट्रहरु नहनु |

| दीर्घकालीन सोच |
| --- |
| सबल पर्यटन पूर्वाधार,  मेलम्ची नगरको समृद्धिको आधार |
| **लक्ष्य** |
| मेलम्ची नगरपालिकालाई पर्यटनको आकर्षक केन्द्रको रुपमा विकास गर्ने |
| **उद्देश्यहरु**<br>१. पर्यटन पूर्वाधारहरुको निर्माण गर्ने ।<br>२. मेलम्ची नगरपालिकाको आम्दानीमा पर्यटन प्रवर्द्धनबाट हुने योगदानमा वृद्धि गर्ने ।<br>३. एकिकृत पर्यटन सूचना केन्द्रको स्थापना गर्ने । |

| **उद्देश्य १: पर्यटन पूर्वाधारहरुको निर्माण गर्ने ।** | |
| --- | --- |
| **रणनीति** | **कार्यनीति** |
| १.१ पर्यटकीय पूर्वाधारको निर्माण गरी पर्यटन व्यवसायको विकास गर्ने। | १.१.१ पर्यटकीय क्षेत्रसम्म सहज पहुँचका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने । |
| | १.१.२ पर्यटकको लागि सुविधा सम्पन्न होटल, लज र होमस्टेको निर्माण गर्न अभिप्रेरित गर्ने । |
| **उद्देश्य २: मेलम्ची नगरपालिकाको आम्दानीमा पर्यटन प्रवर्द्धनबाट हुने योगदानमा वृद्धि गर्ने ।** | |
| २.१ पर्यटन करको दायरालाई फराकिलो पार्ने । | २.१.१ पर्यटन कर सम्बन्धी नीति निर्माण गर्ने । |
| **उद्देश्य ३: MICE पर्यटनको प्रवर्द्धन गर्ने ।** | |
| ३.१ पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रशार गर्नु । | ३.१.१ प्रचार प्रशारका लागि आवश्यक कार्यविधि तयार गर्ने । |
| | ३.१.२ मेला महोत्वहरुको आयोजना गर्न उत्प्रेरीत गर्ने । |

## पर्यटन क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु .(हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ .व. ०७९/८० | आ .व. ०८०/८१ | आ .व. ०८१/८२ | आ .व. ०८२/८३ | आ .व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | विभिन्न पर्यटकीयस्थलरुमा पुग्ने पहुँचमार्गको निर्माण गर्ने । | १०००० | २०००० | २०००० | २०००० | २०००० |
| | | | फुटट्रेल एवं पर्यटकीय पार्क निर्माण गर्ने | २०००० | ५००० | १०००० | ५००० | ५००० |
| | | १.१.२ | होमस्टे तालिम तथा पर्यटन प्रवर्द्धनका लागि अभिमुखीकरण तालिम संचालन गर्ने । | २०० | १००० | १००० | १००० | १००० |
| | | १.१.३ | भोटेचौर तपचुलि क्षेत्र, घौले तथा गुफाडाँडा क्षेत्रलाई एक आपसमा अन्तरआवद्धता गर्दै साहसिक तथा मनोरम पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन, डिपिआर तयारी तथा निर्माण कार्य गर्ने । | ० | २००० | ५००० | २०००० | २०००० |
| | | १.१.४ | मेलम्ची बजारमा स्थानीय संस्कृति भाषा खानाको प्रवर्द्धन गर्दे होमस्टे संचालन गरी यहाँबाट शुरुहुने विभिन्न पदमार्गहरुको प्रवेश विन्दुका रुपमा विकास गर्न सम्भाव्यता अध्ययन, डिपिआर तयारी तथा निर्माण कार्य गर्ने । | | १००० | २००० | १०००० | १०००० |
| | | १.१.५ | सिन्धु खोलामा जलाशय निर्माण गरी एकिकृत पर्यापर्यटन, खानेपानी, सिचाई विद्युत उत्पादनमा | | २००० | १०००० | ५०००० | ५०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | उपयोग गर्न पूर्व सम्भाव्यता अध्ययन, डिपिआर तयारी तथा प्रारम्भिक चरणको निर्माण कार्य गर्ने । | | | | | |
| २ | २.१ | २.१.१ | पर्यटन व्यवसायीरुलाई राजस्व अभिमुखीकरण तालिम | - | ५० | | ५० | ५० |
| ३ | ३.१ | ३.१.१ | पर्यटकीय स्थलहरुको विवरण अध्यावधिक गरी ब्रोसर तयार गर्ने । | - | १०० | | - | ५० |
| | | ३.१.२ | पर्यटकीय वृत्तचित्र निर्माण गर्ने । | - | ३०० | | ३०० | ३०० |
| | | ३.३.३ | निजी क्षेत्रसंग सहकार्य गरी पर्यटन महोत्सव आयोजनाका गर्ने । | - | - | १००० | — | - |

**<u>अपेक्षित उपलब्धीहरु:</u>**

- पर्यटन व्यवसाय प्रबर्द्धन भई आय आर्जन बुद्धि हुने ।
- प्रत्यक्ष रोजगारीको अवसरहरु सिर्जना हुने ।
- स्थानिय स्रोत साधनहरुको अधिकतम उपयोग हुने ।

## ४.५ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति

मुख्यतया कृषि पेशामा आश्रित घरपरिवारको संख्या बढी भएको यस नगरपालिकामा मध्यम र ठूलास्तरका उपभोक्ता बजारहरूको विकास भएको छैन । यस नगरपालिका क्षेत्रमा कृषिमा आधारित राइस मिल, दुग्ध डेरी, बेकरी जस्ता केही साना उद्योगहरु सञ्चालनमा रहेका छन् भने काष्ठ, वनजन्य, नदीजन्य उद्योगको रुपमा फर्निचर, ब्लक कारखाना, क्रसर उद्योग लगायत र अन्य छाला सम्बन्धी उद्योगहरु समेत संचालनमा रहेका छन् । यस नगरपालिकामा ठूला उद्योगहरुको स्थापना र विस्तार भने भएको पाइदैन ।यस क्षेत्रमा कृषिमा आधारित उद्योगहरुको अधिक सम्भावना भएकोले वाणिज्य क्षेत्र लगायतका निजी क्षेत्रलाई प्रोत्साहन गरी उद्योग व्यवासयहरुको स्थापना तथा संचालन गर्न ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

| **सबल पक्ष : मुख्य संभावना र अवसरहरु** |
|---|
| • कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता रहेको |
| • स्थानीय जनशक्तिको सदुपयोग हुने कम खर्चिलो श्रमशक्ति प्राप्त गर्न सकिने |
| • भोटेचौर, पिप्ले, बाहुनेपाटी, मेलम्ची, तालामाराङ, दुवाचौर जस्ता बजार केन्द्रहरुको रूपमा रहेका<br>• पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु, हाड, छाला प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने |
| • नगरपालिकामा रहेका प्राकृतिक पोखरीहरू तथा कृत्रिम पोखरीमा व्यवसायिक माछापालन गर्न सकिने |
| • स्थानीय सम्भाव्यताका आधारमा धान खेती, गहुँ खेती, केरा खेती, कुखुरापालन, पशुपालन र तरकारी खेती उत्पादनलाई प्रर्वद्धन गर्न सकिने |
| • नदीजन्य पदार्थको प्रशोधनका लागि क्रसर उद्योहरु संचालनमा रहेको |
| • स्थानीय कच्चा पदार्थमा आधारित कृषि उद्योगहरूको स्थापना गर्न सकिने |
| • औद्योगिक पूर्वाधारहरूको यथोचित विकास गर्न सके नगरपालिकामा रोजगारीको सम्भावना र अवसरहरूको प्रचुरता रहेको |
| • सिलाइ/कटाइ/बुनाइ, मैनबत्ती बनाउने तालिम, मोटरसाईकल तथा साइकल मर्मत तालिम,कृषिजन्य तालिम प्रदान गरी साना तथा घरेलु उद्योगको लागि दक्ष जनशक्ति तयार गर्न सकिने |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • उद्योगको प्रचुर सम्भावना भए तापनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिको अवस्था अत्यन्त कमजोर रहेको |
| • युवा जनशक्ति दिन प्रतिदिन विदेश पलायन भइरहेको |
| • औद्योगिक उत्पादनको सिप सिकाउने शिक्षा प्रणाली नभएको |
| • स्थानीय जनताहरू काठमाडौं र अन्य सुविधासम्पन्न शहरहरू तिर बसाई सरी जाने प्रवृति रहेको |
| • नगरपालिकाका स्थानीय बजार केन्द्रहरूमा ठूलोस्तरको आर्थिक गतिविधि संचालन हुन नसकेको |
| • निजी क्षेत्रको लगानीलाई आर्कषण गर्न नसकिएको |
| • स्थानीय पूँजी बजारको विकास आशातित रूपमा नभएको |
| • पूँजीको अभाव, विकासका पूर्वाधारको भरपर्दो व्यवस्था नभएको |

| दीर्घकालीन सोच | |
|---|---|
| नगरपालिका भित्र रहेको खानी,खनिजहरुको दिगो व्यवस्थापन | |
| लक्ष्य | |
| नगरपालिका क्षेत्रभित्र रहेका खानी,खनिज तथा स्थानीय उत्पादनहरुमा आधारित उद्योगको स्थापना गरी रोजगारी प्रवर्द्धन गर्ने | |
| उद्देश्य | |
| १ | उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु |
| २ | नगरपालिकामा उत्पादन हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक वृद्धिदर हासिल गर्नु |
| ३ | स्थानीय बजार प्रर्वद्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्ने |

| **उद्देश्य १: उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ नीतिगत सुधार गरी लगानी मैत्री | १.१.१ उद्योगमा लगानीमैत्री वातावरण निर्माण गर्न उद्योगका लागि जग्गा, रजिष्ट्रेशन, करारमा लिन विशेष सहुलियत र छुट दिने नीति तथा मापदण्ड निर्माण गरिनेछ । |

| | |
|---|---|
| वातावरण निर्माण गर्ने | १.१.२ उद्योगमा लगानी गर्न असहज र प्रतिकूल रहेका विद्यमान स्थानीय कानूनहरूमा उद्योग लगानी मैत्री हुनेगरी संशोधन गरिने छ र श्रमिकहरूको सुरक्षा, हक र हितका लागि कानूनको अधिनमा रही स्थानीय नीति र मापदण्ड श्रमिक, उद्योग र उद्यमी मैत्री बनाइने छ । |
| | १.१.३ महिला र युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न विशेष अनुदान र सहुलियतको प्रवन्ध गरिने छ । |
| | १.१.४ ठूलोस्तरको बाह्य लगानी भित्र्याउन सरकारी जमिनको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रका उद्यमीहरूसँग विशेष छुट र सहुलियत बारे अन्तरक्रिया गरिने छ । |
| | १.१.५ कम्तीमा ३ जनालाई रोजगारी दिनसक्ने उद्योगका लागि दशलाख पूँजी लगानीको प्रस्ताव सहित आउने स्थानीय उद्यमीलाई ऋण प्रदान गर्न बैंक तथा वित्तिय संस्था मार्फत सहजीकरण गरिनेछ । |
| १.२ प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने | १.२.१ संघ तथा प्रदेश सरकारसंग नियमित अन्तरक्रियामार्फत एक नगरपालिकास्तरीय औद्योगिक ग्राम निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने |
| | १.२.२ औद्योगिक क्षेत्रको तय पश्चात औद्योगिक ग्रामको डि.पि.आर गरिने छ । |
| | १.२.३ मुख्य औद्योगिक क्षेत्रसम्मका पहुँच सडकलाई कृषि र पर्यटन सडकसंग एकीकृत गरी स्तरोन्नति गरिने छ । |
| | १.२.४ स्थानीय कृषि उपजमा आधारित उद्योगलाई प्राथमिकता दिइ कच्चा पदार्थ उत्पादन सुनिश्चित गर्न सम्भाव्य उद्योगी र कृषक बीच अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ । |
| | १.२.५ उद्योग क्षेत्रहरूमा आवश्यक विद्युतीकरण विस्तार गरिनेछ । |
| | १.२.६ औद्योगिक सूरक्षाका लागि सूरक्षा निकायसँगको सहकार्यमा शान्ति सुरक्षाको प्रबन्ध गरिने छ । |
| | १.२.७ औद्योगिक श्रमिकहरूको उपलब्धताका लागि स्थानीय रोजगार केन्द्रमा श्रम सूचना तथा तथ्याङ्क प्रणालीको निर्माण गरिने छ । |
| **उद्देश्य २: नगरपालिकामा उत्पादने हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक वृद्धिदर हासिल गर्नु** | |
| २.१ स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ | २.१.१ कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिने छ । |

| | |
|---|---|
| गर्ने | २.१.२ सङ्घीय तथा प्रादेशिक सरकारको सहयोगमा नगरपालिकास्तरीय खाद्य गुणस्तर मापनको व्यवस्था गरिने छ । |
| | २.१.३ स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको अध्ययन गरिनेछ । |
| | २.१.४ स्थानीय उपज उपभोग हुने उपभोक्ता बजारको मागको अध्ययन गरी वस्तुगत सूचना संकलन गरिनेछ |
| | २.१.५ उत्पादनमा स्थानीय पहिचान राख्न सक्ने बाली तथा उत्पादनको पहिचान गरिनेछ । |
| | २.१.६ गुणस्तर र ब्रान्ड कायम गर्न सक्ने बाली तथा उत्पादनको गुणस्तर प्रर्वद्धन गर्न जैविक प्रविधिको अवलम्बन गरिनेछ । |
| | २.१.७ जैविक प्रविधिको अधिकतम प्रयोग गर्न गुणस्तरीय उत्पादन गर्न र कृषकहरूलाई नियमित तालिम तथा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |
| | २.१.८ एक वडा एक कृषिमा आधारित उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ । |
| **उद्देश्य ३: स्थानीय बजार प्रर्वद्धन र व्यवस्थापनमार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्ने** | |
| ३.१ बजार, व्यापार तथा वाणिज्य व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने | ३.१.१ स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धमा नीति, कानून र मापदण्ड निर्माण गरिनेछ । |
| | ३.१.२ नगरपालिकाभर सञ्चालन भएका व्यवसाय दर्ता तथा अभिलेखिकरण प्रणाली निर्माण गरिनेछ । |
| | ३.१.३ समग्र व्यापार र वाणिज्यलाई समेटेर वार्षिक रुपमा हुने कारोबारका आधारमा माग तथा आपूर्ति र कारोबारको आकार साथै व्यापार नाफा/घाटाको तथ्याङ्क प्राप्त हुने तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ र नगरपालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास गरिनेछ । |
| ३.२ स्थानीय बजार प्रबद्धन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने | ३.२.१ स्थानीय व्यापारिक फर्म तथा व्यवसायको दर्ता अनुमति नवीकरण, खारेजी, बजार तथा गुणस्तर अनुगमन र नियमन गर्न संयन्त्र र नियमित कार्यतालिका बनाइने छ । |
| | ३.२.२ मुख्य बजार केन्द्रलाई लक्षित गरी निजी क्षेत्रसंगको समन्वयमा व्यापारिक स्टल निर्माण गरी बहालमा दिइने छ । |
| | ३.२.३ वार्षिक रुपमा मूख्य चाडपर्व तथा अवसर हेरी व्यापारिक मेला आयोजना गर्न वार्षिक पात्रो निर्माण गरिने छ । |

| | |
|---|---|
| | ३.२.४ परम्परागत रुपमा चलि आएका स्थानीय हाटबजारलाई व्यवस्थित र वैज्ञानिक बनाउन अध्ययन गरी पूर्वाधार विकास गरिने छ । |
| | ३.२.५ प्रत्येक वर्ष नियमित आम उपभोक्ता हित र अधिकार साथै खाद्य गुणस्तर सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |



**खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | उद्योगका लागि करारमा दिनसकिने जग्गा पहिचान गर्न अध्ययन | - | १०० | — | — | — |
| | | १.१.२ | श्रमिक, उद्योग र उद्यमी मैत्रीसम्बन्धी नीति, कानून संशोधन गर्न विज्ञसँग परामर्श | — | — | — | — | — |
| | | १.१.३ | महिला तथा युवा उद्यमी पहिचान, सहुलियत तथा अनुदान | — | — | — | — | — |
| | | १.१.४ | ठूला लगानी भित्र्याउन बाह्य लगानीकर्ताहरूसँग लगानी सम्मेलन | — | — | ५०० | — | — |
| | | १.१.५ | दशलाखसम्मको उद्योग लगानी प्रस्तावका लागि वित्तिय संस्थाहरुसंग अभिमुखीकरण | — | १०० | १०० | १०० | १०० |
| | १.२ | १.२.१ | नगरपालिकास्तरीय औद्योगिक ग्राम निर्माण सम्भाव्यता अध्ययन | — | ३०० | — | — | — |
| | | १.२.२ | औद्योगिक ग्रामको डि.पि.आर निर्माण | — | — | ५०० | — | — |
| | | १.२.३ | औद्योगिक सडक पहिचान तथा स्तरोन्नति | — | — | — | २००० | — |
| | | १.२.४ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | — | १०० | १०० | १०० | १०० |
| | | १.२.५ | औद्योगिक क्षेत्र विद्युतिकरण | — | — | ५०० | ५०० | ५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १.२.६ | औद्योगिक क्षेत्र केन्द्रित प्रहरी बिट स्थापना तथा निर्माण | — | — | — | ५०० | — |
| | | १.२.७ | औद्योगिक श्रमिक तथा श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण | — | २०० | — | — | — |
| २ | २.१ | २.१.१ | कृषि उपज प्याकेजिङ, लेबलिङ गुणस्तर जाँच तथा ब्रान्डीङ सम्बन्धी तालिम तथा अन्तरक्रिया | — | १०० | २०० | २०० | २०० |
| | | २.१.२ | खाद्य तथा कृषि उपज गुणस्तर मापन केन्द्र स्थापना | — | — | — | — | — |
| | | २.१.३ | कृषि उपभोक्ता बजारको सम्भाव्यता अध्ययन | — | २०० | — | — | — |
| | | २.१.४ | कृषि सम्बन्धी उपभोग्य वस्तुको बस्तुगत माग सम्बन्धी तथ्याङ्क संकलन | — | — | २०० | — | — |
| | | २.१.५ | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैंक स्थापना | — | ५०० | — | — | — |
| | | २.१.६ | गुणस्तर र ब्राण्ड कायम गर्न सक्ने बाली नालीको सम्भाव्यता अध्ययन | — | ३०० | — | — | — |
| | | २.१.७ | जैविक प्रविधि र जैविक खेतीसम्बन्धी तालिम | — | २०० | २०० | २५० | २५० |
| | | २.१.८ | एक वडा एक कृषिमा आधारित उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन | — | ५०० | — | — | — |
| ३ | ३.१ | ३.१.१ | स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धमा नीति, कानून र मापदण्ड निर्माण | — | — | — | — | — |
| | | ३.१.२ | नगरपालिकाभर सञ्चालन भएका व्यवसाय दर्ता तथा अभिलेखिकरण प्रणाली निर्माण | — | — | — | — | — |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ३.१.३ | माग तथा आपूर्ति र कारोबारको आकार साथै व्यापार नाफा/घाटाको तथ्याङ्क प्राप्त हुने तथ्याङ्क प्रणालीको निर्माण | — | — | ५०० | — | — |
| | | ३.१.४ | नगरपालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास | — | — | — | ५०० | — |
| | ३.२ | ३.२.१ | बजार अनुगमन तथा निरीक्षण | १००० | १५०० | १५०० | १५०० | १५०० |
| | | ३.२.२ | बहाल बिटौरी कर प्राप्त हुने गरी व्यापारिक स्टल निर्माण | — | १०००० | २०००० | २०००० | २०००० |
| | | ३.२.३ | व्यापारिक मेला आयोजना | — | — | १०००० | — | — |
| | | ३.२.४ | हाटबजार पूर्वाधार निर्माण | — | — | १५०० | — | १५०० |
| | | ३.२.५ | उपभोक्ता हितसम्बन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन | ७०० | १००० | १००० | १००० | १००० |

**अपेक्षित उपलब्धीहरू:**

- उद्योगका लागि न्यूनतम आधारभूत पूर्वाधार जस्तै: सडक, उर्जा, जमिन, श्रमशक्ति, सुरक्षा तथा लगानी आदिको प्रबन्ध भएको हुनेछ ।
- स्थानीय कच्चा पदार्थ विशेषगरी कृषिमा आधारित उद्योगहरूको संख्या वृद्धि भएको हुनेछ ।
- उद्योग क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा १० प्रतिशत भन्दा माथि योगदान हुनेछ ।
- स्थानीय बजार तथा आपूर्ति प्रणाली सुदृढ भएको हुनेछ ।

## ४.६ गरिबी निवारण

वि.सं. २०१३ साल देखि हालसम्म आवधिक विकास योजनाहरुमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्दाको रुपमा गरीबी निवारण रहेको छ । यसका लागि हालसम्म भएका प्रयासहरुले अपेक्षित नतिजा दिन सकेको छैन । दिगो विकास लक्ष्यको पहिलो प्राथमिकताको लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारको गरीबीको अन्त्य गर्ने भन्ने उल्लेख गरिएको छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्ने नसकिए पनि कुल जनसंख्याको पाँच प्रतिशतमा सीमित गर्ने रहेको छ । वि.स. २०७८ को जनगणना अनुसार यस नगरपालिकामा करिव १५ प्रतिशतले आफ्नो आम्दानीको पुरै साधारण दैनिक गुजारामा खर्चिने र थोरै प्रतिशतले मात्र आम्दानीको केही अंश लगानी तथा बचत गर्ने गरेका छन् ।अर्को तर्फ आफ्नो आम्दानीले तीन महिनामात्र खान पुग्ने घरधुरी संख्या समेत ठुलो हुनुले यो नगरपालिकामा निरपेक्ष गरीवीको रेखामुनि रहेको घरपरिवार समेत उल्लेख्य रहेको स्पष्ट हुन्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरु |
|---|
| • गरिबी निवारण योजना तथा कार्यक्रम तर्जुमा गर्ने अधिकार स्थानीय सरकारलाई प्राप्त भएकोले वास्तविक गरीव पहिचान गरी त्यसको निराकरण गर्न सहयोगी हुने |
| • खेती योग्य उर्वर जमिन प्रशस्त भएको र पर्यटनको प्रचुर संभावना भएकोले गरिवी निवारणका कार्यक्रमहरु संचालन गर्ने अवसरहरु रहेको |
| • स्थानीय तहमै रोजगार केन्द्रको प्रवन्ध गरिएको |
| • नगरपालिकाले गरिवी निवारणलाई प्राथमिकता दिएको |
| • प्रधानमन्त्री रोजगार जस्ता संघीय कार्यक्रमहरु संचालनमा आएको |
| • युवा उमेरको जनसंख्या रहेका |
| • वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सिपलाई गरिबी निवारणमा सदुपयोग गर्न सकिने |
| • रोजगारी श्रृजना,सिपमूलक तालिम आदिमा नगरपालिकाले प्रत्यक्ष सहयोग गर्न सक्ने वैद्यानिक र नीतिगत आधार तयार भएका |
| • मेलम्ची न.पा वडा नं ९ मा १४ वटा र वडा नं १० मा ५ वटा गरिबि निवारण कोषद्वारा सामुदायिक संस्थाहरु प्रवर्द्धन गरिएका |

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • वास्तविक गरिबको संख्या पहिचान हनु नसकेको |
| • बार्है महिना खान नपुग्ने परिवार संख्या उल्लेख्य रहेको |
| • सरकारको मूल कार्यक्रमहरूमा गरिब परिवारको वास्तविक पहुँच पुग्न नसकेको |
| • कृषि उद्योग,पर्यटन र अन्य व्यवसाय प्राय निर्वाहमुखी हुने गरेको |

- शिक्षा र जनचेतनामा कमी रहेकोले गरीबी घटाउन कठिन र चुनौतीपूर्ण रहेको
- युवाहरू अवसर नपाएर विदेश पलायन हुनु परेको
- विगतका गरिबी निवारणका कार्यक्रमहरू वास्तविक रुपमा प्रभावकारी हुन नसकेको
- श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन नसकेको
- रोजगारमूलक शिक्षाको उचित प्रबन्ध हुन नसकेको

| दीर्घकालीन सोच |
|---|
| गरिबीको रेखामुनि रहेका नागरिकहरुलाई आर्थिक समृद्धितर्फ उन्मुख गराउने |
| लक्ष्य |
| स्थानीय स्रोत,साधन र अवसरहरुको उपयोग गरी स्थानीयस्तरमा रोजगारी सृजना गर्ने |
| उद्देश्यहरु |
| **निरपेक्ष र बहुआयमिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने ।** |

**उद्देश्य १: निरपेक्ष र बहुआयमिक गरीबीमा रहेको जनताको गरीबी निवारण गरी जीवनस्तर उकास्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ गरीबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने | १.१.१ नगरपालिकाभर गरीबीको परिभाषा भित्र पर्ने परिवार वा व्यक्तिको वास्तविक सूचना संकलन र अध्यावधिक गरिनेछ । |
| | १.१.२ बेरोजगारको तथ्याङ्क संकलन र अध्यावधिक गरिने छ । |
| | १.१.३ गरीबीका प्रमुख कारण र गरीबीको सघनता भएका क्षेत्रहरूको पहिचान गरिनेछ । |
| १.२ सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन गर्ने | १.२.१ निरपेक्ष गरीबीमा रहेको जनसंख्या लक्षित पोषण तथा खाद्य सूरक्षा सुनिश्चितताका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.२ नगरपालिकाको अनुदानमा लक्षित गरिब घरपरिवारको स्वास्थ्य बिमा गरिनेछ । |
| | १.२.३ विपन्न वर्गका लागि गरिब आवास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.४ नगरपालिकाभर रहेका असक्त, असहाय, फकिर तथा सडक मानवहरूको तथ्याङ्क संकलन गरिनेछ । |
| | १.२.५ असक्त, असहाय तथा बेसहाराहरूलार्य आश्रय स्थल तथा पोषणको प्रवन्ध गरिनेछ । |
| | १.३.१ रोजगार केन्द्रलाई सकृय बनाई नगरपालिकामा निरन्तर श्रृजना हुन सक्ने रोजगारका क्षेत्रका बारे सम्भाव्यता अध्ययन तथा अनुसन्धान गरिनेछ । |

| | |
|---|---|
| १.३ विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने | १.३.२ कृषि क्षेत्रको विकासमार्फत रोजगारी श्रृजना गर्न दक्ष कृषि श्रमिक स्रोत केन्द्र स्थापना गरिनेछ । |
| | १.३.३ कृषि श्रमिकहरूलाई सिपमूलक तालिम प्रदान गरिनेछ । |
| | १.३.४ बेरोजजगार युवाहरूको लगत संकलन गरी उनीहरूको रुची र क्षमता पहिचान गरी सोही अनुसार तालिम प्रदान गरिनेछ । |
| | १.३.५ रोजगार केन्द्रको अगुवाइमा JOB Bank को स्थापना गर्न नियमित अध्ययन र अनुसन्धान गरिनेछ । |
| | १.३.६ रोजगारीसम्बन्धी सम्पूर्ण जानकारी प्राप्त हुने सूचना प्रविधि संयन्त्रको निर्माण गरिनेछ । |
| | १.३.७ विपन्न लक्षित करार खेती प्रणाली विकास गर्न नगरपालिकामा भूमि बैंक स्थापना गरिनेछ । |
| | १.३.८ अति विपन्न परिवारका सदस्यहरूलाई घरेलु तथा कुटिर उद्योग सञ्चालन गर्न शुन्य प्रतिशत ब्याजमा मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |
| | १.३.९ उत्पादनमुलक रोजगार तथा स्वरोजगारमुलक शिक्षा र सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ । |

**अपेक्षित उपलब्धीहरुः**

- निरपेक्ष र बहुआयामिक गरिबिको जनसंख्या घटेको हुनेछ ।
- सम्पुर्ण नगरबासिहरुको प्रति व्यक्ति आय वृद्धि भएको हुनेछ ।
- दक्ष जनशक्तिको सहज उपलब्धता हुनेछ ।

गरिबी निवारण क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | गरिब घरपरिवार पहिचान सूचना संकलन | - | - | - | - | - |
| | | १.१.२ | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | - | ५०० | - | - | २०० |
| | | १.१.३ | गरिबीका प्रमुख विशिष्टिकृत कारणहरूको अध्ययन गर्ने | - | - | - | - | - |
| | १.२ | १.२.१ | गरिब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम | - | ५० | ५० | ५० | ५० |
| | | १.२.२ | विपन्न परीवार स्वास्थ्य बिमा कार्यक्रम | - | ५०० | ५०० | ५०० | ५०० |
| | | १.२.३ | विपन्न नागरीक आवास कार्यक्रम | - | - | - | - | - |
| | | १.२.४ | अशक्त, असहाय, बेसहारा सडक मानव तथ्याङ्क संकलन | - | २०० | - | - | - |
| | | १.२.५ | बेसहारा आश्रयस्थान निर्माण | - | - | - | - | - |
| | १.३ | १.३.१ | रोजगार केन्द्रद्वारा रोजगारीका क्षेत्र पहिचान गर्न सम्भाव्यता अध्ययन | - | ५० | ५० | - | - |
| | | १.३.२ | दक्ष कृषि श्रमिक स्रोतकेन्द्र स्थापना | - | - | - | - | ६०० |
| | | १.३.३ | कृषि श्रमिक सिपमूलक तालिम | - | ३०० | ३०० | ३०० | ३०० |
| | | १.३.४ | बेरोजगारलाई रुची अनुसार तालिम सञ्चालन | - | २०० | २०० | २०० | २०० |
| | | १.३.५ | Job Bank को स्थापना गर्न अध्ययन | - | १०० | १०० | - | - |
| | | १.३.६ | Job Information Center निर्माण | - | ५० | - | - | - |
| | | १.३.७ | विपन्न लक्षित विषेश भूमि बैकिङ्क स्थापना | - | १०० | - | - | - |
| | | १.३.८ | अति विपन्न परीवार लक्षित उद्यमी अनुदान | - | ३०० | ३०० | ३०० | ३०० |
| | | १.३.९ | उत्पादनमुलक रोजगार तथा स्वरोजगारमुलक शिक्षा र सीप विकास तालिम | - | २०० | २०० | २०० | २०० |

## ४.७ भु-उपयोग तथा भुमि व्यवस्थापन

समुद्री सतहबाट करीव ७०६ मिटर देखि २२५० मिटरका उचाइमा रहेको यस नगरपालिकाको जमिन मेलम्ची तथा इन्द्रावती नदी प्रणालीले निर्माण गरेको क्षेत्र हो ।अधिकांश क्षेत्र पहाडी भूभाग रहेको नगरपालिकामा मेलम्ची र इन्द्रावती नदि रहेका छन् । कुल क्षेत्रफल मध्ये करिव ३८ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको अनुमान गरिएको छ । यसैगरी वस्ती क्षेत्रले ४.४९ प्रतिशत ओगटेको छ भने १.५३ प्रतिशत भू-भाग नदी/खोला किनार तथा बगर क्षेत्रले ओगटेको छ । व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण र कार्यान्वयन गर्न सके भूमिकोपूर्ण सदुपयोग माफर्त यस नगरपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिने सम्भावना रहेको छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • सतही जलस्रोतको पर्याप्तता रहेको । |
| • भूमिको वैज्ञानिक र दिगो सदुपयोग मार्फत दीर्घकालिन समृद्धि हासिल गर्न सकिने । |
| • स्थानीय तहमा भूमि व्यवस्थापन सम्बन्धी अधिकार रहेको। |
| • जमिनको उर्वरता पर्याप्त रहेको । |
| • वैज्ञानिक भूमि उपयोगको सम्भावना रहेको । |
| • राजधानी तथा राष्ट्रिय निकुन्जबाट नजिक रहेको । |
| • पर्यटकीय संभावना बोकेको भूबनोट रहेको । |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • जंगली जनावरको जोखिम रहेको । |
| • अधिकांश जमिन भिरालो भएको कारण यन्त्रिकिकरण गर्न कठिनाई भएको । |
| • शहर केन्द्रित बसाइसराई बढेकोले अधिकांश जग्गा जमिन बाँझो रहेको । |
| • भूमिको वैज्ञानिक र व्यावसायिक ढङ्गले पूर्ण सदुपयोग गर्ने चुनौती रहेको। |
| • भिरालो जमिनको कारण भू-क्षय तथा पहिरोको उच्च जोखिम रहेको । |

| दीर्घकालीन सोच |
|---|
| भू-श्रोतको पूर्णत वैज्ञानिक सदुपयोग मार्फत आर्थिक समृद्धि हासिल गर्ने । |
| लक्ष्य |
| वैज्ञानिक भू—उपयोग योजना लागू गरी भूमिलाई आर्थिक विकासको आधार बनाउने । |

| उद्देश्यहरु |
|---|
| १. सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु । |
| २. सुरक्षित आवासयोग्य भू-क्षेत्रको विकास गर्नु । |

| **उद्देश्य १: सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ राष्ट्रिय र प्रादेशिक भू- उपयोग नीति अनुरुप स्थानीय भू-उपयोग योजना र कृषि नीति निर्माण गर्ने | १.१.१ नगरपालिकाको जमिनलाई भू-उपयोग योजना अनुरुप वर्गीकरण गरिनेछ । |
| | १.१.२ नगरपालिका भित्र रहेको सबै प्रकारको जग्गाको पूर्णरुपमा लगत संकलन गरी व्यक्ति, सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार पारि भूमि प्रशासन प्रणालीमा आबद्ध गरिनेछ । |
| | १.१.३ नगरपालिकामा उपलब्ध सिंचित र असिंचित जमिनको लगत तयार गरी कृषि योग्य जग्गाको सदुपयोग भए नभएको तथ्याङ्क अद्यावधिक हुने संयन्त्र निर्माण गरिनेछ । |
| १.२ खेती गर्न इच्छुक तर आफ्नो जमिन नभएका कृषकहरुको लगत संकलन गरी भूमिको व्यवस्था गर्ने | १.२.१ भूमि बैंकको स्थापना गरिनेछ । |
| | १.२.२ करारमा खेती गर्न इच्छुक कृषकलाई आवश्यक जमिन उपलब्ध गराइनेछ । |
| | १.२.३ बाँझो जमिनमा खेती प्रोत्साहन गर्न संभाव्यता अध्ययन तथा कृषक अभिमुखीकरण गरिनेछ । |
| १.३ जग्गा बाँझो राख्ने कृषकको लगत संकलन गर्ने | १.३.१ जग्गा बाँझो राख्न नपाउने नीति अबलम्बन गर्ने । |
| १.४ जग्गा चक्लाबन्दी अभियान संचालन गर्ने । | १.४.१ जग्गा चक्लाबन्दी कार्यविधि बनाई लागु गर्ने । |

| **उद्देश्य २: सुरक्षित आवासयोग्य भू-क्षेत्रको विकास गर्नु ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ सुरक्षित आवासको सूनिश्चितता गर्ने । | २.१.१ जोखिमयुक्त स्थानको भौगर्भिक अध्ययन गरिनेछ । |
| | २.१.२ जोखिमयुक्त क्षेत्रका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ । |
| | २.१.३ एकिकृत बस्तीको अवधारणा अवलम्बन गरिन्छ । |

भूमी व्यवस्थापन (भूउपयोग) क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | नगरपालिका भू–उपयोग योजना निर्माण | — | — | ३०० | — | — |
| | | १.१.२ | भूमि अभिलेख प्रणाली निर्माण | — | २०० | — | — | — |
| | | १.१.३ | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली निर्माण | — | ५०० | — | — | — |
| | १.२ | १.२.१ | भूमि बैंक स्थापना | — | — | — | — | — |
| | | १.२.२ | करार खेतीका लागि इच्छुक कृषक लगत संकलन | — | १०० | — | — | — |
| | | १.२.३ | भिरालो खेती तालिम | — | २०० | २०० | २०० | २५० |
| | १.३ | १.३.१ | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्यक्रम संचालन गर्ने | — | — | — | — | — |
| | १.४ | १.४.१ | जग्गा चक्लाबन्दी गर्ने कृषकको लगत संकलन | — | — | — | — | — |
| | | १.४.२ | जग्गा चक्लाबन्दी सम्बन्धी कृषक अभिमुखीकरण | — | — | — | — | — |
| | | १.४.३ | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन | — | — | — | — | — |
| | | १.४.४ | कृषक समूह तथा कृषि सहकारी बिच अन्तर्कृया कार्यक्रम संचालन | | १०० | १०० | १०० | १०० |
| | | १.४.५ | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान प्रदान | — | १००० | १००० | १००० | १००० |
| २ | २.१ | २.१.१ | जोखिमयुक्त स्थानको भौगर्भिक अध्ययन | — | ५०० | — | — | — |
| | | २.१.२ | जोखिमयुक्त स्थानका नागरिकहरुलाई अभिमुखीकरण कार्यक्रम | — | १०० | १०० | १०० | १०० |
| | | २.१.३ | एकिकृत बस्ती निर्माणका लागि सहयोग | — | १००० | १००० | १००० | १००० |

**<u>अपेक्षित उपलब्धीहरु:</u>**

- नगरपालिकामा उपलव्ध खेतीयोग्य जमिनको वैज्ञानिक र पूर्ण सदुपयोग भएको हुनेछ ।
- सुरक्षित आवासको सूनिश्चितता भएको हुनेछ ।



## आर्थिक क्षेत्रको नतिजा खाका

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | कृषि तथा पशुपन्छी | | | | |
| | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धिदर | प्रतिशत | — | — |
| | प्रभाव | कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | — | — |
| | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशत | ७९.२ | ९५ |
| | असर | खेतीयोग्य जमिन मध्ये पूर्ण रुपमा खेती भैरहेको जमिन | हेक्टर | ५११७ | ६००० |
| | असर | झाडी, बुट्टयान र बाँझो जमिन | हेक्टर | — | — |
| | असर | पूर्ण रुपमा व्यवसायिक कृषिमा प्रयोग भैरहेको जमिन | हेक्टर | — | — |
| | असर | वर्षै भरी सिंचाई सुविधा पुगेको जमिन | हेक्टर | ६०० | ८५० |
| | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | — | — |
| | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | — | — |
| | असर | व्यवसायिक कृषिमा लागेका ४० वर्ष मुनिका कृषक | संख्या | — | — |
| | असर | धान उत्पादकत्व | मेट्रिक टन प्रति हे. | ३.१ | ४ |
| | असर | मकै उत्पादकत्व | मेट्रिक टन प्रति हे. | २.१ | ३ |
| | असर | गहुँ उत्पादकत्व | मेट्रिक टन प्रति हे. | २.४ | ३ |
| | असर | कोदो उत्पादकत्व | मेट्रिक टन प्रति हे. | १.२ | २ |
| | असर | केरा उत्पादकत्व | मेट्रिक टन | ३.४ | ४.५ |
| | असर | सुन्तला उत्पादकत्व | मेट्रिक टन | ५ | ७ |
| | असर | किबी उत्पादकत्व | मेट्रिक टन | ३.१ | ४ |
| | असर | कागती उत्पादकत्व | मेट्रिक टन | २.६ | ३.५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | आलु उत्पादकत्व | मेट्रिक टन | १२ | १५ |
| | असर | दुग्ध उत्पादन | लि. | ५४००००० | ७४००००० |
| | असर | तोरी उत्पादन | मेट्रिक टन | — | — |
| | प्रतिफल | कृषि सूचना तथा श्रोत केन्द्र | संख्या | — | १ |
| | प्रतिफल | एग्रोभेट | संख्या | ११ | २० |
| | प्रतिफल | कृत्रिम गर्भाधान सेवा | संख्या | ६५१ | १४५० |
| | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | २ | ७ |
| | प्रतिफल | उन्नत नश्लका पशुपंन्छी श्रोत केन्द्र | संख्या | ० | २ |
| | प्रतिफल | रैथाने पशुपन्छी पालन फर्म | संख्या | ५ | २५ |
| | प्रतिफल | भेटेरिनरी प्रयोगशाला | संख्या | ० | २ |
| | प्रतिफल | कृषि प्रदर्शनी मेला | संख्या | ० | १ |
| | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | — | १ |
| | प्रतिफल | कृषि तथा पशु उपज संकलन तथा बिक्री केन्द्र | संख्या | १ | ४ |
| | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | ४० | ६० |
| | प्रतिफल | कृषि घुम्ती सेवा | संख्या | १ | २ |
| | प्रतिफल | कृषक पाठशाला | संख्या | १ | २ |
| | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | ३ | ७ |
| | प्रतिफल | ब्राण्डेड कृषि उपज | संख्या | — | १ |
| | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | ६५ | ८० |
| | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रयोगकर्ता कृषक | संख्या | ६०० | ७५० |
| | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | ३७ | १३ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | साना किसान सहकारी संस्था | संख्या | ४ | १३ |
| | प्रतिफल | फलफूल तथा तरकारी उत्पादन सहकारी संस्था | संख्या | १ | ५ |
| | प्रतिफल | दुग्ध उत्पादक सहकारी संस्था | संख्या | ४६ | ५५ |
| | प्रतिफल | कफी सहकारी संस्था | संख्या | ३ | ५ |
| | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नक्ष | संख्या | ३ | ० |
| | प्रतिफल | जलवायु अनुकुलन विशेष बालीनाली | संख्या | ३ | ५ |
| | प्रतिफल | सामुदायिक बीउ बैंक | संख्या | — | १ |
| | असर | स्थानीयस्तरमा उत्पादन भै निकासी हुने बीउका किसिम | संख्या | १ | २ |
| | प्रतिफल | जैविक किटनाशक प्रयोगकर्ता कृषक | प्रतिशत | ५ | १० |
| | प्रतिफल | नगरपालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायत रकम रु. | लाखमा | ७ | १० |
| | प्रतिफल | कृषि क्षेत्रलाई छुट्टाइएको बजेट | प्रतिशत | १.०४ | ३ |
| | प्रतिफल | बाली भित्र्याइसकेपछि हुने क्षति | प्रतिशत | ७ | ४ |
| | प्रतिफल | बैकल्पिक सिंचाई प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | ७ | १२ |
| | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | १३ | २० |
| | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | ३० | ५० |
| | प्रतिफल | पशुधन निर्यातबाट प्राप्त रकम | लाखमा | ५० | १०० |
| | प्रतिफल | पन्छीजन्य निर्यातबाट प्राप्त रकम | लाखमा | ३५ | ७० |
| | प्रतिफल | कृषक समूह | संख्या | ८२ | ९० |
| | प्रतिफल | दुग्ध चिस्यान तथा डेरी | संख्या | १४ | २० |
| | प्रतिफल | कृषि पकेट जोन | संख्या | — | — |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | हेक्टर | ४० | ५० |
| | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्र | प्रतिशत | ४ | १२ |
| | प्रतिफल | रासयनिक मल समयमा प्राप्त गर्न नसक्ने प्रभावित कृषक | प्रतिशत | — | — |
| | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | हेक्टर | १ | ३ |
| | प्रतिफल | बगर खेतीले ओगटेको क्षेत्रफल | हेक्टर | — | — |
| | प्रतिफल | खाद्यान्न गोदाम | संख्या | १५ | २० |
| | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | — | — |
| | प्रतिफल | घाँसवालीले ओगटेको कृषि क्षेत्र | हेक्टर | १२ | २५ |
| | प्रतिफल | कृषि प्राविधिक तालिम तथा अभिमुखीकरणबाट पूर्ण लाभान्वित कृषक | प्रतिशत | १५ | २५ |
| २. | पर्यटन | | | | |
| | प्रतिफल | पर्यटक आगमन | संख्या | ३००० | १०००० |
| | असर | रोजगारीमा योगदान | प्रतिशत | २ | १२ |
| | असर | कूल ग्राहस्थ उत्पादनमा योगदान | प्रतिशत | ३ | ७ |
| | असर | पर्यटक बसाइ अवधि | दिन | २ | ७ |
| | असर | प्रति पर्यटक प्रति दिन खर्च | हजारमा | २५०० | ४५०० |
| | प्रतिफल | आधारभूत पुर्वाधार पूर्ण भएका पर्यटकीय गन्तव्य | संख्या | ७ | १२ |
| | प्रतिफल | तालिम प्राप्त पर्यटन सम्वद्ध जनशक्ति | संख्या | २५ | १५० |
| | प्रतिफल | आधारभूत सुविधायुक्त होटल, रिसोर्ट लज | संख्या | ३० | ५० |
| | प्रतिफल | होमस्टे | संख्या | ४ | १५ |
| | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | — | २ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | वार्षिक पर्यटन पात्रो अन्तर्गत समेटिएका पर्यटन गतिविधि | संख्या | ७ | १५ |
| | प्रतिफल | चिनो तथा कोशेली बिक्री केन्द्र | संख्या | १ | ३ |
| | प्रतिफल | नविनतम पर्यटन गन्तव्य | संख्या | ३ | १० |
| | प्रतिफल | पक्की सडकको पहुँच पुगेका पर्यटन गन्तव्य | संख्या | ३ | १० |
| | प्रतिफल | पूर्ण रुपमा पर्यटनमा संलग्न रोजगार | संख्या | ३०० | १००० |
| ३. | खानी, खनीज, उद्योग, वाणिज्य तथा आपूर्ति | | | | |
| | असर | गैरकृषि क्षेत्रमा (उद्योगमा संलग्न रोजगारहरु) | प्रतिशत | २ | ६ |
| | असर | कूल रोजगारीमा ठूला उद्योगको योगदान | प्रतिशत | ०.५ | २ |
| | असर | कूल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | ०.५ | २ |
| | प्रतिफल | थोक व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | ५ | ७ |
| | प्रतिफल | खुद्रा व्यापारमा संलग्न जनसंख्या | प्रतिशत | १५ | २५ |
| | प्रतिफल | नगरपालिकाको कूल आयात | लाखमा | — | — |
| | प्रतिफल | नगरपालिकाको कूल निर्यात | लाखमा | — | — |
| | प्रतिफल | थोक तथा खुद्रा व्यापारमा कूल लगानी | लाखमा | — | — |
| | प्रतिफल | खानीमा आधारित उद्योग | संख्या | १० | १५ |
| | प्रतिफल | साना उद्योग | संख्या | ५०८ | ८५० |
| | प्रतिफल | मझौला उद्योग | संख्या | १५ | ३० |
| | प्रतिफल | ठूला उद्योग | संख्या | १० | १२ |
| | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | १५ | २५ |
| | प्रतिफल | महिला उद्यमीहरु | संख्या | — | २५० |
| | प्रतिफल | युवा उद्यमीहरु | संख्या | — | ७०० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | समग्र उद्यमीहरुको संख्या (व्यक्तिगत नाममा दर्ता ) | संख्या | ७०० | १००० |
| ४. | बैंकतथा वित्तीय क्षेत्र | | | | |
| | प्रतिफल | आफ्नै नाममा बैंक खाता भएका घर परिवार | संख्या | — | — |
| | प्रतिफल | नगरपालिकामा विस्तार भएका वाणिज्य बैंक | संख्या | ५ | |
| | प्रतिफल | नगरपालिकामा विस्तार भएका विकास बैंक | संख्या | १ | |
| | प्रतिफल | नगरपालिकाम विस्तार भएका लघु वित्त | संख्या | १२ | |
| | प्रतिफल | नगरपालिकामा कार्यक्षेत्र भएका विमा कम्पनी | संख्या | ८ | |
| | प्रतिफल | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | — | — |
| | प्रतिफल | प्रति एक लाख बयस्कहरुमा वाणिज्य बैंकहरुको शाखा | संख्या | १२ | |
| | प्रतिफल | प्रति एक लाख बयस्कहरुमा ए टि एम को संख्या | संख्या | १२ | |
| | प्रतिफल | बैंकबाट ऋण लिएर व्यवसायका उद्योग संचालन गर्ने व्यवसायी | संख्या | — | — |
| | असर | लघुवित्तद्धारा समेटिएको खेती गर्ने परिवार | प्रतिशत | ६५ | ३५ |
| | असर | ३० मिनेटको पैदल दुरीमा बैंकिङ्ग सेवामा पहुँच भएका परिवार | प्रतिशत | ४ | १५ |
| ५. | गरिबी निवारण | | | | |
| | प्रभाव | निरपेक्ष गरिबीको रेखामुनी रहेको परिवार | प्रतिशत | २२ | १३ |
| | प्रभाव | बहुआयामिक गरिबीको दर | प्रतिशत | २६ | १७ |
| | प्रभाव | बेरोजगारी दर | प्रतिशत | ९ | ५ |
| | प्रतिफल | गरिब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घर परिवार | संख्या | २२७६ | १४०० |
| | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभान्वित घरपरिवार | संख्या | — | — |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | आयमुलक सीप विकास तालिमद्धारा लाभान्वित घरपरिवार | संख्या | — | — |
| | असर | अशक्त, असहाय, बेसाहारा आश्रयस्थलमा समेटिनुपर्ने | संख्या | — | — |
| | प्रतिफल | स्वास्थ्य बिमाबाट सुरक्षित गरिएका विपन्न परिवार | संख्या | — | — |
| | प्रतिफल | गरिबीको रेखामुनी रहेका महिला | प्रतिशत | २३ | १३ |
| | प्रतिफल | गरिबीका रेखामुनी रहेका ५ वर्ष मुनीका बालबालिका | प्रतिशत | — | — |
| | प्रतिफल | कूल बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | १२.४४ | १५ |
| | प्रतिफल | आफ्नै नाममा अचल सम्पत्ति भएका महिला | प्रतिशत | — | — |

# परिच्छेद-५
# सामाजिक क्षेत्र

यस आवधिक योजनाको प्रयोजनका लागि शिक्षा विज्ञान तथा प्रविधि ,स्वास्थ्य, खेलकुद, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, सांस्कृतिक,भाषा,कला तथा साहित्य आदिलाई सामाजिक क्षेत्रको उपक्षेत्र अन्तर्गत समावेश गरिएको छ ।सामाजिक क्षेत्रको उपक्षेत्रहरुको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनिति, कार्यनीति तथा कार्यक्रमहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## ५.१ शिक्षा, विज्ञान तथा प्रविधि

शिक्षा विकासको आधार स्तम्भ हो ।नागरिकहरुलाई ज्ञान र सीपले सुसज्जित गरी देशमा दिगो शान्ति र आर्थिक समृद्धि कायम गर्नका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा लिइन्छ ।नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा समावेश गरी प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हकलाई प्रत्याभूत गरेको छ । संघीय सरकारले वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमुलक शिक्षा मार्फत दक्ष जनशक्ति उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा रोजगारीको सुनिश्चितता गर्न शिक्षामा राज्यको लगानी अभिवृद्धि तथा निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । यो नीतिगत प्रावधानलाई स्थानीय सरकारले पनि आत्मसाथ गरेमा संघीय तथा प्रादेशिक सरकारका लक्ष्य तथा उद्देश्य प्राप्तीमा सहयोग पुग्न जान्छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • नेपालको संविधानको अनुसूची-८ स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा समावेश गरिएको । |
| • २०७२ को भूकम्प पश्चात सबै विद्यालयको पुननिर्माण कार्य सम्पन्न हुनु । |
| • शिक्षाप्रतिको जन अभिरुचि बढ्दै जानु । |
| • माध्यमिक तहमा प्राविधिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्था सहित पर्याप्त मात्रामा शैक्षिक संस्थाहरु रहेका । |
| • नगरपालिकाको आन्तरिक स्रोतबाट पनि शिक्षामा उल्लेख्य बजेट विनियोजन हुनु । |
| • प्रदेश सरकारको एक विद्यालय एक नर्स कार्यक्रम नगरपालिका अन्तर्गतका ४ वटा विद्यालयमा सञ्चालन रहनु । |
| • एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा बमोजिम सबै विद्यालयहरुमा बाल विकास केन्द्रको व्यवस्था हुनु, |
| • शैक्षिक कार्यक्रम सञ्चालनमा गैर सरकारी संघसंस्थाहरुको समेत साझेदारीमा रहनु । |
| **दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु** |
| • भौगोलिक विकटता र सडक पूर्वाधारको अभावले विद्यालयसम्मको पहुँचको लागि औसत समय धेरै हुनु। |

- विद्यालयमा विशेष तथा लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु ।
- सबै विद्यालयमा व्यवस्थित र बालमैत्री वातावरणमा वाल विकास केन्द्र सञ्चालन नहुनु ।
- सबै विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापन हुन नसक्नु ।
- सबै विद्यालयमा तहगत एवम् विषयगतरुपमा शिक्षक दरबन्दी व्यवस्थापन हुन नसक्नु ।
- सबै विद्यालयमा सूचना तथा सञ्चारको पहुँच विस्तार हुन नसक्नु ।
- कतिपय विद्यालयका भौतिक पूर्वाधारहरु बाढी तथा पहिरोको उच्च जोखिममा रहनु।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीको संस्थागत व्यवस्था हुन नसक्नु ।
- अपेक्षितरुपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु ।
- शिक्षा सम्बन्धी संवैधानिक अधिकार कार्यान्वयनका लागि पर्याप्त स्रोत व्यवस्थापन हुन नसक्नु ।
- घट्दो जन्मदरले गर्दा विद्यालयमा विद्यार्थीको संख्या घट्दै जानु ।

| दीर्घकालीन सोच |
|---|
| राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी मानव स्रोतको विकास |
| **लक्ष्य** |
| नगरपालिकाभित्रको विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरी सिर्जनशील, नवप्रवर्तनशील, उत्पादनशील, र नैतिकवान मानव स्रोतको विकास गर्ने |
| **उद्देश्यहरु** |
| १. सबै बालबालिकाको आधारभूत शिक्षामा अनिवार्य र नि:शुल्क एवम् माध्यमिक शिक्षामा नि:शुल्क पहुँच सुनिश्चित गर्ने ।<br>२. विद्यालय शिक्षालाई व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नवप्रवर्तनात्मक बनाउने ।<br>३. शिक्षाको माध्यमबाट अनुशासित, सभ्य र नैतिकवान नागरिक निर्माण गर्ने । |

**उद्देश्य १: सबै बालबालिकाको आधारभूत शिक्षामा अनिवार्य र नि:शुल्क एवम् माध्यमिक शिक्षामा नि:शुल्क पहुँच सुनिश्चित गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी कक्षा १ मा भर्ना हुने सबै बालबालिकाले बालविकास शिक्षाको अनुभव लिएको कुरा सुनिश्चित गरिनेछ । | १.१.१ एक विद्यालय एक बालविकास केन्द्रको अवधारणालाई संस्थागत गर्नको लागि नगरपालिकाको आन्तरिक स्रोतबाट व्ययभार हुने गरी स्थापना गरिएका बालविकास केन्द्रको सञ्चालनमा निरन्तरता दिइनेछ ।<br>१.१.२ प्रारम्भिक बालविकास कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइँ व्यवस्थापन गरी खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ । |

| | |
|---|---|
| १.२ विद्यालयको न्यूनतम शैक्षिक तथा भौतिक पूर्वाधारको मापदण्ड तयार गरी सबै विद्यालयमा न्यूनतम पूर्वाधारको विकास गर्ने । | १.२.१ नगरपालिकाभर सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको निरीक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरू जस्तै भवन, कक्षा कोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेन्च, शिक्षक दरवन्दी, खेलमैदान, विज्ञान प्रयोगशाला लगायतको अवस्थाबारे वस्तुगत विवरण संकलन गरी न्यूनतम पूर्वाधार कायम नभएका विद्यालयमा क्रमश:न्यूनतम पूर्वाधार कायम गरिनेछ। |
| | १.२.२ हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरिनेछ । |
| | १.२.३ संघीय सरकारबाट सबै विद्यालयमा न्यूनतम शिक्षक सुनिश्चित नहुँदा सम्म शिक्षण सिकाइ अनुदान तथा पटके अनुदान लगायतका वैकल्पिक विधिहरुबाट शिक्षक व्यवस्थापन गरिनेछ । |
| | १.२.४. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका विद्यालयहरुमा बहुकक्षा बहुस्तर शिक्षण व्यवस्थालाई अवलम्बन गरिनेछ । |
| | १.२.५ नगर भित्र एउटा आवासिय नमूना विद्यालय निर्माणका लागि सम्भाव्यता अध्ययन, डिपिआर तयारी तथा निर्माण गर्ने । |
| १.३ सबैको लागि शिक्षा अभियान संचालन गर्ने । | १.३.१ शिक्षाका सबै सरोकारवालहरूको सहकार्य र साझेदारीमा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई आफ्नो भौगोलिक क्षेत्रभित्र विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.३.२ दिवा खाजा कार्यक्रमको विस्तार एवम् स्थानीय स्वास्थ्य संस्थामा आधारित स्वास्थ्य परीक्षण र उपचार जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी विद्यार्थीको विद्यालयमा टिकाउ दर बढाइनेछ । |
| | १.३.३ हरेक विद्यार्थीलाई न्यूनतम माध्यामिक तहसम्मको शिक्षा अनिवार्य लिनुपर्ने नीति बनाइने छ । |
| | १.३.४ विद्यालय छोडेर बसेका वा विद्यालय जान नचाहाने बालबालिकालाई प्राविधिक सीप तथा शिक्षा उपलब्ध गराईने छ । |
| **उद्देश्य २: विद्यालय शिक्षालाई व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नवप्रवर्तनात्मक बनाउने ।** | |
| २.१ प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित शिक्षा तथा पाठ्यक्रमको निर्माण गरी लागू गर्ने । | २.१.१ स्थानीय माग र आवश्यकता एवम नगरपालिकाको स्रोतसाधनलाई मध्यनजर गरी प्राविधिक शिक्षाको विस्तार गरिने छ । |
| | २.१.२ कृषि, पर्यटन र उद्योगलाई लक्षित गरी छोटो अवधिको प्राविधिक शिक्षा र तालिमको व्यवस्था गरिनेछ। |
| | २.१.३ वर्तमान शिक्षा प्रणालिलाई व्यवहारिक र प्रविधि मैत्री बनाईनेछ । |
| | २.१.४ नगरपालिकाको समाज, संस्कृति र सभ्यता संरक्षण गर्ने स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ । |
| | २.१.५ अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाउन अतिरिक्त क्रियाकलाप सञ्चालन कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ । |

| उद्देश्य ३: शिक्षाको माध्यमबाट अनुशासित, सभ्य र नैतिकवान नागरिक निर्माण गर्ने । | |
|---|---|
| ३.१ सचेतना अभियान संचालन गर्ने । | ३.१.१ हरेक विद्यालयमा आध्यात्मिक विषयको शिक्षाको व्यवस्था मिलाईने छ । |
| | ३.१.२ अभिभावक शिक्षा सञ्चालन गरी शिक्षा सम्बन्धी जनचेतना विस्तार गरिनेछ । |
| | ३.१.३ किशोरकिशोरीलाई सकारात्मक सोच, मनोसामाजिक परामर्श, नेतृत्व विकास लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| | ३.१.४ हरेक विद्यालयमा बालक्लव, इको क्लव गठन गरी शैक्षिक तथा सामाजिक सुधार कार्यक्रममा परिचालन गरिनेछ । |
| | ३.१.५ विद्यालयमा स्काउटिङ शिक्षा सञ्चालन गरिनेछ । |

## शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक र पोशाकभत्ता | १५१०० | १५१०० | १६००० | १८००० | १९००० |
| | | १.१.२ | प्रारम्भिक बालविकास र शिक्षाको लागि बालमैत्री कक्षाकोठा व्यवस्थापन | - | २५०० | २५०० | १००० | - |
| | | १.१.२ | बालविकास केन्द्र व्यवस्थापन (विविध सामग्री) | ९०० | १००० | १००० | १००० | १००० |
| | १.२. | १.२.१ | आधारभूत तह कक्षा १ देखि ३ मा बालमैत्री कक्षा व्यवस्थापन | - | ७५०० | ७५०० | ३००० | - |
| | | | लिडर माध्यमिक विद्यालयहरूका लागि व्यवस्थापन तथा सञ्चार खर्च | ३२५ | ३२५ | ३५० | ४०० | ४२५ |
| | | | नगर शिक्षा समिति लगायत अन्य समिति, उपसमितिहरुका लागि बैठक भत्ता एवम् खाना खाजा खर्च | ४०० | ४०० | ४५० | ४७५ | ५०० |
| | | | शाखा सञ्चालन खर्च (शिक्षक छनोट, प्रधानाध्यापक वैठक, सञ्चार लगायत अन्य खर्च) | ९६० | १००० | १००० | १००० | १००० |
| | | १.२.३ | शिक्षण सिकाइ अनुदान व्यवस्थापन | ५८१० | ८००० | ९००० | १००० | १००० |
| | | १.२.४ | विद्यालयहरूमा बहुकक्षा बहुस्तर शिक्षण व्यवस्थापन | ८०० | १००० | १००० | १००० | १००० |
| | | १.२.५ | नगर भित्र एउटा आवासिय नमूना विद्यालय निर्माणका लागि सम्भाव्यता अध्ययन डिपिआर तयारी तथा निर्माण गर्ने । | | १००० | ५००० | २०००० | २०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १.३ | १.३.१ | वडा शिक्षा समिति र व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम | - | १००० | १००० | १००० | १००० |
| | | १.३.२ | दिवा खाजाको लागि थप रकम | ४००० | ४००० | ४२०० | ४३०० | ४४०० |
| | | १.३.४ | छोटो अवधिको प्राविधिक तथा व्यवसायिक तालिम संचालन | - | १००० | १००० | १००० | १००० |
| २ | २.१ | २.१.१ | प्राविधिक शिक्षाको विस्तारको लागि सम्भावयता अध्ययन | - | - | ५०० | - | - |
| | | २.१.३ | बालविकास शिक्षक, विद्यालय कर्मचारी र शिक्षकहरुका लागि तालिम | १००० | २५०० | २७०० | २८०० | २९०० |
| | | | माध्यमिक विद्यालयमा डिजिटल हाजिरी, सि.सि.टि.भि क्यामेरा जडान | - | १००० | १००० | १००० | १००० |
| | | | विद्यालयहरूको संयुक्त अनुगमन, अनुगमनका लागि सवारी साधन भाडा, इन्धन लगायत | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| | | | शिक्षकहरूका लागि स्वेच्छिक अवकाश योजना | ७५० | १००० | १००० | १००० | १००० |
| | | | सिकाइ उपलव्धीका आधारमा उत्कृष्ट शिक्षक, विद्यार्थी तथा विद्यालय प्रोत्साहन | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| | | २.१.४ | स्थानीय पाठ्यक्रमको शिक्षक निर्देशिका र पाठ्यपुस्तक निर्माण | १००० | १२०० | ८०० | ९०० | १००० |
| | | | शिक्षण सिकाइ अनुभव आदाप्रदान कार्यक्रम, कक्षाकोठा अवलोकन, शैक्षिक भ्रमण आदि | ४०० | ५०० | ५५० | ५६० | ५७० |
| | | | आधारभूत तह कक्षा ५ र ८ लगायत अन्य विद्यालय स्तरीय परीक्षाको व्यवस्थापन | १२०० | १५०० | १५०० | १५०० | १५०० |
| | | | प्रधानाध्यापकहरुका लागि सञ्चार तथा यातायात खर्च | ४२० | ५०० | ५०० | ५०० | ५०० |
| | | २.१.५ | नगरस्तरीय विद्यार्थी तथा शिक्षक प्रतियोगिता सञ्चालन | ५०० | ७०० | ७०० | ७०० | ७०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगरस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन खर्च (जिल्ला स्तरीय प्रतियोगितामा सहभागीता समेत) | १००० | १००० | १००० | १००० | १००० |
| | | | विद्यालयहरूका लागि खेलकुद सामग्री | - | ५०० | ५०० | ५०० | ५०० |
| ३ | ३.१ | ३.१.१ | विद्यालय आध्यात्मिक शिक्षा संचालन | - | १०० | १०० | १०० | १०० |
| | | ३.१.२ | अभिभावक शिक्षा कार्यक्रम | - | ५०० | ५०० | ५०० | ५०० |
| | | ३.१.३ | बालबालिकाको नेतृत्व क्षमता विकास, मनोसामाजिक परामर्श, वृत्ति मार्ग निर्देशन लगायतको तालिम सञ्चालन | - | ५०० | ५०० | ५०० | ५०० |
| | | ३.१.४ | विद्यालयमा बालक्लब, इको क्लब गठन | - | - | - | - | - |
| | | ३.१.५ | माध्यमिक विद्यालयहरूमा स्काउट प्रवर्धनात्मक कार्यक्रम | ५०० | ६०० | ७०० | ७०० | ७०० |

**<u>अपेक्षित उपलव्धिहरु:</u>**

- विद्यालयका भौतिक लगायत अन्य पूर्वाधार (खानेपानी, बिजुली, इन्टरनेट), तारबार लगायत सुरक्षाको व्यवस्था पूर्ण व्यवस्था भएको हुनेछ ।
- विद्यार्थी भर्ना दरमा वृद्धि हुनेछ ।
- माध्यामिक तह सम्म विद्यार्थी टिकाउ दर वृद्धि भएको हुनेछ ।
- कक्षा ५ र ८ को सिकाइ उपलव्धि परीक्षण भएको हुनेछ ।
- सबै तह र विषयको सिकाइ उपलव्धि वृद्धि भएको हुनेछ
- सबै विषयमा विषयगत शिक्षकको दरबन्दी व्यवस्थापन भएको हुनेछ।
- पाँच र्षभित्र प्रत्येक वडाको कम्तिमा एउटा विद्यालयलाई academic excellence विद्यालय बनाइने छ ।

## ५.२ स्वास्थ्य

स्वास्थ्य सेवा र उपयुक्त पोषण मानव जिवनको आधारभूत आवश्यकता हो । स्वस्थ्य मानिसले नै समृद्ध मुलुकको निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । नागरिकको जीवन गुणस्तरीय बनाउनको लागि पहिलो शर्त गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता हो । यसै तथ्यलाई मनन् गरी नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । त्यसैको उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । यस हकको कार्यान्वयन गराउने नागरिकको नजिकको सरकार भनेको स्थानीय सरकार भएकोले आफ्ना नागरिकहरुको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँचको प्रबन्ध गर्नु अपरिहार्य छ । सामान्यस्तरको स्वास्थ्य सेवाहरू नगरपालिकामा रहेका विभिन्न स्वास्थ्य चौकीहरू मार्फत प्रदान भइरहेको छ भने प्रस्तावित मेलम्ची नगर अस्तपालबाट जटिल शल्यक्रिया सहितको विशेषज्ञ सेवा प्रदान गरिएको छ ।हाल स्वास्थ्य सेवा सुनिश्चितताको लागि संचालनमा रहेका पुर्वाधारहरु अनुसूचीमा राखिएको छ ।यी संस्थाहरुबाट सीमित मात्रामा स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भएता पनि धेरैजसो क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको प्रवाह अपर्याप्तता रहको छ । नेपाल सरकारको "एक स्थानीय तह एक अस्पताल निर्माण" अभियान अन्तर्गत नगरपालिका वडा नं. ११ मा एक १५ शैयाको हस्पिटल निर्माणधिन रहेको छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • प्रत्येक वडामा आधारभूत स्वास्थ्य चौकी र एउटा नगर अस्पताल रहेको ,<br>• ६ वटा स्वास्थ्य संस्थाहरुमा बर्थिङ सेन्टर र नगर अस्पतालमा शल्यक्रिया सहितको प्रशुती सेवा उपलब्ध रहेको । |
| • टाढाका बस्तिहरुमा ४ वटा शहरी स्वास्थ्य केन्द्र र एउटा एकिकृत सेवा केन्द्र रहेको । |
| • पूर्ण खोप घोषणा गर्ने सुनिश्चितता गर्ने नीति लिएको । |
| • स्वास्थ्य संस्थाहरुको नियमन र अनुगमन कार्यलाई प्रभावकारी बनाउने नीति लिएको । |
| • सबै वडामा गरी जम्मा ९९ जना महिला स्वयंसेविकाहरू सक्रिय रुपमा रहेका । |
| • निःशुल्क वितरण गरिने औषधीको आपूर्तिलाई सहज बनाइएको । |
| • २ वटा आयुर्वेद औषधालयहरुबाट सेवा प्रदान भैरहेको । |
| • जडीबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने । |

| |
|---|
| • अधिकांश स्वास्थ्य संस्थाहरुको स्थायी भौतिक पूर्वाधार निर्माण सम्पन्न भैसकेको । |
| • दक्ष जनशक्तिहरु कार्यरत रहेका । |
| • खोप केन्द्र तथा गाउँघर क्लिनिक मार्फत समुदायस्तरमा सेवा प्रदान गरिएको । |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • रक्तसञ्चार सेवा उपलब्ध नभएको । |
| • सुविधा सम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव रहेको । |
| • आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न बजेटको व्यवस्थापन गर्ने चुनौती रहको । |
| • दरबन्दी अनुसारको जनशक्ति आपूर्ति हुन नसकेको । |
| • विशेषज्ञ सेवाको अभाव रहेको । |
| • नागरिकहरुमा स्वास्थ्य सम्बन्धी जनचेतनाको कमी रहेको । |
| • नसर्ने रोगहरु जस्तै: मुटु रोग, प्रेसर, सुगर, क्यान्सर जस्ता रोगहरुको प्रकोप बढ्दो क्रममा रहेको । |

| दीर्घकालीन सोच |
|---|
| गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता |
| लक्ष्य |
| नागरिकहरुलाई स्थानीयस्तररमा सहज रुपमा आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्ने |
| उद्देश्यहरु |
| • आकस्मिक स्वास्थ्य सेवाको लागि नगर बाहिर जानुपर्ने अवस्थाको अन्त्य गर्ने ।<br>• स्वास्थ्य चेतना र खानपानमा सुधार ल्याई प्रतिकारात्मक, प्रर्वद्धनात्मक र उपचारात्मक सेवामा वृद्धि गर्ने ।<br>• आयुर्वेद तथा प्राकृतिक चिकित्सालाई प्रवर्द्धन गरी स्वस्थ्य जीवनयापनको सुनिश्चितता गर्ने।<br>• स्वास्थ्य सेवाको गुणस्तरतालाई वृद्धि गर्दै लैजाने । |

| **उद्देश्य १: आकस्मिक स्वास्थ्य सेवाको लागि नगर बाहिर जानुपर्ने अवस्थाको अन्त्य गर्ने ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गर्ने । | १.१.१ संघीय तथा प्रादेशिक मापदण्ड बमोजिम आधारभूत स्वास्थ्य सेवाको स्थानीय मापदण्ड तयार गर्ने । |

| | |
|---|---|
| | १.१.२ हरेक स्वास्थ्य संस्थामा सुविधा सम्पन्न प्रयोगशाला निर्माण गर्ने । |
| | १.१.३ प्रत्येक वडाको स्वास्थ्य संस्थामा प्रसुति सेवा संचालन गर्ने । |
| | १.१.४ नगरस्तरीय अस्पतालको सेवा विस्तार गर्दै रेफरल सेन्टरको रुपमा विकास गर्ने । |
| | १.१.५ नगरस्तरीय सर्प र कुकुरको टोकाइको उपचार इकाइको व्यवस्था गर्ने । |
| | १.१.६ नगरस्तरीय मनोपरामर्श इकाइको व्यवस्था गर्ने |
| १.२ जनशक्तिको पर्याप्त व्यवस्था गर्ने | १.२.१ स्वास्थ्य संस्थाहरुको दरबन्दी संरचनालाई पुनरावलोकन गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्ने । |
| | १.२.२ स्वास्थ्य संस्थाहरुको दरवन्दी संरचना अनुसारको पदपूर्तिको व्यवस्था गर्ने । |
| १.३ जनशक्तिको क्षमता अभिवृद्धि गर्ने | १.३.१ क्षमता विकासको नीति तयार गर्ने |
| | १.३.२ जनशक्तिको क्षमता विकासको आवश्यकताको पहिचान गरी क्षमता विकास सम्बन्धी कार्यक्रमहरु गर्ने |
| १.४ अति विपन्न र आम नागरिकको स्वास्थ्य सेवा सुनिश्चित गर्ने | १.४.१ स्वास्थ्य वीमाको सुनिश्चित गर्ने |
| | १.४.२ राज्यको नीति अनुसार आधारभूत स्वास्थ्य सेवालाई निशुल्क गर्ने । |
| | १.४.३ निशुल्क वितरण हुने औषधि सहज र निरन्तर उपलब्धताको सुनिश्चितता गर्ने |
| | १.४.४ विपन्न, अति विपन्न, असहाय, गरीव, जेष्ठ नागरिक, अनाथ, वेवारिसे व्यक्तिहरुको तथ्याङ्क संकलन गरी उनीहरुलाई निशुल्क स्वास्थ्य सेवाको सुनिश्चित गर्ने । |
| | १.४.५ आपतकालिन सेवा तथा महामारीमा स्वास्थ्य सेवा सहज बनाउनकोलागि द्रुत प्रतिकार्य समूहको व्यवस्था गर्ने । |
| | १.४.६ बालबालिका तथा गर्भवती आमाको पोषण सुनिश्चितताको लागि दीर्घकालीन नीति तयार गर्ने । |
| **उद्देश्य २: स्वास्थ्य चेतना र खानपानमा सुधार ल्याई प्रतिकारात्मक, प्रर्वद्धनात्मक र उपचारात्मक सेवामा वृद्धि गर्ने ।** | |

| | |
|---|---|
| २.१ स्वास्थ्य सचेतना तथा जनचेतना जागरण अभियान सञ्चालन गर्ने | २.१.१ स्थानीय सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत नगरपालिकाको सकृयतामा व्यक्तिगत स्वास्थ्य तथा स्वस्थ व्यवहारसम्बन्धी सामाग्रीहरू नियमित प्रसारण गरिने छ । |
| | २.१.२ प्रत्येक सघन बस्ती भएका टोलहरूमा योग साधना तथा प्रवचन केन्द्र स्थापना गरिने छ । |
| | २.१.३ स्थानीय पाठ्यक्रममा व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यका क्षेत्रलाई अनिवार्य समेट्ने व्यवस्था गरिने छ । |
| | २.१.४ विद्यालयमा पत्रु खाजा प्रयोगमा निरुत्साहन गरिनेछ । |
| | २.१.५ गर्भवती तथा सुत्केरी आमाहरुको पोषण अवस्था सुधार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । |
| | २.१.६ धुम्रपान र मद्यपानलाई नियन्त्रण गर्न निश्चित अवधि वा स्थानबाट मात्र बिक्रि वितरण हुने व्यवस्था मिलाइ जनचेतना अभिवृद्धि गरिनेछ । |
| | २.१.७ स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बस्तीहरुमा नियमित रुपमा आउटरिच क्लिनिक संचालन गरी स्वास्थ्य सेवा पुऱ्याइनेछ । |
| **उद्देश्य ३: आयुर्वेद तथा प्राकृतिक चिकित्सालाई समेत प्रवर्द्धन गरी स्वस्थ्य जीवनयापनको सुनिश्चितता गर्ने ।** | |
| ३.१ आयुर्वेद तथा प्राकृतिक चिकित्साको प्रवर्द्धन गर्ने | ३.१.१ आयुर्वेद तथा प्राकृतिक स्वास्थ्य सेवाको पहुँचलाई वृद्धि गर्दै लैजाने । |
| | ३.१.२ नगरस्तरीय प्राकृतिक स्वास्थ्य सेवाको स्थापना गर्ने |
| | ३.१.३ रैथाने जडिबुटिको अध्ययन गरी त्यसको प्रवर्द्धन र सम्वर्द्धन गर्ने । |
| | ३.१.४ स्थानीयस्तरमा अभ्यासमा रहेको उपचार पद्दतीलाई वैज्ञानिक परीक्षण गरी संरक्षण गर्ने । |
| | ३.१.५ आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा योगाभ्यास तथा फिजियोथेरापी जस्ता सेवा विस्तार गरिनेछ । |
| | ३.१.६ आयुर्वेद सेवाको पहुँचबाट टाढा रहेका बस्तीहरुमा गाउँघर क्लिनिक सेवा संचालन गरिनेछ । |
| | ३.१.७ विद्यालयहरुमा आयुर्वेद शिक्षा जडिबुटी तथा योग संचालन गरी आयुर्वेद सेवाको विकास गरिनेछ । |

| | |
|---|---|
| ३.२ मेरो स्वास्थ्य मेरो जिम्मेवारी | ३.२.१ स्वास्थ भान्साको अवधारणा अनुरुप स्वस्थ खानाको प्रयोग गर्न हरेक नागरिकलाई सुसूचित गर्ने । |
| | ३.२.२ पञ्चकर्मको माध्यमबाट स्वास्थ्य प्रवर्द्धन गरिनेछ । |
| | ३.२.३ नसर्ने रोगहरु न्यूनिकरणका लागि नियमित योग अभ्यास र स्वास्थ्यजीवन शैलकोको माध्यमबाट सेवा प्रवाह गरिनेछ । |
| | ३.२.४ नागरिक आरोग्य कार्यक्रम संचालनको लागि आयुर्वेद स्वास्थ्य सेवा नपुगेको वडामा नागरिक आरोग्य समूह गठन गरिनेछ । |
| ३.३ ज्येष्ठ नागरिकहरुको स्वास्थ्य संरक्षण र प्रवर्द्धन गर्ने । | ३.३.१ ज्येष्ठ नागरिकहरुको पहिचान गरी नियमित रुपमा स्वास्थ्य जाँच गरिनेछ । |
| ३.४ स्तनपाई आमालाई मातृ शिशु सुरक्षार्थ जडिबुटीजन्य औषधि वितरणको व्यवस्था गर्ने । | ३.४.१ स्तनपाई आमाको स्वास्थ्य सुधार र बच्चाहरुलाई कुपोषणबाट बचाउन जनचेतनामुलक स्वास्थ्य शिक्षा प्रदान गरिनेछ । |
| **उद्देश्य ४:** स्वास्थ्य सेवाको गुणस्तरतालाई वृद्धि गर्दै लैजाने । | |
| ४.१ स्वास्थ्य संस्थाहरुको पूर्वाधारलाई समय सापेक्ष सुधार गर्दै लैजाने । | ४.१.१ सम्पूर्ण स्वास्थ्य संस्थाहरुको भवन तथा पूर्वाधार संघीय स्वास्थ्य मन्त्रालयले तयार गरेको मापदण्ड बमोजिम निर्माण गर्ने । |
| | ४.१.२ स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाहरुको गुणस्तर वृद्धि गर्नु आवश्यक औजार उपकरणहरुको व्यवस्था गर्ने । |
| | ४.१.३ स्वास्थ्य संस्थाहरुबाट फैलिने संक्रमण नियन्त्रण गर्न स्वास्थ्यजन्य फोहोरको उचित व्यवस्थापनको प्रबन्ध मिलाउने । |

## स्वास्थ्य क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | मस्यौदा समिति गठन गरी स्वास्थ्य सेवा सम्बन्धी स्थानीय मापदण्ड तयार गरी लागु गर्ने । | — | २०० | — | — | — |
| | | १.१.२ | वडामा रहेका आधारभूत स्वास्थ्य चौकीहरुमा विरामी चापको आधारमा प्रयोगशालाको स्थापना गर्ने । | — | ६०० | ३०० | ३०० | ३०० |
| | २.१.५ सुनौलो भविष्य छनोट कार्यक्रम सञ्चालन गरिनेछ |
| | २.१.६ सबै वडामा बालउद्यान निर्माण गरिनेछ |
| | २.१.७ सबै वडामा खेलमैदान निर्माण गरिनेछ |
| | २.१.८ सबै सार्वजनिक कार्यालयमा स्तनपानकक्ष स्थापना गरिनेछ |
| | २.१.९ सबै विद्यालयमा बालमैत्री शौचालय, धारा कक्षाकोठा घेराबार लगायत बालमैत्री संरचना निर्माण गरिनेछ |
| | २.१.१० यि बाहेक अन्य बालमैत्री स्थानीय तह घोषणाका लागि सूचक बमोजिमका कृयाकलापहरु सञ्चालन गरिनेछ |
| २.२ बालमैत्री वडा घोषणा गर्ने | २.२.१बालमैत्री वडा घोषणाको लागि आवश्यक कार्य योजना बनाई लागु गरिने छ । |

## बालबालिका क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | वडा बाल अधिकार समिति परिचालन | २०० | २०० | २०० | २०० | २०० |
| | | | वडा बाल संजाल परिचालन | १०० | १०० | १०० | १०० | १०० |
| | | | नगर बाल संजाल परिचालन | १०० | १०० | १०० | १०० | १०० |
| | | | पम्प्लेट छपाइ तथा होर्डिङ्ग बोर्ड निर्माण | २०० | २०० | २०० | २०० | २०० |
| | | | शिक्षक अभिमुखिकरण | १५० | १५० | १५० | १५० | १५० |
| | | | अभिभावक अभिमुखिकरण | १५० | १५० | १५० | १५० | १५० |
| | | | स्वास्थ्यकर्मि अभिमुखिकरण | १५० | १५० | १५० | १५० | १५० |
| | | | सडक नाटक तथा अन्तरक्रिया | १०० | १०० | १०० | १०० | १०० |
| | | | एफएम तथा अन्य संचार माध्यमको परिचालन | २०० | २०० | २०० | २०० | २०० |
| | | १.१.२ | विद्यालय बाल अधिकार तथा बालमैत्रीका विषयहरु समावेश गरी पाठ्यक्रम तयार गर्न समन्वय गर्ने। | — | — | — | — | — |
| | | | विद्यालयस्तरीय विभिन्न किसिमका सचेतना कार्यक्रम सञ्चालन गरिने छ । | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| | | १.१.३ | सबै वडाहरुको बालबालिका स्थितिपत्र तयार पारिने छ | १५० | २०० | ५०० | ५०० | ५०० |
| | | १.१.४ | बालबालिकाको सहभागितामा अतिरिक्त कार्यक्रम संचालन गरिने छ । | २०० | २०० | २०० | २०० | २०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १.२ | १.२.१ | अति विपन्न परिवारका तथा असाहाय बालबालिकाको विवरण तयार गरी प्रकाशन गर्ने । | — | २०० | -- | --- | -- |
| | | १.२.२ | असाहाय बालबालिकाको शिक्षा, स्वास्थ र पोषणको प्रवन्ध | — | २०० | २०० | २०० | २०० |
| | | १.२.३ | बाल गृह स्थापनाको संभाव्यता अध्ययन | — | ५० | — | — | — |
| | | १.२.४ | सडक बालबालिकालाई उद्धार,संरक्षण र पुनस्थापन कार्यक्रम | — | ५० | ५० | ५० | ५० |
| | | १.२.५ | बाबुआमा विहिन बालबालिकालाई विशेष प्रकारका कार्यक्रम | — | ५०० | ५०० | ५०० | ५०० |
| | १.३ | १.३.१ | बालश्रम मुक्त पालिका बनाउनका लागि सूचक बमोजिमका कार्यक्रम सञ्चालन गर्ने | — | २०० | २०० | २०० | २०० |
| | | १.३.२ | बाल बिबाह मुक्त पालिका बनाउनका लागि सूचक बमोजिमका कार्यक्रम सञ्चालन गर्ने | १५० | १५० | १५० | १५० | १५० |
| | | १.३.३ | सबै प्रकारका बाल हिंसा विरुद्ध सञ्चार माध्यमबाट जनचेतनामूलक सामाग्री प्रशारण | — | १० | १० | १० | १० |
| | | १.३.४ | बाल क्लव र तिनको प्रभावकारीता वृद्धि गर्न बालबालिकाहरुलाई नेतृत्व विकास तालिम | — | ३०० | ३०० | ३०० | ३०० |
| | | १.३.५ | बाल हेल्पलाईन सेवा सञ्चालन | — | २० | २० | २० | २० |
| २ | २.१ | २.१.१ | बाल मैत्री शासन व्यवस्था निर्माणका लागि अभिभावक तथा सरोकारवालबिच अन्तरक्रिया तथा जनचेतना मुलक कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० |
| | | २.१.२ | बालमैत्री स्थानीय शासनको अभियान्ता व्यबस्था | | ५०० | ५०० | ५०० | ५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २.१.३ | सेवाप्रदायकहरुलाई बालमैत्री व्यबहार सम्बन्धी तालिम | | ६० | ६० | ६० | ६० |
| | | २.१.४ | अपाङ्गता भएका बालबालिकालाई संम्भावित उपचार,पुनस्थापना तथा सचेतिकरण कार्यक्रम | | १०० | १०० | १०० | १०० |
| | | २.१.५ | सुनौलो भविष्य छनोट कार्यक्रम | | १०० | १०० | १०० | १०० |
| | | २.१.६ | सबै वडामा बाल उद्यान निर्माण | ६५० | १००० | २००० | ३००० | ३००० |
| | | २.१.८ | सबै सार्वजनिक कार्यालयमा स्तनपानकक्ष स्थापना | — | २०० | २०० | २०० | २०० |
| | | २.१.९ | सबै विद्यालयमा बालमैत्री शौचालय, धारा कक्षाकोठा घेराबार लगायत बालमैत्री संरचना निर्माण | -- | १०००० | १०००० | १००० | १००० |
| | २.२ | २.२.१ | नगर बाल अधिकार समितिबाट अनुगमन | १६५ | २०० | २५० | २५० | ३०० |
| | | | जि.स.स.बाट अनुगमन | — | ५० | ५० | ५० | ५० |
| | | | बालमैत्री वडा घोषणा कार्यक्रम | ३०० | १००० | १००० | १००० | १००० |

## ५.६ युवा, रोजगार तथा उद्यम

राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरु हुन् । युवाको सामथ्र्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् ।युवा उमेर जीवनकै सबैभन्दा बढी श्रम, सिर्जना र कर्म गर्ने उमेर हो। काम गर्न सक्ने उच्च सक्रिय उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांस हो । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५०.९७.प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका छन् । यो सक्रिय जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ हो । यस प्रकारको युवा शक्तिलाई देशमै उपयूक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ ।नगरपालिकाले सिलाइ कटाई, च्याउखेती, वेटर तालिम, प्लम्बर तालिम, तरकारी खेती, मोवाइल मर्मत, मोटर साइकल सर्विसिङ्ग, इलेक्ट्रिसीयन तालिम आदि संचालन गरेको छ । त्यसैगरी बेरोजगार युवाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सार्वजनिक विकास निर्माणमा सहभागी गराइ १०० दिने रोजगारी दिइएको साथै मानव संसाधन विकास तालिम सम्बन्धी कार्यक्रम अन्तर्गत दुव्र्यसनी विरुद्ध जन चेतना अभियान, कम्प्यूटर तालिम आदि संचालन गर्दै आएको छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • नगरपालिकामा १५ देखि ३९ उमेर समूहको जनसंख्या प्रतिशत भएको । |
| • नगरपालिकाले सिलाइ कटाई, च्याउखेती, वेटर तालिम, प्लम्बर तालिम, तरकारी खेती,मोवाइल मर्मत, मोटर साइकल सर्विसिङ्ग, इलेक्ट्रिसीयन तालिम आदि संचालन गर्ने गरेको । |
| • नगरपालिकामा बेरोजगार युवाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नाला तथा सार्वजनिक स्थल सरसफाई कार्यक्रम, सडक सुधार कार्यक्रम सञ्चालन भएको । |
| • नगरपालिकाले मानव संसाधन विकास तालिम सम्बन्धी कार्यक्रम अन्तर्गत दुव्र्यसनी विरुद्ध जनचेतना अभियान, कम्प्यूटर तालिम आदि संचालन गर्दै आएको । |
| • युवा शक्ति नगरपालिकाको मानव संसाधनको महत्वपूर्ण स्रोत भएको । |
| • नगरपालिकाको भावी समृद्धि युवाकोकाँधमा रहको। |
| • युवा शक्तिमा रहेको जागरुकतालाई यथोचित सम्बोधन गर्न सके नगरपालिकाको विकासमा कायापलट हनु सक्ने । |
| • नगरपालिकाको युवा लक्षित वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकिने । |
| • गैरसरकारी तथा निजी क्षेत्र संग समन्वय गरी युवामैत्री तालिम,गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आवद्ध गराउन सकिने । |

| |
|---|
| • नगरपालिकामा विभिन्न प्रयोगात्मक कार्यक्रमहरु आयोजना गरी युवाहरुलाइ प्रतिस्पर्धात्मक तथा जागरुक बनाउन नसकिने । |
| • उच्च तथा प्राविधिक शिक्षाका अवसरहरु नगरपालिकामै सिर्जना गरी रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने । |
| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
| • व्यवस्थित खेल र अन्य पूर्वाधारहरूको विकास गर्न ठूलो आकारको बजेटको व्यवस्थापनको चुनौती रहेको |
| • ऐतिहासिक, पर्यटकीय तथा धार्मिक महत्वका क्षेत्रहरूमा पार्क, वनभोज स्थल आदिको विकास गर्न कठिन |
| • पूर्वाधारको विकास गर्न चाहेजति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको |
| • युवाहरु विना सीप र तालिम वैदेशिक रोजगारमा जानु |
| • सीप अनुसारको पर्याप्त रोजगारीको अवसर नहुनु |

| |
|---|
| दीर्घकालीन सोच |
| दक्ष र सीपयुक्त मानव संसाधन विकास |
| लक्ष्य |
| नगरपालिकाको युवा जनसंख्यालाई सो-रोजगार,उद्यमशिल तथा उच्च उत्पादनमुखी बनाउने। |
| **उद्देश्यहरु**<br>**१. श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु।**<br>**२. दिगो रोजगारी सिर्जनाको लागि साना ठुला उद्योगहरुलाई प्रवर्द्धन तथा प्रोत्साहन गर्नु ।** |

**उद्देश्य १: श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु। ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ युवा तथ्याङ्क व्यवस्थापन गर्ने | १.१.१ नगरपालिकाभर रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पारिनेछ । |
| | १.१.२ नगरपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरुको पूर्ण विवरण तयार पारिनेछ । |
| १.२ दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने | १.२.१ युवा स्थितिपत्रमा तयार विवरण अनुसार हाल अदक्ष र अर्धदक्ष मानव स्रोतलाई लक्षित गरी उनीहरुको रुचि र झुकाव अनुसार नियमित सिप विकास रोजगारीमूलक र उत्प्रेरणामुलक तालिम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | १.२.२ समाजमा शान्ति सुव्यवस्था, आपतकालीन उद्धार र मानव सेवामा लगाउने उद्देश्यका साथ युवा स्वयंसेवक दस्ता तयार गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिने छ । |
| | १.२.३ गायन, वाद्यवाधन, नृत्य , कला, अभिनय आदिमा विशेष रुची भएका युवाको पहिचान गरी वडास्तरीय साँस्कृतिक समितिमा आबद्ध गराई उनीहरुलाई विशेष तालिम प्रदान गरिनेछ । |
| | १.२.४ कुनैपनि युवालाई बेरोजगार नराख्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत उनीहरुलाई समेटि गाउँघरमा आवश्यक अर्धदक्ष कामहरु जस्तै इलेक्ट्रिसियन, प्लम्बिङ, कृषि श्रम, निर्माण आदिका लागि विशेष तालिम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: दिगो रोजगारी सिर्जनाको लागि साना ठुला उद्योगहरुलाई प्रवर्द्धन तथा प्रोत्साहन गर्नु ।** | |
| २.१ उद्योगहरुको सुचिकरण तथा वर्गिकरण गर्ने । | २.१.१ नगरपालिका भित्रका सबै साना ठुला उद्योगहरुको सुचिकरण गरिनेछ । |
| | २.१.२ सुचिकृत उद्योगहरुलाई वर्गिकरण गरिनेछ । |
| २.२ उद्योगहरुको आधुनिकिकरण गर्ने । | २.२.१ नगरपालिका भित्रका घरेलु उद्योगहरुलाई तालिम तथा प्रविधि हस्तान्तरण गरेर आधुनिकिकरण गरिनेछ । |
| २.३ सम्भावना भएका उद्योगहरुको पहिचान गर्ने । | २.३.१ नगरपालिका भित्रका स्रोत र साधनहरुको उपयोग हुने खालका उद्योगको पहिचान गरि विस्तार गरिनेछ । |
| २.४ पहिला विभिन्न सीपमूलक तालिम लिइ बेरोजगार भइ बसेकाहरुको पहिचान | २.४.१ नगरपालिका भित्र यस भन्दा अघि विभिन्न किसिमका सीपमुलक तालिम लिएका ब्यक्तिहरुको विवरण सङ्कलन गरिनेछ। |
| | २.४.२ सीपमूलक तालिम लिएका ब्यक्तिहरु बेरोजगार भएमा उनीहरुले हासिल गरेको सीप अनुसारको रोजगारी प्रदान गर्न विभिन्न सम्बन्धित क्षेत्रहरुसँग समन्वय गर्ने |
| | २.४.३ विभिन्न सीप प्राप्त ब्यक्तिहरुलाइ कार्यस्थलमा आधारित तालिम दिएर रोजगारीका लागि सक्षम र दक्ष बनाउने |
| २.५ श्रमिकको माग र आपुर्ति बीचमा सन्तुलन | २.५.१ बजारको माग अनुसारको श्रमशक्ति उत्पादन गरी माग र आपुर्ती बीचमा तालमेल मिलाइनेछ। |
| | २.५.२ श्रमिक र रोजगारदाता लाइ एकै ठाउँमा ल्याउनका लागि रोजगार मेलाको आयोजना गरिनेछ। |
| | २.५.३ रोजगार सेवा केन्द्रलाइ रोजगार परामर्श केन्द्रको रुपमा विकास गरिनेछ र स्वरोजगारमा जान चाहनेलाइ निशुल्क ब्यवसायिक योजना बनाइदिएर सहयोग गरिनेछ। |

## युवा,रोजगार तथा उद्यम क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु .(हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | युवा स्थितिपत्र तयार पार्ने | १०० | | - | - | - |
| | | १.१.२ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार पार्ने | १०० | - | - | - | - |
| | १.२ | १.२.१ | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम | ५० | ५० | - | ५० | - |
| | | १.२.२ | युवा स्वयंसेवा दस्ता तालिम | - | १०० | - | - | - |
| | | १.२.३ | युवा कलाकारीता तालिम | - | १०० | १०० | - | - |
| | | १.२.४ | प्रधानमन्त्री रोजगार विशेष तालिम | १०० | १०० | १०० | १०० | १०० |
| २ | २.१ | २.१.१ | उद्योगको सुचिकरणका लागि तथ्याङ्क सङ्कलन | ७५ | - | - | - | - |
| | | २.१.२ | उद्योगहरुको आकार र प्रकृतिको आधारमा वर्गीकरण | २५ | - | - | - | - |
| | २.२ | २.२.१ | नगरपालिका भित्रका घरेलु उद्योगहरुलाई तालिम तथा प्रविधि हस्तान्तरण गरेर आधुनिकिकरण | १०० | १०० | १०० | १०० | १०० |
| | २.३ | २.३.१ | नगरपालिका भित्रका स्रोत र साधनहरुको उपयोग हुने खालका उद्योगको पहिचान गरि विस्तार गर्ने | १०० | १०० | १०० | १०० | १०० |
| | २.४ | २.४.१ | नगरपालिका भित्र यस भन्दा अघि विभिन्न किसिमका सीपमुलक तालिम लिएका ब्यक्तिहरुको विवरण सङ्कलन | - | १०० | - | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २.४.२ | सीपमूलक तालिम लिएका ब्यक्तिहरु बेरोजगार भएमा उनीहरुले हासिल गरेको सीप अनुसारको रोजगारी प्रदान गर्न विभिन्न सम्बन्धित क्षेत्रहरुसँग समन्वय गर्ने | २५ | - | - | - | - |
| | | २.४.३ | विभिन्न सीप प्राप्त ब्यक्तिहरुलाइ कार्यस्थलमा आधारित तालिम दिएर रोजगारीका लागि सक्षम र दक्ष बनाउने | १०० | १०० | १०० | १०० | १०० |
| | २.५ | २.५.१ | बजारको माग अनुसारको श्रमशक्ति उत्पादन गरी माग र आपुर्ती बीचमा तालमेल मिलाउने | - | - | ५० | - | - |
| | | २.५.२ | श्रमिक र रोजगारदाता लाइ एकै ठाउँमा ल्याउनका लागि रोजगार मेलाको आयोजना | - | - | २०० | - | २०० |
| | | २.५.३ | रोजगार सेवा केन्द्रलाइ रोजगार परामर्श केन्द्रको रुपमा विकास गर्ने र स्वरोजगारमा जान चाहनेलाइ निशुल्क ब्यवसायिक योजना बनाइदिने | २० | २० | २० | २० | २० |

## ५.७ खेलकुद तथा मनोरन्जन

अनुशासन, राष्ट्रिय भाइचारा प्रदशर्नी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवद्धन मार्फत विश्व परिचित मात्र नभई खबौं डलरको कारोबार गर्दछन् ।छिमेकी राष्ट्र भारतसमेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आवद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ ।

| सबल पक्षः मुख्य संभावना र अवसरहरु |
|---|
| • नगरपालिकामा प्राय सबै बिद्यालयहरुको आफ्नै चौर (स्कुल कम्पाउण्ड भित्र) खेलमैदानहरु रहेको |
| • नगरपालिकाले नगर स्तरीय खेलकुद कार्यक्रमलाई आवश्यक प्रवर्धन र प्रोत्साहन गर्ने नीति लिएको (प्रत्येक वर्ष मेयर कप व्याडमिणटन संचालन गर्ने साथै अन्य खेलकुदका अतिरिक्त क्रियाकलापहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरेको) |
| • स्वास्थ्यका लागि मनोरञ्जन भन्ने तथ्यलाई मनन गर्दै निजी क्षेत्रको साझेदारीमा नगर भित्र विविध किसिमका मनोरञ्जन स्थान विकासका लागि आवश्यक प्रोत्साहन गर्ने नीति लिएको |
| • विभिन्न स्थानीय तथा राष्ट्रिय खेलहरू मार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने |
| • खेलपूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने |

| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • नगरपालिकामा भएका खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्थित एवं पूर्वाधारयुक्त हुन नसक्नु। |
| • नगरपालिका खुल्ला चौर, खेल मैदान, पार्क तथा पिकनिक स्थल प्राय पोखरीको किनार हुनाले खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिले पर्यावरणलाई असर पार्नु। |
| • नगरपालिका भर सार्वजनिक पुस्तकालय, सिनेमा हल तथा नाट्यशाला, स्वीमिङपुल, व्यायामशाला जस्ता अध्ययन तथा मनोरञ्जनस्थलको अभावमा हुनु। |
| • नगरपालिकामा खेलकुदकोविकास गर्न स्थानीय स्तरमा खेलकुद प्रशिक्षकको अभाव हुनु। |
| • सीमित बजेटका कारण नगरपालिकाले खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु |

| |
|---|
| • व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठूलो आकारको बजेटको व्यवस्थापनको चुनौती रहको । |
| • भौगोलिक अवस्थिति सहज हँदाहुँदै पनि एकीकृत खेलकुद जागरण अभावका कारण खेलकुद पूर्वाधारको विकास गर्न चाहेजति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको |
| • खेलकुदलाई व्यवसायीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीहरू समावेश गराउन कठिन परिस्थिति रहेको |
| • विभिन्न वडामा रहेका खुलाचौर तथा खेलमैदान स्तरउन्नति चुनौतीपूर्ण भएको । |
| • ऐतिहासिक, पर्यटकीय तथा धार्मिक महत्वका क्षेत्रहरूमा पार्क, वनभोज स्थल आदिको विकास गर्न कठिन हुनु। |
| • आवस्यक पूर्वाधार नहुनु, खेल सामाग्रीको अभाव हुनुर प्रतिस्पर्धात्मक खेलकुदको आयोजना नहुनु । |

| **दीर्घकालीन सोच** |
|---|
| खेल क्षेत्रको सम्बर्द्धन स्वास्थ नागरिकको प्रवर्द्धन |
| **लक्ष्य** |
| नगरको विकासको लागि स्वस्थ्य र स्वच्छ नागरिक तयार गर्नु। |
| **उद्देश्यहरु** |
| **नगरको विकासको लागि स्वस्थ्य र स्वस्च्छ नागरिक तयार गर्नु।** |

| **उद्देश्य १: नगरको विकासको लागि स्वस्थ्य र स्वस्च्छ नागरिक तयार गर्नु।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ खेलकुद पूर्वाधारको प्रवन्ध गर्ने | १.१.१ सम्पूर्ण विद्यालयहरुमा खेल मैदानको प्रबन्ध गरिने छ । |
| | १.१.२ सम्पूर्ण विद्यालयहरुमा न्यूनतम खेल सामाग्रीको प्रबन्ध गरिने छ । |
| | १.१.३ वडास्तरीय खेल मैदानको व्यवस्था गरिने छ । |
| | १.१.४ वडास्तरीय खेलकुद विकास समिति निर्माण गरिने छ । |
| | १.१.५ नगरपालिका स्तरीय रगंशाला निर्माण गरिनेछ । |
| १.२ खेलाडी पहिचान तथा प्रशिक्षण | १.२.१ नगरपालिकास्तरीय सम्पूर्ण खेलाडीहरुको विवरण तयार पारिने छ । |
| | १.२.२ खेल अनुसार खेलाडी समूह छुट्याई वडास्तरीय खेलकुद समितिमार्फत प्रशिक्षण तालिम प्रदान गरिने छ |

| | |
|---|---|
| | १.२.३ राष्ट्रिय खेलमा भाग लिने खेलाडीहरुलाई विशेष तयारी प्रशिक्षण सञ्चालन गर्न कोषको व्यवस्था गरिने छ । |
| | १.२.४ स्थानीय तह र प्रदेशस्तरमा आयोजना हुने खेलहरुमा सहभागि हुन खेलाडी प्रशिक्षण सञ्चालन गरिने छ । |
| १.३ खेलकुद प्रतियोगिता सञ्चालन गर्ने। | १.३.१ मेयर कप क्रिकेट प्रतियोगिता सञ्चालन गरिने छ । |
| | १.३.२ अन्तर विद्यालय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ । |
| | १.३.३ वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ । |
| १.४ स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक कृयाकलापको अध्ययन गरी व्यवस्थित गर्ने | १.४.१ स्थानीय जातजाति, धर्म, सम्प्रदायहरुमा प्रचलित कला,कौशल, गायन, नृत्य आदिको पूर्ण विवरण तयार गरी तिनीहरुको जगेर्ना र सान्दर्भिकता बारे अध्ययन गरिने छ । |
| | १.४.२ ठूलो संख्याका मानिसहरुलाई सामूहिक रुपमा मनोरञ्जन प्रदान गर्ने प्रकारका जात्रा, मेला, हाट, नौटङ्की, नाटक, गान, बजाना, नृत्य, जादु, कला, कौशल, आदिलाई संस्थागत गर्न सम्भावना अध्ययन गरिने छ |
| | १.४.३ वनभोजस्थलहरुलाई व्यवस्थित गर्ने वडास्तरीय पार्क तथा मनोरञ्जन स्थल बारे सम्भाव्यता अध्ययन गरिनेछ। |
| १.५ कभर्ड हल निर्माण गर्ने | १.५.१ बहुउद्देश्यिय कभर्ड हल निर्माण गरिनेछ । |

## खेलकुद तथा मनोरन्जन क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु .(हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ .व. ०७९/८० | आ .व. ०८०/८१ | आ .व. ०८१/८२ | आ .व. ०८२/८३ | आ .व. ०८३/८४ |
| | १.१ | १.१.१ | विद्यालयस्तरीय खेल मैदान मर्मत सम्भार | — | ५०० | ५०० | ५०० | ५०० |
| १ | | १.१.२ | विद्यालय खेल सामाग्री खरिद | — | ५०० | ५०० | ५०० | ५०० |
| | | १.१.३ | वडास्तरीय खेल मैदान निर्माण | — | ६५०० | ३००० | ३००० | १००० |
| | | १.१.४ | वडास्तरीय खेलकुद विकास समिति निर्माण | — | १० | — | — | — |
| | | १.१.५ | नगरपालिका स्तरीय रगंशाला निर्माण संभाव्यता अध्ययन | — | २०० | — | — | — |
| | १.२ | १.२.१ | खेलाडीको व्यक्तिगत विवरण तयारी | — | १५० | — | — | — |
| | | १.२.२ | खेलाडी प्रशिक्षण वडास्तरीय (नियमित) | — | ५०० | ५०० | ५०० | ५०० |
| | | १.२.३ | खेलाडी प्रशिक्षण (राष्ट्रिय प्रतियोगितामा सहभागी हुन) | — | १५० | १५० | १५० | १५० |
| | | १.२.४ | खेलाडी प्रशिक्षण (प्रादेशिक र स्थानीय तह) | — | — | — | — | — |
| | १.३ | १.३.१ | मेयर कप व्याडमिण्टन प्रतियोगिता सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| | | १.३.२ | अन्तर विद्यालय खेलकुद प्रतियोगिता | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| | | १.३.३ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| | १.४ | १.४.१ | स्थानीयस्तरमा हुने मनोरञ्जनात्मक गतिविधिको विवरण तयारी | — | २०० | — | — | — |
| | | १.४.२ | परम्परागत मनोरञ्जनात्मक कृयाकलाप संस्थागत गर्ने कृयाकलाप | — | — | — | — | — |
| | | १.४.३ | बनभोजस्थल व्यवस्थापन गर्न वडास्तरीय पार्क सम्भाव्यता अध्ययन | — | २०० | — | — | — |
| | १.५ | १.५.१ | बहुउदेश्यीय कभर्ड हल निर्माण | -- | ५००० | ५००० | -- | -- |

## ५.८ सामाजिक सूरक्षा तथा संरक्षण

नेपालको संविधानले धारा ४३ मा उल्लेखित सामाजिक सूरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। जसअनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ भनी स्पष्ट पारिएको छ। सो अन्तर्गतका नागरिकहरुलाई नेपाल सरकारले त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ। साथै नेपाल सरकार द्वारा विभिन्न सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू (जस्तै: स्वास्थ्य बिमा, विभिन्न प्रकारका रोगहरुको उपचार तथा औषधी सेवनको लागी मासिक रुपमा रकम वितरण आदी ।) संचालन हुँदै आएका छन्। मुलुकको दिगो विकास तथा समावेशी विकासका लक्ष्यको नतिजा प्राप्तिमा बल पुर्याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्न सक्छ। विद्यमान सामाजिक सुरक्षा प्रणालीको आधारशिलामा टेकेर आवश्यक नितिगत र नियमनकारी प्रारुप तयार गर्दै सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यापक, वित्तीय रुपले दिगो, सुदृढ तथा प्रभावकारी बनाउनु आजको आवश्यकता रहेको छ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • स्थानीय तहलाई सामाजिक सुरक्षाको अधिकार प्राप्त हुनु । |
| • नेपाल सरकारदले सामाजिक सुरक्षाको विषयलाई प्राथमिकताका साथ लागु गर्नु। |
| • योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात हुनु । |
| • सामाजिक सुरक्षासम्बन्धी जनचेतनामा समेत वृद्धि हुनु । |
| • सामाजिक सुरक्षा मौलिक हकको रुपमा स्थापित हुनु । |
| • सामाजिक सुरक्षालाई स्थानिय आर्थिक, सामाजिक विकासका अन्य क्षेत्रका निति र कार्यक्रमहरु सँग आबद्ध गर्दै लैजानु । |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • भौगोलिक विकटताको कारण बैकिङ्ग संस्थाहरु सामाजिक सुरक्षा भत्ता वितरण प्रायोजनको लागि दुर्गम क्षेत्रहरुमा स्थापित हुन नसक्नु । |
| • सामाजिक सूरक्षाले समेट्नु पर्ने वर्गलाई समेट्न एकीकृत सूचना प्रणालीको व्यवस्था नहुनु साथै त्यस्ता वर्ग छुट्नु जानु । |
| • आर्थिक रुपमा विपन्न परिवारका सदस्यहरुलाई छात्रवृतिको व्यवस्था गरि प्राविधिक दक्ष जनशक्तिको उत्पादन गर्न नसक्नु । |

**दीर्घकालीन सोच**

आधारभुत सामाजिक सुरक्षा तथा संरक्षणका सेवा सुविधाहरुमा सबै नागरिकको पहुँच भई समतामुलक समाजको निर्माण

**लक्ष्य**

- जोखिममा रहेका सबै नागरिकहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याई आधारभुत सामाजिक सुरक्षाको प्रत्याभुति दिने ।

**उद्देश्यहरु**

१. सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु ।

२. न्युन आय, अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरूलाई प्राविधिक सिपको विस्तार गर्नु ।

३. गर्भवती महिलाको संरक्षण, दिर्घ रोगीको लागी औषधीको व्यवस्थापन आदि कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नु ।

४. कुनै आपत्कालिन अवस्था आईपरेमा Risk Visualization Map को आधारमा सामाजिक संरक्षण गर्नु ।

| **उद्देश्य १: सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबै नागरिकहरुलाई राज्यद्वारा सहारा दिनु ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ सामाजिक सुरक्षा प्रणाली अन्तर्गत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयन गराउने । | १.१.१ सामाजिक सुरक्षा अन्तर्गतका ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित बालबालिकाको लागी पोषण भत्ता, लोपोन्मुख समुदायका परिवारहरूलाई दिइने सामाजिक सुरक्षा भत्ता लक्षित समुदाय तथा वर्गमा सहज रुपमा उपलब्ध गराइने छ । |
| **उद्देश्य २: न्युन आय, अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरूलाई प्राविधिक सिपको विस्तार गर्नु ।** | |
| २.१ प्राविधिक शिक्षाको पहुँच न्युन आयका परिवार समक्ष पुर्याउनु । | २.१.१ समुदायका अपाङ्ग व्यक्ति, आर्थिक रुपमा विपन्न र जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा प्राप्तीका लागी छात्रवृत्ति प्रदान गरि स्थानिय रुपमा प्राविधिक जनशक्ति उत्पादन गरिने छ । |
| | २.१.२ एकल तथा न्युन आय भएका महिलाको जिविकोपार्जनका लागी कार्यक्रम सञ्चालन गरिने छ । |
| **उद्देश्य ३: गर्भवती महिलाको संरक्षण, दिर्घ रोगीको लागी औषधीको व्यवस्थापन आदि कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नु ।** | |
| ३.१ स्वास्थ्य बिमा, एम्बुलेन्स, तथा शववाहन | ३.१.१ पालिका भित्रका सम्पूर्ण वडाहरुमा स्वास्थ्य विमा, तथा स्वास्थ्य मन्त्रालयका अन्य कार्यक्रमहरु प्रभावकारी ढंगले सञ्चालन गरिने छ । |

| | |
|---|---|
| प्रभावकारी रूपमा सञ्चालन गर्नु । | ३.१.२ एम्बुलेन्स तथा शववाहन सम्पूर्ण न्युन आयश्रोत भएका, परिवार नै जोखिममा परेका नगरवासिको पहुँचमा पुर्याइनेछ । |
| **उद्देश्य ३ः कुनै आपत्कालिन अवस्था आईपरेमा Risk Visualization Map को आधारमा सामाजिक संरक्षण गर्नु ।** | |
| ४.१ आपतकालिन अवस्थामा प्रविधिको प्रयोग गर्नु । | ४.१.१ सामाजिक रुपमा अशक्त, सहारा विहिन व्यक्तिको लागी कुनैपनि भवितव्यको सामना गर्नु पूर्व नै प्रविधिको प्रयोग गरि आइपर्ने क्षतिको न्यूनिकरण गरिने छ । |

**अपेक्षित उपलब्धीहरुः**

- नागरिकहरुमा सामाजिक सूरक्षा पाउनु मौलिक हक हो र सामाजिक सुरक्षाले नागरिकमा मौलिक हकको सुनिश्चितता कायम गरेको महसुस भएको हुनेछ ।
- असक्षम, असक्त र असहाय अवस्थाका सबै नागरिकलाई राज्यले सामाजिक सुरक्षाको सहारा सुनिश्चित गरेको हुनेछ ।

## सामाजिक सुरक्षा तथा संरक्षण क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | सामाजिक सुरक्षा भत्ता बैङ्कमार्फत वितरण | २००००० | २१०००० | २२०००० | २३०००० | २४०००० |
| | | | प्रत्येक वडामा बैङ्कको Extension Counter को स्थापना | - | - | - | - | - |
| | | | आर्थिक रुपमा जोखिममा परेका व्यक्ति तथा परिवारको संरक्षण | महिला बालबालिका शाखाबाट बजेट विनियोजन गरेको | | | | |
| | | | बाबुआमा विहिन बालबालिकाको संरक्षण | | | | | |
| २ | २.१ | २.१.१ | प्राविधिक शिक्षामा जेहेन्दार र न्युन आय भएका विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान | शिक्षा शाखाबाट बजेट विनियोजन गरेको | | | | |
| | | | अपाङ्गता भएका व्यक्तिहरुको लागी जिवनपयोगी सिप विकास तालिम | - | १०० | १०० | १०० | १०० |
| | | २.१.२ | एकल महिलाहरूको लागि प्राविधिक सिप विकास कार्यक्रम | महिला बालबालिका शाखाबाट बजेट विनियोजन गरेको | | | | |
| ३ | ३.१ | ३.१.१ | मृगौला रोग, क्यान्सर तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई मासिक रुपमा उपचार खर्च | २००० | ३००० | ४००० | ५००० | ५००० |
| | | | न्युन आयका परिवारहरूका लागी स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन | स्वास्थ्य शाखाबाट बजेट विनियोजन गरेको | | | | |
| | | ३.१.२ | गर्भवती महिलाको लागी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन | स्वास्थ्य शाखाबाट बजेट विनियोजन गरेको | | | | |
| | | ३.१.२ | आर्थिक रुपमा विपन्न परिवारका व्यक्तिहरुको शव व्यवस्थापनको लागी निःशुल्क शववाहन र पोष्टमार्टम सेवा | स्वास्थ्य शाखाबाट बजेट विनियोजन गरेको | | | | |
| ४ | ४.१ | ४.१.१ | विपद् न्युनिकरणको लागी Risk Visualization Map को विस्तार तथा प्रयोग | - | - | - | - | - |

## ५.९ शान्ति सुरक्षा

गरिबी, सामाजिक विसंगति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रवन्ध राज्यले मिलाउने दायित्व हनु आउँछ । यसर्थ नगरपालिकाले नगरमा शान्ति सुरक्षा कायम गर्न प्रत्येक वडामा प्रहरी चौकीहरूको प्रबन्ध गर्नुपर्ने र आवश्यक सङ्ख्यामा दरबन्दी कायम गरी शान्ति सुव्यवस्था कायम गर्नु आवश्यक छ । यसका साथै समयमै नगरपालिका प्रहरीको गठन गरी शान्ति सूरक्षा तथा अमनचयन सुनिश्चित गर्नु आवश्यक छ ।नगरपालिकामा शान्ति सुव्यवस्था कायम गर्न वडा नं. ११ मा सशस्त्र प्रहरी बल मेलम्ची बेस क्याम्प, वडा नं. ११ मा इलाका प्रहरी कार्यालय, वडा नं.१, ६ र १२ मा अस्थायी प्रहरी चौकी रहेको छ। त्यसैगरी नेपाली सेनाको ईन्द्रध्वज गुल्म रहेको छ । प्रत्येक वडामा शान्ति सुरक्षा र अमनचैन कायम गर्न प्रहरी चौकी सहित सुरक्षा निकायहरूलाई विस्तार गर्नुपर्ने देखिन्छ ।

| दीर्घकालीन सोच |
|---|
| शान्ति सुरक्षाका हिसाबले सुरक्षित नगरपालिका |
| लक्ष्य |
| नगरपालिकाबासिलाई शान्ति सुव्यवस्थाका हिसाबलेपूर्ण सुरक्षित महसुस गराउने |
| उद्देश्यहरु |
| **समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्न सहयोग पुर्याउने** |

| **उद्देश्य १:** समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्न सहयोग पुर्याउने | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ सुरक्षा पूर्वाधारको विकास गर्ने | १.१.१ सुरक्षाका लागि प्रहरी चौकि स्थापना गर्नुपर्ने आवश्यकता भएका स्थानहरुको अध्ययन गरी सुरक्षा निकायसँग समन्वय गरिने छ । |
| | १.१.२ आवश्यकताका आधारमा नगर प्रहरी गठन गरिने छ । |
| | १.१.३ सुरक्षा गस्तीलाई आवश्यकता अनुरुप नियमित र अपराध संवेदनशील क्षेत्रमा सघन बनाइने छ । |
| | १.१.४ मदिरापान, भिडभाड, होहल्ला झै झगडा हुने क्षेत्रमा सुरक्षा सर्तकता वृद्धि गरी सुरक्षा योजना निर्माण गरिने छ । |
| | १.१.५ Hot Line सेवाको प्रवन्ध गरी तत्काल परिचालन हुने Stand by Force तयार पार्न सहयोग गरिने छ । |
| | १.१.६ उद्धार विशेष टोली निर्माण गरी तयारी अवस्थामा राखे । |

| | |
|---|---|
| | १.१.७ व्यक्तिगत सुरक्षा र सूचना दिन प्रोत्साहन गर्ने हिसाबले विद्यार्थीसँग प्रहरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |
| | १.१.८ सघनवस्ती रहेका बजार क्षेत्रहरुमा आवश्यकताका आधारमा CCTV जडान गरिने छ । |
| १.२ संस्थागत क्षमता विकासका कृयाकलाप सञ्चालन गर्ने | १.२.१ नगर प्रहरीलाई सुरक्षा संवेदनशीलताका आधारमा क्षमता विकास तालिम प्रदान गरिने छ । |

## शान्ति सुरक्षा क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ .व. ०७९/८० | आ .व. ०८०/८१ | आ .व. ०८१/८२ | आ .व. ०८२/८३ | आ .व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | जनघनत्व तथा सुरक्षा जोखिमको आधारमा प्रहरी चौकी विस्तार गर्न आवश्यक स्थानको पहिचान गर्ने । | — | — | — | — | — |
| | | १.१.२ | नगर प्रहरीको दरवन्दी तय गर्ने | — | — | — | — | — |
| | | १.१.३ | सुरक्षा गस्तीको आवश्यक रुट र स्थान बारे अध्ययन गर्ने | — | — | — | — | — |
| | | १.१.४ | समग्र नगरपालिका सुरक्षा योजना तयार गर्ने | ५० | ५० | ५० | ५० | ५० |
| | | १.१.५ | Hot Line सेवा सञ्चालन | २५ | २५ | २५ | २५ | २५ |
| | | १.१.६ | उद्धार संयन्त्र निर्माण तथा सामग्री खरिद | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| | | १.१.७ | विद्यार्थीसँग प्रहरी विशेष कार्यक्रम | १५० | २०० | २५० | २५० | ३०० |
| | | १.१.८ | सघन बजार र वस्ती क्षेत्रमा CCTV जडान तथा संचालन | — | १००० | ५० | ५० | ५० |
| | १.२ | १.२.१ | नगर प्रहरी तालिम | — | — | — | — | — |
| | | | नगर सुरक्षा कार्यक्रम | ७०० | १००० | १००० | १००० | १००० |

**अपेक्षित उपलब्धीहरु:**

- नगरवासिहरुमा सुरक्षाका हिसाबले ढुक्क छु भन्ने वातावरण श्रृजना भएको हुनेछ ।
- समाजमा शान्ति सुरक्षा कायम हुनेछ ।
- चोरी डकैती जस्ता अपराधिक घटनाहरु न्यूनिकरण हुनेछ ।
- शान्त र सुरक्षित समाजको निर्माण हुनेछ ।

## ५.१० न्याय तथा कानून

नेपालको संविधान,२०७२ ले स्थानीय अधिकार क्षेत्रको विवाद निरुपण गर्नका लागि न्यायिक समितिको व्यवस्था गरेको छ । जसलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ८ को दफा ४७ ले निरुपण वा मेलमिलाप को माध्यमबाट समाधान गर्न सकिने २ फरक प्रकृतिका विवादलाई उपदफा (१) र (२) मा विभाजन गरेको छ। समाजमा देखिएका विवादहरुलाई संवादको माध्यमबाट समाधान गरि दिगो शान्ति स्थापना गर्ने उद्देश्यका साथ मेलमिलापको अवधारणा नेपालमा अवलम्बन हुँदै आइरहेको छ ।**"ढिला न्याय दिनु भनेको न्याय नदिनु सरह हो,"** भन्ने मान्यतालाई आत्मसात गर्दै न्यायिक समितिका कार्यहरुलाई अगाडि बढाउदै लैजाने न्यायिक समितिको जिम्मेवारी रहेको छ ।नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र रहेर आवश्यकता बमोजिमका ऐन कानून तथा कार्यविधिहरु निर्माण गरेको छ भने सोही कानूनको अधिनमा रही विभिन्न कार्य सम्पादन गरिएको छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • स्थानीय तहमा कानून निर्माणको संवैधानिक अधिकार निक्षेपण गरिएको । |
| • संविधानमा न्यायिक समितिको परिकल्पना गरिएको । |
| • न्याय सम्पादनमा स्थानीय नागरिकहरुको पहुँच बढ्नु । |
| • स्थानीय तहबाट न्यायिक मुद्धाको निरुपण सहज ढंगबाट हुनु । |
| • न्याय र कानून प्रति जनचेतना वृद्धि हुँदै जानु । |
| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
| • नागरिकहरुमा कानूनी साक्षरता र ज्ञानको कमी हुनु । |
| • न्यायिक समितिका पदाधिकारीहरु जनप्रतितिधि हुने व्यवस्थाले निष्पक्ष न्याय सम्पादनमा समस्या उत्पन्न हुन सक्ने । |

| दीर्घकालीन सोच |
|---|
| मेलम्ची नगर :न्यायिक सुशासनमा अब्बल |
| लक्ष्य |
| समतामुलक न्याय सम्पादन गर्नु । |
| उद्देश्यहरु |
| १. न्यायिक निरुपणका माध्यमबाट दिगो शान्ति स्थापना गर्ने । |

| उद्देश्य १: न्यायिक निरुपणका माध्यमबाट दिगो शान्ति स्थापना गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ न्यायिक निरुपणलाई प्रभावकारी, पारदर्शी र सबल बनाउँने । | १.१.१ मेलमिलाप सम्बन्धी आधारभूत तालिम, न्याय सम्पादनमा संलग्न व्यक्तिहरुलाई कानूनी साक्षरता तालिम लगायतका अन्य तालिम कार्यक्रमहरु संचालन गरी कानूनी साक्षरता वृद्धि गरिनेछ । |
| | १.१.२ पालिकास्तरमा न्यायिक असल अभ्यासहरुको आदानप्रदान गरिनेछ । |

## न्याय तथा कानुन क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| न्याय तथा कानून | | | | | | | | |
| १ | १.१ | १.१.१ | मेलमिलाप कर्ताहरुलाई पुनर्ताजकिय तालिम संचालन | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| | | | मेलमिलाप सम्बन्धी आभारभुत तालिम संचालन | ७०० | ८०० | ८०० | ८०० | ८०० |
| | | | न्यायिक कार्यमा संलग्न व्यक्तिहरुलाई कानुनी साक्षरता सम्बन्धी तालिम संचालन | २०० | ३०० | ३०० | ३०० | ३०० |
| | | | वडा सचिव र कार्यलय सहयोगिहरुलाई कानुनका बारेमा अभिमुखिकरण कार्यक्रम संचालन | ५० | ५० | ५० | ५० | ५० |
| | | | मेलमिलापकर्ताहरुलाई आवश्यक सामाग्री वितरण जस्तै (सुचिकृत मेलमिलापकर्ताहरुको नामावली, विवाद दर्ता गर्दा चाहिने आवश्यक कागजातहरु, विभिन्न किसिमका ल्फेक्सहरु, साइन बोर्ड) | २०० | २०० | २०० | २०० | २०० |
| | | | वडा मेलमिलापकर्ताहरुलाई न्यायिक कार्य सम्पादन प्रक्रिया सम्बन्धी तालिम संचालन | — | १०० | १०० | १०० | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सामुदायिक मेलमिलाप केन्द्र अनुगमन | १०० | १०० | १०० | १०० | १०० |
| | | | जनप्रतिनिधि र मेलमिलापकर्ताहरु बिच अन्तरक्रिया कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० |
| | | | न्यायिक निरुपणका कार्य गर्नका लागि मेलमिलापकर्ताहरुलाई सेवा सुविधाको व्यवस्था | ७० | १०० | १०० | १०० | १०० |
| | १.२ | १.२.१ | मेलमिलाप केन्द्र सन्चालन सम्बन्धी नमुना मेलमिलाप केन्द्र अध्ययन अवलोकन भ्रमण एवं असल अभ्यास आदानप्रदान कार्यक्रम | १०० | २०० | २०० | ३०० | ४०० |
| | | | मेलमिलाप केन्द्र, मेलमिलापकर्ता संयोजक प्रोत्साहन पुरस्कार | १०० | १०० | १०० | १०० | १०० |
| | | | न्यायिक समिति व्यवस्थापन तथा बैठक खर्च/इजलास खर्च | ५०० | ५०० | ५०० | ५०० | ५०० |

**अपेक्षित उपलब्धीहरुः**

- न्याय सम्पादनमा कानूनी साक्षरता प्राप्त हुनेछ ।
- मेलमिलापकर्ताहरु निष्पक्ष न्याय सम्पादनमा सक्षम हुनेछन् ।
- द्वन्द्व र विवाद्‌रहित समाजको निर्माण हुनेछ ।
- समाजमा आपसी सद्‌भाव स्थापना हुनेछ ।

## सामाजिक विकासको नतिजा खाका बनाउने

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | शिक्षा, विज्ञान तथा प्रविधि | | | | |
| | असर | पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर | प्रतिशत | ८६ | १०० |
| | असर | प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत | प्रतिशत | ८५ | ९० |
| | असर | आधारभूत तह (कक्षा १ देखि ५) को खुद भर्नादर | प्रतिशत | ९६ | १०० |
| | असर | आधारभूत तह कक्षा ५ सम्मको टिकाउदर | प्रतिशत | ९२ | ९५ |
| | असर | आधारभूत तह कक्षा ८ सम्मको टिकाउदर | प्रतिशत | ८० | ८५ |
| | असर | कक्षा १२ सम्मको टिकाउ दर | प्रतिशत | २८ | ३२ |
| | असर | माध्यमिक शिक्षाको कुल भर्नादर (९ कक्षा देखि १२ कक्षासम्म) | प्रतिशत | ८२ | ९० |
| | असर | प्रारम्भिक बालविकास र शिक्षामा उपस्थिति | प्रतिशत | ९७ | १०० |
| | प्रभाव | लैंङ्गिक समता सूचकाङ्क (आधारभूत तह कक्षा १-८ ) | | ०.९८ | १ |
| | प्रभाव | लैंङ्गिक समता सूचकाङ्क (माध्यमिक) | | ०.९५ | १ |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको जम्मा साक्षरता दर | प्रतिशत | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको पुरूष साक्षरता दर | प्रतिशत | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | |
| | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | ७५ | १०० |
| | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | १० | १०० |
| | असर | WASH सुविधा भएका आधारभूत विद्यालयहरु | प्रतिशत | ८५ | ९५ |
| | असर | अपाङ्गमैत्री विद्यालयहरु | प्रतिशत | १० | २५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | ९० | ९५ |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | ७८ | ८२ |
| | असर | समग्र साक्षरता प्रतिशत | संख्या | ६९.९ | ७५ |
| | असर | साक्षरता प्रतिशत (पुरुष) | संख्या | ७७.८ | ८२ |
| | असर | साक्षरता प्रतिशत (महिला) | संख्या | ६२.५ | ६७ |
| | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने क्याम्पस | संख्या | २ | २ |
| | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | २ | ४ |
| | असर | आधारभूत शिक्षा कक्षा १ देखि ५ उत्तीर्ण जनसंख्या | प्रतिशत | ३३.९ | ४२ |
| | असर | आधारभूत शिक्षा कक्षा १ देखि ८ उत्तीर्ण जनसंख्या | प्रतिशत | २०.४ | २८ |
| | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | ६.२ | ८ |
| | असर | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | २.५ | ५ |
| | असर | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | १.६ | ३ |
| | प्रतिफल | विद्या वारिधि उत्तीर्ण जनसंख्या | संख्या | | |
| | असर | प्राविधिक वा व्यावसायिक तालिम प्राप्त युवा | प्रतिशत | | १० |
| | असर | विज्ञान प्रयोगशाला सुविधा भएका माध्यमिक विद्यालय | प्रतिशत | ८० | १०० |
| | असर | सुविधा सम्पन्न पुस्तकालय भएका माध्यमिक विद्यालय | प्रतिशत | ७५ | १०० |
| | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | २० | २५ |
| | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | ९५ | १० |
| | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका सामुदायिक माध्यमिक विद्यालय | प्रतिशत | २० | ५० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | २५ | ३५ |
| | प्रतिफल | बालविकासदेखि कक्षा ३ सम्म बालमैत्री कक्षाकोठा व्यवस्थापन भएका विद्यालय | प्रतिशत | ३२ | १०० |
| | असर | पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर | प्रतिशत | ८६ | १०० |
| | असर | प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत | प्रतिशत | ८५ | ९० |
| २. | स्वास्थ्य | | | | |
| | असर | दक्ष प्रसुती कर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | ६५ | ९५ |
| | असर | स्वास्थ्य संस्थामा सुत्केरी गराएको दर | प्रतिशत | ७७ | १०० |
| | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ५ | ≤ १ |
| | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ५ | ≤ १ |
| | प्रतिफल | कुष्ठरोगीको सक्रिय बिरामी वार्षिक | संख्या | — | ≤ १/१०००० |
| | प्रतिफल | कालाजार बिरामी वार्षिक | संख्या | — | — |
| | प्रतिफल | हात्तिपाइले बिरामी वार्षिक | संख्या | — | — |
| | प्रतिफल | डेङ्गु बिरामी वार्षिक | संख्या | — | — |
| | प्रतिफल | सक्रिय ट्रकोमा बिरामी वार्षिक | संख्या | — | — |
| | प्रतिफल | मुटु सम्बन्धी बिरामी वार्षिक | संख्या | २०५० | १५०० |
| | प्रतिफल | क्यान्सर बिरामी वार्षिक | संख्या | २०५० | १५०० |
| | प्रतिफल | मधुमेह बिरामी वार्षिक संख्या | संख्या | २०५० | १५०० |
| | प्रतिफल | स्वास प्रणाली सम्बन्धी दीर्घ रोग दम आदिका बिरामी | संख्या | ४१०० | ३००० |
| | प्रतिफल | आत्महत्याबाट हुने मृत्युदुर प्रति लाख जनसंख्यामा | संख्या | २० | ५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | सडक दुर्घटनाबाट मृत्युदुर प्रति लाख जनसंख्यामा | संख्या | ५ | ≤ १% |
| | प्रतिफल | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | २४% | ४०% |
| | असर | प्रोटोकल अनुसार चार पटक प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | प्रतिशत | २१% | ≥ ८५% |
| | असर | प्रोटोकल अनुसार आठ पटक गर्भवती जाँच गर्ने महिला वार्षिक | प्रतिशत | ५०% | ≥ ९५ % |
| | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | ७७% | १००% |
| | असर | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | प्रतिशत | ७०% | ≥ ९५ % |
| | असर | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | — | — |
| | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार | प्रतिशत | २८% | १०% |
| | असर | स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार | प्रतिशत | ५% | १२% |
| | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | ७२% | ≥ ९५ % |
| | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण प्रति लाख जनसंख्यामा | संख्या | १९२ | २८० |
| | असर | स्वास्थ्य क्षेत्रमा कुल बजेट र कूल खर्च | प्रतिशत | २.५% | १०% |
| | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | १ | २ |
| | असर | कुपोषण भएका बालबालिका दर मध्यम | प्रतिशत | ५% | ३% |
| | असर | कुपोषण भएका बालबालिका दर कडा | प्रतिशत | २% | ≤१% |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | १ | २ |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | ६ | ८ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | २ | ३ |
| | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | — | — |
| | प्रतिफल | योग केन्द्र | संख्या | — | २ |
| | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ७५% | १००% |
| | प्रतिफल | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | २६ | १३ |
| | प्रतिफल | परिवार नियोजन सेवा केन्द्र लामो समयको | संख्या | १ | ६ |
| | प्रतिफल | रक्तसंचार सेवा | संख्या | — | १ |
| | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | ७१ | ७३ |
| | प्रतिफल | मातृ मृत्युदर | जना | — | ≤१ |
| | असर | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | संख्या | १०० | ३०० |
| | प्रतिफल | HIV AIDS Antiviral औषधि प्राप्त गर्ने | संख्या | — | — |
| | प्रतिफल | उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | १५% | ५% |
| | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | - | १ |
| | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | १ | २ |
| | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | १ | ५ |
| ३. | संस्कृति, भाषा, कला तथा साहित्य | | | | |
| | प्रतिफल | अमूर्त साँस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | ० | ५ |
| | प्रतिफल | साँस्कृतिक सम्पदा मध्ये स्थानीय पाठ्यक्रमका समावेश (सम्पदा) | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक बृत्त चित्र | संख्या | ० | ५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | कलाकार विवरणमा समावेश कलाकार | संख्या | - | |
| | प्रतिफल | साँस्कृतिक पात्रोमा समावेश गतिविधि (वार्षिक) | संख्या | ० | ३ |
| | प्रतिफल | साँस्कृतिक प्रतियोगिता तथा कार्यक्रम (वार्षिक) | संख्या | ० | २ |
| | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | ० | |
| | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | ० | २ |
| | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | १ | ४ |
| | प्रतिफल | साँस्कृतिक केन्द्र | संख्या | ० | १ |
| | प्रतिफल | साँस्कृतिक समिति | संख्या | ० | १ |
| | प्रतिफल | साँस्कृतिक उत्सव (Art and Literature Festival) | संख्या | ० | १ |
| | प्रतिफल | कला संग्रहालय | संख्या | ० | १ |
| ४. | लैङ्गिक समानता, ज्येष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण | | | | |
| | प्रतिफल | नगरपालिकामा महिला उद्यमीहरूको | संख्या | - | |
| | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको | प्रतिशत | - | |
| | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | - | |
| | प्रतिफल | दुव्र्यसन सुधार गृह | संख्या | - | १ |
| | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | ० | १ |
| | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | १ | १३ |
| | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | | १००% |
| | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरी | प्रतिशत | | |
| | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात | प्रतिशत | ३५ | ५० |
| | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन | संख्या | - | - |
| | असर | विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू | प्रतिशत | १५ | ५ |
| | असर | श्रम शक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात | प्रतिशत | ३० | ५० |
| | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता | प्रतिशत | ३० | ५० |
| | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) | प्रतिशत | २० | ५० |
| | असर | सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) | प्रतिशत | १५ | ४० |
| | प्रतिफल | महिला उद्यमीहरूको सङ्ख्या | संख्या | ४०० | १००० |
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) | प्रतिशत | ५ | ३० |
| ५. | बालबालिका | | | | |
| | प्रतिफल | बाल श्रमिकको (संख्या) | संख्या | - | - |
| | प्रतिफल | असहाय बालबालिका (संख्या) | संख्या | ५ | ० |
| | प्रतिफल | पुर्नस्थापित बालबालिका संख्या | संख्या | - | - |
| | प्रतिफल | विद्यालय जान नपाएका बालबालिकाको संख्या | संख्या | | |
| | प्रतिफल | बालगृह संख्या संख्या | संख्या | | |
| | प्रतिफल | बाल विवाह संख्या | संख्या | ७ | ० |
| | प्रतिफल | बाल उद्यान संख्या | संख्या | २ | १३ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | पोषण सुनिश्चित गरिएका असहाय अति विपन्न बालबालिका संख्या | संख्या | | |
| | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम संख्या | संख्या | २० | ३० |
| ६. | युवा, रोजगार तथा उद्यम | | | | |
| | असर | बेरोजगार (प्रतिशत) | प्रतिशत | ५ | ३ |
| | असर | पुरुष बेरोजगार | प्रतिशत | ४५ | ३० |
| | असर | महिला बेरोजगार | प्रतिशत | ५५ | ४० |
| | असर | न्यूनतम रोजगारीका लागि विदेशिने व्यक्ति | प्रतिशत | २० | १५ |
| | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | महिला युवा उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | स्नातक तह उत्तीर्ण गर्न नसकि अध्ययन छाडेका युवाको संख्या | संख्या | | |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चीत युवाको प्रतिशत | प्रतिशत | १० | ५ |
| | असर | काम अनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट युवाको प्रतिशत | प्रतिशत | २५ | ३० |
| | असर | दुर्व्यसनमा फसेका युवाको प्रतिशत | प्रतिशत | | |
| | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | संख्या | | |
| | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या (कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि ) | संख्या | | |
| ७. | खेलकुद तथा मनोरञ्जन | | | | |
| | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | ० | १३ |
| | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | ० | ५ |
| | प्रतिफल | खेल मैदानको संख्या | संख्या | ४ | १३ |
| | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | ० | १ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | ३ | १३ |
| | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | ३ | १३ |
| | प्रतिफल | व्यवस्थित पिकनिक स्थलको संख्या | संख्या | ३ | ५ |
| | प्रतिफल | व्यवस्थित पौडी पोखरीको संख्या | संख्या | ० | २ |
| | प्रतिफल | जेष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | ० | ३ |
| | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | ० | १ |
| ८. | शान्ति सुरक्षा | | | | |
| | प्रतिफल | प्रहरी बिटको संख्या | संख्या | ४ | ७ |
| | असर | प्रति वर्ष हुने अपराधिक क्रियाकलापका घटनाहरू | संख्या | ५५ | ५ |
| | प्रतिफल | नेपाल प्रहरी | संख्या | ६१ | ७५ |
| | प्रतिफल | नगर प्रहरी | संख्या | ० | ५ |
| | प्रतिफल | सिसिटिभी जडान | संख्या | २५ | ५० |
| ९ | न्याय तथा कानुन | | | | |
| | प्रतिफल | सुचिकृत मेलमिलापकर्ता संख्या | संख्या | ५३ | ६५ |
| | असर | न्यायिक समितिमा उजुरी संख्या | संख्या | २९ | २० |
| | असर | अदालतमा जाने देवानी मुद्दा | संख्या | ० | ० |
| | असर | समुदायस्तरमा हुने झै-झगडा,बैमनसेता | संख्या | ० | ० |

# परिच्छेद-६
# भौतिक पुर्वाधार तथा वातावरण क्षेत्र

## ६.१ सडक तथा यातायात

आर्थिक विकासको संवाहकको रुपमा रहेको सडक तथा यातायात क्षेत्रले भौतिक एंव सामाजिक पूर्वाधार जस्तै कृषि,उद्योग,पर्यटन, जलविद्युत, सञ्चार, शिक्षा, स्वास्थ्य तथा शहरी एंव ग्रामिण विकासमा उल्लेखनिय योगदान पुर्याएको हुन्छ ।सडक र यातायताको विकाससंगै स्थानीय उत्पादनहरुले बजारसम्मको सहज पहुँच पाउँछन् भने वरीपरीका अन्य बजार केन्द्र, शहर र पालिकाहरुसंग समेत गाढा सामाजिक आर्थिक अन्तरसम्बन्ध स्थापित हुन्छ।आर्थिक विकास संगै बहुआयामिक रुपमा अन्तर्सम्बन्धित रहेको सडक तथा यातायात क्षेत्रमा लगानी सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिन्छ। यसै तथ्यलाई मध्यनजर गरी सडक तथा यातायात पूर्वाधार विकासको सन्दर्भमा ५ वर्षे आवधिक लक्ष्य, उदेश्य, समस्या र चुनौती, संभावना र अवसर, रणनीति र कार्यनीति तथा विकासका कार्यक्रमहरुको प्राथमिकताकरण तल प्रस्तुत गरिएको छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • नगरपालिका केन्द्रबाट वडा कार्यालयहरु जोड्ने सडकहरु विस्तार हुनु । |
| • नेपालको पूर्व पश्चिम पहाडी भूभाग जोड्ने मध्य पहाडी लोकमार्ग मेलम्ची नगरपालिका हुदै गएको। |
| • नगरपालिकाका अधिकांश टोल बस्ति हरु सडक संजालले जोडिनु ।<br>• राजधानीसंग विभिन्न छोटो दुरीका सडकमार्ग हरुले जोडिएको। |
| • हेलम्बु राजमार्ग नगरपालिका हुदै गएको । |
| • कतिपय वडाहरमा कृषि सडकहरु विस्तार भएको जसको कारण कृषि उपजले सहज बजार पाउने । |
| • गुफा डाँडा, धौले जस्ता केहि पर्यटकिय क्षेत्र सम्म पुग्ने सडकको विस्तार तथा स्तरोन्नतीको कार्य भईरहेको । |
| • सडक निर्माणका अधिकांस योजनाहरु जनश्रमदान सहित उभभोक्ता समितबाट हुने गरेकोले यसपर्ति जनताको अपनत्व बढेको । |
| • नयाँ ट्र्याक सकेसम्म नखोल्ने र खोल्न पर्ने अत्यावश्यक भए प्राविधिक अध्यन प्रतिवेदन, नगर कार्यपालिकाको स्वीकृतिको आधारमा खोल्ने गरिएको । |
| • सडक विस्तार तथा स्तरोन्नती कार्यमा संघीय तथा प्रदेश सरकारबाट सहयोग प्राप्त हुने गरेको। |
| • नगरका विभिन्न वडामा गरी १० वटा झोलुंगे पुल निर्माण भएका । |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • कतिपय वडा तथा बस्ति सम्म पुग्ने कच्ची तथा अस्थायी सडक संरचना भएको कारण बर्षायाममा यातयात सञ्चालनमा  तथा नगरपालिकाको कार्यालय सम्मको पहुँचमा कठिनाई भएको। |
| • अव्यवस्थित सडक पूर्वाधार निर्माणको कारणले गर्दा पहिरो जस्ता प्राकृतिक विपदहरु निम्तिने गरेको। |
| • भिरालो र कमजोर भु-धरातलको कारण सडक बिस्तार , स्तरोन्नती गर्दा सडक संरचान निर्माण कार्यमा बढी लागत लाग्ने गरेको । |
| • वर्षेनी जाने बाढि पहिरोको कारण सडक संरचनामा क्षति हुने गरेको। |
| • सडक पूर्वाधारको बिस्तार र स्तरोन्नति गर्न स्रोतको अभाव रहेको। |
| • ठेक्काबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न हुन नसकेको। |
| • स्रोत साधनको अभावका कारण दिगो सडक पूर्वाधार निर्माण हुन नसकिने भएकोले वर्षेनि एउटै सडकको स्तरोन्नती र मर्मत संभारमा बजेट खर्च हुने । |
| • २०७८ असार १ मा आएको इन्द्रावती नदि र मेलम्ची खोलामा आएको बाढीबाट यहाँ भएका २ वटा पक्की पुल पूर्ण रुपले बगाउदा वडा नं. ७,८, ९ र १० संगको सडक सञ्जाल विच्छेद भएको । |
| • संघीय सरकारको क्षेत्राधिकार भित्र रहेको हेलम्बु राज मार्गमा पर्ने वडा नं. १३ को एक्लेबेशीमा रहेको  रातो पहिरोमा पहिरो नियन्त्रणका लागि स्थायी संरचना नबनाएको कारण वर्षायाममा काभ्रे संग जोडिने सडक सञ्जाल जोखिमयुक्त रहेको । |
| • पर्यटकिय स्थलहरुमा सडक र यातायातको  सहज पहुँच नभएको। |
| • २०७८ असार मा आएको इन्द्रावती नदि र मेलम्ची खोलामा आएको बाढिले अस्थायी बसपार्क र निर्माणाधिन बसपार्क पूर्ण रुपमा क्षति भएको कारण हालसम्म पनि बसपार्कको उचित व्यवस्था गर्न नसकिएको |

| दीर्घकालीन सोच |
|---|
| सहज र सुरक्षित सडक तथा यातायात सेवाको सुनिश्चितता |
| लक्ष्य |
| नगरपालिकाभित्रका सडक सञ्जाल विस्तार,स्तरोन्नति र मर्मत संभार गरी यातायातलाई सुरक्षित,सहज र भरपर्दो बनाउने |
| उद्देश्यहरु |
| १. गुणस्तरीय र दीगो सडक तथा यातायात  पहुँचको सुनिश्चितता गर्नु<br>२. नगरपालिका भित्र सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु |

| उद्देश्य १: गुणस्तरीय र दीगो सडक तथा यातायात पहुँचको सुनिश्चितता गर्नु | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१.नगरपालिका केन्द्रबाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा सडक सञ्जाल विस्तार गर्ने । | १.१.१. नगरका १३ वटै वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य- मुख्य सडकहरुलाई उच्च प्राथमिकतामा राखी स्रोतको उपलब्धताका आधारमा यथाशीघ्र स्तरोन्नती गरी पक्कि सडक निर्माण गरिने छ । |
| | १.१.२. निर्माणधिन सडकहरुको यथाशीघ्र निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने छ । |
| | १.१.३ प्रमुख बस्ती र बजार केन्द्र जोड्ने हाल सञ्चालनमा रहेका प्रमुख सडकहरूको पहिलो प्राथमिकता तोकी स्रोतको उपलब्धताका आधारमा स्तरोन्नति, विस्तार र पक्की गरिने छ । |
| | १.१.४ प्रमुख कृषि क्षेत्रहरुको यकिन गरी उक्त क्षेत्रलाई बजारसंग जोड्नका लागि आवश्यक सडक पूर्वाधार निर्माणको सम्भावना, प्राविधिक मूल्यांकन तथा उपयुक्तताको अध्ययन गरिने छ । |
| | १.१.५ उपयुक्त देखिएका तथा पहिचान भएका कृषि सडकहरुको विस्तार तथा स्तरोन्नति गरी कृषि सडक सञ्जाल निर्माण गरिनेछ । |
| | १.१.६ नगर चक्रपथको स्तरोन्नती गरी बाह्रै महिना यातायात संचालन गरिने छ । |
| | १.१.७. पर्यटकिय क्षेत्र तथा अन्य बस्तीहरुमा पदमार्ग निर्माण गरिनेछ । |
| १.२. विद्यमान सडक तथा यातायात पूर्वाधारको स्तरोन्नति तथा विस्तार गर्ने । | १.२.१. नगरपालिकाको उपयुक्त स्थानमा बसपार्क तथा बस टर्मिनल निर्माण गरिने छ । |
| | १.२.२ बाढिबाट पुल क्षति भएको स्थान र अन्य अति आवश्यक स्थानहरुमा पुल निर्माणका लागि विस्तृत अध्ययन गरिने छ । |
| | १.२.३ उच्च प्राथमिकता प्राप्त पक्कि मोटरेवल पुल निर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग बजेटका लागि समन्वय गरी निर्माण गरिने छ |
| | १.२.४.आवश्यकता भएको क्षेत्रमा विस्तृत अध्ययन गरी झोलुङ्गे पुल निर्माण गरिने छ । |
| | १.२.५.मुख्य सडकहरुमा रोड फर्निचरको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: नगरपालिका भित्र सडक तथा यातायात सेवाको दिगो,गुणस्तरीय तथा प्रभावकारी व्यवस्थापन गर्नु** | |
| रणनीति | कार्यनीति |

| | |
|---|---|
| २.१.सडक तथा यातायात गुरुयोजना निर्माण गर्ने । | २.१.१ रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी प्राथमिकताका आधारमा निर्माण गरिने छ । |
| २.२. सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने। | २.२.१. सडकहरुको वर्गिकरण गरी न्यूनतम मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । |
| | २.२.२ संरचना निर्माण गर्दा सडक मापदण्ड अनिवार्य पालना गराईनेछ । |
| २.३. पूर्वाधारको दिगोपना र गुणस्तरियता कायम गर्ने तथा वातावरण मैत्री प्रविधिमा जोड दिने । | २.३.१. सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिइने छ । |
| | २.३.२. नगरपालिकामा निर्माण हुने सडकहरु बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरिने छ । |
| | २.३.३. सडक आयोजनाको कार्यमा वातवरणिय प्रभाव मूल्यांकन तथा लेखाजोखा गरिने छ । |
| | २.३.४.निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई आयोजनाको गुणस्तरियता, दिगोपना तथा निर्माण सम्बन्धि कानूनी व्यवस्थाको विषयमा अभिमुखिकरण गरिने छ । |

## सडक तथा यातायात  क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नति तथा पक्कि सडक निर्माण | १००००० | १२०००० | १३०००० | १३०००० | १३०००० |
| | | १.१.२ | हाल निर्माणाधिन सडक निर्माण तथा संचालन | २०००० | ३०००० | ३५००० | ३५००० | ३५००० |
| | | १.१.३ | प्रमुख बस्ति र बजार केन्द्र जोड्ने  सडकहरूको स्तरोन्नति | २०००० | २०००० | २०००० | २०००० | २०००० |
| | | १.१.४ | कृषि सडकहरूको विस्तृत अध्यन | | २००० | | | |
| | | १.१.५ | कृषि सडकहरूको विस्तार तथा स्तरोन्नति | ८००० | १५००० | १५००० | २०००० | २०००० |
| | | १.१.६ | नगर चक्रपथको खण्डलाई जोड्ने र स्तरोन्नती | २०००० | २०००० | २५००० | २५००० | ३०००० |
| | | | नगर चक्रपथलाई क्रमशः पक्कि बनाउने | | १००००० | १००००० | १००००० | १००००० |
| | | | नगर चक्रपथमा मोटरेवल पुलको विस्तृत अध्ययन | | ८००० | | | |
| | | | नगर चक्रपथमा मोटरेवल पुल निर्माणका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय गर्ने । | - | — | — | — | — |
| | | १.१.७ | पदमार्ग निर्माण | २५००० | १०००० | १०००० | १०००० | १०००० |
| | १.२ | १.२.१ | बसपार्क तथा बस टर्मिनल निर्माण | ६००० | ५००० | | | |
| | | १.२.२ | आवश्यक स्थानमा पक्कि पुल निर्माणको लागि विस्तृत अध्ययन | | | ५००० | | |
| | | १.२.३ | आवश्यक स्थानमा पक्कि पुल निर्माणका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय गर्ने । | — | — | — | — | — |
| | | १.२.४ | झोलुङ्गे पुल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन निर्माण | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण | | २००० | २००० | २००० | २००० |
| २ | २.१ | २.१.१ | सडक तथा यातायात गुरु योजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण | | २००० | | | |
| | २.३ | २.३.१ | नियमित तथा पटके मर्मत संभार | १५००० | २०००० | २०००० | २०००० | २५००० |
| | | | निर्माण कार्यको गुणस्तर परीक्षणाको लागि साझेदारीमा प्रयोगशाला निर्माण तथा व्यवस्थापन | १५०० | ५०० | | | |
| | | २.३.२ | बायोइन्जिनियरिङ प्रविधिको प्रयोग | | १००० | १००० | १००० | १००० |
| | | २.३.३ | सडक निर्माण कार्यमा वातवरण प्रभाव मुल्याङकन तथा लेखाजोखा | | ५०० | ५०० | ५०० | ५०० |
| | | २.३.४ | निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई अभिमुखिकरण | | ५०० | ५०० | ५०० | ५०० |

## ६.२ सिंचाई

यस मेलम्ची नगरपालिका भित्र कूल खेती योग्य जमनिको २१ प्रतिशत सिंचित क्षेत्र रहेको छ । कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिंचाइको दिगो व्यवस्था गर्न आवश्यक छ । परम्परागत सिंचाइ प्रणालीको मर्मत-सम्भार र नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार भइरहेको छ । सिंचाइ पूर्वाधार निर्माणमा संघ, प्रदेश र स्थानीय तहसंग समन्वय गरी रणनीतिक महत्वका ठूला सिंचाइहरु संघबाट, मझौला सिंचाइहरु प्रदेशबाट र साना सिंचाइ स्थानीय तहबाट लगानी परिचालन गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ । सिंचाइ प्रणालीको निर्माण पछिको मर्मत-सम्भार, व्यवस्थापन एवम् सञ्चालनमा उपभोक्ता समितिको सक्रिय सहभागिता थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ । सिंचाइको थप पूर्वाधार विकास र सम्पन्न सिंचाइ प्रणालीको सुदृढीकरण गरी व्यवस्थित बनाउन लगानी वृद्धि गर्न आवश्यक देखिन्छ। स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन गर्न सकिने छ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • सिंचाइको लागि पानीको स्रोतहरु प्रसस्त रहेको । |
| • नगरपालिकाले सिंचाई पूर्वाधार निर्माण योजना प्राथमिकतामा राखी उक्त शीर्षकमा बजेट विनियोजन गर्ने गरेको र उपभोक्ताको २५ प्रतिशत जनश्रमदान हुने गरी २५/७५ श्रम साझेदारी सिंचाई कार्यक्रम कार्यान्वयन भएको । |
| • प्रत्येक वडामा रहेका परम्परागत सिंचाई कुलोहरु मर्मतसम्भार तथा स्तरोन्नति गरिएको । |
| • सिंचाई पूर्वाधार विकासका लागि संघ र प्रदेशले उचित लगानीको प्राथमिकता निर्धारण गर्ने गरेको। |
| • उपलब्ध जलश्रोतको संरक्षण गर्दै सिंचाई सहितको बहुआयामिक उपयोग गर्न सकिने सम्भावना रहेको। |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • उपलब्ध जलस्रोतको पूर्णरूपमा सही सदुपयोग हुन नसकेको हुँदा खेतीयोग्य जमिन बाँझो हुने गरेको। |
| • परम्परागत प्रविधिमा आधारित कुलो तथा नहरहरूको मर्मत संभार नियमित र प्रभावकारी हुन नसकेको । |
| • नदीजन्य प्रकोपका कारण कुलो तथा सिंचाइका आयोजनाहरुमा प्रत्येक वर्ष क्षति पुग्ने गरेको । |
| • स्रोत साधनको अभावका कारण सिंचाईको पूर्वाधार निर्माणमा समस्या रहेको । |
| • पूर्वाधार निर्माणको कार्य गर्दा सिंचाई कुलोहरुमा क्षति पुग्न गई सिंचाईमा समस्या भएको । |

| दीर्घकालीन सोच |
|---|
| खेतियोग्य जमिनमा बाह्रै महिना पूर्ण सिंचाईको उपलब्धता |
| लक्ष्य |
| नगरभित्रका सम्पूर्ण खेतीयोग्य जमिनमा आधुनिक र दिगो सिंचाईको व्यवस्थापन गरी उच्च प्रतिफल युक्त कृषि उत्पादनमा योगदान पुर्याउने |
| उद्देश्यहरु |
| १. आधुनिक, दिगो र प्रभावकारी सिंचाई प्रणालिको प्रयोग मार्फत सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्याई कृषि उत्पादनमा वृद्धि गर्ने |

| **उद्देश्य १: आधुनिक, दिगो र प्रभावकारी सिंचाई प्रणालिको प्रयोग मार्फत सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्याई कृषि उत्पादनमा वृद्धि गर्ने** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ आधुनिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा पुर्याउने। | १.१.१ नगरपालिका भएर बग्ने नदी, खोला नाला, ताल पोखरीहरु, सिमसार क्षेत्रहरु लगायत पानीका मुख्य स्रोतहरु र तिनका जलाधार क्षेत्रको नक्सांकन गरी विस्तृत विवरण तयार गरिने छ । |
| | १.१.२. परम्परागत सिंचाई कुलो तथा विपद् बाट क्षति भएका र पूर्वाधार निर्माणका क्रममा क्षति भएका सिंचाई कुलोहरुको मर्मत सम्भार तथा स्तरोन्नति गरी पक्कि बनाइने छ । |
| | १.१.३ आवश्यकता अनुसार र जमिनको उत्पादकत्व हेरी नयाँ सिचाई आयोजना हरुलाई प्राथमिकीकरण गरि काम गरिने छ। |

**सिंचाई क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| **सिंचाई पूर्वाधार** | | | | | | | | |
| १ | १.१ | १.१.१ | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्सांकन गर्ने | | १५०० | | | |
| | | १.१.२ | सिंचाई कुलोहरुको मर्मत संभार तथा पूनर्निर्माण | १५००० | २०००० | २०००० | २०००० | २०००० |
| | | १.१.३ | आवश्यकता तथा मागको आधारमा नयाँ सिंचाई कुलोको निर्माण | ५००० | १०००० | १५००० | १५००० | |
| | | | ठुला सिंचाई परियोजनाको पहिचान गरि संघ र प्रदेश सरकार संग सम्यन्वन गरि निर्माण गर्ने | | १०००० | १५००० | १५००० | २०००० |

**अपेक्षित उपलब्धिहरु:**

- सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुगेको हुने छ र उच्च प्रतिफलयुक्त कृषि उत्पादन भएको हुनेछ ।

## ६.३ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई सेवाले मानव जिवनमा बहुआयामिक प्रभाव पार्ने गर्दछ ।स्वस्छ खानेपानी र सरसफाईले स्वस्थ मानव जिवनमा योगदान गरी समग्र देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्याएको हुन्छ ।मेलम्ची नगरपालिका पानीको स्रोत प्रशस्त भएको क्षेत्र हो ।यहाँ इन्द्रावती मेलम्ची जस्ता नदि, थुप्रै खोला नाला तथा पानीका मुहानहरु अवस्थित छन् । मेलम्ची पाश्र्वचित्र २०७४ अनुसार यस नगरपालिकामा पाइप तथा धारा खानेपानी स्रोतबाट पानि भर्ने ९७.७७% अर्थात ११५६८ घरधुरी छन् तर ती धाराहरु अधिकांश सामुदायिक धाराहरु हुन् र हाल सम्म पनि नगरपालिकाको सबै क्षेत्रमा एक घर एक धारा अवधारणालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन सकिएको छैन भने निर्माण भएका सबै धारामा मिटर जडान गर्ने कार्य पनि  पूर्ण रुपमा कार्यान्वयन गर्न सकिएको छैन ।

सफा सुन्दर र स्वच्छ नगर सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । शहरीकरणको सघनतामा वृद्धि नभएको र हालसम्म ग्रामीण परिवेशमा रहेकाले यो नगरपालिकामा अन्य सघन शहरी क्षेत्रमा जस्तो फोहोरमैला उत्सर्जन हुँदैन र फोहोर व्यवस्थापन मुख्य चुनौतीका रुपमा रहेको छैन । तथापि स्वच्छ पानी तथा सरसफाइ मानवीय स्वास्थ्यलाई प्रभाव पार्ने प्रमुख तत्वहरु भएको र दिगो विकास लक्ष्यको लक्ष्य नं६ ले खानेपानी तथा सरसफाईलाई सुनिश्चितता गर्नुका साथै नेपालको संविधानले पनि खानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरु निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरुको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

मेलम्ची नगरपालिका कार्यालयले हाल मेलम्चीको बजार क्षेत्रमा हप्तामा २ पटक फोहर उठाउने गरेको छ र फोहरमैला व्यवस्थापनका लागि १ जना चालक र १ जना सहयोगी गरी जम्मा २ जना कर्मचारीहरु परिचालन गरिएको छ । मेलम्ची बजारबाट मात्रै हाल महिनामा ४० टन फोहर निस्किने गरेको र सो फोहरलाई धिताल बेंशी स्थित बगर क्षेत्रमा पुरेर किटनाशक औषधी माथिबाट छर्ने गरिएको छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
| --- |
| • प्रसस्त जलस्रोतको उपलब्धता भएको। <br> • हरेक हप्ताको २ पटक नगरले फोहोर संकलन गरी व्यवस्थापन गर्ने गरेको । |

- नगरले खानेपानी निर्माणका योजनालाई उच्च प्राथमिकतामा राखेर बजेट बिनियोजन गरेको ।
- संघ र प्रदेश बाट समेत खानेपानि योजनाहरुमा अनुदान प्राप्त हुने गरेको ।
- नगरपालिकामा पानी संरक्षण गरी दिगो रुपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने ।
- घरघरमा पानी संकलन ट्यांकी राख्न प्रोत्साहन गरेमा दीर्घकालीन हिसाबले पिउने पानीको समस्या समाधान गर्न सकिने।
- फोहोरको वर्गीकरण, न्यूनीकरण र व्यवस्थापन गर्न विभिन्न कार्यक्रमहरु संचालनमा ल्याउने नीति लिन सकिने ।

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको |
| • सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको । |
| • नगरपालिकाको अधिकांश सार्वजनिक स्थलमा शौचालयको व्यवस्था नभएको । |
| • फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेषगरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने । |
| • २०७८ सालमा इन्द्रावती तथा मेलम्ची नगरमा आएको बाढिले ल्याण्फिल साईड पूर्ण रुपमा क्षति गरेकोले फोहोरमेला केन्द्रको समस्या भएको । |

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, सुरक्षीत, सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाई |
| लक्ष्य |
| नगरपालिका सम्पूर्ण बस्तीहरुमा स्वच्छ, सर्वसुलभ र दीगो खानेपानी तथा प्रभावकारी सरसफाइको व्यवस्थापन गर्ने |
| उद्देश्यहरु |
| १. नगरभित्र स्वच्छ खानेपानी सुविधाको सुनिश्चितता गर्नु ।<br>२. नगरपालिकाका सम्पूर्ण वडाहरुमा सरसफाइको सुविधा पुर्याउनु । |

| **उद्देश्य १:** नगरभित्र स्वच्छ खानेपानी सुविधाको सुनिश्चितता गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा | १.१.१. खानेपानी तथा सरसफाई सम्बन्धि नगरको छुट्टै कार्ययोजना निर्माण गरिनेछ । |

| | |
|---|---|
| खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने । | १.१.२ "एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरुमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिनेछ । |
| | १.१.३ पर्यटकिय स्थल, पिकनिक स्पट जस्ता सार्वजनिक स्थानहरुमा खानेपानी सुविधा पुर्याईनेछ । |
| १.२ मुहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्दि गर्ने। | १.२.१. खानेपानीका संरचनाहरूको स्तरोन्नति तथा मुहानमा पानीको गुणस्तर परीक्षण गरी पानी प्रशोधन गरेर मात्र वितरण गरिनेछ । |
| | १.२.३. हरेक घरपरिवारमा पाइप मार्फत खानेपानी आपुर्ती प्रणाली निर्माण गरिनेछ । |
| | १.२.४. निर्माण पश्चात खानेपानीको उपभोगको मात्रा अनुसार महशुल उठाई उपभोक्ता मार्फत मर्मत सम्भारको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: नगरपालिकाका सम्पूर्ण वडाहरुमा सरसफाइको सुविधा पुर्याउनु** | |
| २.१ सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने । | २.१.१ प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, अस्पताल, बजार केन्द्र, बसपार्क जस्ता क्षेत्रहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ । |
| | २.१.२. उल्लेखित स्थानहरुमा फोहोरलाई वर्गीकरण गरी फयाक्नका लागि बास्केट तथा कण्टेनरको व्यवस्था गरिने छ ।कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउन र नकुहिने फोहोरहरुलाई पुन चक्रन गरी उपयोग गर्न सकिने गरी जनचेतना तथा तालिम संचालन गरिनेछ । |
| | २.१.३. मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाई गरिनेछ । |
| | २.१.४. पानीको मुहान वरपर फोहोर गर्नेलाई जरिवाना गरिने छ साथै नदीनाला, जलाशय तथा पोखरीको पर्यावरणीय स्वच्छता कायम गरिनेछ । |
| | २.१.५ फोहोरमैला व्यवस्थापन केन्द्रको निर्माण गरिनेछ । |
| २.२. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.२.१ घर, आँगन र टोल सफा राख्न प्रत्येक वडामा सरकारी, निजी गै.स.स. तथा सामुदायिक संस्थाहरु स्कूल र स्वास्थ्यकर्मीहरुसँग सहकार्य गरी स्थानीय बासीको संलग्नतामा नियमित रुपमा सरसफाई अभियान सञ्चालन गरी जनचेतना फैलाईनेछ । |

## खानेपानी तथा सरसफाई क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | खानेपानी तथा सरसफाई सम्बन्धि नगरको छुट्टै कार्ययोजना निर्माण गरिनेछ । | -- | १०० | -- | -- | -- |
| | | १.१.२ | एक घर एक धारा कार्यक्रम | ३०११० | २९७०० | ३२८५० | ३५३५० | ३३३५० |
| | | १.१.३ | पर्यटकिय स्थल पिकनिक स्पट लगायत सार्वजनिक स्थलमा खानेपानी व्यवस्था | -- | १००० | १००० | १००० | १००० |
| | १.२ | १.२.१ | खानेपानी मुहान क्षेत्र पहिचान तथा विवरण संकलन | -- | १००० | -- | -- | -- |
| | | | खानेपानी प्रशोधन तथा वितरण प्रणाली | -- | -- | -- | -- | -- |
| | | | खानेपानी संरचनाको स्तरोन्नती | -- | -- | -- | -- | -- |
| | | १.२. ३ | उपभोक्ता मार्फत खानेपानी संरचनाको मर्मत संभार | -- | २००० | २००० | २००० | २००० |
| २ | २.१ | २.१.१ | सार्वजनिक स्थल, तथा बजार केन्द्र पहिचान गरी शौचालय निर्माण | -- | २००० | २००० | २००० | २००० |
| | | २.१.२ | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी फोहर फयाक्ने कन्टेनरको व्यवस्था | १०० | -- | -- | -- | -- |
| | | २.१.३ | फोहरलाई मोहरमा रुपान्तर कार्यक्रम | -- | ५०० | १००० | १००० | १००० |
| | | २.१.४ | मुख्य बजार क्षेत्र तथा सडक वरपर नियमित सरसफाईको लागि सरसफाइ कर्मचारीको व्यवस्था | -- | ५०० | ५०० | ५०० | ५०० |
| | | | पानीको मुहान वरपर सफाई, मुहान संरक्षण तथा संरचना मर्मत | -- | ५०० | ५०० | ५०० | ५०० |
| | | २.१.५ | फोहोर व्यवस्थापन केन्द्र निर्माण | ४९०० | -- | -- | -- | -- |
| | २.२ | २.२.१ | विभिन्न संघ संस्थासंग समन्वय गरी सामुदायिक स्तरमा प्रत्येक हप्ताको शनिबार सरसफाई कार्यक्रम सञ्चालन । | -- | १०० | १०० | १०० | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्कूलसँग सहकार्य गरी स्थानीयबासीको संलग्नतामा नियमित रुपमा सरसफाई अभियान सञ्चालन गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन । | -- | ५० | ५० | ५० | ५० |
| | | | फोहोर संकलन र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहनगर्न अन्तरक्रिया | -- | ५० | -- | -- | -- |

**<u>अपेक्षित उपलब्धिहरु:</u>**

- नगरपालिकाका सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानी सुविधा भएको हुने,
- सम्पूर्ण घरधुरीमा शौचालयको व्यवस्था भएको हुने,
- सार्वजनिक स्थल तथा बजार केन्द्रहरुमा सार्वजनिक शौचालयको व्यवस्था भएको हुने
- सरसफाईको अवस्थामा उल्लेख्य सुधार भएको हुने ।

## ६.४ उर्जा

मेलम्ची नगरपालिकाका ९९% घरधुरीमा विद्युत सेवाको पहुँच पुगिसकेको छ। ज्यामिरे स्थित इन्द्रावती नदीमा नेसनल हाइड्रोपावर कम्पनीद्वारा स्थापित ७.५ मेगावाट क्षमता भएको इन्द्रावती तेस्रो विद्युत परियोजना हाल संचालनमा रहेको छ। यस नगरपालिकाभित्रका नदीनालाबाट ठुला तथा साना जलविद्युत निर्माणको राम्रो सम्भावना रहेको छ। यसैगरी, माइक्रो हाइड्रोको सम्भावना वडा नं ३ को दुईवटा स्थानमा पनि छ ।इन्द्रावतीमा एउटा सब-स्टेशन र बाहुनेपाटी र मेलम्चीको बीचमा एउटा सब-स्टेशन गरी जम्मा २ वटा सब-स्टेशनहरुले ६६ के. भि. क्षमताको पावर यस नगरपालिकामा वितरण भएको छ । यस नगरपालिका भित्र करिब ३००० बिजुलीका पोलहरु मध्ये ३०% जति काठका पोलहरु रहेका छन् । यस नगरपालिकामा विद्युत प्रशारणका लागि करिब २०० वटा ट्रान्सफर्मरहरु जडान गरिएका छन् ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • नगरपालिकाका अधिकांश घरहरुमा विद्युत तथा पुगेको। |
| • नगरपालिकाभित्र प्रशस्त जलस्रोत भएकाले जलविद्युतको प्रवल सम्भावना भएको । |
| • नगरले विद्युत प्राधिकरण संग समन्वय गरी सडक बत्तिको कार्यक्रम संचालन गरिरहेको । |
| • नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जालाई उचित व्यवस्थापन गरी सदुपयोग गर्न सकिने। |
| • परम्परागत उर्जाको प्रयोगलाई विस्थापित गरी आधुनिक तथा वैकल्पिक उर्जाको प्रयोग बढ्दै गएको । |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • सार्वजनिक सडक बत्तिहरुको पर्याप्त प्रबन्ध नभएको |
| • छरिएर रहेका बस्तीको कारण प्रसारण लाइन विस्तार खर्चिलो र जटिल भएको । |
| • मुख्य प्रसारण लाइन बाहेक नगरपालिकामा विद्युतीकरणका लागि प्रयोग भएका काठका पोलहरु जीर्ण तथा असुरक्षित रहेका। |

| दीर्घकालीन **सोच** |
|---|
| नविकरणिय,स्वच्छ,सर्वसुलभ र दिगो ऊर्जाको सुनिश्चितता |
| लक्ष्य |
| दिगो, वातावरण मैत्री र स्वच्छ उर्जामा नगरबासी सबैको पहुँच सुनिश्चित गर्ने |

| उद्देश्यहरु | |
|---|---|
| १. ऊर्जामा सबै नगरबासीको पहुँच पुर्याउनु ।<br>२. दिगो, वातावरणमैत्री, स्वच्छ, किफायती, गुणस्तरिय, सर्वसुलभ र भरपर्दो उर्जाको प्रवर्द्धन गर्नु । | |
| **उद्देश्य १: ऊर्जामा सबै नगरपालिका बासीको पहुँच पुर्याउनु** | |
| **रणनीति** | **कार्यनीति** |
| १.१. विद्युतीकरण नभएका स्थानहरुमा विद्युत् सेवा विस्तार गर्ने । | १.१.१. विद्युत् सेवा नपुगेका बस्तीहरुमा विद्युतीकरणका लागि थप कार्य अगाडि बढाउने तथा विद्युतिकरणको स्तरोन्नती गरिने छ । |
| | १.१.२ विद्युत प्रणालीको पहुँच नभएका तथा नियमित नभएका स्वास्थ संस्था, विद्यालय, सामुदायिक भवन,पर्यटकिय स्थल लगायतका स्थानहरुमा आधारभूत उर्जाको आपूर्ति नियमित गर्ने । |
| | १.१.३ उज्यालो नगरपालिका कार्यक्रम अन्तर्गत सडक बत्ति जडान गरिने छ । |
| **उद्देश्य २:** दिगो, वातावरणमैत्री, स्वच्छ, किफायती, गुणस्तरिय, सर्वसुलभ, नविकरणिय र भरपर्दो उर्जाको प्रवर्द्धन गर्नु । | |
| २.१ वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने । | २.१.१ नगरपालिकामा वैकल्पिक ऊर्जा उत्पादनको सम्भाव्यता हेरी निजीक्षेत्रलाई आकर्षण गर्ने नीति अवलम्वन गरिने छ । |
| | २.१.२. बजार क्षेत्रहरुमा फोहोरको सदुपयोग गरी ऊर्जामा परिणत गर्ने प्रविधीको प्रयोग गरिने छ । |
| | २.१.३ बायोग्यास तथा सुधारिएको चुलो जस्ता किफायती जैविक उर्जा प्रविधि तथा विद्युतिय चुलो एवं अन्य उपकरणको प्रवर्द्धन तथा विस्तार गरिनेछ । |
| २.२. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.२.१ दाउरा र गुइँठाको प्रयोगलाई पूर्णरूपमा वैकल्पिक उर्जा तथा विद्युतीय ऊर्जाको प्रयोगले विस्थापित गर्न दाउरा र गुइँठाको प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ। |
| २.३ विद्युत चुहावट नियन्त्रण गर्ने । | २.३.१ विद्युत प्राधिकरण संग समन्वय गरी नगरपालिकामा हुनसक्ने विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्न अनुगमनको व्यवस्था गरिने छ । |

**अपेक्षित उपलब्धिहरु:**

- नगरपालिकाका सम्पूर्ण घरधुरीमा विद्युत सुविधा भएको हुने,
- सम्पूर्ण सार्वजनिक स्थल तथा सार्वजनिक भवनमा विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग भएको हुने

उर्जा क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | विद्युतका प्रशारण लाइन विस्तार | -- | ५०० | ५०० | ५०० | ५०० |
| | | | काठको पोलहरुलाई विस्थापित गरी स्टीलको पोल जडान गर्ने | -- | -- | -- | -- | -- |
| | | | विद्युत प्राधिकरण संग समन्वय गरी ट्रान्सफर्मर विस्तार र नांगो तारहरुलाई केवलिङ गर्ने | -- | -- | -- | -- | -- |
| | | १.१.२ | सबै वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, सामुदायिक भवन लगायतमा नियमित विद्युत आपुर्तिको व्यवस्था | -- | २०० | २०० | २०० | २०० |
| | | | पर्यटकिय स्थलहरुमा आधारभूत विद्युत सेवा पुर्याउने | -- | ५०० | ५०० | ५०० | ५०० |
| | | १.१.३ | सडक बत्ति जडान कार्यक्रम | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| २ | २.१ | २.१.१ | वैकल्पिक ऊर्जा उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गर्न अन्तरक्रिया | -- | -- | -- | -- | -- |
| | | २.१.२ | सघन वस्ती क्षेत्रमा प्रविधिको प्रयोग गरी फोहोरबाट उर्जा उत्पादन सम्भाव्यता अध्ययन | -- | ५०० | -- | -- | -- |
| | | २.१.३ | बायोग्यास, सुधारिएको चुलो, विद्युतिय चुलो लगायत वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | ८०० | १००० | १००० | १००० | १००० |
| | २.२ | २.२.१ | वैकल्पिक ऊर्जा प्रयोग गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन | -- | १०० | १०० | १०० | १०० |
| | २.३ | २.३.१ | विद्युत प्राधिकरण संग समन्वय गरी विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्न अनुगमनको व्यवस्था | -- | १०० | १०० | १०० | १०० |

## ६.५ आवास, भवन तथा बस्ती विकास

राष्ट्रिय जनगणना २०७८ अनुसार मेलम्ची नगरपालिकाको जनघनत्व २६० प्रति वर्गकिलोमिटर रहेको छ भने नगरपालिका भित्र कुल ११,१८० घरधुरी रहेको छ। भौगोलिक विकटताको कारण यस पालिकाको जनसंख्या घट्दो क्रममा रहेता पनि व्यवस्थित आवास र एकिकृत वस्ती विकासको कार्य भईरहेको छ ।मिति २०७२ सालको विनाशकारी भुकम्पबाट क्षति भएका सम्पूर्ण घरहरुको ९५ प्रतिशत पूनर्निर्माण कार्य सम्पन्न भएको छ ।मेलम्ची नगरपालिकाभित्र मेलम्ची तथा इन्द्रावती नदी किनारका केही भागहरु समथर रहेका छन् भने अन्य बस्तीहरु भिरालो र केही बस्तीहरु जोखिमयुक्त अवस्थामा रहेका छन्। वि.सं. २०७८ सालमा आएको भिषण बाढिबाट इन्द्रावति र मेलम्ची नदि किनारका बस्ती, पूर्वाधार र खेतियोग्य जग्गा जमिनमा ठूलो क्षति पुगेको छ ।तसर्थ यी नदि किनारका स्थानहरुमा आवास तथा बस्ती विकासको कार्य गर्न चुनौती रहेको छ ।नगरपालिकाले नगर भित्रका वस्तीहरुमा शहरी योजना तथा भवन सम्बन्धि मापदण्ड र संहिता पालना गरी घरहरुको नक्सा पास गर्ने कार्य गरेको छ। व्यापक कमी हुने गरेको देखिन्छ । यसै पृष्टभूमिलाई मध्यनजर गरी आवास,भवन तथा बस्ती विकासका सन्दर्भमा पञ्चवर्षिय आवधिक लक्ष्य, उद्देश्य, समस्या र चुनौती, संभावना र अवसर, रणनीति र कार्यनीति तथा कार्यक्रमहरुको प्राथमिकताकरण तल प्रस्तुत गरिएको छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • भूकम्पबाट क्षति भएका ९५ प्रतिशत घरहरुको पूनर्निर्माण कार्य सम्पन्न भएको । |
| • एकिकृत बस्तीहरुको अवधारणा अनुसार नगरभित्र ११ वटा एकिकृत बस्ती निर्माण गरिएको। |
| • जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका घरधुरीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न संभाव्यता अध्ययन गरिएको । |
| • नगरपालिकाभित्र सुरक्षित आवास निर्माण गर्नको लागि भवन निर्माण मापदण्ड, २०७२ जारी गरी पूर्ण रुपमा लागु गरिएको । |
| • २०७८ असार १ गते मेलम्ची तथा इन्द्रावति नदीमा आएको भिषण बाढिबाट प्रभावित व्यक्तिहरुको घर पूनर्निर्माण तथा नगरभित्रका पहिरो, आगलागि जस्ता विपद् प्रभावित व्यक्तिको घर संरक्षणको कार्य भईरहेको । |
| • नगरपालिकाले एक वडा एक बहुआयामिक सामुदायिक भवन निर्माणको अवधारणा अगाडि बढाएको । |
| • नगरपालिकाका सबै वडाहरुमा सामुदायिक भवन निर्माणको क्रम जारी रहेको । |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • धेरै भिरालो जमिन र कमजोर भू-धरातलको कारण उक्त क्षेत्रका धेरै जस्तो बस्तीहरु पहिरोबाट प्रभावित तथा जोखिममा रहेको। |
| • नदि तथा खोलाको किनारमा रहेका बस्तीहरु बाढिबाट प्रभावित तथा जोखिममा रहेको। |
| • बाढि तथा पहिरोको जोखिम रहेका स्थानमा बस्ती विकास भएको । |
| • छरिएर रहेको बस्तीका कारण विकास तथा सेवा सुविधा पुर्याउने कार्य सहज र प्रभावकारि हुन नसकेको । |

| दीर्घकालीन सोच |
|---|
| पूर्ण सुरक्षित तथा आधारभूत सुविधासम्पन्न आवासको प्रत्याभूति |
| लक्ष्य |
| सुरक्षित र सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने |
| उद्देश्यहरु |
| १. न्युनतम सुविधा सम्पन्न एकीकृत बस्तीको विकास गर्नु<br>२. सुरक्षित आवास तथा भवनहरु निर्माण गर्नु |

| **उद्देश्य १: न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु** | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१. छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरुलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने । | १.१.१ विपद्को जोखिममा परेका बस्तीहरु पहिचान तथा नक्साङ्कन गरिने छ । |
| | १.१.२ एकीकृत आवास निर्माणका लागि वडास्तरमा उपयुक्त स्थानहरु पहिचान गरी आवास क्षेत्र विकास गरिने छ । |
| | १.१.३. विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिने छ । |
| | १.१. ४ भू-उपयोग नीति अनुरुप वस्ती विकास तथा योजना निर्माण गरिने छ । |
| | १.१.५ नगरपालिकाको भवन निर्माण मापदण्ड,२०७२ को पूर्ण रुपमा लागु गरिनेछ । |
| | १.१.६ नगरपालिकाको सम्पूर्ण घरहरुको अभिलेखिकरण गरिनेछ । |
| **उद्देश्य २: सुरक्षित आवास तथा भवनहरु निर्माण गर्ने** | |
| २.१ सुरक्षित आवासको प्रत्याभूति गराउने | २.१.१ २०७८ असार १ गते मेलम्ची तथा इन्द्रावति नदिमा आएको भिषण बाढिबाट घर क्षति भएका बाढि पिडितहरुको आवास पूनर्निर्माण कार्य सम्पन्न भएको हुनेछ । |

| | |
|---|---|
| | २.१.२ विपद् बाट क्षति भएका सम्पूर्ण भवन संरचनाहरुको प्रवलिकरण गरिएको हुनेछ । |
| २.२. एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने र निर्माण भएका सामुदायिक भवनहरुको अभिलेख राखि उपयोगिताको लागि नीति निर्माण गर्ने । | २.२.१सरकारी भवनहरु निर्माण गर्दा सकेसम्म एकै स्थानमा र एकरुपता ल्याउन एकै किसिमका भवनहरूको डिजाइन र निर्माण गरी एकीकृत सेवा प्रदान गरिने छ । |
| | २.२.२ सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्ग मैत्री बनाइने छ । |
| | २.२.३ नगरभित्र निर्माण भएका सम्पूर्ण सामुदायिक भवनहरुको अभिलेख संकलन गर्ने । |
| | २.२.४ सामुदायिक भवनहरुको उपयोगिताको लागि नीति निर्माण गरी सामुदायिक भवन निर्माण गरिनेछ । |
| २.३ आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्न र अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । | २.३.१. आवास तथा भवन निर्माणमा स्थानीय स्तरमा उपलब्धता भएका निर्माण सामग्रीको उच्चतम प्रयोग गरिने छ । |
| | २.३.२. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने प्रविधि विकास गर्न विज्ञहरूको सहयोग लिई निर्माण मजदुरहरु तथा नगरबासीहरुलाई नियमित अभिमुखिकरण संचालन गरिने छ । |

## आवास,भवन तथा बस्ती विकास क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | विपदको जोखिममा परेका बस्तीहरुको पहिचान गरी नक्सांकन गर्ने | — | १५०० | — | — | — |
| | | १.१.२ | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान गर्ने | — | — | ५०० | — | — |
| | | | संघ, प्रदेश,स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण | — | — | १५००० | - | — |
| | | १.१.३ | जोखिमयुक्त स्थानका समुदायमा सुरक्षित आवासका विषयमा अभिमुखिकरण | — | १०० | १०० | १०० | १०० |
| | | | उक्त आवास निर्माणका लागि अनुमति प्रदान नगर्ने | — | — | — | — | — |
| | | १.१.४ | भू-उपयोग नीति बमोजिम बस्ती विकास गर्न प्रेरित गर्ने | — | — | — | — | — |
| | | १.२.५ | भवन निर्माण मापदण्डको कार्यान्वयनको लागि अभिमुखीकरण तथा अनुगमन गर्ने । | — | २०० | २०० | २०० | २०० |
| | | १.२.६ | नगरपालिका भित्र निर्माण गरिएका सम्पूर्ण घरहरुको अभिलेखिकरण । | — | — | — | — | — |
| २ | २.१ | २.१.१ | बाढि पिडितहरुको आवास पूनर्निर्माण तथा प्रवलिकरण | — | — | — | — | — |
| | | २.१.२ | पहिरो आगलागी लगायतका विपद् प्रभावितको घर गोठ लगायतका संरचना प्रवलिकरण | — | — | — | — | — |
| | २.२ | २.२.१ | सामूहिक सार्वजनिक तथा सरकारी भवन निर्माण | १५००० | १५००० | १५००० | १५००० | १५००० |
| | | २.२.२ | निर्माण भएका भवनहरुलाई अपाङ्गमैत्री बनाउने । | — | ५०० | ५०० | ५०० | ५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २.२.३ | नगर भित्र निर्माण भएका सम्पूर्ण सामुदायिक भवनहरुको अभिलेख राख्ने । | — | — | — | — | — |
| | | २.२.४ | नगर भित्र निर्माण भएका सामुदायिक भवनको उच्चतम र प्रभावकारी उपयोग गर्न नीति निर्माण तथा कार्यान्वयन । | — | — | — | — | — |
| | | | सामुदायिक तथा अन्य भवन निर्माण | ५००० | ४००० | ४००० | २००० | १००० |
| | २.३ | २.३.१ | आवास तथा भवन निर्माणमा स्थानीय निर्माण सामग्रीको उच्चतम प्रयोग । | — | — | — | — | — |
| | | २.३.२ | भवन तथा आवास निर्माण सम्बन्धी मजदुर तथा नगरवासीहरुलाई अभिमुखीकरण गर्ने । | — | ५०० | ५०० | ५०० | — |

**<u>अपेक्षित उपलब्धिहरुः</u>**

- न्यूनतम सुविधायुक्त एकीकृत बस्तीहरूको विकास भएको हुनेछ ।
- भवन आचारसंहिता निर्माण भई कार्यान्वयन भएको हुनेछ ।
- नगरपालिका भित्रका भूकम्प र बाढीबाट क्षतिग्रस्त सम्पूर्ण घर तथा सार्वजनिक भवनहरूको पुनर्निर्माण हुनेछ ।

## ६.६ सूचना प्रविधि तथा तथ्याङ्क व्यवस्थापन

नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । यस नगरपालिका भित्रका केहिमा क्षेत्रहरुमा बजार क्षेत्र विस्तर भएको र अन्य क्षेत्र भौगोलिक विकटताको कारणले केहि टाढा टाढा भएता पनि नेपाल टेलिकम तथा एनसेलले मोबाइल फोन सेवा प्रदान गरेका छ । नगरपालिकाका विभिन्न वडाहरुमा मोबाइल टावरहरु भएकाले Network Coverage को हिसाबले स्थिति सन्तोषजनक नै भएतापनि गुणस्तर सुधार गर्नु जरुरी छ ।यस नगरपालिका भित्र विभिन्न सेवा प्रदायक संस्थाहरुबाट इन्टरनेट सेवा प्रदान गरिएको छ भने अधिकांश क्षेत्रमा फाइबर इन्टरनेटको पँहुच पुगेको छ ।यस नगरपालिकामा विभिन्न राष्ट्रिय दैनिक पत्रिका जस्तै गोरखापत्र, कान्तिपुरआदिको सहजै आपूर्ति हुनुका साथै रेडियो मेलम्ची, रेडियो सिन्धु, रेडियो मिसन जस्ता एफ.एम रेडियोहरु समेत संचालनमा रहेको छ ।

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ ।नगरपालिकामा गरिने हरेक विकासका क्रियाकलापहरु र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा प्रतिबिम्बित गर्न मिल्दछ । तसर्थ हरेक क्रियाकलापलाई परिमाणमा देखाउँदा विकास र समृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा नगरपालिकाको स्थितिबारे थाहा पाउन सकिन्छ । यसका लागि हरेक सूचनालाई अध्यावधिक गर्ने सूचना तथा तथ्यांक प्रणालीको आवश्यकता रहन्छ ।

| सबल पक्ष: मुख्य संभावना र अवसरहरु |
|---|
| • नगरपालिकाको सबै क्षेत्रहरुमा मोबाइल Network Coverage र Internet Coverage पुगेको |
| • स्थानिय स्थरमा विभिन्न एफ.एमहरु संचालनमा रहेकोले स्थानिय सूचनाहरु सम्प्रेषण गर्न सहज भएको |
| • शिक्षा, स्वास्थ्य लगाएत सार्वजनिक सेवा प्रवाहमा समेत सूचना प्रविधिको प्रयोग भई सेवा प्रवाह प्रभावकारी भएको र सुशासन कायम भएको |
| • सार्वजनिक खरिद र खर्चमा प्रविधिको प्रयोगले पार्दशिता र मितव्ययिता कायम भएको |
| • संचार माध्यमको प्रयोगले जनचेतनाको स्तर बढि सूचनाको हक प्रत्याभुत गरेको |
| • विषद् व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको प्रयोग भएको |
| • नगरबासिहरु सूचना प्रविधि तथा संचारको क्षेत्रमा जागरुक रहेको |
| • आर्थिक कारोबारमा इ-पेमेन्ट बढ्दो प्रयोग भएको |

| दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु |
|---|
| • नगरपालिकाको सबै क्षेत्रहरुमा मोबाइल Network Coverage र Internet Coverage पुगेको भएपनि गुणस्तरमा समस्या रहेको । |
| • नगरपालिका भित्रका शैक्षिक संस्थाहरु र अन्य सार्वजनिक निकायहरुमा द्रुत इन्टरनेट सुविधा विस्तार गर्नुपर्ने |
| • सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्नुपर्ने |
| • नगरपालिकावासीमा सञ्चारका सबै प्रविधि सँगको पहुँच स्थापना गरी साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने |

| दीर्घकालीन सोच |
|---|
| सूचना प्रविधि तथा संचारको प्रयोग गरि प्रविधिमैत्रि नगरपालिकाको स्थापना |
| लक्ष्य |
| नगरपालिकाको सम्पुर्ण क्षेत्रमा सूचना प्रविधि तथा संचारको अधिकतम र प्रभावकारी प्रयोग |
| उद्देश्यहरु |
| १.नगरपालिकाबासीमा सूचना प्रविधिको पँहुच सुनिश्चित गर्ने<br>२.सार्वजनिक सेवा प्रवाहमा विद्युतिय शासनको अधिकतम उपयोग गर्ने<br>३.स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज,पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउन । |

| **उद्देश्य १: नगरपालिकाबासीमा सूचना प्रविधिको पँहुच सुनिश्चित गर्ने** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने । | १.१.१ मोबाइल नेटवर्क कभरेज प्रभावकारितामा ल्याउन आवश्यकतानुसार मोबाइल टावरहरुको थप र विस्तार तथा गुणस्तर सुधार गर्न पहल गरिनेछ । |
| | १.१.२ इन्टरनेट प्रदायक निजी कम्पनीहरुलाई सेवा विस्तारको लागि सहजिकरण गर्ने । |
| | १.१.३ स्थानीय एफएम रेडियो सञ्चालन गर्न र स्थानीय पत्रपत्रिका प्रकाशन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ । |
| | १.१.४ मोबाइल टावरहरुमा विद्युतको नियमित रुपमा आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाइने छ । |
| १.२. नगरपालिकावासीमा | १.२.१. नगरपालिकाको वेबसाइटमाफर्त सूचना सम्प्रेषण गरिनेछ । |

| | |
|---|---|
| आमसञ्चारको पहुँच विस्तार गर्ने । | १.२.२.नगरपालिका केन्द्र,वडा कार्यालय तथा सार्वजनिक स्थलहरुमा फ्री वाइफाईको व्यवस्था गरिने छ । |
| | १.२.३. वडा कार्यालयहरु सूचना प्रविधि मैत्री बनाइने छ । |
| | १.२.४. नगरपालिकास्तरीय सूचना केन्द्रको साथै e-library को स्थापना गरिने छ । |
| | १.२.५. एफएम रेडियोसँग सहकार्य गरी स्थानीय भाषामा सूचना तथा समाचार उत्पादन गररे बजाइनेछ । |
| १.३. क्षमता अभिवृद्धिमूलक कार्यक्रम संचालन गर्ने । | १.३.१. सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई विभिन्न किसिमका तालिम मार्फत उनीहरूको क्षमता अभिवृद्धि गरिने छ । |
| | १.३.२. नगरपालिकावासीमा साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ । |
| **उद्देश्य २: सार्वजनिक सेवा प्रवाहमा विद्युतिय शासनको अधिकतम उपयोग गर्ने** | |
| २.१ विद्युतिय शासनको लागि आवश्यक पुर्वाधार निर्माण गर्ने । | २.१.१ विद्युतिय शासनको लागि सम्भाव्यता अध्ययन गर्ने। |
| | २.१.२ विद्युतिय शासनको लागि नीति तय गर्ने । |
| | २.२.३ विद्युतिय शासनको लागि आवश्यक पुर्वाधार तयार गरि संचालनमा ल्याउने । |
| २.२ विद्युतिय शासन प्रणाली संचालनको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने । | २.२.१ सम्बन्धित कर्मचारीहरुलाई विद्युतिय शासन प्रणालीको बारेमा तालिम प्रदान गर्ने । |
| | २.२.२ जनप्रतिनिधि तथा अगुवा नगरबासिहरुलाई विद्युतिय शासन प्रणाली प्रयोगको बारेमा अभिमुखिकरण प्रदान गर्ने । |
| | २.२.३ विद्युतिय शासन प्रणालीको बारेमा आम नगरबासिलाई सुसूचित गर्ने । |
| **उद्देश्य ३:स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज,पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउन** | |
| ३.१ सुदृढ अभिलेख प्रणालीको विकास गर्ने | ३.१.१. सूचना प्रविधिको प्रयोग गरी स्थानीय सरकारसँग सम्बद्ध सबै सूचना र तथ्याङ्कको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्याङ्क तथा सूचना इकाई निर्माण गरिनेछ । |
| | ३.१.२ सबै प्रकारका सूचनाहरु अध्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार पार्न अध्ययन गरी कयातधबचभ हरु खरिद गरिने छ । |
| | ३.१.३ अभिलेख इकाइमा अवाश्यक दरबन्दीको प्रबन्ध गरिने छ । |

**सूचना प्रविधि तथा तथ्याङ्क व्यवस्थापन क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | दुरसञ्चार सेवा प्रदायक सरकारी तथा निजि कम्पनीहरुसंग अर्न्तक्रिया कार्यक्रम | - | ५० | - | ५० | - |
| | | १.१.२ | इन्टरनेट सेवा प्रदायकसंग छलफल तथा अर्न्तक्रिया कार्यक्रम | - | ५० | - | ५० | - |
| | १.२ | १.२.२ | नगरपालिकाका सार्वजनिक स्थलमा फ्री वाईफाई जडान कार्यक्रम | - | ३०० | ३०० | ३०० | ३०० |
| | | १.२.३ | सूचना प्रविधि मैत्रि पुर्वाधार निर्माण | - | ५०० | ५०० | ५०० | ५०० |
| | | १.२.४ | ई-लाईब्ररी स्थापना | - | ३०० | ३०० | ३०० | ३०० |
| | १.३ | १.३.१ | सूचना प्रविधि सम्बन्धि तालिम तथा अभिमुखिकरण | - | ५०० | ५०० | ५०० | ५०० |
| | | १.३.२ | साईबर सुरक्षासम्बन्धि जनचेतना कार्यक्रम | - | १०० | - | १०० | - |
| २ | २.१ | २.१.१ | विद्युतीय शासनको सम्भावता अध्ययन | - | १०० | - | - | - |
| | | २.१.२ | विद्युतीय शासनको  रणनिति तर्जुमा | - | ५० | - | - | - |
| | | २.१.३ | e-Governance को विस्तार | - | ४०० | - | - | - |
| | २.२ | २.२.१<br>२.२.२ | विद्युतीय शासन प्रणालि संचालन सम्बन्धि अभिमुखिकरण तथा तालिम कार्यक्रम | ३०० | -- | ५०० | -- | -- |
| ३ | ३.१ | ३.१.१ | तथ्याङ्क तथा सूचना इकाइ गठन तथा कार्यक्षमता अभिवृद्धि | - | ३०० | - | २०० | - |
| | | ३.१.२ | सूचना अभिलेखाङ्कन सफ्टवेयर खरिद | -- | -- | ५०० | -- | -- |

**भौतिक पूर्वाधार विकास नतिजा सूचक**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाई | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) | प्रतिशत | ३५ | ७० |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या | प्रतिशत | ८० | १०० |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | २० | ६० |
| | असर | उन्नत सुधारिएका सरसफाइसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्दैन | प्रतिशत | २ | १० |
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ८५ | १०० |
| | असर | ढल प्रणालीहरु/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार | प्रतिशत | — | — |
| | प्रतिफल | उपभोक्ता समिति मार्फत सञ्चालन गरिएका खानेपानी आयोजना संख्या | प्रतिशत | ७० | ९० |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान संख्या | संख्या | १२० | २०० |
| | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार प्रतिशत | प्रतिशत | १५ | ३५ |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहरलाई वर्गीकरण गर्ने घरपरिवार संख्या | संख्या | २०० | ७०० |
| | प्रतिफल | सामुदायिक हिसाबले संगठित रुपमा नियमित नगर घर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | ५ | ६५ |
| २. | सिंचाई | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये सिंचाइ सुविधा पुगेको भूमि प्रतिशत | प्रतिशत | २१ | ६५ |
| | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिंचाइ सुविधा पुगेको भूमि प्रतिशत | प्रतिशत | ५ | १५ |
| | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर) हेक्टर | हेक्टर | — | — |
| ३. | उर्जा | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | विद्युतमा पहुँच भएका जनसंख्या | प्रतिशत | ९९ | १०० |
| | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार प्रतिशत | प्रतिशत | १ | ५ |
| | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ४५ | ३० |
| | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ४० | ६५ |
| | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५ | ३० |
| | असर | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.५ | ५ |
| | असर | विद्युतीय सामग्रीमा हिटर, पंखा, एयर कन्डिसनर, वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार प्रतिशत | प्रतिशत | २ | १५ |
| ४. | सडक तथा यातायात | | | | |
| | असर | बाह्रै महिना सवारीसाधन सञ्चालनयोग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने घरपरिवार प्रतिशत | प्रतिशत | २० | ४५ |
| | असर | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्या प्रतिशत | प्रतिशत | ८० | ९० |
| | असर | सडक घनत्व कि.मि. | कि.मि. | | |
| | प्रतिफल | नगरपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि. | ९ | २० |
| | प्रतिफल | नगरपालिकाको सडकको जम्मा लम्बाई | कि.मि. | — | — |
| | प्रतिफल | नगरपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि. | १९.३९ | ५० |
| | प्रतिफल | कृषि सडकको लम्बाई | कि.मि. | ४० | १२० |
| | प्रतिफल | सडकहरुमा व्यावस्थित नाला निर्माण | कि.मि. | ३० | ५० |
| | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | १६ | ३० |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये साइकल भएको घरधुरी संख्या | प्रतिशत | २ | ७ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या प्रतिशत | प्रतिशत | ३५ | ५५ |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये कार, जिप, भ्यान भएको घरधुरी संख्या | प्रतिशत | १ | ४ |
| ५. | भवन, आवास तथा बस्ती विकास | | | | |
| | असर | बाह्रै महिना सवारीसाधन सञ्चालनयोग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने असर झुपडीमा बस्ने परिवार | प्रतिशत | — | — |
| | असर | खरपरालले छाएको घरमा बस्ने परिवार | प्रतिशत | ० | ० |
| | असर | बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुबिधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | ७० | १०० |
| | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | ०.२ | ० |
| | असर | एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार संख्या | प्रतिशत | ०.५ | २ |
| | असर | बहुतले आवास (अपार्टमेन्ट) मा बस्ने परिवार संख्या | प्रतिशत | — | ०.५ |
| ६. | सूचना तथा सञ्चार | | | | |
| | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार संख्या | प्रतिशत | ५५ | ७५ |
| | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | ३० | ७० |
| | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ७० | १०० |
| | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या प्रतिशत | प्रतिशत | ३० | ७० |

# परिच्छेद — ७
# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ७.१ वन, वातावरण, जलाधार संरक्षण तथा विपद् व्यवस्थापन

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ। यस नगरपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । नगरपालिकामा मेलम्ची नदि, ईन्द्रावती नदि, तालामारांग खोला, सिन्धु खोला आधि जस्ता महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका छन् । तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ। समृद्धिका आधारहरु मध्ये जलस्रोत पनि एक हो ।तसर्थ यस नगरपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र नगरपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ।

दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्टयाउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ। तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ।

जलस्रोतमा प्रख्यात मेलम्ची नगरपालिकामा धेरै नदीनालाहरु छन् । ५,८७५ मिटर उचाइमा रहेको जुगल हिमालबाट उत्पन्न भएको मेलम्ची नदी सिन्धुपाल्चोक जिल्लाकै प्रमुख नदीहरु मध्ये एक हो । ५० वटा भन्दा बढी नदीनाला तथा खोल्साहरु मिश्रित यस मेलम्ची नदी ठूलो पनि छ । साथै काठमाडौं उपत्यकाको १७ करोड लिटर पानीको दैनिक मागलाई पुरा गर्न मेलम्ची नदीको बहाव मोड्न डिजाइन गरिएको महत्वकांक्षी परियोजना (मेलम्ची खानेपानी आपूर्ति परियोजना) ले गर्दा मेलम्ची नदी धेरै नै प्रख्यात भएको हो। मेलम्ची नदी, इन्द्रावती नदी, तालामाराङ खोला, सिन्धु खोला, सहरे बाघमारा खोला, जर्के खोला, काफ्ले खोला, घाटे खोला र पङ्सीङ खोला मेलम्ची नगरपालिकामा बग्ने प्रमुख नदी तथा खोलाहरु हुन् जुन नदीहरुको आधारमा यस नगरपालिकाकाका क्षेत्रलाई विभिन्न जलाधारमा विभाजन गरिएका छन् ।

औद्योगिक राष्ट्रहरुले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसंख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेरेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्वन जस्ता कारणले हरितगृह प्रभाव बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामीसामु छ ।यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्षरुपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यस तथ्यलाई मनन गरी तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरु नै विकाससम्बन्धी मानवीय गतिविधिहरु

हुन्। विकाससम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन बिरुद्ध अभियान सञ्चालन गर्न श्रेयस्कर हुन्छ।

मेलम्ची नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, २०७५ बमोजिम विशेषतः बाढी, पहिरो, हावाहुरी, असिना, चटयाङ, डढँलो जस्ता बहुप्रकोपको उच्च जोखिममा रहेको छ । यस मेलम्ची नगरपालिकामा २०७२ सालको महाभूकम्पले गर्दा मानवीय एवम् भौतिक रुपमा ठुलो क्षति व्यहोर्नु परेको थियो। यसका साथै गत वर्ष (२०७८) मेलम्ची तथा ईन्द्रावती नदीमा आएको महाविनाशकारी बाढीबाट यस मेलम्ची नगरपालिकाका तटीय क्षेत्रमा रहेका तालामारांग र मेलम्ची क्षेत्रका मानिसहरु आर्थिक तथा भौतिक रुपमा प्रभावित हुनुका साथै यस नगरपालिकाद्वारा निर्माण गरिएका सार्वजनिक संरचनाहरुमा समेत क्षति हुन पुग्यो । यस्ता प्रकोपहरु सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि यस्ता विपदजन्य घटनाहरुबाट हुने जनधनको क्षतिलाई न्यूनीकरणका उपायहरु अवलम्बन गरी न्यूनीकरण गर्न सकिन्छ। यसका लागि नगरपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ।

| सबल पक्षः मुख्य संभावना र अवसरहरु |
|---|
| • नगरपालिकाको वन ऐन, २०७८ स्वीकृत भई कार्यान्वयन हुनु,<br>• दिगो वन व्यवस्थापन गरि वनमा आश्रित समुदायको जीवनस्तरमा सकारात्मक प्रभाव पार्नका लागि निरन्तर समन्वय र सहकार्य गरिनु,<br>• वन पैदावार, वन्यजन्तु र जैविक विविधताको संरक्षणका लागि आवश्यक समन्वय गरिनु, |
| • वातावरण संरक्षण एवंम् सम्बर्द्धनका लागि आवश्यक ऐन निर्माण गरि कार्यान्वय गरिनु, |
| • जलश्रोत तथा जलाधार क्षेत्रहरुलाई उच्चतम उअप्योग गरि आर्थिक लाभ लिन सक्नु, |
| • विपद् व्यवस्थापन ऐन र कोष संचालन कार्यविधि, मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण गरिनु,<br>• आपतकालीन कोषमा आवश्यकता अनुसार पर्याप्त बजेट विनियोजन गरिनु,<br>• नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनु,<br>• विपद् पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभिका लागि आवश्यक कार्यक्रमहरु गरिनु,<br>• विपद् पोर्टलको निर्माण गरि विपद्जन्य घटनासंग सम्बन्धित अभिलेख, विवरण अध्यावधिक गरिनु,<br>• विपद्जन्य घटनाहरुको व्यवस्थापनको लागि नगर आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरिनु,<br>• नगर विपद् व्यवस्थापन समिती र वडा विपद् व्यवस्थापन समितीको स्थापना भई सक्रिय रहनु,<br>• विपद् पूर्व चेतावनी प्रणालीको स्थापना गरिनु,<br>• विपद् खोज, उद्दार तथा राहत सामाग्रीको उचित व्यवस्थापन गरिएको, |

- विपद् खोज उद्दार, पुनर्निमाण तथा पुननर्स्थापनाको कार्य प्रभावकारी रुपमा गरिनु,
- जोखिमयुक्त बस्ति/क्षेत्रहरुको भौगर्भिक अध्ययन गरिएको, आदि।

दुर्बल पक्ष: प्रमुख समस्या र चुनौतीहरु

- वैज्ञानिक वन व्यवस्थापन गर्न चुनौती हुनु,
- वन डडेलो तथा जथाभावी वन फडानीलाई नियन्त्रण गर्न नसकिनु,
- विकास र वातावरण विच सन्तुलन कायम गर्न नसकिनु,
- वन तथा वातावरण संरक्षणलाई आयआर्जन संग जोड्न चुनौती रहनु,
- वन तथा जैविक विविधताको संरक्षण सम्बन्धि जनचेतनामा कमि हुनु,
- जलवायु परिवर्तनका नकारात्मक असरलाई कम गर्न/गराउन चुनौती रहनु,
- विपद्जन्य घटनाहरुको प्रभावकारी व्यवस्थापन र संयन्त्र निर्माण गर्न चुनौती हुनु,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि ठोस योजना र कार्यक्रम बनाई लागु गर्नका लागि प्राविधिक तथा आर्थिक श्रोतको अभाव हुनु,
- विपद् पश्चातको पुनर्निमाण तथा पुनर्लाभिका काम गर्न श्रोतको अभाव हुनु,
- जोखिमयुक्त वस्तीको स्थानान्तरण गर्नका लागि भौगर्भिक, सामाजिक तथा आर्थिक श्रोतको कमि हुनु
- जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गरि कार्यान्वयन गर्न कठिनाई हुनु आदि।

दीर्घकालीन सोच

उत्पादनशील वन, जैविक विविधता संरक्षण एवम् विपद् उत्थानशील पुवार्धार युक्त नगर

लक्ष्य

नगरपालिकालाई वातावरण मैत्री र विपद् एवंम् जलवायु उत्थानशील हरित क्षेत्रको रुपमा विकास गर्ने

उद्देश्यहरु

१. वन तथा जैविक विविधताको संरक्षण गरि सम्वृद्धि हासिल गर्नु
२. जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्ने
३. जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरि आर्थिक सम्वृदी हासिल गर्ने
४. नदिजन्य क्षेत्रहरुमा हुने कटानको समस्यालाई न्यूनीकरण गर्ने
५. प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट हुने क्षति न्यूनीकरण गर्ने
६. विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने
७. वातावरण मैत्री नगर घोषणा गर्ने

| **उद्देश्य १: वन तथा जैविक विविधताको संरक्षण गरि सम्वृद्धि हासिल गर्नु ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१. वन क्षेत्रको संरक्षण एवंम् विकास गर्नु। । | १.१.१. हरित क्षेत्र विस्तार तथा सचेतना कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिने छ । |

| | |
|---|---|
| १.२. जैविक विविधताको नक्साकन तथा दस्तावेज निर्माण | १.२.१. वन तथा जैविक विविधताको नक्साकन सहितको दस्तावेज निर्माण गरिने छ । |
| **उद्देश्य २ः जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्ने** | |
| २.१ जलवायु अनुकूलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने | २.१.१ जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन, अनुसन्धान गरि आवश्यक अनुकुलनको कार्यहरु गरिने छ । |
| | २.१.२ जलवायु परिवर्तनले निम्त्याएका समस्याहरु सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरु संचालन गरिने छ । |
| **उद्देश्य ३ः जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरि आर्थिक सम्वृदी हासिल गर्ने** | |
| ३.१ जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने । | ३.१.१ नगरपालिकामा भएका पानीका मुहानहरु, जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको पहिचान गरी नक्साङ्कन सहितको सम्भाव्यता अध्ययन गरिने छ। |
| | ३.१.२ जलाधार क्षेत्रहरूको विनासमा सहयोग पुर्याउने क्रियाकलापहरु गर्न तत्काल रोक लगाई पोखरी, आहाल आदि संरक्षण गरिने छ । |
| ३.२ जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने । | ३.२.१ नगरपालिकाका प्रमुख जलाधार क्षेत्रहरुको दिगो उपयोगलाई ध्यान दिई संरक्षणका कार्यक्रमहरू लागू गरिने छ । |
| | ३.२.२ जलाधार संरक्षणमा सहायक प्रजातिका बिरुवाहरूको वृक्षारोपण गरिने छ । |
| | ३.२.३  जलस्रोत तथा जलाधार क्षेत्रको प्रयोग गरी कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकास गरिने छ । |
| ३.३ जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | ३.३.१ जलाधार क्षेत्र संरक्षणको महत्व बुझाउनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |
| **उद्देश्य ४ः  नदिजन्य क्षेत्रहरुमा हुने कटानको समस्यालाई न्यूनीकरण गर्ने** | |
| ४.१ बस्ति संरक्षण एवंम् नदि नियन्त्रण गर्ने | ४.१.१ नदिजन्य क्षेत्रहरुमा हुने कटानलाई नियन्त्रण गर्नका विज्ञद्वारा निर्माण गरिएको प्रतिवेदन बमोजिम नदि नियन्त्रणका लागि आवश्यक पूर्वाधारका कार्यहरु गर्ने |
| | ४.१.२ नदि किनारका क्षेत्रहरुको सेटव्याकलाई पुनर्विचार गरि प्रभावकारी बनाउने |
| | ४.१.३ भवन मापदण्डलाई प्रभावकारी बनाउने |
| | ४.१.४  बाहुनेपाटि, भट्टार तथा मेलम्ची टार जस्ता सुरक्षित क्षेत्रहरुमा बस्ति विकास गर्ने |
| **उदेश्य ५. प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट हुने क्षति न्यूनीकरण गर्ने** | |
| ५.१ विपद् जोखिम क्षेत्रहरुको पहिचान गर्ने । | ५.१.१ नगरपालिकाका उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरि आवश्यकताको आधारमा आवश्यक संकेत/नक्साहरु राखिने छ । |

| | |
|---|---|
| | ५.१.२ नगरपालिकाका अति जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गरिने छ । |
| ५.२ विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने । | ५.२.१ बाढी, मौसम लगायतको पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास, संचालन एवंम् मर्मत सम्भार गरिने छ । |
| | ५.२.२ प्रकोप सम्भाव्य स्थलहरुमा विपद् पूर्व संकेत दिने उपकरणहरु जडान गरिने छ । |
| | ५.२.३ विपद् सम्बन्धी पूर्वसूचना स्थानीय रेडियो, एफएम तथा अन्य सञ्चारमार्फत सम्प्रेषण गरिने छ । |
| | ५.२.४ स्थानीय आपतकालीन कार्यसंचालनको स्थापना तथा क्षमता अभिवृदी गरिने छ । |
| **उद्देश्य ६: विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने ।** | |
| ६.१. विपद् व्यवस्थापन योजना निर्माण गर्ने । | ६.१.१. नगरपालिकामा आइपर्ने प्रमुख प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरूको पहिचान गरी एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गरिने छ । |
| ६.२ विपद् व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने । | ६.२.१ नगर तथा वडा विपद् व्यवस्थापन समितीलाई सक्रीय बनाइने । |
| | ६.२.२ खोज, उद्धार तथा पूर्व सूचना प्रणाली सम्बन्धि क्षमता अभिवृदी कार्यक्रम संचालन गरिने छ । |
| | ६.२.३ विपद् व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्य गरिने छ । |
| ६.३ विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन गर्ने । | ६.३.१ नगरपालिकामा बाढी, पहिरो, भूकम्प, असीना, आगलागी, चट्याङ जस्ता महामारी आदिको व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोषमा वार्षिक रुपमा बजेट व्यवस्थापन गरि प्रभावकारी रुपमा सञ्चालन गरिने छ । |
| ६.४ स्थानीय संरचना निर्माण मापदण्ड प्रभावकारी बनाउने। | ६.४.१ घर तथा बस्ती निर्माण गर्नुभन्दा पहिले अनिवार्य रूपमा नक्सापास, माटो परीक्षण तथा फिल्ड चेकजाँच गरेर विपद् जोखिम अध्ययन पश्चात मात्र विपद् प्रतिरोधी संरचनाहरू निर्माण गरिने छ। |
| ६.५ जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने । | ६.५.१ विपदबाट जोगिने उपायका बारेमा सचेतना कार्यक्रमलाई समुदायमा अभियानका रूपमा सञ्चालन गरिने छ । |
| **उद्देश्य ७: वातावरण मैत्री नगर निर्माण गर्ने** | |
| ७.१ वातावरणमैत्री वडा घोषणा गर्ने | ७.१.१. "वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८" समग्र पालिकाको स्थिति पत्र तयार गरिने |
| | ७.१.२ वडागत रुपमा क्रमशः वातावरण मैत्री वडा घोषणा गरिने |
| ७.२ स्वच्छ सफा वडा निर्माण गरिने | ७.२.१ वडामा एक एकवटा वडागत नमुना ईको पार्कहरुको निर्माण गरिने छ । |

**वन, वातावरण, जलाधार संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्रको विस्तृत कार्यक्रम तथा अनुमानित बजेट प्रक्षेपण**

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट रु. (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व ०७९/८० | आ.व. ०८० /८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| १ | १.१ | १.१.१ | खालि, उजाड तथा जलाधार क्षेत्रहरुमा वृक्षरोपण गर्ने | | २०० | २०० | २०० | २०० |
| | | १.१.२ | वन तथा जैविक विविधता संरक्षण सम्बन्धि जनचेतना कार्यक्रम संचालन | | ५० | ५० | ५० | ५० |
| | १.२ | १.२.१ | वन तथा जैविक विविधताको नक्साकन सहितको दस्तावेज निर्माण | | १००० | - | - | - |
| | | १.२.२ | वन तथा जैविक विविधता सम्बन्धि अध्ययन सहायता अनुदान प्रदान | | ५० | ५० | ५० | ५० |
| २ | २.१ | २.१.१ | जलवायु परिवर्तन प्रभाव सम्बन्धि अध्ययन, अनुसन्धान | | १५०० | १००० | १००० | १००० |
| | | २.१.२ | जलवायु परिवर्तन सम्बन्धि क्षमता अभिवृदि सम्बन्धि कार्यक्रम | | १०० | १०० | १०० | १०० |
